# YUWA Bulletin- 2071

A bulletin of Youth Development & Activities

Volume 14

## Advisor

Pratap kumar Pathak

## Editorial Committee

**Coordinator**

Surya Prasad Sharma

## Member

Rudra Prasad Adhikari

Sheshakanta Gautam

Matrika Prasad Bhattarai

## Member-Secretary

Om kumar Shrestha

# युवा बुलेटिन-२०७१

युवा जगतको विकास र गतिविधिको बुलेटिन

अङ्क १४

## सल्लाहकार

प्रताप कुमार पाठक

## सम्पादक मण्डल

संयोजक :

सूर्य प्रसाद शर्मा

## सदस्यहरू :

रूद्रप्रसाद अधिकारी

शेषकान्त गौतम

मातृका प्रसाद भट्टराई

## सदस्य सचिव

ओम कुमार श्रेष्ठ

**Publisher**

Government of Nepal

**Ministry of Youth & Sport**

kamalpokhari, kathmandu

प्रकाशक

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

कमलपोखरी, काठमाडौं ।

**प्रकाशक**

नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

कमलपोखरी, काठमाडौं

प्रकाशन वर्ष : २०७१ असार, अंक १४

संख्या : ५००

सर्वाधिकार : युवा तथा खेलकुद मन्त्रालय

यस बुलेटिनमा समाविष्ट लेख रचनाहरु पूर्णतः लेखकहरुका निजी विचार हुन् प्रकाशित लेख रचनाहरुले मन्त्रालयको आधिकारिक धारणाको प्रतिनिधित्व गर्दैनन् ।

**आवरण पृष्ठ डिजाइन**

गणेश बराल

**कम्प्युटर ले आउट**

सचन (कलश एड)

**मुद्रण** :

हिमालय प्रिन्टिङ्ग अफसेट प्रेस प्रा.लि., गट्ठाघर भक्तपुर

फोन नं. : ६६३४१५९, email : press.himalay@yahoo.com

Ph:+977-1-4416450

नेपाल सरकार
मा. पुरुषोत्तम पौडेल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
निजी सचिवालय
कमलपोखरी, काठमाडौं

Government of Nepal
Hon. Purushottam Paudel
Minister
Ministry of Youth & Sports
Personal Secretariat
Kamalpokhari, Kathmandu

Date:
२०७१/०३/२४



## शुभकामना

मन्त्रालयले "युवा बुलेटिन" अंक-१४, वर्ष २०७१ प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। स्वभाविक रुपमा यस प्रकाशनले युवा क्षेत्रसंग सम्बन्धित विविध गतिविधीहरुको बारेमा सुसूचित गराउने छ भन्ने विश्वास लिएको छु।

युवाहरु परिर्वतनका संवाहक हुन, देश निर्माणका साझेदार र आधारस्तम्भ हुन् । युवाका काँधमा समाजलाई अग्रगामी परिवर्तन गर्ने सोच र वैज्ञानिक खोज गरी समाज रुपान्तरण गर्ने गहन जिम्मेवारी रहेको छ।

युवाहरुको आकांक्षा, भावना, आवश्यकता, अपेक्षालाई सम्बोधन गर्दै यस मन्त्रालयले आफ्ना योजना, नीति तथा कार्यक्रमद्वारा युवा मैत्री क्रियाकलापहरु संचालन गर्ने प्रयास गर्दै आएको छ। यद्यपि स्रोत र साधनको सीमाले गर्दा ति प्रयत्नहरु नगण्य लाग्न सक्दछन्। तथापि आगामी दिनमा राष्ट्रिय युवा परिषद गठन, राष्ट्रिय युवानीतिको पुनरावलोकन, युथ भिजन, २०२५ जस्ता व्यवस्थित कार्ययोजना तयार गरी वृहत्तररुपमा युवा केन्द्रित कार्यक्रम मार्फत देश भरका युवालाई सहभागी गराई अघि बढ्ने योजना सहित मन्त्रालय क्रियाशील रहेको छ।

अन्त्यमा युवा बुलेटिन अझ परिस्कृत, गुणात्मक र युवा सहभागीतामूलक बन्न सकोस भन्ने शुभेक्षा प्रकट गर्दछु । साथै यसको निरन्तर र व्यवस्थित प्रकाशनले नेपाली युवाहरुलाई मूलप्रवाहीकरण गर्ने कार्यमा समेत मद्दत गर्नेछ भन्ने विश्वास समेत लिएको छु।

(मा. पुरुषोत्तम पौडेल)
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

माननीय मन्त्री पुरुषोत्तम पौडेल
युवा तथा खेलकुद मन्त्रालय
कमलपोखरी, काठमाडौं

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

कमलपोखरी, काठमाडौं
नेपाल ।

(...............................................शाखा)

पत्र संख्या : ०७०।७१
चलानी नं. :

मितिः २०७१।०३।२४



**विषय :-शुभकामना ।**

यस मन्त्रालयको स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत विगत वर्षहरुमा भैं **"युवा बुलेटिन"** अङ्क -१४ प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ । यस प्रकाशनले युवासँग सरोकार राख्ने सम्वद्ध पक्ष एवं सरोकारवालाहरुलाई युवाको क्षेत्रमा भए गरेका विभिन्न गतिविधि, क्रियाकलापबारे जानकारी दिनुका साथै सम्बन्धित सूचनाहरुलाई उद्देश्यपरक तरिकाले प्रवाह गर्नेछ भन्ने विश्वास लिएको छु ।

राष्ट्र निर्माणमा युवाशक्तिको महत्वलाई हृदयङ्गम गर्दै समृद्ध र सक्षम युवा जनशक्ति तयार गरी राष्ट्रको हरेक क्षेत्रमा अर्थपूर्ण योगदान दिन सक्ने गरी युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने दीर्घकालिन सोचका साथ नेपाल सरकारले राष्ट्रिय युवा नीति, २०६६ जारी गरी कार्यान्वयनमा रहेको छ । राष्ट्रिय युवा नीतिलाई आधार मानी प्रमुख नीतिहरु तथा कार्यनीतिहरु क्रमशः लागु गर्दै जाने क्रममा युवाका क्षेत्रमा कार्यरत सरोकारवाला युवाहरु, राजनीतिक दलसँग आवद्ध युवाहरु प्राथमिकता, विशेष प्राथमिकता समूहका युवाहरु, अपाङ्गता भएका युवाहरुसमेतको दक्षता र नेतृत्व क्षमता विकास गरी उनीहरुको सार्थक सहभागिता तथा साझेदारीमा युवा परिचालन र सहभागिताका कार्यक्रमहरु संचालन भएका छन् । यसैगरी राष्ट्रिय युवा नीतिको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमाको काम समेत भइरहेको र राष्ट्रिय युवा परिषद गठनसम्बन्धी विधेयक तर्जुमा गरी संगठनात्मक संरचनाको सुदृढीकरण एवम भौतिक पूर्वाधारको विकास गर्ने कार्यको योजनवद्ध रुपमा थालनी भएको छ । मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा अनुभव आदान प्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारका लागि तालिम कार्यक्रम, युवा प्रतिभा सम्मान कार्यक्रम, युवा उत्तरदायी वजेट तथा युवा नीतिका राष्ट्रिय कार्ययोजना जस्ता कार्यक्रम संचालन गरेको छ । यसरी युवा लक्षित र सहभागीतामूलक कार्यक्रम संचालन गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्य अगाडि बढाउदै लगेको छ । युवा सूचना केन्द्र मार्फत देशैभरी नेटवर्क विस्तार गर्ने कार्यको थालनी भइसकेको छ । आगामी दिनमा राष्ट्रिय युवा परिषद गठन गर्न आवश्यक कानून तर्जुमाको कार्य गरिएकोले स्थानीय तहसम्म युवाहरुको संगठनात्मक संरचनाको सुदृढीकरण एवम भौतिक पूर्वाधारको विकास गर्ने, राष्ट्रिय युवा नीतिलाई समयसापेक्ष ढँगले पुनरावलोकन गर्ने तथा युथ भिजन-२०२५ तयार गर्ने गरी मन्त्रालयले कार्यक्रम अघि बढाएको छ । युवा वर्गको समग्र उन्नतिमा नै देशको प्रगति निर्भर भएको हुँदा यस कार्यमा सवै पक्षको सहकार्य र सक्रिय सहयोगको मन्त्रालय सदैव अपेक्षा गर्दछ ।

अन्तमा, यस बुलेटिन प्रकाशनको कार्यमा संलग्न भै साकार तुल्याउन योगदन गर्नुहुने सवैलाई धन्यवाद दिन चाहान्छु ।

(प्रताप कुमार पाठक)
सचिव
युवा तथा खेलकुद मन्त्रालय

टेलिफोनः ४४१६७८८ (क.प्र.), ४४१६५३१ (युवा), ४४१६७८१ (आ.प्र.) ४४१६७८३ (योजना), ४४१६१६५ (खेलकुद)
फ्याक्सः ४४१६४८९, ४४१६४५०, इमेलः info@moys.gov.np, वेभसाइटः www.moys.gov.np

"जनतालाई सम्मान र सेवाः सुशासनलाई टेवा"

# हाम्रो भनाइ

युवा तथा खेलुकद मन्त्रालयले विगत १३ वर्षदेखि युवा बुलेटिन नियमित रुपमा प्रकाशन गर्दै आएको छ । यसै क्रममा यस वर्ष पनि **युवा बुलेटिन अंक-१४** प्रकाशन गरिएको छ । परिवर्तनशील समयमा भएका नविनतम सिर्जनाहरुलाई लिपिबद्ध गर्ने प्रयास स्वरुप प्रकाशित युवा बुलेटिनले विगत र वर्तमानमा भएका कार्यहरुको पुस्तान्तरणमा साँघुको काम गर्दै आएको छ ।

मुलुकको चौतर्फी विकासमा युवाशक्तिको महत्वपूर्ण स्थान रहेको कुरा निर्विवाद छ । नयाँ जोश, जाँगर, ज्ञान, सीप र क्षमतायुक्त युवा जनशक्तिलाई राष्ट्रहित र विकासमा उपयोग गर्नु पर्छ भन्ने कुरालाई साकार पार्न उनीहरुको रुचि, आवश्यकता, आकांक्षा बमोजिम नीति निर्माणमा सहभागिता गराई समयानुकूल परिचालन गरी व्यक्ति, समाज, राष्ट्रले परिलक्षित गरेका उद्देश्य परिपूर्ति गर्नु चुनौतीपूर्ण कार्य हो भन्ने कुरा पनि साँचो हो ।

राष्ट्रको अमूल्य मानवस्रोत र अथाह ऊर्जाको भण्डार देशका युवाको समग्र पक्षको विकास एवं राष्ट्र निर्माणमा युवाहरुको योगदान बढाउन नेपाल सरकारले युवाहरुकै सहभागितामा राष्ट्रिय युवा नीति, २०६६ जारी गरी सो नीतिले निर्दिष्ट गरे बमोजिम यस मन्त्रालयले युवाहरुलाई लक्षित गरी साझेदारी कार्यक्रम लगायतका विविध गतिविधि सञ्चालन गर्दै आएको छ । मन्त्रालयका प्रयासहरु सार्थक पार्न समयानुकूल राष्ट्रिय युवा नीतिको परिमार्जन, **युथ भिजन, २०२५** को तयारी र राष्ट्रिय युवा परिषद् विधेयक तर्जुमा गरी युवा परिषद् गठन जस्ता कार्यहरु यस मन्त्रालयद्वारा कार्यान्वयन गर्ने दिशातर्फ लक्षित छन् ।

यिनै कुराहरुलाई अनुभूत गर्दै युवाबाट व्यक्त गरिएका विचार, अनुभव, आवाज, युवासम्बन्धी भएका कार्यहरुको अध्ययन, अनुसन्धान एवं खोजमूलक जानकारी तथा गतिविधिलाई समावेश गरी विगत वर्षहरु झैं यस वर्ष पनि युवा बुलेटिन प्रकाशन गरेका छौं । **यस बुलेटिनमा समेटिएका रचनाहरुमा व्यक्त विचारहरु पूर्णतः लेखकका निजी विचारहरु हुन्** तापनि समाविष्ट रचनाहरुले युवाका क्षेत्रमा चासो र सरोकार राख्ने सबैलाई उपयोगी हुनेछन् भन्ने अपेक्षा राखेका छौं ।

अन्तमा, यस बुलेटिनका लागि लेख रचना, शुभकामना दिइ सहयोग पुऱ्याउनुहुने महानुभावहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै बुलेटिन प्रकाशनका क्रममा सहयोग गर्नुहुने सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छौं । यसमा समेट्न नसकिएका धेरै विषयहरु आगामी अंकमा समेट्ने प्रयास गर्नेछौं । भविष्यमा युवा बुलेटिनलाई स्तरीय एवं अझै उपयोगी बनाउन यहाँहरुका उचित सल्लाह र सुझावहरुको हामी अपेक्षा राख्दछौं ।

**सम्पादक मण्डल**

# विषयसूची


'युवा र मानसिक स्वास्थ्य' १
✍कविन्द्र बुर्लाकोटी

नेपाली युवा र राष्ट्रिय युवा नीति ८
✍तिलोत्तम पौडेल

युवा रोजगारी र आर्थिक अधिकार १२
✍लोकराज अवस्थी

युवा विकासमा श्रीलंकाले गरेको प्रयास २२
✍सूर्यप्रसाद शर्मा

युवा क्षमता र दायित्व ३१
✍राजेशमान के.सी.

राष्ट्र निर्माणमा युवा ३५
✍महेश्वर शर्मा

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा युवा र रोजगारी ३९
✍कमल सुवेदी

लागू पदार्थ दुर्व्यसन : युवा ४५
✍डा.माधव अधिकारी

राष्ट्रिय युवा नीति २०६६ र कार्यान्वयनको अवस्था ४९
✍गोकुल बाँस्तोला

युवा विकासमा गैर सरकारी संस्थाहरुको भूमिका ५९
✍विजय नेपाल

युवा विदेश पलायन र सामाजिक असर ६३
✍गोविन्द प्रसाद पराजुली

नेपालमा युवा र रोजगारीको अवस्था ६६
✍सहदेव गौतम

नेपालमा युवा जनशक्तिको वर्तमान अवस्था र स्थिति ७३
✍ गम्भीर बहादुर हाडा

सार्कमा युवा ८५
✍रूद्रप्रसाद अधिकारी

युवा सूचना केन्द्रको स्थापना, सञ्चालन र सुदृढीकरण ९०
✍ओम कुमार श्रेष्ठ

युवा तथा खेलकुद मन्त्रालय र आ.व. ०७०/७१ कोसंक्षिप्त वार्षिक प्रगति १०१
✍केशवराज त्रिपाठी

**युवा र खेलकुद** १०८
✍शिवहरि दाहाल

**राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता २०७०/७१ : एक समीक्षा** ११२
✍गणेश गुरूङ

**प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिप – २०७०: आयोजना र नामाकरण** ११९
✍कमल खनाल

**YES सम्मेलन : युवा लेखापरीक्षक** १२२
✍जनकराज गौतम

**बौद्धिक सम्पत्ति** १२७
✍राज कुमार श्रेष्ठ

**सफेद-पोश अपराध (White Collar Crime)** १३३
✍शेषकान्त गौतम

**खाना र पानीबाट लाग्ने रोग र समाधानका उपाय** १३६
✍भीम प्रसाद पुलामी

**राष्ट्रपति रनिङ सिल्ड : खेलाडी उत्पादन तथा खेल पूर्वाधारको कडी** १३९
✍केशव रेग्मी

**सहकारीमा सुशासन प्रणाली** १४४
✍बिष्णु प्रसाद सुबेदी

**अन्तर्राष्ट्रिय युवा दिवसका नारा र कार्यक्रम झलक देखिने केही तस्वीरहरु** १४७
संकलक : ओमकुमार श्रेष्ठ

**Youth on Conflict, Peace and Development** १६१
✍ *Dr. Prem Sharma, CDRD.TU.*

**Least Developed Countries (LDC) Graduation and Youth Development** १६७
✍*Lok Nath Bhusal, PhD*

**Family Planning Program in Nepal: Its Success and Failure** १७४
✍*Dr. Giridhari Sharma Paudel*

**Participation of Youth in Development: A Brief Thought** १८६
✍*Narayan Bahadur Thapa*

**Bicycle Friendly City** १९१
✍*Uttam Khatiwada*

अन्तर्राष्ट्रिय युवा दिवस २०१४

# 'युवा र मानसिक स्वास्थ्य'

**✍कविन्द्र बुर्लाकोटी**

"**युवा र मानसिक स्वास्थ्य**" सम्बन्धमा केही लेख्ने सोच्दै थिएँ, जेठ २९ गते दैनिक पत्रिका पढ्दै गर्दा "सल्यानमा मात्र १३ सय मानसिक रोगी" शिर्षकको समाचार भेटियो । कान्तिपुरमा भेटिएको त्यो समाचार पढ्दै गर्दा केही जिज्ञासाहरु उत्पन्न भए र केही जवाफहरु पनि सँगसँगै आए । यो विषय अन्तर्राष्ट्रिय चुनौतिको विषय भएकाले पनि यसमा धेरैको ध्यान जानु स्वाभाविकै हो । विश्व स्वास्थ्य संगठनको सर्वेक्षणअनुसार कुल जनसंख्याको २५ प्रतिशत मानिस कुनै न कुनै मानसिक समस्याबाट पीडित हुन्छन् । यस सर्वेक्षणलाई आधार मान्ने हो भने नेपालमा ६७ लाख जतिले मानसिक रोगको समस्या भेलिरहेको मान्न सकिन्छ । यसै सर्वेक्षणलाई आधार बनाएर केही समयअगाडि अन्नपूर्ण पोष्टले ६७ लाख नेपाली मानसिक रोगी भएको समाचार प्रकाशित गरेको थियो । त्यस्तै एक अनलाइन पत्रिकामा "प्रत्येक ५ जनामा १ जना मानसिक रोगी" शिर्षकको विचारसिंह लावतीले लेखेको समाचार पाइयो । यो इलाम जिल्लाको तथ्याङ्कमा आधारित समाचार थियो । यसले २० प्रतिशत नेपालीमा मानसिक स्वास्थ्यको समस्या रहेछ भन्ने देखाउँछ । पाटनस्थित मानसिक अस्पतालमा वर्षमा २८ हजारले उपचार गराउने तथ्याङ्क छ । त्यस्तै जिल्ला अस्पतालहरुमा पनि हजारौँ रोगीले उपचार गराउने समाचारहरु आउँछन् । त्यस्तै निजी अस्पताल र ठूला अस्पतालहरुमा मानसिक रोगीहरुको ठूलै तथ्याङ्क भेटिन्छ । मानसिक रोगीहरुमा महिलाहरुको तथ्याङ्क बढी देखिन्छ । मानसिक रोगीको चाप बढ्दै गएकोले होला ३० बर्षअगाडि नै लगनखेलमा मानसिक अस्पताल स्थापना भएको थियो । मानसिक रोगको उपचारको लागि वीर अस्पतालले २०३५ सालमा इकाइ खडा गरेको थियो । त्यस्तै आधुनिक सुविधासम्पन्न अस्पतालहरुमा यसको छुट्टै उपचार गर्ने व्यवस्था गरिएको हुन्छ ।



मानसिक रोग विश्वब्यापी चुनौति बन्दै गएको छ । विकसित, विकासोन्मुख र अति कम विकसित सबै राष्ट्रका साझा समस्याका रुपमा देखिएको छ मानसिक स्वास्थ्य । विशेष गरी लागूऔषध प्रयोगका कारण मानसिक समस्या भेल्नेको संख्या बढी देखिन्छ । गृह मन्त्रालयका अनुसार लागूऔषध प्रयोगकै कारण करिब १

✍ अध्यक्ष, राष्ट्रिय युवा महासंघ नेपाल (निफन)

लाख नेपालीहरु मानसिक रोगका शिकार भएका छन् । त्यस्तै आर्थिक सामाजिक विचलनका कारण पनि मानसिक रोगीहरु थपिन्छन् । घरायसी झगडा, बालविवाह, सामाजिक प्रतिष्ठामा आँच आउने घटना र अनपेक्षित दुर्घटना आदिका कारण स्वाभाविक रुपमा मानसिक रोग बढ्छ । निराशा (डिप्रेसन) युवाहरुमा ठूलो समस्या बनेको छ । नेपालको परिप्रेक्ष्यमा यी सबै सन्दर्भहरु उत्तिकै चुनौतिपूर्ण र गहन देखिन्छन् । विश्वभर देखिएको मानसिक स्वास्थ्यका यस्ता चुनौतिहरु युवामा अधिक



छ । जसका कारण युवा र मानसिक स्वास्थ्यलाई विश्वभर जोडेर हेर्ने र सोही अनुसारको सावधानी, उपचार र न्यूनीकरणका उपायहरु अपनाउने प्रयासहरु भएका छन् । युवा र मानसिक स्वास्थ्यमा काम गर्ने राष्ट्रिय देखि अन्तर्राष्ट्रिय संस्थाहरु समेत क्रियाशिल छन् । अस्ट्रेलियामा मानसिक स्वास्थ्य मन्त्रालय नै स्थापना गरिएको छ । यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवसका लागि संयुक्त राष्ट्रसंघले "**युवा र मानसिक स्वास्थ्य**" नारा तय गरेको छ । यसै अवसरमा "**Mental Health Matters**" भन्ने नाराका साथ राष्ट्रसंघले नै एउटा सचेतना अभियान सुरु गरेको छ । यो अभियान सन् २०14 को जून १२ देखि अगस्त १२ सम्म ब्यापक बनाउने प्रयासहरु भएका छन् । सामाजिक संजाल देखि स्थानीय मञ्चहरुमा विविध जनचेतनामूलक गतिविधिहरु सार्वजनिक हुन थालेका छन् । विश्वव्यापी गरिएको यस अभियानबाट मानसिक स्वास्थ्यले कति महत्व राख्दछ भन्ने देखाउँछ । त्यस्तै सन् १९९२ देखि विश्व स्वास्थ्य संगठनले प्रत्येक वर्ष १० अक्टुवरको दिनलाई मानसिक स्वास्थ्य दिवसका रुपमा मनाइरहेको छ ।

मानसिक स्वास्थ्यलाई अरु रोगसँग तुलना गरेर राख्न सकिँदैन । मानसिक स्वास्थ्यको क्षेत्रमा जनचेतनाको अभाव एउटा ठूलो चुनौति हो । मानसिक रोगीहरुलाई घरमै लुकाएर राख्ने गरेको पाइन्छ । अझै घरका बाहेक अरुले नदेखुन्, थाहा नपाउन् भनेर थुनेरै राख्ने गरिन्छ । मानसिक रोगलाई इज्जत र प्रतिष्ठासँग पनि गाँसेर हेरिन्छ । मानसिक रोग निको नहुने रोगको रुपमा पनि समाजमा व्याप्त छ । यसको उपचार महँगो हुने र उपचार पनि कम लाग्ने मानसिकताले गर्दा पनि मानसिक रोगीहरुको उपचार समयमा नै गराइएको पाइँदैन । तर मानसिक रोगको उपचार समयमा नै गर्न सकियो भने र यसको नियमित औषधि सेवन गर्दा उपचार हुन्छ । विश्वका ठूला कहलिएका व्यक्तिहरु समेत यस रोगको शिकार भएको र उच्च ओहोदामा पुगेका यथार्थहरु छन् । तर नेपाली समाजमा यसलाई त्यसरी हेरिँदैन । स्वास्थ्य मन्त्रालय र स्वास्थ्य विभागमा समेत मानसिक स्वास्थ्य हेर्ने इकाइ गठन भएको छैन, जबकि कुनै मुलुकमा मन्त्रालय नै गठन भएको छ । त्यसैले यसबारे नेपाली जनमानसमा जनचेतना जगाउन अत्यन्तै आवश्यक छ र मनोचिकित्सकहरुको प्रभावकारिता, व्यापकता र उपलब्धता बढाउन आवश्यक छ । हाल आएर मानसिक रोगलाई मनोरोग भन्ने गरिएको छ, सायद यसले हाम्रो बुझाइलाई अलिक फराकिलो बनाएर लैजान समेत मद्दत गर्छ र समाजमा यसबारे

रहेका केही भ्रमहरु पनि हटाउने छ ।

मनोरोग भन्नाले सामान्य टेन्सनदेखि कडा रोग सिर्जोफोनियासम्म पर्छ । नसा तथा मनोरोग विशेषज्ञ डा. चन्द्रप्रसाद सेडाईंका अनुसार मनोचिकित्सककहाँ आउने अधिकाँश बिरामी डिप्रेसनको समस्या लिई आउने गर्छन् । डिप्रेसन बढ्दै जाँदा मानिसले आत्महत्या गर्ने अवस्थासम्म पुग्छ । ७० प्रतिशत आत्महत्या डिप्रेसनकै कारण भएको पाइएको छ । पीडादायी घटनाबाहेक डिप्रेसन हुनुमा बंशानुगत कारणले पनि भूमिका निर्वाह गरेको पाइन्छ । डिप्रेसनले ग्रस्त भएर पनि मानिसलाई यसबारे थाहा हुँदैन र अर्को रोगको आशंका गर्दै पटक पटक डाक्टरकहाँ जान्छन् र रोग पत्ता नलागेका उदाहरणहरु छन् । छाति तथा पेटको रोग तथा हातखुट्टा झमझम गर्ने समस्या भएको भन्दै बिरामी धैरै डाक्टरकहाँ पुग्छन् । मनोरोगका लक्षण धैरै छन्, जसमध्ये :

- रुन मन लाग्ने, निरास हुने ।
- एक्लै बस्न रुचाउने ।
- २ हप्ताभन्दा बढी समयसम्म दिक्क लागिरहने ।
- झर्को लाग्ने, दिक्क मान्ने ।
- बोल्न मन नलाग्ने ।
- छटपटी हुने, छाति तथा पेट दुख्ने, हातखुट्टा झमझम गर्ने, पैताला तथा तालु पोल्ने, मुख सुक्ने ।
- आत्मग्लानि हुने ।
- भूत, वर्तमान र भविष्यबारे नकारात्मक सोचाइ रहने ।
- खानामा रुचि नहुने ।
- निदाउन गाह्रो हुने, निद्रा कम पर्ने, बिहान चाँडै ब्युँझने ।
- शारीरिक सम्पर्क गर्न रुचि नहुने ।
- आफूलाई बेकामको सम्झने, टाउको दुख्ने, स्फूर्ति नआउने ।
- मर्न पाए हुन्थ्यो भन्ने सोचाइ आउने ।
- अनावश्यक कुरामा धैरै शंका मान्ने ।
- कानमा आवाज आउने जस्ता प्रमुख छन् ।

त्यस्तै अर्को मनोरोग विशेषज्ञ तथा परामर्शकर्ता डा. रवीन्द्रकुमार ठाकुरका अनुसार स्वास्थ्यका कुल चारवटा अवयवहरु हुन्छन् : शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक । मानिस पूर्णरुपले स्वस्थ हुनको लागि यी चारै अवयवहरु सन्तुलित र स्वस्थ हुनु पर्छ किनकि यिनीहरु एक अर्कामा सम्बन्धित छन् । मानसिक स्वास्थ्य बिग्रियो भने शारीरिक स्वास्थ्यमा र शारीरिक स्वास्थ्य बिग्रियो भने मानसिक स्वास्थ्यमा असर पार्छ । दीर्घरोगले डिप्रेसन हुने सम्भावना रहन्छ । जसको सोचाइ, अनुभूति र व्यवहारमा परिवर्तन हुन्छ, उसलाई मानसिक रोगले च्याप्ने सम्भावना बढी रहन्छ । विश्वमा सम्पूर्ण स्वास्थ्य समस्यामध्ये, माथिका दस समस्यामा पाँचवटा मानसिक समस्या नै हुन्छन् । मानसिक रोग पनि अरु रोगसरह हो र यो वंशानुगत न्यूरोट्रान्समिटको असन्तुलन, मस्तिष्कको रचनामा गडबडी र अन्य कारणहरुले गर्दा हुन्छ । संसारमा ५० करोडभन्दा बढी मानिस चिन्ताको रोगले र ३५ करोडभन्दा बढी मानिस उदासिनताको रोगले ग्रसित छन् । त्यस्तै कडाखाले मानसिक रोगी पनि करोडौं छन् । यी रोगहरुमध्ये करिब १० देखि १५ प्रतिशत रोगीहरु आत्महत्याको प्रयास र आत्महत्या गर्ने गर्दछन् । डा. ठाकुरकै अनुसार, नेपालमा जीवनशैली परिवर्तन, विखण्डित परिवार, माइग्रेसन, थकित तथा तनावपूर्ण जिन्दगीले गर्दा मानसिक रोगीहरुको संख्या बढ्दै गइरहेको छ । प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गराउने कुल रोगीको २० देखि २५ प्रतिशत मानिस मानसिक रोगले पीडित भएको पाइन्छ । डा. ठाकुरका अनुसार यीमध्ये १० प्रतिशत चिन्ताका रोगी, चारदेखि छ

प्रतिशत उदासिनताका रोगी, तीनदेखि पाँच प्रतिशत सुस्तमनस्थिति, एक प्रतिशत छारे रोग, तीनदेखि ५ प्रतिशत अल्कोहलको समस्या, ५० हजारभन्दा बढी लागूऔषध प्रयोगकर्ताहरु छन् । मानसिक स्वास्थ्यका लागि सम्पूर्ण स्वास्थ्यको ०.०३ प्रतिशत बजेट छुट्याइएको छ, जुन अत्यन्तै अपुग हो, जबकि स्वास्थ्य क्षेत्रको कुल बजेटको दस प्रतिशत यस क्षेत्रमा लगानी हुनुपर्ने बताउँछन् डा. ठाकुर ।

मानसिक रोगी भन्नासाथ पागल भन्ने शब्द सँगसँगै आउने गर्छ । तर सबै मानसिक रोगी पागल होइनन् र पागल वा बौलाहा नै हुन् भन्ने बुझाइ गलत हो । मानसिक समस्या पनि सामान्यदेखि जटिल किसिमको हुन्छ । अन्य शारीरिक रोगझैं मानसिक रोग पनि धेरै किसिमका हुन्छन् । ५०० भन्दाबढी मानसिक एवं मनोसामाजिक समस्याका नामहरु गुगल खोजीमा पढ्न पाइन्छ । सामान्यतया मानसिक रोग २ प्रकारको भनेर छुट्टाउन सकिने चिकित्सकहरुको भनाइ छ, नरम र कडा । कडा खालको मानसिक रोग लागे नलागेको हेरेर सजिलै छुट्याउन सकिन्छ। कडा खालको मानसिक रोगी आम मानिसहरु भन्दा फरक हुन्छन् । यस्तो कडा खालको मानसिक रोग १-३ प्रतिशतलाई मात्र देखिएको तथ्याङ्क रहेको छ । बाँकी सबै रोगी सामान्य खालका मानसिक रोगी हुन् । सामान्य खालका मानसिक रोगी हेर्दा पनि सामान्य मानिस जस्तै देखिन्छन् । त्यसैले पनि मानसिक रोगीहरु अन्य रोगका चिकित्सककहाँ आठ पटक देखाइसकेपछि मात्र मनोचिकित्सक कहाँ पुग्छन् भन्ने विवरण रहेको छ ।

विकिपिडियाले मन, मस्तिष्क र सरुवा रोगका कारण मानसिक रोगहरु लाग्ने गरेको तथ्य देखाउँछ । प्रत्येक व्यक्ति कुनै न कुनै मानसिक रोगको सिकार भएको हुन्छ । निद्रामा बोल्नु, एक्लै बरबराउनु, मादकपदार्थ, लागूपदार्थको दुर्व्यसनी बन्नु, अचानक रिसाउनु आदि सबै मानसिक रोग नै मानिन्छन् । तर कुनै खास रोगका कारण व्यक्तिको मानसिक सन्तुलन पुरै बिग्रिएर मस्तिष्कले सही काम गर्न छोड्छ भने त्यसलाई पूर्ण रुपले मानसिक रोगको शिकार भएको मानिन्छ । रेविज, छारेरोग, पागलपन आदिलाई पूर्ण रुपले मानसिक रोगी भएको मान्न सकिन्छ ।

मानसिक रोग (मनोरोग) मा डिप्रेसन अधिकलाई पाइन्छ र यो नै ठूलो चुनौतिको रुपमा देखिएको बताउँछन् मनोचिकित्सकहरु । समाजमा पनि यत्रतत्र डिप्रेसनका बिरामीहरु भेटिन्छन् र उनीहरुले अरुलाई समेत निरास पार्ने काम गर्छन् । डिप्रेसन उमेर, वर्ग, समय र व्यक्तिगत गुण र व्यवहार आदिमा निर्भर रहेर फरक फरक हुने गर्दछ । सामान्यतः डिप्रेसनका बिरामीहरुले चिकित्सककहाँ लिएर आउने समस्याहरु यस प्रकार रहेका छन् ः

- रिंगटा लाग्ने, वाक वाक लाग्ने ।
- टाउको दुख्ने रोगको लक्षण बताउने ।
- क्यान्सर भएको शंका गर्ने ।
- घाँटीमा केही अड्कियो भनि अत्तालिने ।
- यौन अंगको समस्या तथा यौनेच्छामा कमी आएको समस्या ।
- बारम्बार पेट पोल्ने, पेटमा अप्ठ्यारो महसुस भएको बताउने ।
- मुटु दुखेको बताउने, मुटु विशेषज्ञकहाँ पुग्ने ।
- खाना रुचेन, केही मिठो हुँदैन भन्ने ।
- ढाड दुख्ने, जोर्नीमा दुख्ने समस्या देखाउने ।
- डराउने, डर लाग्छ भन्ने ।
- काम गर्न अल्छी गर्ने, सन्चो छैन भन्ने, ज्वरो आउलाजस्तो छ भन्ने ।
- अचानक बेहोस भएको बताउने, होसमा छैन भन्ने महसुस गर्ने ।
- एउटै कुरामा धेरै चिन्ता गर्ने र समाधान नदेख्ने ।

गहिरो डिप्रेसनमा भएको मानिस अचानक सानो दुर्घटनामा पर्‍यो भने पनि मानसिक सन्तुलन गुमाउने अत्याधिक सम्भावना रहन्छ । केही बिरामी लामो समयसम्म कोमामा रहने सम्भावना समेत रहेको मनोरोग विशेषज्ञहरु बताउँछन् । त्यसैले सामान्य मनोरोगलाई समयमा नै उपचार गर्ने वा समस्या समाधान गरेर हल गर्न सकिएन भने त्यसले ठूलो रोग वा समस्या निम्त्याउन सक्ने गर्दछ ।

सामान्य डिप्रेसनदेखि कडा खालका मानसिक रोगसम्म बोकेका बिरामीहरुलाई एकै प्रकारको उपचार पद्धतिले निको पार्न सक्दैन । मनोरोगका प्रकारहरु र त्यसभित्रको पनि फरक फरक लक्षणअनुसार फरक फरक उपचार पद्धति र औषधिहरुको सेवन आवश्यक पर्दछ । रोगको सामना नगरेको स्वस्थ व्यक्ति पनि कुनै पनि बखत मानसिक रोगको शिकार हुन सक्छ । तर सामान्यतः मानसिक रोगको सम्भावना कम गर्ने वा सामान्य रोगसँग लड्नका लागि केही व्यवहारहरु महत्वपूर्ण हुन्छन् । दैनिक केही समय आराम गर्नु, राति वा उपयुक्त हुने समय छनौट गरेर नियमित ६ देखि ८ घण्टा निदाउनु, सकभर सुत्ने समय एउटै बनाउनु, जीवनलाई सक्रिय राख्नु सामान्य विधिमा पर्दछ । मानसिक रुपमा स्वस्थ्य रहनका लागि मनोरोगका विशेषज्ञहरुले सुझाएका केही कुराहरु यस प्रकार छन् :

१. आफूले गरेका सफल र असफल हरेक कार्यमा सन्तुष्ट बन्ने, गलत वा असफल नै भएछ भने पनि पाठ सिकियो भन्ने हिसावले सन्तुष्टि लिने । दैनिक काम गर्दै जाँदा भएका असफलतालाई पनि सफलताको अंग मान्ने र खुसी रहने । असफलता वा सफलता जीन्दगीका पानाहरु हुन् भन्ने हिसावले लिने र विशेषतः अगाडिको बाटो हिड्नका लागि खुड्किला मान्ने । असफलताबाट धेरै निराश नबन्ने र सफलताबाट पनि धेरै नहौसिने ।

२. लामो समयपश्चात आउने समस्यालाई लिएर चिन्तित नहुने । कतिपय समस्याहरु समय बित्दै जाँदा आफै समाधान हुन्छन् । पछाडि आउने समस्याहरुलाई योजना बनाएर समाधानका उपायहरु पत्ता लगाउने र त्यसतर्फ काम गर्ने । समस्या छ भनेर समाधान नखोजी बस्ने र समस्या नपर्दैमा मानसिक रोग भित्र्याउनेको ठूलो संख्या रहेको छ । परेका समस्याहरुको सामना गर्ने योजना निर्माण गर्नु प्रमुख हुन्छ ।

३. आफ्नो प्रगतिमा रमाएको जस्तै हामी धेरै अरुको प्रगतिमा दुःखी हुन्छौं । यसले पनि अन्ततोगत्वा हामी मनोरोगको शिकार हुन्छौं । यदि अरुको प्रगतिलाई आफ्नो प्रगति मान्न सकियो भने यो अत्यन्तै राम्रो हो । अझै एउटै संस्था वा संगठनमा बसेर एकले अर्काको प्रगति पचाउन वा ग्रहण गर्न सकिएन भने त्यसले संस्थासँगै सहकर्मीलाई पनि लाभ पुग्दैन । त्यसैले अर्काको प्रगतिलाई स्वीकार गर्ने वा जितलाई स्वीकार गर्ने पनि गर्नु पर्छ । आफ्नो पनि प्रगतिको बाटो खोज्ने र आफ्नो पनि जितका योजनाहरु बनाउने । आफ्नो प्रगति वा जित नहुँदा अवमूल्यन पनि गर्नु हुँदैन ।

४. कुनै घटना वा परिस्थितिपछि मान्छेको मन भौंतारिन सक्छ । यस्तो अवस्थामा मनमा एउटै कुरा खेलाउनु हुँदैन । आफूलाई

ठेस पुग्ने घटनाहरु नभन्ने, नसुनाउने गर्नुपर्छ । मनलाई अन्यत्र नै मोड्ने र अरुमा आफूलाई व्यस्त राख्नुपर्छ । आफूलाई चोट पुग्ने घट्नाहरुसँग सम्बन्ध भएको सामग्री पनि अलिक अजगमा राख्ने र अत्यन्तै आवश्यक पर्दामात्र निकाल्ने ठाउँमा राख्नु पर्छ ।

५. कुनै काम गर्न लाग्दा अशुभ भयो भन्ने ठान्ने कुराहरुको विश्वास गर्नु हुँदैन । रुढिवादी कुरा अनुसार बाटो हिड्दै जाँदा बिरालोले बाटो काट्दा वा रित्तो गाग्री देख्दा अशुभ हुन्छ भन्ने छ । बिरालो पनि बाटोमा हिड्छ, गाग्री एकै छिनमा भरिएर आउँछ भन्ने सोचाइले गलत सोचाइलाई पदस्थापन गर्नु पर्छ । यस्ता सत्यता नभएका कुराहरुले हाम्रो काम गर्ने वा काम हुने भन्ने मनस्थिति बिगार्छ र काम बन्दैन भन्ने भावना जगाउँछ । त्यसैले यस्ता कुराहरुमा ध्यान नदिइकन आफ्नो काम गर्नु नै यस्ता समस्याबाट बच्नु हो ।

६. समाजले प्रतिष्ठासँग जोडेका कुरा र व्यवहारहरु सकेसम्म राम्रो गर्ने । कुलत, दुर्व्यसन र लतमा नलाग्ने । यसबाट प्रतिष्ठा जोगिन्छ र मानिस उच्च मनोबलमा रहन्छ । यो मानसिक स्वास्थ्य कायम राख्ने अचुक उपाय हो ।

७. आफ्नो प्रगति र उपलब्धिमा सन्तुष्ट रहने र मेहनत गर्न नछाड्ने । मेहनतले निरन्तर उपलब्धि दिन्छ र प्रगति हुन्छ । तर मानिसहरु आफ्नो मेहनतभन्दा धेरै प्रगति चाहन्छ । त्यसैले पनि मनोरोग बढाउँछ । आफू कहाँबाट आएको भन्ने नबिर्सने र मेहनतले अहिलेको स्थानमा पुगेको कुरालाई उपलब्धि मान्ने ।

८. अरुबाट धेरै नैतिकताको अपेक्षा नगर्ने र आफू पनि अति नै नैतिकवान् बन्दा अप्ठ्यारो हुने भएमा केही कुराहरुमा सम्झौता गर्ने । समाजमा केही मानिस अत्यन्तै नैतिक हुन्छन् र जब उनीहरुले चरम् अनैतिकको सामना गर्नुपर्छ तत्पश्चात उनीहरु मानसिक रोगको शिकार हुन्छन् । नैतिकवान् मानिस अति नै सचेत हुन्छन् । अरुलाई कुनै प्रकारको मर्का नपरोस् भनी ध्यान पुर्‍याउँछन् । तर समाज त्यस्तो नभएकोले त्यस्ता मानिसहरुले धोका पाउँछन् र उनीहरुको मन दुख्न पुग्छ ।

९. स्वस्थ प्रतिस्पर्धामा विश्वास गर्नुपर्छ । ठूलाले सानालाई च्याप्ने र बहुमतले अल्पमतलाई पेल्ने गर्नु हुँदैन । आफूले गर्दा अरुले पनि त्यस्तै गर्छन् । स्वस्थ प्रतिस्पर्धाले असफल मानिसलाई पुनः मेहेनत गर्ने हौसला मिल्छ ।

१०. आफूलाई परेको समस्या अरुलाई भन्ने बानी गर्ने । यसले सुख दुःख दुवैलाई ब्यालेन्समा राख्छ । अझ दुःख परेको कुरा अरुलाई भन्दा मन हल्का हुन्छ र पीडा कम हुन्छ । मनमा त्यो समस्या लामो समयसम्म रहन पाउँदैन र तुरुन्तै अर्को काममा लाग्ने प्रेरणा पनि मिल्छ ।

११. आफूलाई नआउने कुरा उपयुक्त व्यक्ति वा मञ्चमा आफूलाई नआउने बताउनु पर्छ । त्यस्तै थाहा नभएको कुरामा धेरै

अड्कलबाजी लगाउनु हुँदैन् । त्यस्तै सो कुरा कसैलाई थाहा छ भन्ने लागेको छ भने, उपयुक्त समय मिलाएर सोध्ने पनि गर्नु पर्छ । यसले मनभित्रको समस्या समाधान गर्छ ।

१२. एक्लै बस्ने वा काम गर्ने बानीलाई समूहमा बस्ने र काम गर्ने बानीमा बदल्नु पर्छ । यसले हामीलाई सामाजिक बनाउँछ । सामाजिक हुन सक्दा समस्याहरु पनि समूहले समाधान गर्न सक्छन् । समस्याहरु बाँड्न सकिन्छ ।

१३. लामो समयसम्म पनि असफल भएमा आफ्नो कार्यको पुनरावलोकन गरी पेशा बदल्न पनि सकिन्छ वा क्षेत्र परिवर्तन गर्न पनि सकिन्छ । ईच्छा महत्वपूर्ण शक्ति हो तर रहरले मात्र काम गर्दैन भन्ने पनि बुझ्नु पर्दछ ।

१४. सकेसम्म फुर्सदी नबस्ने, उपलब्ध भएका कामहरु समयमा नै सक्ने र नयाँ कामहरुको पनि खोजी जारी राख्ने । कामहरु आफैं सिर्ज ागर्ने । अरुले काम गरेका छैनन् म किन काम गर्ने भन्ने भावना हटाउने र सकारात्मक हुने ।

१५. कसैले होच्याएर वा हेपेर गरेको व्यवहारलाई दिगो रुपमा नलिने, सुझाव रहेछ भने सुझाव नै सम्झेर सुधारका प्रयासहरु गर्ने ।

माथि उल्लेख गरिएका सामान्य उपायहरुमात्र अवलम्बन गर्न सकियो भने पनि मनोरोगबाट बच्न सकिने हुन्छ । त्यस्तै आफ्नो मानसिक समस्याका कारण पत्ता लगाएर उपयुक्त परामर्श गरियो भने धेरै मनोरोगीहरुले खेप्नु पर्ने समस्या आधा नै कम हुने देखिन्छ ।

मनोचिकित्सकहरुले सुझाएजस्तै नेपाल आर्थिक, राजनीतिक संकटमा रहेको, सामाजिक सन्तुलनहरु खलल भएका अवस्थामा विभिन्न मनोरोगका समस्याहरु बढ्ने छन् । यसमा पनि ज्यादा युवा र महिलाहरु समस्याका भागिदार हुनेछन् । अन्तर्राष्ट्रिय युवा दिवसको सन्देश देशको कुनाकुनासम्म पुऱ्याएर जनजागरण गर्ने जिम्मेवारी युवाहरुले केही हदसम्म पूरा गर्ने हो भने पनि यस रोगलाई हेर्ने दृष्टिकोणमा केही परिवर्तन हुन सक्ने थियो । युवाहरु वर्तमानका साझेदार हुन् र भविश्यका खम्बा । त्यसैले पनि युवाहरुको समूहले यस्ता चुनौतिहरुको सामना गर्ने उत्तम उपायहरुको योजना निर्माण गरी चुनौतिको सामना गर्ने र सक्रिय जीवनशैली अपनाउन उपयुक्त विकल्पहरुको खोजी गर्नु आवश्यक छ । यस्ता गतिविधिले समग्र मनोरोगको सामना गर्ने र मनोरोगीका गुणात्मक तथा संख्यात्मक समस्याहरु न्यूनीकरण गर्न मद्दत पुग्नेछ ।

**नोटः** यो लेख विभिन्न स्वास्थ्य समाचार, लेखरचनाहरुको अध्ययन र मनोचिकित्सकसँगको कुराकानी र युवाहरुसँगको परामर्शमा तयार गरिएको हो ।

# नेपाली युवा र राष्ट्रिय युवा नीति

✍तिलोत्तम पौडेल

अहिले युवाहरुमा पहिचान, परिचालन र परिचयको अभाव खड्किरहेका छन् । बालबालिका तथा युवाहरुको परिभाषा मै विविधता पाइन्छ। अन्तर र्राष्ट्रिय बालअधिकार महासन्धिले १८ वर्षमुनिकालाई बालबालिका भनेर परिभाषित गरेको छ भने नेपालको सन्दर्भमा १६ वर्ष मुनिकालाई मात्र बालबालिकाको रुपमा परिभाषित गरेको अवस्था विद्यमान छ । युवाहरुका परिभाषा त झन देश र संस्थापिच्छे फरक -फरक रहेको पाइन्छ। संयुक्त राष्ट्रसंघको परिभाषाले १५ देखि २४ वर्ष, जापानमा ३० वर्ष सम्म, स्वीडेनमा १५ देखि २४ वर्ष, विश्व स्वास्थ्य संगठनले १५ देखि २४ वर्षसम्मका मानवलाई युवाको रुपमा मानेको छ। नेपाल सरकारले २०६६ मा सार्वजनिक गरेको राष्ट्रिय युवा नीतिमा १६ देखि ४० वर्षलाई युवा मानेको भए तापनि नेपाल युवा संस्था संजालले १६ देखि ३१ वर्षकालाई र राजनीतिक पार्टीहरुले १५ देखि ४५ वर्षका कार्यकर्तालाई युवाहरु भनी मान्यता दिएका छन् भने अर्कोतर्फ १०-१९ वर्षका उमेर समूहलाई किशोर किशोरी भन्ने गरिन्छ । युवाहरुलाई उमेर समूहको आधारमा परिभाषा गर्न खोजे पनि जोस, जाँगर भएको फूर्तिलो, यौनमा सक्रिय, सन्तान उत्पादन गर्नसक्ने, सक्षम, आवाज उठाउन सक्ने अर्थात सडक तताउनेको रुपमा लिन सकिन्छ । परिभाषा फरक फरक भए पनि युवाहरुलाई नेपालको सन्दर्भमा हाल कायम रहेको कुल जनसंख्याको ४०.३४ प्रतिशत १६-४० उमेर समूहका छन् । जो गुणात्मक र संख्यात्मक दुवै दृष्टिले राष्ट्रको मेरुदण्ड, राष्ट्रको अमूल्य सम्पत्ति, राष्ट्रका धरोहर, परिवर्तनका संवाहक, देशको महत्वपूर्ण श्रम गर्नसक्ने र जनशक्ति भएको संख्या, विदेशी मुद्रा भित्र्याउने स्रोत, देश निर्माणको खम्बा, राजनीतिक तथा सामाजिक आन्दोलनमा महत्व राख्ने र परिवर्तन गराउनेमा निर्णायक शक्तिवाल र पौढ बीचको सिर्जनशील उमेर भएका, अत्याधिक तवरले संवेदनशील र उर्जाशील नेतृत्व लिने, शान्ति र विकासको अगुवाइ गरिरहेका र गर्न खोज्ने वर्गलाई युवा भनेर व्याख्या गर्दा अनुपयुक्त नहोला ।

शान्ति, विकास र परिवर्तनका संवाहक, राजनीतिका भऱ्याङ, दवावका खानी भनेर गनिने युवाहरुले नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । विशेष गरी लोकतन्त्र र भखरैको राजनीतिक परिवर्तनले युवाहरुको प्रतिबद्धता र योगदान उत्साहजनक र प्रशंसायोग्य बनेको छ । राष्ट्रियता, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका पक्षमा युवाहरुले स्थानीयस्तरदेखि राष्ट्रिय स्तरसम्म जुन परिवर्तनकारी भूमिका निर्वाह गरे त्यसको सबै पक्षले सकारात्मक रुपमा लिनु पर्दछ। युवा बिनाको परिवर्तनको आशा गर्नु र युवाहरुले खेलेको भूमिकामाथि कुठाराघात गर्ने अधिकार कसैसँग पनि छैन । तर युवाहरुले खेलेको भूमिकाको तुलनामा शान्ति र विकासका साझेदारका रुपमा उनीहरुको सहभागिता सुनिश्चित हुन सकेको छैन । नीति निर्माण र निर्णायक तहमा युवाहरुको सहभागिता, लोकतन्त्रसँगसँगै

✍ महासचिव, नेपाल युवा महासंघ सञ्जाल (आयोन)

केही बढेको देखिए तापनि राजनीतिक दलहरुमा वास्तविक लोकतन्त्रीकरण हुन नसक्नाले युवाहरुको नेतृत्व तहमा सहभागिता त्यति सहज हुन सकिरहेको अवस्था देखिँदैन । राजनीतिक पार्टीहरु मात्र होइन, गाउँको वन समिति, महिला समूह, विद्यालय व्यवस्थापन समितिदेखि समाजका सबै तह र क्षेत्रमा अन्तरपुस्ता बीचको खाडल गहिरो छ । अझैसम्म पनि युवाहरुलाई स्थानीय स्तरको नीतिनिर्माण र विकासका क्रियाकलापमा सहभागी गराउन हिचकिचाइरहेको अवस्था विद्यमान छ । रोग, भोक, अशिक्षा, बेरोजगारीका कारण युवाहरु आफ्नो अस्तित्व खोजीमा चिन्तित छन् । आफ्नो देशमा रोजगारको सुनिश्चितता हुन नसक्दा ३० लाखभन्दा बढी नेपाली युवाहरु वैदेशिक रोजगारमा जान बाध्य छन् । एकातर्फ घर-गाउँ युवाविहीन हुँदैछन् भने अर्कोतर्फ कानूनी प्रक्रिया, तालिमको अभाव, तथा सीप नहुँदा जोखिममा परेका घटनाहरु बढिरहेका छन् । उनीहरुले रेमिट्यान्स नेपाल भित्र्याएको भए पनि उक्त रकम उद्यमशीलता र विकासमा प्रयोग हुन सकिरहेको स्थिति देखिँदैन ।

पटक पटक भएको परिवर्तनका आन्दोलनहरुमा घाइते हुने, मारिने, वेपत्ता हुनेहरुको संख्यामा युवाहरुको बाहुल्यता भए तापनि तिनको परिवारले गाँस, बास, कपासबाट बञ्चित भएको, छोराछोरीले पढ्न नपाएको, घाइते जीवन बिताउन वाध्य भएको अवस्था मात्र होइन उनीहरुको उचित सम्मान समेत हुन सकिरहेको अवस्था छैन ।

यसबाहेक द्वन्द्व, गरिबी, अशिक्षा, चेतनाको कमी, बेरोजगारी, विदेशिने समस्या, समाजमा हुने विकृति, विसङ्गति, बालविवाह, बहुविवाह, अनमेल विवाह, आर्थिक कारण शिक्षाबाट बञ्चित, अपाङ्ग तथा एच.आइ.भी. र एड्स, दुर्व्यसन, ड्रग्सको प्रयोग, प्राकृतिक प्रकोप, राजनीतिक हिंसाबाट पीडित र प्रभावित बनिरहेका युवाहरुको विषयमा **राज्यले देश विकासमा युवा जनशक्तिलाई परिचालन गर्ने नीति अबलम्बन गर्नेछ** भन्ने व्यवस्था गर्दै नेपालको अन्तरिम संविधानमा उल्लेख गरी २०६५ भाद्र १५ मा युवा तथा खेलकुद मन्त्रालय स्थापना भएको छ । मन्त्रालयको स्थापनासँगै राष्ट्रिय युवा नीति मस्यौदा समिति बनाई २०६६ माघ १४ को मन्त्री परिषद्को बैठकले राष्ट्रिय युवा नीति पारित गरेको छ ।

संयुक्त राष्ट्रसंघको साधारण सभा, १७ डिसेम्बर १९९९ को प्रस्तावना ५४/१२० ले विश्वका सरकारहरुलाई युवा नीति निर्माण तथा कार्यान्वयन गर्न अनुरोध गरेको थियो । जुन विश्वका युवासँग सरोकार राख्ने मन्त्रीहरुको लिस्वनमा १९९८ अगष्ट ८ देखि १२ सम्म सम्पन्न सम्मेलनले सिफारिस गरेको प्रस्तावको आधारमा गरिएको थियो । यसको आधारमा संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् **२००० देखि अगष्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवस**को रुपमा विश्वभर विभिन्न कार्यक्रमहरु साथ मनाउने भन्ने निर्णय समेत गरेको थियो । यसरी अन्तराष्ट्रिय स्तरमा हाम्रो देशले गरेको प्रतिबद्धताको निकै वर्षपछि राष्ट्रिय युवा नीति तर्जुमा गर्नुलाई एउटा युवाको निम्ति उपलब्धि मान्नु पर्छ ।

यसअघि नीति बनाउने प्रयास भए पनि सरकारी फेरबदलसँगसँगै युवा नीतिका मस्यौदाहरु समस्यौदाहरुमै सिमित रहनु तीतो यर्थाथ हाम्रोसामु विद्यमान थियो । तर २०६६मा स्वीकृत राष्ट्रिय युवा नीतिमा भने, परिचय, युवा नीतिको आवश्यकता, परिभाषा, दीर्घकालीन सोच र लक्ष्य, उद्देश्यहरु, नीतिहरु, प्रमुख कार्यनीतिहरु, संस्थागत व्यवस्था, अनुगमन र मूल्याङ्कन गरी नौ खण्डमा विभाजित राष्ट्रिय युवा नीति स्वीकृत गरी कार्यान्वयनमा आएको छ । उक्त नीतिमा कुल जनसंख्याको ३८.८ प्रतिशत ओगटेका १६–४० लाई युवा भनी परिभाषित गरिएको छ । सो उमेर समूहका महिला पुरुष, तेस्रो लिङ्गीलाई जनाउँदै प्राथमिकताको समूह, विशेष प्राथमिकताको

समूह, द्वन्द्वपीडित युवा, जोखिममा रहेका युवा, अपाङ्गता भएका युवा र सिमान्तकृत अल्पसंख्यक समुदायका युवालाई परिभाषामा उल्लेख गरिएको छ । गुणात्मक र संख्यात्मक दुवै दृष्टिले युवा वर्ग राष्ट्रको मेरुदण्ड भएकोले युवाहरुको सर्वाङ्गिण विकास गरी उनीहरुको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन तथा नेपालको अन्तरिम संविधान २०६३ बमोजिम देश विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नुपर्ने कुरालाई दिशाबोध गरेको परिप्रेक्षमा राष्ट्रिय युवा नीति आवश्यक भएको उल्लेख गरेको छ । नीतिमा राष्ट्र निर्माण, विकासमा युवाहरुको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने, युवाहरुलाई राष्ट्र एवं राष्ट्रियता, जनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिबद्ध बनाउँदै उत्तरदायित्व र जवाफदेही भावनामा वृद्धि गर्ने, युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता र नवोन्वेशी क्षमताको विकास गरी विकासको आधारभूत शक्तिको रुपमा विकास गर्ने र उनीहरुमा रहेको अन्तर्निहित क्षमता उजागर गर्ने, श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवाहरुको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिकवान, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रुपमा दक्ष युवा तयार गर्ने, युवाहरुका आधारभूत अधिकारहरुलाई सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरुमा युवा वर्गको पहुँचलाई वृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयन प्रक्रियामा लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताको माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवाहरुलाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने, शिक्षा आर्जनको क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाहरुको शिक्षा, रोजगारी, वृत्ति लगायतका वैयक्तिक एवं सामाजिक विकासमा सघाउ पुऱ्याउने, प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा परेका युवाहरुलाई सकारात्मक विभेदको माध्यमबाट सशक्तीकरण गरी विकासको मूल प्रवाहमा ल्याउने कुराहरु राष्ट्रिय युवा नीतिको उद्देश्यमा समावेश गरिएको छ । युवा नीति सफल बनाउन जीवन यापनका आधारभूत अधिकार, शिक्षा, स्वास्थ्य तथा परिवार कल्याण, सामाजिक सुरक्षा, रोजगारी, युवा सशक्तीकरण तथा नेतृत्व विकास, सहभागिता तथा परिचालन, कला, संस्कृति, खेलकुद तथा मनोरञ्जन, लागूपदार्थ दुर्व्यसन नियन्त्रण, मानव तस्करी तथा मानव बेचबिखन नियन्त्रण, वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता, विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँच, अपराध तथा हिंसामा संलग्नताबाट युवालाई मुक्त गर्ने, दिगो शान्ति स्थापना र द्वन्द्व समाधानमा युवा सहभीगता, समविकास, विशेष समूहगत प्राथमिकताहरु, साझेदारी आदि बुँदाहरुमा युवा नीति सफल बनाउन कार्यनीतिको रुपमा उल्लेख गरिएको छ ।

राष्ट्रिय युवा नीति कार्यान्वयनका लागि छुट्टै कानून व्यवस्था गरी स्थानीय स्तरदेखि राष्ट्रिय तहसम्म संरचनात्मक व्यवस्था भएको स्वशाशित एवं कार्यकारी राष्ट्रिय युवा परिषद् गठन गर्ने र परिषद्ले राष्ट्रिय युवा नीतिअनुसार युवा सूचना तथा अनुसन्धान केन्द्र, युवा परामर्श तथा सेवा केन्द्र, युवा रोजगार प्रवर्द्धन केन्द्र सञ्चालन गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थासँग समन्वय, सहकार्य गरी अघि बढ्ने कुरा नीतिमा उल्लेख गरेको छ । तर राष्ट्रिय युवा नीति बनेको ५ वर्ष पुग्न लाग्दा पनि नीतिलाई कार्यान्वयन गर्न कुनै कानून बन्न सकेको छैन । राजनीतिक अस्थिरता र राजनीतिक भागबन्डा, युवा तथा खेलकुद मन्त्रालय राजनीतिक पार्टीको प्राथमिकतामा नहुनु, बजेट कम छुट्याइनुले

युवा नीति कार्यन्वयनमा समस्या देखिइरहेको छ । यसलाई कार्यान्वयन गर्न ऐन कानून बनाउने क्रममा मन्त्रालय रहेको छ । ऐन कानून बनाई नीतिमा रहेका कुराहरुलाई छिटो कार्यान्वयन गर्न जरुरी छ । तर दुःखको कुरा के छ भने ४०.३४ प्रतिशत जनसंख्या ओगटेका युवाहरुको लागि तर्जुमा भएको राष्ट्रिय युवा नीतिको बारेमा युवाहरु नै बेखबर रहेका छन् । नीति बन्नुमात्र ठूलो कुरा होइन । नीतिको बारेमा सरोकारवालालाई जानकारी भई कार्यान्वयन प्रक्रियामा स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म सुरु हुनुपर्ने हो तर त्यस्तो हुन सकिरहेको अवस्था छैन । युवा नीति बन्दा जुन उत्साह युवाहरुमा थियो, उत्साहअनुसार प्रचारप्रसार र कार्यान्वयन हुन सकेको छैन । युवा नीतिको कार्यान्वयन र प्रचारप्रसार स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म गरी कार्यान्वयनको लागि अघि बढ्ने तथा यसका निम्ति दवाव दिने जिम्मेवारी युवाहरुको काँधमा छ ।

राष्ट्रिय युवा नीतिलाई पुनरावलोकन गर्ने समय आइसकेको छ । युवा तथा खेलकुद मन्त्रालयले युवाका तथ्याङ्कहरु व्यवस्थित गर्ने र राष्ट्रिय युवा नीतिमा उल्लेख भएअनुसार सरोकारवाला निकायसँगको सहकार्यमा प्रत्येक जिल्लामा युवा सूचना केन्द्र स्थापना, स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, प्राथमिकता/विशेष प्राथमिकता समूहका युवाका लागि तालिम सञ्चालन निर्देशिका, युवा सूचना केन्द्र सञ्चालन तथा व्यस्थापन निर्देशिका, राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि निर्माण, युवा सम्पर्क विन्दुका लागि कार्य निर्देश गर्त राष्ट्रिय युवा नीतिको कार्ययोजना निर्माण, युवा उत्तरदायी बजेट दिग्दर्शन निर्माण, राष्ट्रिय युवा परिषद्को विधेयक लगायतका कार्य प्रारम्भ गरेको छ । सँगसँगै आफ्नो बजेटको क्षेत्राधिकार भित्र रही सरोकारवालासँगको सहकार्यमा युवासँग सम्बन्धित विषयमा बहस छलफल चलाउँदै आएको छ । स्रोतसाधन, बजेट र पर्याप्त कर्मचारीको अभाव हुँदाहुँदै पनि युवा गतिविधिले चर्चा पाउनु, युवा नीतिको बारेमा चासो हुनुलाई राष्ट्रिय युवा नीति र युवा तथा खेलकुद मन्त्रालय स्थापनाको सफलताको कडीको रुपमा लिन सकिन्छ । हाल दोस्रो संविधान सभाको निर्वाचनपश्चात नयाँ सरकार बनिसकेको अवस्थामा युवाको लागि थप स्रोतसाधनको व्यवस्था हुनुपर्ने हो तर वर्तमान सरकारको नीति तथा कार्यक्रममा युवा सहभागिता, युवा साझेदारी, युवाको नेतृत्व विकासमा राज्य मौन देखिएकोले कतै राष्ट्रिय युवा नीति कार्यान्वयन गर्न अप्ठ्यारो पर्ने हो कि भन्ने महसुस युवाहरुले गरेका छन् । यसतर्फ सरकारको ध्यान जान आवश्यक देखिन्छ र युवाको निम्ति विभिन्न मन्त्रालय अन्तर्गत छरिएर रहेको बजेट एकै ठाउँमा ल्याएर र प्रत्यक्ष युवा मन्त्रालयमार्फत काम गर्ने र युवाहरुको सुहाउँदो स्रोतसाधनको पहिचान, नीति निर्माण र कार्यान्वयनमा अगुवाई गर्न सकेमा युवा नीति कार्यान्वयनमा महत्वपूर्ण भूमिका हुन सक्छ । राज्यमा रहेको युवा तथा खेलकुद मन्त्रालयलाई स्रोत साधन सम्पन्न बनाउने, स्रोतको खोजिनीति गर्ने, प्रतिभावान युवाहरु खोजी गर्ने, युवा नीतिको प्रचारप्रसार गर्ने, युवा हकहित तथा अधिकारसँग जोडिएका विषयहरु आफ्ना युवा विद्यार्थी संगठन, सामाजिक संघ संस्थाको एजेण्डा बनाई राज्यलाई सहयोग गर्ने दायित्व हामी सबैको हो । राज्यलाई हामीले केही गरेन भनेर एक औँलाले देखाउँदै गर्दा चार औँला हामी युवाहरुतर्फ फर्केको हुन्छ । हामीले के गर्‍यौँ, कहाँनिर सहयोग गर्‍यौँ र गर्नुपर्छ भनेर जिम्मेवार भई सोच्न सकेमा नेपालमा युवाहरुको अवस्था सुधार्न र नीति कार्यन्वयनमा हामी युवाहरु पनि जिम्मेवार छौँ भनी गर्व गर्नसक्ने ठाउँ रहन सक्छ । ■■■

# युवा रोजगारी र आर्थिक अधिकार

**✍लोकराज अवस्थी**

लोकतान्त्रिक सरकारले जनताप्रति गर्नुपर्ने आफ्नै दायित्व, कर्तव्य र भूमिकाहरु हुन्छन्। सरकारले कुनै पनि बहानामा जनताप्रतिको जम्मेवारीबाट भाग्न तथा पञ्छिन पाउँदैन । सरकार तथा राज्यका केही अनिवार्य दायित्व हुन्छन्, जसमा पहिचान, संरक्षण (परिपूर्ति) र सुरक्षा पर्दछन् । राज्यले यी दायित्व अनिवार्य रुपमा पूरा गर्नै पर्छ । आधुनिक समाजमा पहिचान, संरक्षण र सुरक्षा जनताले राज्यबाट पाउने न्यूनतम सुविधा हुन् । पहिचान विशेष गरी नागरिक तथा राजनीतिक अधिकारसँग जोडिएको हुन्छ भने संरक्षण तथा प्रवर्द्धन (आपूर्ति) र सुरक्षा आर्थिक अधिकारसँग जोडिएका विषय हुन् । बाँच्नका लागि चाहिने आधारभूत आवश्यकता सबै आर्थिक अधिकारसँग प्रत्येक्ष गाँसिएका विषय हुन् । नेपालमा राजनीतिक तथा नागरिक अधिकारको क्षेत्रमा परिवर्तन भए पनि आर्थिक अधिकारको क्षेत्रमा भने परिवर्तन हुन सकेन । कानूनमा परिवर्तन ल्याए पनि व्यवहारमा भने लागू गर्न सकिएको छैन ।

जनताको आर्थिक अधिकारलाई सुनिशिचित गर्नका लागि नेपाल सरकारले नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा "लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्ने" भन्ने कुरा स्पष्टसाथ उल्लेख गरिएको छ । यसभन्दा पहिलेका संविधानले पनि आर्थिक अधिकारलाई सुनिश्चित गरे पनि कार्यान्वयन प्रभावकारी हुन सकेन । अन्तरिम संविधानले आर्थिक अधिकारलाई प्रमुख प्राथमिकता दिँदै धारा १८ को १ मा रोजगारीको हक, ३ मा कानूनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको अधिकारको सुनिश्चित गरेको छ । त्यस्तै धारा १९ मा सम्पत्तिको अधिकार, ३० मा श्रम सम्बन्धी हक र भाग ९ मा आर्थिक प्रणालीको बारेमा व्यवस्था गरिएको छ ।

संयुक्त राष्ट्रसंघको मानवअधिकारको विश्वव्यापीघोषणापत्र१९४८माआर्थिकअधिकारलाइ सुनिश्चितता हुने गरी धारा १७ को १ मा सम्पत्ति कमाउने तथा उपभोग गर्ने अधिकार, धारा २० को २ मा सरकारी नोकरी खान पाउने अधिकारसँगै धारा २३ को १ मा रोजगारी मुक्तिको अधिकार, २ मा समान ज्यालाको अधिकार र धारा २५ मा खाना, लत्ताकपडा, औषधिउपचार तथा स्वास्थ्यको अधिकार लगायतका अधिकारको सुनिश्चितता गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ ले पनि नागरिकले उपभोग गर्न पाउने आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार हरूको सुनिश्चित गरेको छ। नेपाल यो महासन्धिको पक्षराष्ट्र हो ।

आर्थिक अधिकारको बारेमा सन्धि, अभिसन्धि तथा संविधानमा जे जे उल्लेख गरेको भए तापनि नागरिकले उपभोग गर्न पाए कि पाएनन् ? त्यो महत्वपूर्ण कुरा हो । नीति, नियम तथा कानूनमा व्यवस्था गरिनुभन्दा पनि नागरिकले

✍ महासचिव, राष्ट्रिय युवा महासंघ नेपाल (निफन)

व्यवहारमा कत्तिको उपभोग गर्न पाए ? यो सबैको चासोको विषय बन्नु पर्छ । आर्थिक अधिकार नागरिकले उपभोग गर्न पाए कि पाएनन् ? भन्ने कुरा थाहा पाउन नेपालको आर्थिक अवस्था, जनताको जीवनस्तर, रोजगारीको अवस्था आदिबाट थाहा पाउन सकिन्छ । नागरिक आर्थिक रुपमा सम्पन्न छन् कि छैनन् ? देशको आर्थिक अवस्था, जनताको जीवनस्तर, रोजगारीका अवसर, मजदुरको ज्याला, काम गर्ने वातावरण, सम्पत्तिको उपभोग तथा सुरक्षा, आदिबाट पनि आर्थिक अधिकारको बारेमा थाहा पाउन सकिन्छ। नागरिक आर्थिक रुपमा सम्पन्न छन् कि छैनन् ? देशमा उद्योग कलकारखानाको स्थिति कस्तो छ ? सबै नागरिकले खान, बस्न र लगाउन पाएका छन् कि छैनन् ? दलित, आदिवासी, जनजाति, पछि पारिएका, उत्पीडित, गरिब जनताले आफ्नै खुट्टामा उभिएर स्वाभिमानी भएर बाँच्न पाएका छन् कि छैनन् ? नागरिकको बाँच्ने आयुमा बृद्धि भएको छ कि छैन ? राज्यका नीतिहरु, कार्यक्रमहरु तथा विकासका योजना जनता लक्षित छन् कि छैनन् ? जनताको जीवनस्तर बढ्दो छ कि खस्किँदो छ ? अर्थतन्त्र उकालो लाग्दो छ कि सुधारोन्मुख छ ? वा राजनीतिक रुपमा सार्वभौम नागरिक आर्थिक रुपमा सम्पन्न छ कि छैन ? यी कुराहरुले आर्थिक अधिकारको अवस्थाको निर्धारण गर्दछन् ।

## १. युवाको जनसांख्यिक विश्लेषण

बि. सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार १६ देखि ४० वर्षसम्मका युवाको जनसंख्या १ करोड ६ लाख ९० हजार रहेको छ, जुन कुल जनसंख्याको ४०.३४ प्रतिशत हो । नेपालको सय वर्षको इतिहासमा युवाको जनसंख्या उल्लेख्य रहेको पहिलो पटक हो । यस्तो सुवर्ण अवसर बारम्बार आउँदैन । यसकारण पनि यो मानव श्रोतसाधनको हिसाबले ऐतिहासिक युग हो । उर्जावान् तथा सिर्जनशील उमेर समूह बढी हुनु भनेको विकास तथा परिवर्तनका लागि महत्वपूर्ण अवसर हो । नेपाल जीवनस्तर सर्वेक्षणका अनुसार युवाको साक्षरता प्रतिशत ७० प्रतिशत रहेको जनाएको छ। यसकारण पनि अहिलेको समय नेपालको लागि उत्तम समय हो ।

सबभन्दा खुशीको कुरा त के भने, युवाको कुल जनसंख्यामध्ये ४९ प्रतिशत युवा १६ देखि २५ वर्षसम्मका रहेका छन् । जुन कुल जनसंख्याको १९.९७ प्रतिशत हो । यो उमेर समूह लगभग २० वर्षसम्म युवा नै रहने छ । यसकारण पनि अहिले जनसंख्याको परिणाम सुखद मान्न सकिन्छ। यो उमेर समूहका युवा चलायमान हुन्छन्। यथास्थितिमा बस्न चाहँदैनन् । र, राजनीति, समाजिक परिवर्तनभन्दा पनि आफ्नो भविश्य तथा करियरसँग मात्र सरोकार राख्दछन् । यो उमेर समूह उत्पादनशील भएकाले उपयोग गर्न नसके भड्किने खतरा बढी हुन्छ। राजनीतिमा पनि निर्णायक मानिएको युवालाई राजनीतिक स्वार्थका लागि जो कोहीले पनि प्रयोग गर्न सक्ने खतरा पनि ज्युँकात्युँ छ।

नेपालमा प्रत्येक वर्ष चार लाख ५० हजार मानिसहरु रोजगारीका लागि श्रम बजारमा प्रवेश गर्दछन् । जसमध्ये तीन लाखभन्दा बढी कामका लागि विदेश जाने गर्दछन्। स्वदेशमा रहेकामध्ये १० प्रतिशतले मात्र स्वदेशमा रोजगारी पाउँछन् । अरु ९० प्रतिशत कामका लागि वर्षभरि भौंतारिइरहन्छन्। नमूना सर्वेक्षण मात्रै नेपालमा पूर्ण बेरोजगार ११.४ प्रतिशत रहे पनि अर्धबेरोजगार सहित जोड्दा ३९ प्रतिशत रहेको देखाएको छ । अर्को डरलाग्दो अवस्था के भने श्रम मन्त्रालयको तथ्यांक अनुसार प्रत्येक दिन १५ सय युवा कामका लागि विदेश जान्छन् भने नेपाल फर्कनेको संख्या ४ सयदेखि ५ सय मात्र रहेको छ । आपराधिक तथा हिंसात्मक क्रियाकलापमा ९० प्रतिशत युवाहरुको सहभागिता

रहेको छ । त्यसमा पनि हतियारबाट हुने अपराधमा त ९९ प्रतिशत युवाहरुको संलग्नता देखिएको छ ।

'**युथ बल्ज**' सिद्धान्तका अनुसार जुन देशमा १५ देखि २४ वर्षसम्मका युवाको जनसंख्या अरुभन्दा बढी अर्थात कुल जनसंख्याको पाँच भागको एक भाग छ भने त्यसलाई 'युथ बल्ज' भनिन्छ । यो उमेर समूहको जनसंख्यालाई देशमा अस्थिरता तथा ठूलो समस्या निम्तने संकेतको रुपमा लिइन्छ । यो सिद्धान्तका अनुसार सरकारले उचित स्थान दिन नसके वा युवाहरुलाई रोजगारी, शिक्षा तथा अवसर प्रदान गर्न नसके त्यो देशमा जनसांखिक संक्रमणकालको सुरुआत हुन्छ । जसले देशलाई अस्थिरतातिर धकेल्ने र समाजमा डरलाग्दो द्वन्द निम्त्याउने प्रबल सम्भावना हुन्छ । व्यवस्थापन तथा उपयोग गर्न सके सुनौलो अवसर र नसके राष्ट्रका लागि ठूलो समस्या बन्छ । 'युथ बल्ज' सिद्धान्तलाई आधार मान्ने हो भने नेपालमा पनि जनसांखिक संक्रमणकाल शुरु भइसकेको छ । यदि राज्यले युवाका आकांक्षा तथा आवश्यकतालाई सम्बोधन गर्न नसके तातो रगतसँगै जोश भएका युवा फेरि पनि कुनै बहानामा विद्रोहमा उत्रेमा राज्यले थेग्न नसक्ने अवस्था आउने छ । देश नयाँ खाले द्वन्दमा फस्ने र राष्ट्र निर्माणको सुनौलो अवसरबाट चुक्ने छ । युवाका पसिना तथा सिर्जना स्वदेशमा बगाउने वातावरण निर्माण गर्न नसके देशमा अस्थिरता आउने पक्का छ ।

गएको एक दशकमा ४.१ प्रतिशत जनसंख्या घटेको छ । अहिलेको तथ्यांकलाई आधार मान्ने हो भने २० वर्षपछि नेपालमा बृद्धहरुको जनसंख्या बढी र युवाको जनसंख्या कम हुनेछ । अहिलेका युवा बृद्ध हुनेछन् भने अहिलेका बालबालिका युवा हुनेछन् । युवा राष्ट्रको आर्थिक तथा समाजिक परिवर्तनका आधार तथा मेरुदण्ड नै हुन् । राज्यले यसको सही उपयोग तथा परिचालन गर्न सकेमा इतिहासमा नेपालका लागि स्वर्णिम युगको रुपमा नामांकन हुनेछ । र, नेपाल नयाँ युगमा प्रवेश गर्ने छ । यदि सहि उपयोग नभएमा देश नयाँ द्वन्दको दलदलमा भासिने छ । यो सबै राज्य तथा नेपाल सरकारका कार्यक्रम तथा नीतिमा भर पर्ने कुरा हो । युवाहरुको संख्या बढी भएको समयमा युवाहरुलाई परिचालन तथा सहभागिता गर्न नसके बृद्धहरुको संख्या बढी भएको समयमा के होला सोचनीय विषय हो ।

## २. रोजगार नीतिको आवश्यकता

नेपाल सरकारले बेरोजगारीको समस्यालाई समाधान गर्न तथा व्यवस्थित गर्न देशको आर्थिक विकास र सम्वृद्धि कार्ययोजना २०१२ तर्जुमा गरेको छ । यस कार्ययोजनाले देशको आर्थिक वृद्धि र युवा रोजगारी, भौतिक संरचनाको विकासलाई जोड दिएको छ । देशमा रहेका उर्जा, कृषिलाई आधार मानेर वैदेशिक लगानी भित्र्याउने र पर्यटनलाई प्रवर्द्धन गरी औद्योगीकरण तथा सुशासन कायम गर्ने कुरालाई पनि मुख्य कार्ययोजना बनाएको छ । देशमा लगानीमैत्री वातावरणको निर्माणसँगै रोजगार सिर्जना गरी सीमान्तकृत र अवसरबाट वञ्चित समुदायलाई रोजगारमुखी प्रविधि प्रवर्द्धन गरी युवाको सीप तथा व्यवसायिकता विकास गर्दै सहुलियतपूर्ण ऋण सुविधा प्रदान गर्ने र विकासलाई तिब्र गतिमा अगाडि बढाई आर्थिक परिवर्तन गर्ने उद्देश्यका साथ ल्याइएको यस कार्ययोजनाले भने अनुसारको काम गर्न त्यति सहज भने छैन । स्थायी सरकार, दीर्घकालीन योजना र बजेट निरन्तरताको अभावमा योजना पूरा हुनेमा विश्वस्त हुन सक्ने अवस्था भने छैन । तैपनि कम्तिमा योजना आउनु आफैमा सकारात्मक पक्ष हो ।

नेपाल सरकारले युवा रोजगार नीति ल्याउनु अनिवार्य भएको छ । रोजगार नीति,

उद्योग नीति तथा राष्ट्रिय युवा कार्ययोजना ल्याई कार्यान्वयनमा ल्याउनु पर्छ । नीति ल्याउन सम्भव नभए रोजगारी प्रबर्द्धन बोर्ड गठन गरी नेपालमा नै रोजगारी सिर्जना गर्न सक्नुपर्छ । खाडीको मरुभूमिमा काम गर्ने युवालाई नेपाल सरकारले भन्न सक्नुपर्छ, विदेश किन जाने हामी स्वदेशमै काम दिन्छौँ । यसको लागि रोजगार नीति तथा रोजगार प्रवर्द्धन बोर्ड तत्काल ल्याई राष्ट्रिय युवा नीतिको प्रभावकारी कार्यान्वयनका लागि युवा परिषद्को गठन गर्नुपर्छ । युवाको सहभागिता बिना नेपालमा आर्थिक परिवर्तन सम्भव छैन । यसका लागि युवाको अर्थपूर्ण सहभागिता हुनु/गराउनु पर्छ । यसका लागि उचित नीति तथा कार्यक्रमको आवश्यकता महसुस गरिएको छ । सरकारले बेलैमा रोजगार सहितका अन्य नीति तथा कार्यक्रम ल्याएर युवालाई स्वदेशमै रोजगारी दिने वातावरण निर्माण गर्नुपर्छ । नेपालको अर्थतन्त्र खस्किनुमा वा बेरोजगारी बढ्नुमा विभिन्न कारणहरु छन् । राजनीतिलाई मुख्य कारण मानिए तापनि आर्थिकसँग जोडिएका कारणहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ, जसमा मुख्य निम्न बमोजिमका कारणहरुलाई मान्न सकिन्छ :

**क. आर्थिक अवस्था घाटाजनक**

जनसंख्याको वर्तमान अवस्था आशा लाग्दो भए पनि सँगै चुनौतीहरु पनि छन् । राजनीतिक अस्थिरताको कारण दिगो योजना आउन सकेको छैन। त्यति मात्र हैन २०६४ पछि कुनै पनि वर्ष समयमा पूर्ण बजेट आउन सकेको छैन । तय भए गरेका त्रिवर्षीय योजनाहरुले पनि लक्ष्य हासिल गर्न सकेको अवस्था पनि छैन । नेपाल सरकारको आर्थिक वृद्धि ५.५ प्रतिशत पुऱ्याउने, गरिबी २१ प्रतिशतमा झार्ने, प्रतिव्यक्ति आय ३.५ र रोजगारी ३.६ प्रतिशले बढाउने लक्ष्य जहाँको त्यहीँ छन् । गएको तीन वर्षमा आर्थिक वृद्धिदर ३.५ को वरिपरि रहन पुग्यो । तीन वर्षभित्र ११ लाख ६४ हजार रोजगारी सिर्जना गर्ने भनिए पनि ३० हजारले मात्र रोजगारी पाए । मूल्य वृद्धि १० प्रतिशतको हाराहारीमा छ । देशको कुल वार्षिक बजेटको २५ प्रतिशत रेमिट्यान्सले धानेको छ । गरिबी २५ प्रतिशत भने पनि वास्तविकता भने थाहा छैन । जलश्रोतको धनी देशमा ७४६ मेगावाट मात्र विद्युत उत्पादन भएको छ । देशको अवस्था विश्लेषण गर्दा अवस्था सन्तोषजनक छैन । यसले युवालाई रोजगारी दिने तथा व्यवस्थापन गर्न सक्ने संकेत गर्दैन ।

नेपालमा भएको राजनीतिक परिवर्तनपछि आर्थिक वा सामाजिक परिवर्तन हुन सकेन । राजनीतिक संक्रमणकालीन अवस्था लामो समयसम्म चलिरहेको छ । जसले सहजै आर्थिक परिवर्तन सम्भव भएन । जनताको जीवनस्तर माथि उठ्न सकेन । समाजमा रहेको जातीय, क्षेत्रीय, वर्गीय विभेदमा कमी आएन । युवाहरु गाउँबाट शहर, शहरबाट विदेश जाने क्रमले तिब्रता पायो । देश विकास तथा परिवर्तनको मेरुदण्ड मानिएको युवा पुस्ताको देशमै व्यस्थापन हुन सकेन । शिक्षित तथा अशिक्षित युवा रोजगारीबाट वञ्चित हुने क्रमले निरन्तरता पायो । लोक सेवा, प्रहरी, सेना तथा संस्थान वाहेक अन्य क्षेत्रमा मात्र रोजगारी सीमित हुनपुग्यो । निजी तथा अन्य क्षेत्रमा भारतीय श्रमिकले नेपाली श्रमिकलाई विस्थापित गरायो । यसरी नेपाली जनताको जीवनस्तर विस्तारै खस्किँदैछ ।

नेपाल सरकारले गत वर्ष ४ सय २५ अरब बराबरको सामग्री आयात गरेको छ । र, ७५ अरब बराबरको निर्यात गरेको छ । जुन तथ्यांकबाट थाहा हुन्छ नेपालले कति घाटाको व्यापार तथा कारोबार गरिरहेको छ । भारत सरकारबाट नेपालले ७६ अरबको पेट्रोलियम पदार्थ आयात गरेको छ । यसरी नेपाल पूर्ण विदेशी तथा अन्य देशको सहयोगमा ऋणमा चलिरहेको छ । पाँच लाखभन्दा बढी युवा

प्रत्येक वर्ष विदेशिइरहेका छन् । नेपाली श्रमिक बजारमा प्रवेश गर्ने चार लाख युवामा तीन लाख कामका लागि विदेश जान्छन् । बाँकी रहेका भारतमा जान्छन् । नेपालका गाउँ रित्ता भइरहेका छन् । कृषियोग्य भूमि बाँझो र गौचरनमा परिणत भइरहेका छन् । ८० प्रतिशत मानिस कृषिमा संलग्न देशमा दाल, चामल, मासु तथा तरकारी सबै विदेशबाट आयात भइरहेको छ ।

### ख. अव्यावहारिक शिक्षा

नेपाल सरकारले जीवनस्तर सम्बन्धी गरेको सर्वेक्षण अनुसार प्रत्येक चार जनामा एक जना गरिब छ । अर्थात नेपालमा २५ प्रतिशत गरिबी रहेको छ । यो पनि अझ सुदूर तथा मध्यपश्चिममा अझ बढी नै रहेको छ । यसरी गरिबीको रेखामुनि रहेका युवाको संख्या ठूलो मात्रामा रहेको छ । स्नातकोत्तर पढेर पनि सिरानीमुनि प्रमाणपत्र थन्क्याउन बाध्य छन् । नपढेका युवाहरु कष्टपूर्ण जीवन बिताउन बाध्य छन् । दुःखको कुरा त युवाले भविष्यको आशा पनि गर्न छाडेका छन् । यथास्थितिमा युवामा आशा पलाउन सक्ने सम्भावना कम छ । देशमा उचित नीति तथा कार्यक्रम नभएका कारण पनि युवामा निराशा बढ्दै गएको पाइन्छ । नेपालमा भविष्य नदेखेपछि घरजग्गा बेचेरै भए पनि विदेशिन वाध्य छन् ।

नेपालको राजनीतिक अवस्थाले युवामा निराशापन बढदै गयो । जसको कारण युवामा आत्मशक्ति कम हुँदै गएको छ । आफ्नो भविष्यप्रति आशाभन्दा पनि निराशा बढ्दै गएको छ । सुनौलो भविष्यभन्दा पनि अन्धकारमय भविष्यका तस्विरहरु युवाका आँखा वरिपरि घुमिरहेका छन् । जति पढे, जति काम गरे पनि केही हुँदैन । नोकरी पाइँदैन । अवसर भटिँदैन भन्ने सोचाइले युवामा रहेको जोश कम हुँदै जाँदा उनीहरुमा निराशा बढ्दै गएको पाइन्छ । न त उनीहरुलाई राज्यले आश्वस्त पार्न सकेको छ न त युवा आफैले केही गर्न सकिन्छ भन्ने सकारात्मक भावनाको विकास गर्न सकेका छन् ।

### ग. ओझेलमा राष्ट्रिय युवा नीति

राष्ट्रिय युवा नीति लागू भएको चार वर्ष पूरा हुँदासम्म सरकारले न त युवा परिषद् गठन गरेको छ न त कुनै विशेष कार्यक्रम नै ल्याउन सकेको छ । राष्ट्रिय युवा परिचालनका नाममा भए गरेका केही कार्यक्रमहरु युवाहरुका संख्याको आधारमा नगण्य छन् । नीतिले अवलम्बन गरेका नीतिका आधारमा युवालक्षित कार्यक्रम ल्याउन नसक्दा युवाहरु दिनानुदिन विदेश पलायन हुन बाध्य भएका छन् । देशको राजनीतिक संक्रमणकालीन अवस्थामा सरकारको उचित कार्यक्रम नभएको कारणले युवाले राष्ट्रका लागि योगदान दिन पाएनन् । राज्य एक युगबाट अर्को युगमा प्रवेश गर्ने बेलामा पनि न त युवालाई राज्यको नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता भयो न त सरकारले युवा सहभागिताको लागि उपयुक्त कार्यक्रम तय नै गर्न सक्यो । युवा समस्याको रुपमा देखा पर्नुमा मुख्य कारण सरकारको उचित कार्यक्रम तथा नीतिको अभाव नै मुख्य जिम्मेवार मान्न सकिन्छ ।

नेपालमा युवालाई विश्वसँग प्रतिस्पर्धा गर्न लायक बनाउने काम राजनीतिक भाषणमा मात्र सीमित रह्यो । युवाको सीप, क्षमता तथा शक्तिलाई चिनेर राजनीतिक, सामाजिक, आर्थिक तथा विकासमा उपयोग गर्न सकिएको छैन । समाजको सचेत, जागरूक तथा परिवर्तनशील वर्गलाई राजनीतिक गुमराहमा सीमित राखियो । युवाको सकारात्मक परिवर्तनको सोचलाई अल्लारेको संज्ञा दिएर पन्छाउने काम गरियो । जसको कारण देशले उपलब्धि गर्न सकेको छैन । देश गरिबी र बेरोजगारीको दलदलमा भासियो ।

### घ. रोजगार नीति नहुनु

देशलाई यथास्थितिमा राखेमा अर्को द्वन्द जन्मिने सम्भावना बढी छ। "युथ बल्ज" सिद्धान्तले जुन देशमा युवाको जनसंख्या बढी छ, त्यो देशमा युवाको उपयोग भए आर्थिक क्रान्ति हुने र उपयोग गर्न नसके द्वन्द जन्मिने कुरा औँल्याएको छ । र, युवा बढी भएको देशमा चाँडो परिवर्तन तथा बढी द्वन्द्व हुने तथ्य बाहिर ल्याएको छ। युवा बढी भएको जनसंख्यालाई बोनस जनसंख्या भन्ने गरिन्छ । नेपालमा पनि बोनस जनसंख्या रहेकाले देशको परिवर्तन गर्न सकिने सम्भवाना बढी छ । राज्यले उचित नीति लिएर युवाको सहभागिता वा परिचालन गर्न सके नेपालको मुहार फेरिने छ । यी बाहेक, राजनीतिक स्थिरता, युवाको विदेशमोह, रोजगारमैत्री वातावरणको अभाव, आन्तरिक बसाइसराइ तथा युवाको सहभागितामा कमी आउनु पनि अन्य कारणभित्र पर्दछन् ।

## ३. युवा स्वरोजगार कोष र रोजगारी

युवालाई स्वदेशमा रोजगारी दिन र युवाको क्षमता वृद्धिका लागि २०६५ सालमा स्थापना गरिएको युवा स्वरोजगार कोष बेरोजगार युवाका लागि प्रभावकारी बन्न सकेन । लक्ष्य, उद्देश्य तथा कार्यक्रम राम्रा भए पनि राजनीतिक हस्तक्षेपका कारण युवाको राजनीति गर्ने थलोको रुपमा विकास भयो । राजनीतिक दलहरु तथा तिनका युवा भातृ संगठनहरुको लागि मागी खाने भाँडो बन्न पुग्यो । आर्थिक रुपमा सम्पन्न तथा कार्यक्रमका हिसाबले कमजोर मानिएको स्वरोजगार कोष प्रभावकारी रुपमा अगाडि बढ्न सकेन ।

कोषले प्रत्येक वर्ष ५० हजार युवालाई स्वरोजगार बनाउने लक्ष्य लिए पनि १२ हजारभन्दा बढीलाई रोजगारी दिन सकेको छैन । अहिलेसम्म ७३ जिल्लाका १४,३५२ युवालाई मात्र स्वरोजगार बनाएको छ । ऋण प्रवाह प्रकृयालाई सहज गर्नका लागि सरकारले २ सय ४० वटै निर्वाचन क्षेत्रमा प्रत्येकका कम्तिमा दुईवटा सहकारीलाई समावेश गर्ने नयाँ नीति ल्याएको छ । यो अहिलेको भन्दा बढी व्यावहारिक देखिन्छ। किनभने सहकारीले पैसा परिचालन गर्दा कम जोखिम हुन्छ। र, प्रतिफल बढी आउँछ । तर पनि अनुगमनलाई अझ प्रभावकारी बनाउनु पर्छ । सहकारीको कार्यशैली पारदर्शी गरि नुपर्छ ।

स्वरोजगार कोषको दुरुपयोग हुनुमा दुईथरी समस्या देखा परेका छन् । एक ऋण लिने युवाहरुमा सरकारी पैसा हो, जे गरे पनि हुन्छ। अरुले त खाएका छन्, हामीले खाए के हुन्छ भन्ने गलत सोचाइ रहेको छ । अर्को समस्या भनेको बेरोजगार भन्दा पनि राजनीतिक पहुँच हुने युवालाई ऋण प्रवाह गरिनु हो। जसले न कुनै काम गर्छन् न कुनै साना उद्योगहरु संचालन गर्छन् । गाउँ तथा शहरका वास्तविक बेरोजगार युवासमक्ष यो पैसा पुग्न सकेको छैन । अहिले त झन शहरी क्षेत्रमा कालाबजारीयाहरुको पनि बिगबिगी छ । सहकारीहरुले सयौं संख्यामा नागरिता जम्मा गर्ने अनि सबैको नाममा ऋण झिक्ने अनि आफू अनुकुलको काम गर्ने प्रचलन बढेको छ र केही सहकारीका लागि यो राम्रो पैसा कमाउने माध्यम बनेको छ। जसका नागरिकता पेश गरी पैसा झिकिएको हो, तिनीहरुलाई आफ्नो नाममा पैसा झिकेको तथा खर्च गरेको थाहा समेत हुँदैन ।

अर्को यस्तो गिरोह छ, जसले फाइल ऋणका लागि पेस र दर्ता गर्छ र ऋण उपलब्ध गराइदिन्छ । ऋण प्रवाह गरे वापत त्यो समूहले १० देखि २० प्रतिशतसम्म कमिसन खान्छ । यो समूह युवा कोषका कर्मचारीदेखि ऋणकर्ताको बीचमा समन्वयकर्ताको काम गर्ने गर्दछ। यसरी युवा स्वरोजगारको पैसा तिनै हुने खाने तथा पुहुँचवालाको कमाई खाने माध्यम बनेको छ। बेरोजगारका नाममा

रोजगार भएका तथा आर्थिक रुपमा सम्पन्नहरुले युवा स्वरोजगारको पैसा लगिराखेका छन् ।

राज्यले देशभर ठूलो वा दूरगामी लगानी गर्दा सर्वेक्षण र तथ्यांकबिना हचुवाका भरमा लगानी गर्नु हुँदैन । किनभने हचुवाको भरमा कार्यक्रम लागू गरिएमा राज्यमा पहुँच हुनेवालाको हालीमुहाली हुने र पहुँच नहुनेहरु सो कार्यक्रमबाट वञ्चित हुने गर्दछन् । यसकारण अब सरकारले पुर्नमूल्यांकन तथा समीक्षा गर्ने समय भएको छ । काम गर्ने शैली, ऋण प्रवाह गर्ने तरिका वा अनुगमन प्रकृयामा कहाँनेर कमजोरी छ, त्यो पत्ता लगाई नयाँ व्यावहारिक कार्यक्रमहरु तय गरिनु पर्छ । सबैले सहज रुपमा युवा स्वरोजगार कोष र यसका प्रकृयाका सम्बन्धमा जानकारी र पहुँच हुने व्यवस्था गरिनु पर्छ । शहर र सदरमुकामबाहिर रहेका युवाहरुमा यसका सम्बन्धमा आधारभूत जानकारी दिन गाउँ विकास समित तथा स्थानीय निकायलाई परिचालन तथा जिम्मेवार बनाइनु पर्छ ।

स्वरोजगार कोषलाई प्रभावकारी बनाउन ७५ वटै जिल्लामा तालिम केन्द्र स्थापना गरिनु पर्छ । युवा स्वरोजगार कोषले नेपाली स्थानीय उत्पादनलाई प्रबर्द्धन गर्न र त्यसको बजार सुनिश्चित गर्ने काम गर्नुपर्छ । सामाजिक उत्तरदायित्व पूरा गर्ने नाममा पैसा छरेर मात्र विकास हुन्छ भन्ने मानसिकता सबैले त्याग्नु पर्छ । जहिलेसम्म स्थानीय उत्पादनले महत्व पाउँदैनन्, तबसम्म स्वरोजगारको बहस व्यवहारमा आउन सक्दैन । विगतमा साना किसान विकास कार्यक्रम, महिला सहकारी, महिला समुदाय बचत आदि कार्यक्रम आए पनि प्रभावकारी हुन सकेन । यसकारण स्वरोजगार कार्यक्रमको शैली स्पष्ट र समयानुकूल परिमार्जन गर्नुपर्छ । वर्तमान अवस्थामा विद्यमान किसान आफ्ना उपात्दन बेच्न कहाँ जाने, त्यसको उचित मूल्य कसरी पाउने भन्ने समस्या ज्युँकात्युँ रहेको छ । यस्तो अवस्थामा ऋण पनि बोक्ने, दुःख पनि पाउने तर उत्पादित सामानले बजार नपाउने हो भने स्वरोजगार भए पनि यसले नयाँ समस्या सिर्जना गर्छ । बजार सर्वेक्षण र बजारका आधारमा उत्पादनको सुनिश्चितता गरिनु पदर्छ । यसकारण पनि कोषको काम लगानी गर्ने मात्र होइन । कोषको व्यवस्थापन, परिचालन तथा अनुगमन गर्ने लगायत युवा स्वरोजगारका सवालमा नीतिगत र प्रकृयागत सहजीकरण गर्ने काम पनि कोषको नै हो । कोषले युवा र राज्यबीच नीतिगत कार्यका लागि सहयोग र समन्वय गर्नु पर्छ । युवा स्वरोजगार कोष भनिए तापनि यसको संचालन प्रकृया, नीति निर्माण र व्यवस्थापनमा युवाहरुको सहभागिता रहन सकेको छैन । त्यसैले युवा स्वरोजगार कोषको नीति निर्माण, संचालन र अनुगमन मूल्यांकन प्रकृयामा युवाको सहभागिता पनि सुनिश्चित गरिए प्रभावकारी रुपमा अघि बढ्नमा सहयोग पुग्ने छ । पछिल्लो समयमा आएर राजनीतिकरण कम भएको र व्यावसायीकरण हुँदै गएको छ । कोषका कार्यकारी निर्देशक विनोद गुरागाईंका अनुसार पछिल्लो पटक ल्याएका नीति आफैमा व्यावहारिक भए तापनि राजनीतिक हस्तक्षेपका कारण ओझेलमा परेको छ । यो कोष संस्थागत हुन सकेको छैन । यस कोषलाई प्रभावकारी बनाउनका लागि दक्ष, योग्य तथा कुशल प्रशासकलाई काम गर्ने मौका दिई राजनीतिक हस्तक्षेप बन्द गरिनुपर्छ ।

## ४. युवासँग जोडिएको आर्थिक अधिकार

नेपालमा राजनीतिक अधिकारको तुलनामा आर्थिक अधिकारको चर्चा कम भएजस्तै जनता आर्थिक दृष्टिकोणले सम्पन्न हुन सकेका छैनन् । अधिकारको पर्याय बनेको नागरिक तथा राजनीतिक अधिकारले आर्थिक अधिकारलाई सधैं ओझेलमा पार्दै आयो । हुन त राजनीतिक अस्थिरताको कारणले पनि होला राजनीतिक परिवर्तनसँगसँगै आर्थिक

क्रान्ति हुन सकेको छैन । राजनीतिक परिवर्तनपछि जनताको जीवनस्तरमा उल्लेख्य सुधार आउन नसकेको अवस्था हो । अक्सफोर्ड विश्वविद्यालयले गरेको सर्वेक्षण अनुसार नेपालमा कुल जनसंख्याको लगभग ४६ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् । तर नेपाल सरकारले भने २५ प्रतिशतमात्र गरिब रहेको तथ्यांक सार्वजनिक गरेको छ । प्रत्येक वर्ष लगभग ६३ लाख जनता भोकमरीका शिकार हुने गर्दछन् । ८० प्रतिशत जनताको सरदर वार्षिक आय एक अमेरिकन डलरभन्दा कम छ । कूल जनसंख्याको लगभग ७६ प्रतिशत जनसंख्या कृषिमा आधारित छन् । तर खाद्य सामग्री भारतबाट आयात गरिन्छ । आर्थिक अधिकार कमजोर भएका यीनै मुख्य सूचकांक हुन् ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले तोकेको मापदण्ड अनुसार न त काम पाएका छन् न त दाम नै पाएका छन् । देशभित्रै रोजगारी पाएका मजदुर तथा श्रमिकले दिनभरि परिश्रम गरे पनि न्यून ज्याला हात पर्छ । त्यसले न त खान पुग्छ न त छोरा छोरी पढाउनै पुग्छ । जति परिश्रम गरे पनि ऋण नकाढी नहुने अवस्था छ । उचित नीति तथा प्रभावकारी कानूनको कार्यान्वयनको अभावमा पछिल्लो तीन चार वर्षको समयावधिमा दैनिक उपभोग्य तथा अत्यावश्यक वस्तुमा दोब्बर मूल्य वृद्धि भएको छ । महंगीले सर्वसाधारण, न्यून आय भएका तथा ग्रामीण भेगका जनतालाई जाँतोमा मकै पिसेझैं पिस्यो । बजार कालाबजारीहरुको नियन्त्रणमा गएको छ । कृषक, उपभोक्ता तथा मजदुर कालाबजारीबाट शोषित भएका छन् ।

मजदुर तथा किसानको आर्थिक अवस्था यति डरलाग्दो बन्दै गएको छ कि जसले आत्महत्यासम्मको बाध्यता सिर्जना गरायो । सम्पन्नता विपन्नताको बीचमा ठूलो खाडल रहेको छ । महंगीले धनीलाई धनी बन्ने र गरीब झन गरिब बन्ने अवस्था सिर्जना भएको छ । महंगी यति द्रुत दरमा वृद्धि भयो कि सर्वसाधारणलाई दैनिक जीवन धान्न धौ धौ बन्न पुग्यो । बजार जनताको पहुँचभन्दा परको विषय बन्यो ।

विश्व स्वास्थ्य संगठनका अनुसार मानिस स्वस्थ्य हुनका लागि कम्तिमा २२ सय क्यालोरीभन्दा बढी चाहिने भए पनि नेपालमा प्रत्येक चार जनामा एक जना १९ सयभन्दा कम क्यालोरीको खाना खाइरहेका छन् । हजारौं बालबालिका पौष्टिक आहार नपाएर अपांगता जस्ता समस्या भोगिरहेका छन् । सयौं आमाहरु अनिकालमा ज्यान गुमाइरहेका छन् । श्रमिकहरुले उचित ज्याला नपाएर जीवन धान्न धौ धौ परेको अवस्था छ । राजनीतिक अस्थिरताको कारण स्वदेशमा काम गर्ने वातावरण बिग्रिदै गएको छ । काम अनुसारको दाम छैन । राजनीतिक दलहरु आर्थिक परिवर्तनभन्दा सत्ता प्राप्तिमा सीमित भएका छन् । सुरक्षाको अभावमा उद्योगधन्दा खुल्न तथा संचालन हुन सकेका छैनन् । भोकमरीले महामारीको रुप लिँदै गएको छ । स्वच्छ खानेपानी, पौष्टिक आहार, उचित स्वास्थ्य उपचारको अभावको कारण वर्षेनी हजारौं बच्चाको ज्यान जाने गरेको छ । कृषिमा उत्पादन र उत्पादकत्व बढ्न सकेको छैन ।

नेपालको यो समय भनेको राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै आर्थिक प्रगतिको हो । विश्वका विकसित मुलुकको इतिहास हेर्दा राजनीतिक परिवर्तनपछि आर्थिक परिवर्तन गरेका छन् । राजनीतिक स्वतन्त्रतासँग आर्थिकरुपमा सम्पन्नता हुनु जरुरी हुन्छ । नेपालमा दुर्भाग्यवस त्यसो हुन सकेन । खाली पेटमा नै नेपाली जनताले राजनीतिक स्वतन्त्रताको उपभोग गरे । रोजगारीको लागि होस् वा परिवार पाल्न नसकेर सामूहिक आत्महत्या गर्दासम्म पनि नेपाली जनताले खोक्रो राजनीतिक स्वतन्त्रता हेर्दै रहे । अर्धसामन्ती परिवेशमा रहेको हाम्रो समाज जस्ताको त्यस्तै, जहाँको त्यहीँ रहेको छ । नेता,

नीति निर्माता, शासक सबैको मानसिकतामा परिवर्तन हुन सकेको छैन । यसकारण नेपालमा जहिले पनि आर्थिक अधिकार कसैको चासो बन्न सकेन ।

राजनीतिक स्वतन्त्रतासँगै आर्थिक विकास तथा सम्पन्नताको सवालले पनि त्यतिकै प्राथमिकता पाउनु पर्थ्यो तर त्यसो हुन सकेन । निरंकुशतन्त्र हटेर स्वतन्त्र भएका नागरिक भोकै नांगै बस्न सक्दैनन् । राजनीतिक उपलब्धि हासिल भइसकेपछि आर्थिक विकास त अनिवार्य नै हुन्छ । नेपालमा त्यो हुन सकेन । जहिले पनि राजनीतिक अधिकार भन्दै दशकौँ बिते । नेपालमा खाना नपाएर सामूहिक आत्महत्या, रोजगारी नपाएको, भोकमरी, गरिबीले भन्दा पनि राजनीतिक आन्दोलनका घटनाले प्राथमिकता पायो । जुन आफैमा दुःखद् विषय बन्न सकेन ।

आीर्थक अधिकार ओभ्रेल पर्नुमा राजनीतिक तथा नागरिक अधिकार सुनिश्चित भए सबै अधिकारहरु सुनिश्चित हुन्छन् भन्ने भ्रमले मुख्य भूमिका खेल्यो । लोकतन्त्रको स्थापनापछि पनि यो धारणामा परिवर्तन हुन सकेन । अर्को कुरा, नेपालमा समाजवादी प्रजातन्त्रभन्दा पनि उदारवादी प्रजातन्त्रको प्रयोग गरिएको कारण राज्यको प्राथमिकतामा जहिले पनि नागरिक तथा राजनीतिक अधिकार मात्र परे । २०४६ सालपछि प्रयोग गरेका उदारवादी प्रजातन्त्र आर्थिक मुद्दालाई सम्बोधन गर्ने सवालमा लगभग असफल भयो ।

राजनीतिक स्वतन्त्रता पहिले कि आर्थिक सम्पन्नता पहिले यो बहसको विषय बन्न सक्छ । सबैका आ आफ्ना तर्क होलान् । तर सत्य कुरा के हो भने खाली पेटमा धेरै दिन राजनीतिक स्वतन्त्रता टिक्न सक्दैन । तर भरिएको पेटले राजनीतिक स्वतन्त्रताका लागि लामो समय संघर्ष गर्न सक्छ । यो नै वास्तविकता हो । भनिन्छ, राजनीतिले मात्र खान पुग्दैन । अथवा राजनीतिक स्वतन्त्रताले मात्र पेट भरिँदैन । खानका लागि काम गर्नु पर्छ । काम गर्नका लागि उचित वातावरण र अवसर चाहिन्छ । राजनीतिक रुपमा सार्वभौम नागरिक आर्थिक रुपमा सम्पन्न हुनु अनिवार्य हुन्छ । आर्थिक अधिकार विनाको नागरिक तथा राजनीतिक स्वतन्त्रता लंगडो तथा अशक्त सरह हुन्छ । जबसम्म नागरिक आर्थिक रुपमा सक्षम तथा बलिया हुँदैनन्, तबसम्म राजनीतिक स्वतन्त्रताले खासै अर्थ राख्दैन । खाली पेटभित्रको स्वतन्त्रता आदर्श मात्र हुने गर्दछ ।

**अन्तमा,**

मानवश्रोतका हिसाबले नेपाल यतिखेर अहिलेसम्मकै समृद्ध अवस्थामा छ । यो सुर्वण अवसर गुम्यो भने यस्तो अनुकूलता सधैँका लागि गुम्नेछ । यसलाई सम्बोधन गर्न युवाशक्तिलाई सम्पत्तिको रुपमा लिएर उचित व्यवस्थापन गर्नेतिर अग्रसर हुनु पर्छ । युवाका लागि पाँच, दश, बीस तथा चालिस वर्षे योजना तर्जुमा गरी युवालाइ स्वदेशमै रोजगारी सिर्जना गरिनु पर्छ । रोजगारी सिर्जनाका लागि रोजगार बोर्डको गठन गरिनुपर्छ । सरकारले युवा कार्यक्रम तथा विभिन्न सीपमूलक तथा रोजगार मूलक कार्यक्रमलाई एकीकृत गरी रोजगार बोर्डको माध्यमबाट लागू गरिनु पर्छ । राज्यको श्रोतसाधनको उचित वितरण, योजना तर्जुमा र युवालाइ उचित स्थान उपलब्ध गराउनु पर्छ । तत्कालका लागि सरकारका आगामी कार्यक्रम तथा योजना कृषि तथा पर्यटनलाई आधार बनाएर युवालाई सहभागिता गराउनु पर्छ । सँगसगै अर्को महत्वपूर्ण कुरा युवालाई राज्यका हरेक निकायमा उचित सहभागी गराई नेतृत्वदायी भूमिका दिनसके समस्याको सहज रुपमा समाधान हुन सक्छ ।

अवसर न त बारम्बार आउँछ, न त पर्खन्छ । जनसंख्याको यो स्वर्णिम युगलाई राष्ट्र विकासमा लगाउन सके आउँदो २० वर्षमा नेपाल विकसित

मुलुकको सूचीमा पर्नेछ । युवाको जोश, जाँगर, सीप तथा उर्जालाई नेपालमै खपत गर्न सक्नुपर्छ । उद्योग तथा कलकारखाना स्थापना गरी औद्योगिकरणमा जोड दिनुपर्छ । नेपाल सरकारले जनसंख्याको वर्तमान वास्तविक अवस्थाको विश्लेषण गरी योजना तर्जुमा गर्नु पर्छ । उमेर समूहलाई उनीहरुको चाहना तथा आवश्यकतालाई आधार मानेर वर्गीकरण गरेर लक्षित कार्यक्रमहरु तर्जुमा गरी वर्तमानलाई उपयोग गर्नुपर्छ । दीर्घकालीन, मध्य तथा छोटो गरी तीन चरणमा कार्यक्रम तथा योजना निर्माण गरी युवाको उचित व्यवस्थापन गर्नुको कुनै अर्को विकल्प छैन । अहिलेका युवालाई राजनीति, समाज परिवर्तन भन्दा पनि काम, माम र दामसँग मात्र सरोकार छ ।

सरकारले योजना तथा कार्यक्रमहरु आर्थिक विकासकेन्द्रित गर्नुपर्छ । योजना तथा कार्यक्रमहरु विदेशीको इशारामा भन्दा पनि नेपालको आन्तरिक श्रोतसाधनको प्रयोग गरी देशलाई आर्थिक रुपमा सम्पन्न बनाउने योजना बनाउनु पर्छ । खाली पेटलाई खाना, नांगो शरीरलाई लुगा र बस्नलाई छानोसम्मका न्यूनतम आवश्यकता उपलब्धता गर्ने जिम्मेवारी पनि सरकारको हो । जनस्तर माथि उठाउनका लागि कृषिलाई वैज्ञानिकीकरणसँगै उद्योग कलकारखानाको स्थापना गरी युवालाई स्वदेशभित्रै रोजगारीको अवस्था सिर्जना गरिनु पर्छ । अब सरकारले कम्तिमा राष्ट्रिय सहमतिको आधारमा कम्तिमा पनि दश वर्षका लागि राष्ट्रिय योजना तय गरिनु पर्छ । युवालाई राष्ट्र निर्माणको अभियानमा सहभागी गराई उनीहरुका अधिकारको ग्यारेण्टि गर्न सके जनताको जीवनस्तर माथि उठ्ने र देशको आर्थिकस्तर उभो लाग्ने पक्का छ । देशको आर्थिक अवस्थाको उन्नति नभइकन युवाले रोजगारी पाउने तथा उनीहरुको अधिकार सुनिश्चित हुन सक्ने अवस्था छैन । यसकारण आर्थिक सम्पन्नता पहिलो सर्त हो । त्यसपछि मात्र युवाका अधिकारहरु सुनिश्चित हुन्छन् । देशमा आर्थिक क्रान्तिसँगै रोजगारीको दिगो व्यवस्थापन गर्न रोजगार नीति ल्याई लागू गर्नु आवश्यक छ । सरकारले यसतर्फ ध्यान दिन सके रोजगारीसँगै देशको आर्थिक विकास तिब्र गतिमा अघि बढ्नेछ ।

■■■

**सर्न्दभ सूची**


राष्ट्रिय जनगणना, २०६८

राष्ट्रिय युवा नीति, २०६६

नेपालको अन्तरिम संविधान, २०६३

संयुक्त राष्ट्रसंघको मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका रिपोटहरु

युवा स्वरोजगार कोषका रिपोटहरु

अर्थ मन्त्रालयका वार्षिक तथा मासिक रिपोटहरु

राष्ट्रिय योजना आयोगका प्रकाशनहरु

लोकराज अवस्थीका विभिन्न लेखहरु

युवा तथा खेलकुद मन्त्रालयको वेभसाइड

कान्तिपुर, नागरिक तथा अन्नपूर्ण पोष्टका विभिन्न अंकहरु

विश्व स्वास्थ्य संगठनका रिपोटहरु

त्रिवर्षीय योजना २०६७–२०७०

# युवा विकासमा श्रीलंकाले गरेको प्रयास

सूर्यप्रसाद शर्मा

युवा तथा खेलकुद मन्त्रालयको मिति २०७०।८।२९ को निर्णयानुसार मिति २०७०।९।६ देखि २०७०।९।११ तदनुसार December 21 देखि 26, 2013 सम्म मित्र राष्ट्र श्रीलंकाको कोलम्वोको भ्रमण सम्पन्न गरेको र सो भ्रमणबाट देखिएका कुराहरु नेपालको सर्न्दभमा समेत महत्वपूर्ण हुने हुँदा प्रस्तुत गरिएको छ ।

## भ्रमणको कार्यक्रम

यस क्रममा श्री लंकाको Ministry of Youth Affairs and Skills Development, National Youth Service Council, National Youth Service Co-operative को स्थलगत अध्धयन भ्रमण गरिएको थियो ।

छोटो समयमा तय गरिएको छोटो भ्रमणको कार्यक्रमले चाहेजति उपलब्धि दिन नसक्ने भए तापनि नेपालस्थित श्रीलंकाका महामहिम राजदूत W.M. Senevirathn को सकारात्मक पहल, कोलम्वोस्थित नेपाली राजदूतावासको प्रयासका कारण अति व्यस्त समयका बाबजुद श्रीलंकाको Ministry Of Youth Affairs and Skills Development का Additional Secretary लगायत वरिष्ठ कर्मचारीहरु, National Youth service council का Chairman/ Director General लगायत वरिष्ठ कर्मचारीहरु, National Youth service Cooperative का vice Chairman, National Youth Award Authority का Director तथा Youth Service Ltd. का Managing Director सँग भेटघाट एवं छलफल गर्ने मौका मिल्नुका साथै Youth Organization का प्रशस्त युवाहरुसँग छलफल गर्ने सुअवसरका साथै केही कार्यक्रम स्थलको अवलोकन गर्ने अवसर समेत प्राप्त भएको थियो ।

## A) Ministry of Youth Affairs and Skills Development:

सन् १९८९ मा सर्वप्रथम Ministry of Youth Affairs and Sports स्थापना भए तापनि 15 वर्षदेखि 29 वर्षसम्मका total Population को 26 % Youth रहेको Srilanka मा Youth Development को लागि समय समयमा मन्त्रालयको कार्यादिशमा परिवर्तन गरिँदै आएको पाइन्छ । 1989 – 2010 सम्म मन्त्रालयको नाम 7 पटक परिवर्तन गरी पछिल्लो पटक 2010 मा Ministry of Youth Affairs and Skill Development राखी युवाको सीप विकासको सम्पूर्ण जिम्मेवारी यस मन्त्रालयलाई सुम्पिएको पाइन्छ ।

National Youth Service Council को स्थापना 1969 मा भएको भए तापनि वर्तमान Srilankan President Mahinda Rajapaksa को दोस्रो कार्यकालमा ल्याउनु भएको "Mahinda Chintana" तथा उहाँले दिनुभएको "Srilanka Youth" नारा सम्पूर्ण Srilankan Youth ले Highly Accepted गरेको पाइन्छ । र, यसले युवाहरुलाई

सह-सचिव, युवा तथा खेलकुद मन्त्रालय

सकारात्मक दिशातर्फ उन्मुख हुन अभिप्रेरित गरेको पाइन्छ । यही Mahinda Chintana अन्तर्गत नै मन्त्रालयको नाम Ministry of Youth Affairs and Skills Development राखी सीप विकासको मुख्य जिम्मेवारी दिएको पाइन्छ ।

**Ministry of Youth Affairs and Skills Development का मुख्य कार्यहरु निम्नानुसार रहेको पाइयो:**

- Formulate and Implementation of National Youth Policy that would provide guidance for Youth development of the country.
- Broden the opportunities for Youth to develop personality and skills to participate fully in socio-economic development of the country.
- Improve quality and relevance of the vocational and technical training sector for creating a globally employable workforce.
- Enhance opportunities for Youth to being a sustainable livelihood by creating an entrepreneurial culture among Youth.
- Promote equal access for Training, employment opportunities for Socially and economically disadvantaged groups (vulnerable Groups)
- Ensure availability of upward mobility path to secure higher qualifications in the field of vocational and technical education.

मन्त्रालयका उपरोक्त कार्यहरु सम्पादन गर्न मन्त्रालयमा 2 वटा Additional Secretary को व्यवस्था गरिएको छ ।

उपरोक्त कार्यहरु सम्पादन गर्न मन्त्रालयअन्तर्गत निम्न 18 वटा संस्था/निकायहरुको व्यवस्था गरिएको पाइन्छ । ती Institutes को नाम निम्नानुसार रहेको छ :

- Ceylon German Technical Training institute (CGTTI)
- Department of Technical Education and Training (DTET)
- Institute of Printing (IP)
- National Apprentice and Industrial Training Authority (NAITA)
- National Human Resources Development Council (NHRDC)
- National Institute of Business Management (NIBM)
- National Institute of Fisheries and Nautical Engineering (NIFNE)
- National Leadership Development Centre (NLDC)
- National School of Business Management (NSBM)
- National Youth Award Authority (NYAA)
- National Youth Corps (NYC)
- National Youth Services Cooperatives Ltd (NYSCO)
- National Youth serviece Council (NYSC)
- Skills Development Fund Ltd (SDFL)
- Small Enterprise Development Division (SEDD)
- University of Vocational TEchnology (Univotec)
- Sri Lanka Youth Services (pvt) Ltd (SLYSL)
- Vocational Training Authority (VTA)

उपरोक्त Institutes हरुले मन्त्रालयको Policy Guiadance अनुकूल हुने गरी आ-आफ्ना Network तथा Training centers मार्फत

देशभरि निम्न किसिमका Youth Development Programs तथा Activities संचालन गर्दछन् :

- Formation of National Youth Policy
- Leadership and Personality Development
- Organization of Youth
- Aesthetic Skills Development
- Sports Skills Development
- Entrepreneurial Skills Development
- Provision of Employable Skills
- International Relations
- Special Programs
- Donor assistance

वर्तमान अवस्थामा Ministry of Youth Affairs and Skills Development ले Open University of Srilanka र National Youth Service Council को संयुक्त प्रयासमा National Youth Policy बनाउने कार्य भइरहेको छ। युवा नीति बनाउने क्रममा Education, Skill Development and Vocational Training, Employment, Civics and Citizenship, Professionzing Youth work sector, Health and Wellbeing, Social Exclusion and Discrimination, Peace and Reconciliation and Arts, Recreation Sports and Leisure लाई मुख्य रणनीतिक क्षेत्रको रुपमा सिफारिस गरिएको छ।

## Organization of Youth

वर्तमान व्यवस्था अनुसार प्रत्येक गाउँमा Youth Clubs स्थापना गरिन्छ। यस्ता Club हरु National Youth Service Council मा दर्ता हुन्छन्। ती Clubs संचालन गर्न council ले Youth Servece Officers खटाएको हुन्छ। हाल श्रीलंकामा 1400 यस्ता युथ क्लव स्थापित छन्। र 800,000 भन्दा बढी Club Members छन्। केही Clubs मिलेर गाउँ स्तरका Federations को निर्वाचन गर्दछन्। यस्तै गरी गाउँ स्तरका Federation ले District level को Youth Club Federation को निर्वाचन गर्छन् र जिल्लाले National Youth Club Federation को निर्वाचन गर्दछन्। 13-29 वर्षका युवा Youth Club को सदस्य हुन सक्छन्।

यस्ता Youth Club Federation ले Capacity building programs, Youth camps, Youth Exchange programs (local and international) र ग्रामीण समुदायको विकास का कार्यक्रममा आफ्नो भूमिका निर्वाह गरी leadership quality, team building abilities का साथै spirituality improve गर्ने मौकाको सदुपयोग गर्दछन्।

## Leadership and personality Development

यस अन्तर्गत १६-१८ वर्षका युवालाई National Youth Corps को तालिम दिइन्छ। वर्षेनी 15000 युवाहरु देशभर रहेका 38 National Youth Corps Training Centers बाट तालिम प्राप्त गर्ने गरेका छन्। School education सकेका वा स्कुल छोडेका वा 0 level or A level परीक्षा दिएर University को भर्नाको पर्खाइमा बसेका युवाहरु यो तालिममा भाग लिन्छन्।

यसमा Physical Training, Personal Counscling, Career Guidance and Counseling, Sports, Subjects on Aesthetic Skills, Social Sciences, Computer Literacy, English Language, Tamil Language, Outward Bound Training जस्ता विषयमा ६ महिनाको तालिम दिइन्छ।

अर्को विषय Level 1, Level 2 Certificate of the National Vocational Qualification को तालिम पनि दिइन्छ। अर्को महत्वपूर्ण प्रयासको रुपमा Sri Lanka Youth Parliament लाई लिन सकिन्छ। यसमा देशभरबाट

Youth Clubs का Member मध्येबाट निर्वाचित भएर आएका १८-२९ बर्षका ३३५ युवा सदस्य रहन्छन् । यिनीहरुले युवाको विषय तथा अन्य राष्ट्रिय मुद्दामा Parliament मा व्यापक छलफल गरी प्रतिवेदन तयार गरिदिन National Youth Service Council र Sri Lanka को National Parliament मा पठाउँछन् । Youth Parliament ले विभिन्न मन्त्रालयका मन्त्री जस्तै मन्त्रीहरुको समेत निर्वाचन गर्दछन् । एक किसिमले Youth Parliament, National Parliament को शैशव रुपको रुपमा काम गरेको देख्न पाइन्छ । यसका साथै अन्य थुप्रै क्रियाकलाप गरी Leadership and Personality Development गर्ने कार्य गर्ने गरेको पाइयो ।

## Aesthetic Skills Development

सरकारले "Belwood" Aesthetic Training Centers का साथ साथै अन्य ५ स्थानमा " Saundarya Nikethana" स्थापना गरेको छ । Dancing / Music को माध्यमबाट दिमागी सन्तुलन ल्याउनमा यस्ता केन्द्रहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । हाल सरकारले Belwood / Saundarya Nikethana लाई University College को रुपमा upgrade गरेको पाइयो । यस्ता College ले Level 5 and 6 को National Vocational Qualification Certificate प्रदान गर्दछन् र Level 7 को Degree Certificate, Ministry of Youth Affairs and Skills Development द्वारा संचालित University of Vocational Technology बाट सम्बद्धता प्राप्त गर्दछन् । यसको साथै २५ जिल्लामा "Kala Sansads" को समेत स्थापना गरिएको छ । जो प्रत्येकको वार्षिक क्षमता ५०-१०० students रहेको छ ।

## Sports Skill Development

Sri Lanka को National Youth Service Council को Sports Devision अन्तर्गत sports programs संचालित हुन्छन् र Council ले sports pools हरुको स्थापना गरेको छ जसमा Volley Ball, Net Ball, Kabadi / Foot Ball खेलको सुविधा उपलब्ध गराइएको छ । जिल्ला Province र National Level को sports meet को आयोजना गर्ने, Club हरुलाई Sports Goods उपलब्ध गराउने, वार्षिक Sports Festivals मनाउने जस्ता कार्य यस कार्यक्रमबाट संचालित हुन्छन् ।

## Empowering Youth With Entrepreneurial Skills

वर्षेनी हजारौंको संख्यामा विश्वविद्यालय तथा Vocational Training Institute बाट उत्तीर्ण भएका युवालाई उद्यमतिर अभिप्रेरित गर्नु, उद्यम गर्न सहयोग गरी युवा उद्यमी बनाउनको लागि Ministry मा रहेको Small Enterprise Development Devision ले विभिन्न कार्यक्रमहरु संचालन गर्दछ ।

यसको लागि financial institutions संग coordinate गर्ने, विभिन्न सीप विकास तालिम दिने, वीउ, पूँजी दिने, Special Loan दिने, वार्षिक प्रदर्शनीहरुको आयोजना गर्ने जस्ता कार्यक्रम समेत संचालन गर्दछन् ।

## Provision of Employable Skill

युवा विकासको लागि एक महत्वपूर्ण क्षेत्र भनेको युवालाई Technical and Vocational Education and Training को माध्यमबाट रोजगारयोग्य सीप (Employable Skill) दिनु हो । यसको लागि 2008 मा Sri Lanka मा पहिलो पटक मन्त्रालय अन्तर्गत रहने गरी Vocational Training सम्बन्धी University स्थापना गरिएको थियो ।

हाल 25 वटा यस्ता University College स्थापना गर्ने कार्य भइरहेको छ, जसमा Degree Level को Vocational Education and Training उपलब्ध गराइनेछ । यसको लागि Vocational Training Authority लगायत विभिन्न Institute को स्थापना गरिएको छ। जसमा यी Institute मार्फत मन्त्रालयले वर्षेनी १ लाख युवालाई विभिन्न (100 भन्दा बढी) विषयको तालिम प्रदान गर्दछ।

प्रायः सबै Skill Development Training Programs हरु Ministry of Youth Affairs and Skill Development को कार्यक्षेत्रभित्र पर्दछन् । Technically अन्य मन्त्रालय अन्तर्गत संचालन गर्नुपर्ने तालिम कार्यक्रम तथा अन्य कार्यक्रमलाई युवा मन्त्रालयले त्यस्ता मन्त्रालय एवं अन्य निकायसँग Memorandum of Understanding (MOU) गरी समेट्ने कार्य गरिआएको पाइन्छ । यस्तो MOU हाल Ministry of Rehabilitation and Prison Reforms, Power and Supply, Education, Foreign Employment Promotion and Welfare, जस्ता मन्त्रालय एवं Construction Training and Development Institute, Government of Seychelles, Republic Polytechnic International ltd. EX-IM Bank in Korea जस्ता निकायसँग भएको प्रकाशित लेख एवं प्रतिवेदनबाट जानकारी हुन आएको छ।

### International Relations

हाल श्रीलंकाले वार्षिक ३-४ Youth Exchange Program संचालन गर्दै आएको छ । India, Bangladesh, Pakistan, United Kingdom, Nepal आदि देशसँग यस्तो कार्यक्रम संचालन गर्ने/हुने गरेको जानकारी पाइएको छ।

उपरोक्त वार्षिक कार्यक्रमहरुको अलावा समय समयमा Sri Lanka सरकारले आयोजना गर्ने International Youth Fourm का सम्मेलनहरु अत्यन्त महत्वपूर्ण उपलब्धिको रुपमा रहेको पाइन्छ । सन् २०१३ November मा भएको 23rd Commonwealth Heads of Government Meeting सँगसँगै 9th Commonwealth Youth forum को meeting सफलतापूर्वक आयोजना गर्नु, २०१४ मा International Convention on Youth को Sri Lanka ले आयोजना गर्ने भव्य तयारी सुरु गर्नु जस्ता महत्वपूर्ण कार्यहरु समेत श्रीलंका सरकारले युवा तथा सीप विकास मन्त्रालयको नेतृत्वमा सम्पादन गर्दै आएको छ।

उपरोक्त कार्यक्रमका साथ साथै राष्ट्रिय युवा दिवस, विशेष आवश्यकताका युवाको लागि कार्यक्रम, नसर्ने रोग नियन्त्रण सम्बन्धी कार्यक्रम, युवाका कार्यक्रमहरुको व्यवसायिकिकरण गर्ने कार्यक्रम जस्ता कार्यहरु समेत यस मन्त्रालय विभिन्न निकाय मार्फत संचालन गर्दै आएको छ।

युवा विकासकोलागि ILO, UNICEF, UNFPA जस्ता UN Agencies तथा चीन, भारत, जर्मनी, वेलायत, अमेरिका जस्ता देशहरुबाट समेत सन्तुलित रुपमा सहयोग र सहायता प्राप्त गर्दै आएको समेत पाइयो।

## B) National Youth Service Council (NYSC):

Council को स्वरुपः National Youth Service Act 1979 द्वारा व्यवस्था गरिएअनुसार National Youth Service Council को गठन गरिएको छ । यसको Chairman/Director General को नियुक्ति मन्त्रीबाट हुनेछ । अन्य Members हरु मध्ये आधा सदस्य पनि मन्त्रीबाट नियुक्त हुन्छन् । सोही संख्या बराबर वा सो भन्दा कम सदस्य विभिन्न मन्त्रालयबाट Official Member (प्रतिनिधि सदस्य) को रुपमा तोकिन्छन् ।

**National Youth Service Council का प्रमुख उद्देश्यहरु :**

- to foster among Youth spirit of national consciousness, a sense of discipline and awareness of social and economic problems and a sense of dignity of labor;
- to enlist the participation of Youth in national development schemes;
- to promote Goodwill and mutual understanding between Youth in Srilanka and in other Countries;
- to encourage competition and a sense of achievement among Youth;
- to widen the knowledge of Youth and to give training in fields relevant to development;
- to encourage cultural, literary and artistic activities among Youth;
- to encourage the development of physical culture and sports among Youths;
- to provide recreational and entertainment facilities for Youth;
- to assist Youth who are handicapped;
- to provide regular employment opportunities for Youth by constructively investing funds on a long terms policy basis with an aim to strengthen the economic fabric of the state;
- to provide opportunities for the participation of Youth in the formulation and implementation of policy;
- to establish Youth organizations and to assist organizations already established for Youth welfare;
- to plan, co-ordinate, promote and direct the expansion of Youth services; and
- to develop the inherent characteristics of the individual Youth.

उक्त जिम्मेवारी पूरा गर्न NYSC अन्तर्गत विभिन्न Division को व्यवस्था गरिएको छ । Division को नामसँगै यिनले गर्ने कार्यहरु संक्षिप्तमा निम्नानुसार छन् :

- **Youth Organization And Development Division:**
  National Youth Exchange program, support for Youth with Disabilities, Spiritual Development program, housing Construction project for low income family. National Youth day, Colombo+20 (Youth Advocacy campaign) Youth Reconciliation program जस्ता कार्यक्रम यस विभाग मार्फत संचालन हुन्छन् ।
- **Special Project Division:**
  यस अन्तर्गत Sri Lanka Youth parliament, Emerging Youth Leader Award जस्ता कार्यक्रम संचालित छन् ।
- **Research, Planning and Human Resource Development Division:**
  यस अन्तर्गत 2000 जना NYSC का कर्मचारी युवाको लागि निर्धारित कार्यक्रम संचालन गर्न (सहजीकरण गर्न) खटिइरहेको पाइन्छ । यसमा Workshops, Training, Counseling, Audit, Legal, Health, Religion, Political Inclusion, Entertainment जस्ता विभिन्न विषय समावेश गरेको पाइयो ।
- **Technical and Vocational Training Division:**
  तालिम सम्बन्धी कार्यक्रमहरुको संचालन

र समन्वयको कार्य यसले गर्दछ ।

- **Aesthetic Skills Development Division:**
  यस अन्तर्गत Dance, Lalithakalavedi (ललितकला) का Diploma and Certificate Courses, Drama and Theatre सम्बन्धी छोटो तथा लामो अवधिका तालिम, National Youth Awards सम्बन्धी कार्यक्रम (हाल 122 categories का विषयमा पुरस्कृत गरिने) Music Band, जस्ता विषयहरु समेटी कार्यक्रम संचालन गरिन्छ ।
- **Examination and Evaluation Division:**
  यस अन्तर्गत NYSC ले धैरै तालिम कोषहरुको परिक्षा संचालन गर्दछ । तालिमहरुको मुल्याकंन गर्दछ । यसले National Vocational Qualification certificates प्रदान गर्ने कार्य समेत गर्दछ।
- **Sports Development Division:**
  यसले Sports Club हरु गठन गर्ने, Potential खेलाडीको लागि २ वर्षे आवासीय तालिम समेत प्रदान गर्ने, Club हरुलाई Equipment उपलब्ध गराउने, कोच तथा रेफ्री तालिम चलाउने, National Sports Volleyball लाई Promote गर्ने, Youth Gymnasium (Sporting area and fitness center सहितको) संचालन गर्ने, विभिन्न खेल आयोजना गरी National Youth sports Festival मनाउने जस्ता कार्य सम्पादन गर्दछ ।
- **Education Development Devision:**
  माध्यमिक विद्यालयका बिद्यार्थी तथा अन्य युवालाई लक्षित गरी थुप्रै Entrepreneurship Development Program संचालन गर्ने (२०१२ मा ६५ यस्ता कार्यक्रम सम्पन्न भैसकेका), स्वरोजगार कार्यक्रमलाई बढवा दिन Bank Loan को व्यवस्था मिलाउने/देशका Top 20 युवालाई (entrepreneur, volunteer, announce, innovator, professional, beautician, Journalist, local agriculture producer, photographer, lyricist, author, folk artist, environmentalist, chef, leader, commercial advertiser, technician, school student, school teacher and architect, को) Award दिने कार्य गर्दै आएको पाइन्छ ।
- **The Construction Division:**
  निर्माण सम्बन्धी कार्यहरु हेर्दछ ।
- **The farming Development, Division:**
  कृषीसँग सम्बन्धी कार्यहरु गर्दछ ।
- Video Production Division (Television and cinema also)
- **<u>Sri Lanka Federation of Youth clubs (Largest Youth lead Organization in Asia):</u>**

Clubs गठन, दर्ता, परिचालन, नियमन र support सम्बन्धी कार्यहरु गर्दछ ।

- **International Youth Affairs Division:**
  यस विभाग अन्तर्गत World Youth Programmes हरु संचालन गर्ने, Youth Exchange Programs, चलाउने, National/World Conference आयोजना गर्ने International Youth Day मनाउने, Youth Volunteers को तालिम दिने जस्ता कार्यहरु सम्पादन गरिन्छन् ।

उपरोक्त Division का साथसाथै Career Guidance Unit, Event Management Unit, Youth News, जस्ता unit हरुबाट समेत विभिन्न कार्यक्रमहरु सम्पादन गर्ने गरेको पाइयो ।

National Youth Service Council of SriLanka का Chairman/Director General विभिन्न Youth Authority, Institutes, Youth Cooperative हरुको पनि अध्यक्ष हुने प्रावधान रहेको पाइँदा अरु निकाय वा Institute सँग National Youth Service Council को राम्रो समन्वय रहेको पाइयो ।

**स्थलगत अवलोकन** :

भ्रमणको क्रममा प्रयुक्त हुने ठानिएका र समयले भ्याउन सक्ने केही तालिम केन्द्र लगायतको स्थलगत अवलोकन गर्ने अवसर प्राप्त भयो । यस क्रममा National Youth Service Council का Chairman/ Director General Mr. Lalith Piyum Perera को पर्याप्त साथ र सहयोग प्राप्त भयो ।

उहाँको निर्देशनमा NYSC का Youth Service Officer Mr. K. Neilsiri kathriarachchi ले पूरा भ्रमण अवधिभर एकदम उत्कृष्ट सहयोग र साथ उपलब्ध गराउनु भएको थियो । NYSC को Premises मा तत्काल संचालन भएका Mechanical Training, Beautician Training and Video Production को अवलोकन गर्ने तथा Trainee and Trainer सँग कुराकानी गर्ने अवसर समेत प्राप्त भयो ।

Youth Development को लागि तयार गरिएका Physical Infrastructure हरु Hostel तथा Recreation Centre (Multipurpose Cubbord Hall) समेत अवलोकन गरियो । यस हलमा आवश्यक पर्दा Volleyball Game संचालन गर्न सकिन्छ भने Cultural Programme का साथै Sri Lanka Youth Parliament समेत संचालन गरिन्छ । हलका सीटहरु विस्तारै फोल्डीङ्ग भई एक ठाउँमा (भित्तामा) जम्मा भएपछि भूइँमा Volleyball खेल्ने Court उपलब्ध हुन्छ । हाम्रो अवलोकनको क्रममा त्यहाँ Cultural Program तैयारी भइरहेको थियो ।

यसका साथै NYSC को Premises मा युवाहरुका उत्पादन प्रदर्शन गर्ने Stalls हरुको व्यवस्था गरिएको र भ्रमण क्रममा प्रदर्शनी संचालित थियो । NYSC को Support मा Youth Leaders सँगै श्रीलंकाको धार्मिक एवं पर्यटकीय स्थल Kendy को समेत भ्रमण गर्ने अवसर प्राप्त भयो । Lord Buddha को अवशेष दाँत रहेको सो स्थान असाध्यै मनोरम एवं धार्मिक दृष्टिले महत्वपूर्ण रहेछ । त्यहाँ हिन्दु देवताको मन्दिर पनि रहेछ, जसमा थुप्रै श्रद्धालुले दर्शन गर्ने गरेको समेत पाइयो । Christmas Holiday परेकोले सो दिन Training Centers को अवलोकन गर्ने मौका नमिले तापनि श्रीलंकाको ग्रामीण परिवेश, भूस्वरुपको भने अवलोकन गर्ने अवसर प्राप्त भयो ।

**निश्कर्ष** :

- भ्रमणको लागि प्रस्थान गर्नुअघि Sri Lanka Embassy मा His Excellency Ambassador सँगको भेटघाट, उहाँको सुझाव एवं त्यस अवसरमा भेट हुनुभएका Sri Lanka Automobiles Association का अध्यक्ष एवं Ministry of Civil Aviation का Advisor Mr. Dhammika Attygalale र उहाँका Secretary Mr. Devapriya Hettiarachchi को सल्लाह सुझाव महत्वपूर्ण थियो तथा Sri Lanka मा उहाँहरुद्वारा 22 Dec. मा

Grand Oriental Hotel मा आयोजित Christmas Party मा भ्रमण टोलीलाई आमन्त्रण गर्नु भएको थियो ।

- सो अवसरमा Cultural Program हेर्ने अवसर प्राप्त हुनुका साथै Sri Lanka का विशिष्ट व्यक्तित्वसँग साक्षात्कार हुने मौका प्राप्त भएको थियो भने नेपाली एवं नेपाल सरकारको लागि गरिएको सम्मान स्वरुप नेपाली भ्रमणटोलीको नाम समेत मञ्चबाट Announce गरिएको थियो । यसबाट समेत Sri Lanka Government and Sri Lankan Peoples को नेपाल तथा नेपालीप्रतिको प्रगाढ स्नेह प्रतिविम्वित भएको हामीले महसुस गर्‍यौं ।
- Sri Lanka को Ministry of Youth Affairs and Skills Development का Secretary Mr. K. A. Thilakrathna सँगको छोंटो भेटघाट । उहाँहरुको निर्देशन अनुसार छलफलमा उपस्थित भई महत्वपूर्ण जानकारी दिनुहुने Additional Secretary Mr. A. R. Deshapriya तथा मन्त्रालयका Senior Officers हरुको सद्भाव एवं सहयोग रहेको थियो ।
- मन्त्रालयको निर्देशन अनुसार भ्रमण टोलीलाई सहयोग गर्न NYSC लाई तोकिएको थियो । NYSC ले एकजना Youth Service Officer (YSO) लाई खटाएको थियो साथै पर्याप्त समय यातायात साधन समेत उपलब्ध गराएको थियो । निज YSO को Coordination मा थुप्रै Youth Leaders सँग भेट्ने अवसर समेत प्राप्त भएको थियो । NYSC का Chairman ले 2 दिन सम्म आफैंले समेत हामीलाई जानकारी दिनुका साथै सँगै Lunch को समेत व्यवस्था गर्नुभएको थियो । उहाँहरु सबैप्रति भ्रमण टोली हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

**अन्तमा**,

Mahinda Chintana, Vision for the Future ले Srilankan Youth मा नयाँ जोश र जागरण ल्याएको पाइएको छ । देशको कुनै पनि युवा कुनै न कुनै किसिमको Skill सिक्ने तालिम लिनबाट वञ्चित नहोस् भनी सरकारले पर्याप्त लगानी गरेको छ । सरकारले आफूले चाहेको तालिम लिन युवाहरुलाई आह्वान गरेको छ । तालिमका विषय र तालिम केन्द्रको पर्याप्त व्यवस्था गरिएको छ । तालिम निःशुल्क उपलब्ध गराइन्छ । यसबाट श्रीलंकाले Youth Development का लागि कति गम्भीरतापूर्वक लिएको रहेछ भन्ने थाहा हुन्छ । नेपालमा पनि यस्तै किसिमको Vision र अग्रसरता भएमा नेपाली युवा पनि दक्ष हुने थिए । जसबाट नेपालकै मुहार उज्यालो हुनेमा कुनै सन्देह रहने थिएन ।

■■■

**सन्दर्भ सामग्री (Refrence Materials) :**


- National Youth Service Act, 1979
- Performance 2013 ( Ministry of Youth Affairs and Skills Development)
- Spotlight : A yeal @ National Youth Service Council
- Corporate Plan 2012-2016, National Youth Service Council
- Youth Development, Ministry of Youth Affairs and Skills Development
- Skills Development in Sri Lanka (Achievement and Way Forward)
- Youth and Development (Realizing The MDGS For Sri Lanka Youth)
- International Award in Sri Lanka (Record Book)

# युवा क्षमता र दायित्व

✍राजेशमान के.सी.

युवा भनेको को हो ? कस्तो व्यक्तिलाई युवा मान्ने ? के युवा भनेको उमेरसँग मात्र सम्बन्धित कुरा हो ? युवावस्थालाई वास्तविक रुपमा परिभाषित गर्न हामीले यी प्रश्नहरुको जवाफ खोज्नुपर्ने हुन्छ। तर एउटा यथार्थ कुरा चाहिँ के हो भने युवा हुनको लागि उमेर मात्र बाधक तत्वको रुपमा मान्न सकिन्न र मान्नु हुँदैन। जस्तो कुनै व्यक्ति यदि उमेरले पाको छ तर पनि ऊ शारीरिक, मानसिक रुपले सक्रिय छ र उसले समाजको लागि केही योगदान पुऱ्याउने अठोटका साथ अघि बढिरहेको छ भने ऊ पनि युवा हो। तर यदि कुनै व्यक्ति उमेरले लक्का जवान छ तर उसले आफ्नो समय त्यत्तिकै नष्ट पारिरहेको छ र समाजको लागि केही गर्नुपर्छ भन्ने उसमा सोच नै छैन भने त्यस्तो व्यक्तिलाई युवा कसरी मान्ने ? माने पनि त्यसको के अर्थ रह्यो र ?

तथापि युवा भन्ने बित्तिकै पर्याप्त सम्भावना बोकेको, भविष्यमा आइपर्ने चुनौतीको सामना गर्न सक्ने, उर्जाशील, क्षमतावान् र गतिशील जनशक्ति भन्ने नै हाम्रो मानसपटलमा आउने भएको हुँदा स्वाभाविक रुपमा यस समूहसँग उमेर पनि गाँसिएर आउने गर्दछ। उमेरकै कुरा गर्दा पनि विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय मापदण्ड युवा समूहको लागि फरक फरक रहेको पाइन्छ । जस्तो संयुक्त राष्ट्रसंघको बालबालिका सम्बन्धी महासन्धी, १९८९ ले १८ वर्षभन्दा माथिका र ४० वर्षभन्दा मुनिकालाई युवा मानेको छ। त्यस्तै हाम्रो देशमा राष्ट्रिय युवा नीति, २०६६ अनुसार १६ देखि ४० वर्षसम्मका महिला, पुरुष तथा अन्य वर्ग र लिङ्गको समूहलाई युवा मानिएको छ।

हाम्रो देशमा यस्ता १६ देखि ४० वर्ष समूहका युवाहरुको संख्या कूल जनसंख्याको ४० प्रतिशतको हाराहारीमा रहेको तथ्यांक छ । यो प्रतिशत भनेको नेपालको कुल जनसंख्याको एक तिहाइभन्दा बढी भाग हो । यसरी जनसंख्याको ठूलो हिस्सा ओगटेको युवा समूहको सक्रिय सहभागिताबिना हामी समाजको, राष्ट्रको उन्नतिको कल्पना गर्न सक्तैनौँ । संख्यात्मक हिसावले मात्र होइन गुणात्मक दृष्टिले समेत समाजमा युवा वर्गको अत्यन्त महत्वपूर्ण स्थान र भूमिका छ। विश्वमा ठूलठूला परिवर्तनहरु युवाहरुकै सक्रिय सहभागितामा भएका छन् । नेपालमा पनि सामाजिक, आर्थिक, राजनीतिक अथवा सांस्कृतिक परिवर्तन युवाहरुकै सक्रियता र सहभागितामा भएका छन् । त्यसैले युवाहरुलाई परिवर्तनको प्रमुख सम्वाहक शक्तिको रुपमा हामी लिन सक्छौँ । तर युवाहरुले ख्याल राख्नैपर्ने कुरा चाहिँ के हो भने परिवर्तनको नाममा हाम्रा स्थापित सामाजिक मूल्य-मान्यता र मौलिक संस्कृतिलाई पनि हामीले भुल्नु हुँदैन।

परिवर्तनको नाममा युवाहरुले यदि हाम्रो मौलिक परम्परालाई बिर्सेर अथवा बेवास्ता गरेर केवल बाह्य संस्कृति र रीतिरिवाजलाई मात्र प्रश्रय दिने र त्यसलाई जबर्जस्ती थोपर्दै जाने हो भने त्यसले हाम्रो समाजलाई विकास होइन उल्टो विनाशतिर धकेल्छ र अन्ततोगत्वा यसबाट हाम्रो

✍ प्रबर्द्धन अधिकृत, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)

मौलिक पहिचान नै गुम्ने अवस्था पनि आउन सक्छ।

निश्चय पनि हामीले बाह्य संस्कृतिका ग्राह्य कुराहरुलाई अनुसरण गर्नु पर्दछ भने आफ्नो संस्कृतिभित्रका आडम्बरहरुलाई पनि परिमार्जन गर्दै र समयसापेक्ष परिवर्तन गर्दै लैजानु पर्दछ । तर मूल कुरा अरुको संस्कृति अपनाउँदा आफ्नोपनलाई बिर्सनु हुँदैन । वास्तवमा मौलिक र आयातित संस्कृति दुवैलाई समानान्तर रुपमा अगाडि बढाउन सकेको खण्डमा नै परम्पराका अनुकरणीय मान्यताहरु लोप हुन पाउँदैनन् भने विदेशी संस्कृतिको लाभ लिनबाट पनि हामीले बञ्चित रहनुपर्ने छैन । नेपाली युवाहरुले यसतर्फ गम्भीर ध्यान पुऱ्याउनु जरुरी छ ।

भनिन्छ युवाशक्ति भनेको पानीको वहाव जस्तै हो, बगिरहेको नदीको प्रवाह जस्तै हो । यसलाई उचित तवरले सदुपयोग गर्न सकियो भने सिंचाई गरेर उत्पादन बढाउन सकिन्छ । विद्युत् उत्पादन गरेर देशलाई समृद्ध तुल्याउन सकिन्छ । तर त्यो नदीको प्रवाहलाई सही रुपमा उपयोग गर्न सकिएन भने त्यो बगेर त्यत्तिकै खेर जान्छ । उल्टो बाढीको रुप लिएर त्यसले भएकै बालीनाली पनि सखाप पारिदिन सक्छ । त्यसैले मानिसले महत्वपूर्ण प्रगति हासिल गर्ने र दूर्गति प्राप्त गर्ने यी दुवै उमेर र समय भनेको पनि युवावस्था नै हो । अर्को कुरा, मानिसले जुनसुकै पेशा अथवा क्षेत्रमा प्रवेश गर्ने पनि युवा अवस्थामै हो । चाहे त्यो डाक्टर, इन्जीनियर, शिक्षक, प्राध्यापक, कलाकार, खेलाडी, पत्रकार, सैनिक, प्रहरी, कानून व्यवसायी, कृषक अथवा व्यापारी नै किन नहोस् सबै पेशामा सर्वप्रथम युवा अवस्थामा नै प्रवेश गरेका हुन्छन् । तर युवाहरुले आफ्नो रुची र क्षमताअनुसार जुनसुकै पेशामा प्रवेश गरे पनि आफ्नो सीप र पेशालाई राष्ट्रको बृहत्तर हित र प्रगतिमा पनि लगाउनु पर्दछ ।

नेपालमा असंख्य प्राकृतिक सम्पदाहरु छन् । यहाँका सुन्दर तालतलैया, कलकल बग्ने नदीनाला, मनमोहक झरनाहरु, सेता हिम श्रृंखलाहरु, हरिया वनजङ्गल, दुर्लभ जीवजन्तु र विभिन्न धार्मिक मठमन्दिर, बौद्ध स्तुप, मस्जीद, गुम्बा एवं पाटीपौवाहरुको संरक्षण सम्बर्द्धन गरेर हामी नेपाललाई रमणीय स्थलको रुपमा, पवित्र आध्यात्मिक गन्तव्यस्थलको रुपमा विकास गर्न सक्छौं र यसैको माध्यमबाट नेपाललाई एउटा शान्त र समृद्ध मुलुकको रुपमा विश्वमाझ स्थापित गर्न सक्छौं । यसको लागि युवाहरुले सामाजिक जागरण चलाउनु पर्दछ र राज्यले पनि यस पुनीत कार्यमा युवाहरुलाई प्रोत्साहित गर्नु पर्दछ ।

विज्ञान र प्रविधिको विकासले विश्वमा आज चमत्कारिक परिवर्तन ल्याइदिएको छ । हरेक दिन नवीन कुराको आविष्कार भइरहेको छ, हरेक दिन नयाँ नयाँ प्रविधिको विकास भइरहेको छ । खासगरी सूचना प्रविधिमा भएको विकासले गर्दा हिजो एक ठाउँबाट अर्को ठाउँमा एउटा साधारण चिठी पठाउँदा महिनौं दिन लाग्थ्यो । आज हामी इमेल र इन्टरनेटमार्फत क्षणभरमै विश्वका कुना कुनामा सन्देश आदान प्रदान गर्न सक्ने भएका छौं । टेलिभिजनको कुरै भएन । यसको आविष्कारले घरकै एउटा सानो कोठामा बसेर हामी विश्वभरिको गतिविधि हेर्न र सुन्न सक्ने भएका छौं । सूचना प्रविधिकै कारण सिंगो विश्व आज एउटा सानो गाउँको रुपमा परिणत हुन पुगेको छ । तर विज्ञानले विश्वलाई भौतिक रुपमा साँघुरो बनाए तापनि भावनात्मक रुपमा भने मानिस मानिसबीचको दूरी झन्झन् बढ्दै गइरहेको देखिन्छ । केवल भौतिक सुख सुविधाको अत्यधिक लालसाले मानिसले आफ्ना मानवीय मूल्य र मान्यताहरु नै बिर्सँदै गइरहेको महसूस हुन थालेको छ । विज्ञानकै देन स्वरुप बम र बारुदहरुको आविष्कारका कारण सिंगो मानव समुदायले भय र त्रासमा बाँच्नु परिरहेको अवस्था छ । जताततै चिन्ता र तनाव देखिन्छ ।

यसले गर्दा विज्ञान मानिसको लागि वरदान हो कि अभिशाप ? यो पनि एउटा बहसको विषय भइरहेको छ, चिन्ताको विषय भइरहेको छ ।

यदि हामीले विज्ञानको उपलब्धिलाई सही रुपमा उपयोग गरी त्यसलाई मानवहितमा लगाउन सक्यौँ भने यो वरदान हो । होइन, यसको उपलब्धिलाई केवल आफ्नो स्वार्थपूर्तिको लागि मात्र प्रयोग गर्ने र भौतिक सुख सुविधा र विलासिताको मात्र पछि लाग्ने हो भने विज्ञान अभिशाप पनि हुन्छ । युवावस्थाकै कुरा गर्दा प्रतिभा पलायन आज हाम्रो जस्तो गरिब र विकासोन्मुख मुलुकको लागि एउटा टाउको दुखाइकै विषय बनिरहेको छ । दैनिक दुई हजारको हाराहारीमा नेपाली युवाहरु कामको खोजीमा विदेश पलायन भइरहेका छन् । अहिले भारत लगायत अन्य खाडी मुलुकहरुमा ३५ लाखभन्दा बढी नेपाली कामदारहरु विभिन्न क्षेत्रमा श्रम गरिरहेको अनुमानित तथ्यांक छ । हुन त यसबाट हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई केही हदसम्म टेवा पुगेको पनि छ । नेपाली कामदारहरुले पठाउने गरेको विप्रेषणलाई नेपाली अर्थतन्त्रको एउटा महत्वपूर्ण टेवाको रुपमा पनि लिने गरिएको छ । तर यसबाट राष्ट्रको समग्र आर्थिक सामाजिक जीवनमा परेको प्रतिकूल असरतर्फ भने खै हाम्रो ध्यान पुगेको ? अहिले कतिपय गाउँघरमा बूढाबूढीको मृत्यु हुँदा काजकिरिया गर्ने छोरा समेत उपलब्ध नहुने अवस्था छ । कृषि प्रधान मानिने हाम्रो मुलुकमा खेतीपाती गर्ने युवा समुदायको अभावमा महिलाले नै हलो जोत्नुपर्ने अवस्था देखिएको छ । देशको सक्रिय जनशक्ति नै विदेश पलायन हुन थालेपछि यसबाट मुलुकको विकास निर्माण कार्यमा समेत प्रत्यक्ष असर पुग्ने कुरा पनि स्पष्ट नै छ । त्यसैले युवा पलायनको यो समस्यालाई यदि बेलैमा सम्बोधन नगर्ने हो भने मुलुकले ठूलो संकटको सामना गर्नुपर्ने कुरालाई पनि हामी नकार्न सक्तैनौँ ।

वास्तवमा युवा प्रतिभा पलायनको सबैभन्दा प्रमुख कारकतत्व भनेको मुलुकमा विद्यमान राजनैतिक अन्यौल र अस्थीरता नै हो । मुलुकको आर्थिक सामाजिक लगायत सबै क्षेत्रलाई मार्ग निर्देशित गरी ती सबै क्षेत्रलाई सन्तुलित ढंगले अघि बढाउनु पर्ने राजनीतिक क्षेत्र नै अस्थीर र अन्योलग्रस्त भएपछि स्वाभाविक रुपमा त्यसको प्रतिकूल असर युवा समुदायमा पनि पर्न जान्छ । त्यसपछि अर्को कारण भनेको हाम्रो त्रुटिपूर्ण शैक्षिक प्रणाली हो । जसले शैक्षिक बेरोजगारहरुको संख्या मात्र बढाई युवाहरुलाई विदेश पलायन हुन उत्प्रेरित गरिरहेको छ । जबकि राज्यले राष्ट्रको माग र आवश्यकतालाई परिपूर्ति गर्ने किसिमको प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिन सकिरहेको छैन ।

कुनै पनि मुलुकले समयको माग र आवश्यकता अनुरुप शिक्षा प्रदान गर्न सक्नु पर्दछ । समयको माग र आवश्यकता अनुरुप यदि शिक्षा प्रदान गर्न सकिएन भने यसबाट समाजमा विभिन्न प्रकारका विकृति र विसंगतिहरु जन्मिन सक्छन् । खासगरी सैद्धान्तिक शिक्षामा मात्र जोड दिने गर्नाले देशमा शैक्षिक बेरोजगारीको समस्या उत्पन्न हुन पुग्दछ । बेरोजगारी समस्या वास्तवमा व्यावहारिक शिक्षाको अभावले गर्दा नै उत्पन्न हुने गर्दछ । जहाँसम्म बेरोजगारी समस्याले निम्त्याउने अन्य विकृति वा विसंगतिहरुको कुरा छ, समाजमा बेलाबखत घट्ने चोरी, लुटपात र आपराधिक गतिविधिहरुमा समेत यसको प्रत्यक्ष वा परोक्ष भूमिका रहने कुरालाई नकार्न मिल्दैन । त्यसैले वर्तमान सन्दर्भमा हाम्रो लागि यस्तो शिक्षा चाहिएको छ जसले हाम्रो आर्थिक अवस्थामा सुधार ल्याई युवा वर्गलाई आत्मनिर्भरतातर्फ उन्मुख हुन प्रेरित गरोस् । प्राविधिक शिक्षाले व्यक्तिको कार्यकुशलतामा वृद्धि गरी व्यक्ति, समाज अनि सिंगो राष्ट्रलाई आत्मनिर्भर बन्न सघाउ पुऱ्याउने भएको हुनाले देशमा विद्यमान आर्थिक रुपले सक्रिय युवाशक्तिलाई प्राविधिक एवं

व्यावसायिक शिक्षा प्रदान गरी दक्ष जनशक्तिको उत्पादनतर्फ जोड दिनुपर्ने खाँचो देखिएको छ।

नेपालको श्रम बजारमा अहिले प्रतिवर्ष ४ लाख नयाँ श्रमशक्तिको प्रवेश हुने गरेको बताइन्छ । तर रोजगारीको अवसर भने अत्यन्त न्यून रहेको छ। प्राप्त जानकारी अनसार मुलुकमा अहिले वार्षिक ४ प्रतिशतका दरले बेरोजगारीको संख्यामा वृद्धि भइरहेको छ। बेरोजगारीको संख्या यसैगरी वृद्धि हुँदै गएको खण्डमा यसले अरु सामाजिक-आर्थिक समस्याहरु निम्त्याउने पक्का छ। तसर्थ देशमा विद्यमान बेरोजगारीको विकराल समस्यालाई न्यूनीकरण गर्नका लागि पनि प्राविधिक एवं व्यावसायिक शिक्षालाई गाउँ गाउँमा पुऱ्याउनु पर्ने खाँचो देखिएको छ। यसका साथै सरकारद्धारा एउटै छाता संगठनको अवधारणा ल्याई वैदेशिक रोजगारीका लागि बाहिरिएको युवाशक्तिलाई समेत आवश्यकता अनुरुप आधारभूत सीपमूलक तालीमको अनिवार्य व्यवस्था गरी उनीहरुलाई वैदेशिक श्रम बजारमा खपत हुन सक्ने अवस्थामा पुऱ्याउन उपयुक्त नीति नियम लागू गर्नु पर्ने खाँचो देखिएको छ । त्यसैले नेपाल जस्तो गरिब र बेरोजगारी समस्या विकराल भएको मुलुकमा प्राविधिक क्षिक्षाले ज्यादै ठूलो महत्व राख्दछ । मुलुकमा एकातर्फ विकास निर्माणको लागि दक्ष जनशक्तिको अभाव खड्कि रहेको छ भने अर्कोतर्फ साधारण शिक्षा हासिल गरेका शिक्षित बेरोजगारहरुको संख्यामा दिन प्रतिदिन वृद्धि हुँदै गइरहेको छ। त्यसैले शिक्षा जीवनोपयोगी र रोजगारमूलक हुनुपर्ने टड्कारो खाँचो देखिएको छ। त्यसपछि अन्य कारकतत्वहरुको बारेमा भन्नुपर्दा प्रतिभाहरुको उचित कदर र पहिचान हुन नसक्नु अनि दक्ष र तालीम प्राप्त युवाहरुले समेत उपयुक्त रोजगारको अवसर प्राप्त गर्न नसकी सडक गल्लीमा भौँतारिएर हिँड्नुपर्ने अवस्था विद्यमान रहनु हो।

तसर्थ युवाहरुका यी र यस्ता समस्याहरुतर्फ केन्द्रित रही कृषिमा आधुनिकीकरण, वातावरणमैत्री उद्योगहरुको विकास, प्राविधिक, व्यावसायिक एवं नैतिक शिक्षामा जोड र महिला, दलित एवं उत्पीडित युवा वर्गको लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमूलक तालीमको व्यवस्था एवं रोजगारीमा जोड दिनु पर्ने टड्कारो खाँचो देखिएको छ। सबैभन्दा महत्वपूर्ण कुरा त राजनीतिक स्थीरता नै हो । त्यसैले मुलुक हाँक्ने जिम्मा लिएर बसेका प्रमुख राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी लगायत सबै सरोकारवालाहरुले यसतर्फ गम्भीर चासो लिएर बेलैमा आवश्यक पहलकदमी लिनु पर्दछ भने युवाहरुले पनि समयको सदुपयोग गर्दै आफूमा रहेको उर्जा र क्षमतालाई सही रुपमा पहिचान गरी त्यसलाई राष्ट्रहितमा उपयोग गर्न सकारात्मक सोचका साथ अघि बढ्नुपर्ने खाँचो देखिएको छ।

# राष्ट्र निर्माणमा युवा

✍ महेश्वर शर्मा

राष्ट्र निश्चित भौगोलिक सीमा र त्यस सीमाभित्रका बासिन्दाहरुको साझा आश्रयस्थल हो । नेपालको सन्दर्भमा पूर्वमा मेची नदीको सीमा, पश्चिममा महाकाली नदीको सीमा, उत्तरमा हिमालय पर्वतको सीमा र दक्षिणमा भारतसँग निश्चित गरिएको दशगजा सीमा क्षेत्रभित्रको भू-भाग नेपाल राज्यको भौगोलिक सीमा हो । यसको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. निश्चित भएको छ। यो क्षेत्र विविधताले भरिपूर्ण, समावेशी जातजाति एवं जातीय संस्कार-संस्कृति, हिमाली भेगको चिसो हावापानी, मध्यपहाडी भूभागको समशीतोष्ण हावापानी, तराईको न्यानो हावापानी भएको अवस्थामा छ । त्यस्तै विभिन्न जातजाति संस्कार-संस्कृति, रहनसहन पनि समावेशी प्रकृतिको रहेको छ । नेपालको पछिल्लो जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ रहेको छ । वास्तवमा नेपालको कुल भौगोलिक क्षेत्र र जनसंख्याको हिसाबले यो देश अत्यन्त सहज तवरबाट व्यवस्थापन गर्न सकिने अवस्थामा रहेको छ । भौगोलिक अवस्था, विविध प्राकृतिक अवस्था एवं प्राकृतिक सम्पदाको प्रचुरता हाम्रो देशको विशेषता हो । नेपालको जल, जमिन, जंगल, जडीबुटी जस्ता स्रोतहरुले भरिपूर्ण रहेको पर्यटकीय सम्भावना, विश्वको सर्वोच्च शिखर सगरमाथा भएका हिसाबले राष्ट्र अद्वितीय प्राकृतिक भौतिक स्रोत र साधनले सम्पन्न छ । यति हुँदाहुँदै पनि हामी अत्यन्त पछाडि परेका, गरिबीले सताइएका, सभ्यतामा पछाडि परेको अवस्था छ ।

कुनै पनि राष्ट्रको विकास देशको राजनीतिक स्थिरता, स्पष्ट दृष्टिकोण, भावी रणनीति, योजनाको खाका निर्माण र कार्यान्वयनमा हुने गरेको अवस्थाले बोध गराउँछ । आधुनिक खुला समाज, संचारका साधन र माध्यमको प्रचुर उपयोगले राष्ट्र कसरी अगाडि बढिरहेको छ स्पष्ट रुपमा थाहा पाइन्छ । आज विश्व एक गाउँ (Global Village) को रुपमा स्थापित भएको छ । संसारको कुनै एक कुनामा भएको गतिविधि एवं क्रियाकलाप अर्को कुनामा भएको व्यक्तिका लागि क्षणभरमै समाचार बन्दछ । आज औपचारिक रुपमा विश्वका प्रख्यात संचार माध्यमहरु BBC, CNN समाचार संस्था लगायत विभिन्न राष्ट्रमा रेडियो च्यानलहरु, टेलिभिजन च्यानलहरु, टेलिफोन सेवा, फ्याक्स सेवा, अनलाइन सेवा आदिका कारण पारदर्शी हुन विश्वलाई प्रेरित गरिरहेका छन् ।

यो राष्ट्रको निर्माणको मुख्य पूँजी भनेको राष्ट्रको युवा वर्ग हो । यो वर्गलाई राष्ट्रले सीपयुक्त, व्यावहारिक शिक्षा, राष्ट्रियताले ओतप्रोत भएको, चेतना, इमान्दारिता, नैतिकता, राष्ट्रप्रतिको सकारात्मक निष्ठा, उद्यमशीलता, सवल र सक्षम नेतृत्वकर्ताको रुपमा विकास गर्नु अत्यावश्यक छ । आजका युवा आफ्नो भविष्यप्रति आश्वस्त छैनन् । उनीहरुमा स्वदेशमा आफ्नो भूमिकाप्रति नकारात्मकता विकास हुँदै गइरहेको छ । रोजगारी, उद्यमशीलताको क्षेत्र पहिचान नगरी वैदेशिक

✍ उपसचिव, युवा तथा खेलकुद मन्त्रालय

रोजगारतर्फ आकर्षित भइरहेका छन्, ती पनि अदक्ष कामदारको रुपमा । यसरी सार्वजनिक एवं निजी क्षेत्रबाट उद्यमशीलताको अपेक्षित विकास नहुनु एवं युवा वर्ग अदक्ष कामदारको रुपमा विदेश जानुको फलस्वरुप राष्ट्र विकासको लागि आवश्यक जनशक्तिको अभाव खट्किएको छ। विभिन्न संचार माध्ययमले औद्योगिक एवं गार्हस्थ प्रयोजनका सन्दर्भमा समेत जनशक्तिको अभाव खट्किएको कुरा उल्लेख गर्दै आइरहेका छन् ।

नेपाल विकासको दृष्टिकोणले पछाडि पर्नाका धेरै कारणहरु छन् । देश विकासको लागि आवश्यक स्पष्ट दृष्टिकोण, विकास नीति, रणनीतिको साथै योजनावद्ध विकासको खाका निर्माण गरी अगाडि बढ्नु पर्नेमा अपेक्षित रुपमा अगाडि बढ्न नसक्नाको फलस्वरुप राष्ट्रले विकासको द्रुत गति लिन सकिरहेको छैन। यसरी हेर्दा राष्ट्रमा विकाससम्बन्धी योजना एवं कार्यक्रमले प्रभावकारिता प्राप्त गर्न नसकेको स्पष्ट हुन्छ। यस कार्यमा उच्च राजनीतिक इच्छा शक्ति र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यक्ति वा संस्थाहरुको संलग्नता, इमान्दारिता, कार्यप्रतिको समर्थन गर्ने सामर्थ्यको कमी वा अभाव खट्किएको पाइन्छ ।

देशको विकास गर्ने प्रमुख जिम्मेवारी र अन्तिम उत्तरदायित्व राजनीतिज्ञको हो। राजनीतिज्ञले आफ्नो राष्ट्रलाई कुन रुपमा अगाडि बढाउने, विकासको कार्य प्रकृया कस्तो अपनाउने, राष्ट्रलाई अमनचयन र शान्ति सुरक्षाको प्रवन्ध कसरी गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध, समन्वय, सहयोग कसरी जुटाउने भन्ने लगायतका यावत् कामहरु राजनीतिक व्यक्तित्व, राजनीतिक दलहरुले तय गर्ने विषय हो । राजनीतिक दलहरुले लिएको अठोटलाई इमान्दारी एवं निष्ठापूर्वक कार्यान्वयन गरी लक्ष्य प्राप्त गर्न कार्यपालिका अन्तर्गतका कर्मचारीहरुले भूमिका खेल्नु पर्दछ । यस कार्यमा राजनीतिक रुपमा युवा वर्गले आ-आफ्नो क्षेत्रमा अग्रगामी भई कर्तव्यपालन गर्न सकेको खण्डमा मात्र कार्यले सफलता प्राप्त गर्न सक्दछ। राज्यले नीति निर्माण, नीतिको कार्यान्वयन, समन्वय, मूल्यांकन लगायतका क्षेत्रहरुमा युवाहरुलाई समेट्नु पर्ने आवश्यकता हुन्छ। आज विश्वमा विकसित देशहरुले युवाहरुलाई पूर्णतः राष्ट्र निर्माणको कार्यमा समाहित गरेको पाइन्छ। युवाहरुले निश्चित शैक्षिक योग्यता प्राप्त गरिसकेपछि रोजगार स्वरोजगारको अनिवार्य प्रत्याभूति गरिएको हुन्छ। यदि कुनै युवाले सार्वजनिक, नीजी, स्वरोजगार क्षेत्रमा पुग्न नसकेमा बेरोजगार भत्ता वा निर्वाह भत्ता दिएर राष्ट्रिय दायित्व स्वीकारेको पाईन्छ। यस प्रकारको नीतिले युवा वर्ग आफ्नो मातृभूमिप्रति आश्वस्त हुन सक्छन्। राष्ट्रमा आफ्नो भविष्य देख्न सक्छन्। राष्ट्र र राष्ट्रियताप्रति नकारात्मक भावनाको विकास हुँदैन । युवाहरुले राष्ट्रिय विकासमा टेवा पुऱ्याउन, उद्योग व्यवसाय, सेवा, लगायतका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउन सक्दछन् । राष्ट्र र राष्ट्रियता, स्वदेशको प्रेमप्रति आकर्षण बढ्न जान्छ। यसको फलस्वरुप देशको द्रुततर विकासमा थप टेवा पुग्न जान्छ।

वास्तवमा नेपालको भू-भौगोलिक स्थिति, जनसंख्या, प्राकृतिक अवस्थिति र वातावरण अत्यन्त सहज र उर्वर छ। यो अवस्थालाई उपयुक्त तवरबाट व्यवस्थापन गर्दा देशको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय विकास अत्यन्त छिटो हुने कुरामा कुनै विवाद एवं अत्युक्ति नहोला । आज प्राकृतिक साधन र स्रोतहरु कम भएका देश र अत्यन्त चिसो, अत्यन्त गर्मी वातावरण, हावापानी भएका देशले अभूतपूर्व रुपमा त्यस्तो विषय-प्रकृतिलाई आधुनिक प्रविधि जस्तो cooling and heating गरी मानवमैत्री बनाएर विकास गर्न सक्षम भएका छन् । हाम्रो जस्तो स्वच्छ एवं मैत्रीपूर्ण हावापानी, हरियो प्राकृतिक जंगल, जलस्रोत, र स्थल भू-भाग, रमणीय हिमाली पर्वतश्रृङ्खलाको भरपुर उपयोग गरी

पर्यटन विकास गर्न सकिन्छ । यी सम्पूर्ण प्राकृतिक साधनहरुको समुचित विकास र उपयोग गर्न युवा शक्तिलाई अगाडि बढाई राष्ट्रको विकास द्रुत गतिमा अगाडि बढाउनु आजको परम आवश्यकता हो ।

युवाहरुलाई नैतिक, चारित्रिक, नागरिक शिक्षा, श्रमप्रति सम्मान जगाउने शिक्षा आजको बढ्दो राष्ट्रिय आवश्यकता हो । युवा वर्ग जसको हातबाट देशको भविष्य निर्धारण हुन्छ, त्यस्तो वर्गलाई नकारात्मकतातर्फ प्रवेश गर्न नदिनु पनि आजको प्रमुख आवश्यकता हुन गएको छ । आज हाम्रो देशका युवाहरु श्रम बेच्न खाडी राष्ट्र, एशियाली राष्ट्रहरु, युरोप र अमेरिकातर्फ गइरहेका छन् । उनीहरुको श्रमको उपयोग विदेशीहरुले गरेका छन् । राष्ट्रिय विकासको दृष्टिकोणले यो राम्रो लक्षण होइन । नेपाली स्रोत-साधन खर्चेर विकास गरिएका जनशक्तिहरु डाक्टर, इन्जिनियर, वैज्ञानिकहरु लगायत सामान्य श्रम वेच्ने युवाहरु विदेशिनु नेपालको विकासमा अवरोध हो । यस प्रकारले नेपाली युवाहरुलाई विदेशिनबाट रोक्नु पर्ने योजना, कार्यक्रम, र नीतिहरु निर्माण गरी लागु गर्नु अत्यावश्यक र अपरिहार्य बनिसकेको छ । नेपाली गाऊँ र सहरमा पनि उल्लेख्य मात्रामा बेरोजगारी भएको कारण रोजगारी र भविष्यको खोजिको लागि विदेशिने युवालाई राष्ट्रले आन्तरिक विकास-निर्माण, उद्यम-व्यवसायतर्फ लाग्ने वातावरण सिर्जना गर्न सकेको खण्डमा धेरै खाले विकृति-विसंगतिहरुबाट पनि छुटकारा पाउन सकिन्छ ।

नेपालको समानुपातिक विकासका लागि हिमाली, पहाडी, तराई लगायत सम्पूर्ण भूभागमा उत्तिकै रुपमा विकास हुनु जरुरी छ । नेपालको बसाइ-सराइ एवं वैदेशिक रोजगारको कारण गाउँहरु क्रमशः बस्ती विहीन, निर्जन भइरहेका छन् । गाउँ, बस्ती, जिल्ला एवं क्षेत्रहरुमा समानुपातिक विकास हुनु पर्ने भनाइहरु सार्वजनिक भइरहेको पाइन्छ । यसैको फलस्वरुप नेपालका युवा गाउँबाट सहरी क्षेत्र, जिल्ला सदरमुकामहरु, ठूला सहरहरु र राजधानीमा बसोबास गरी बस्ने प्रवृत्ति राष्ट्रिय जनगणना २०६८ को तथ्यांकले देखाएको छ । राष्ट्रको विकासका लागि सबै भौगोलिक क्षेत्रहरु समाबेशी तथा लैङ्गिक मैत्री बनाई सबै वर्ग र सम्प्रदायका युवाहरुको सक्षमतामा वृद्धि हुनु अत्यावश्यक भइसकेको छ । राष्ट्र विकासको मूल कारक तत्वको रुपमा रहेका युवाहरुलाई सीपमुलक, गुणस्तरीय, व्यावहारिक शिक्षा र आवश्यकता अनुसारमा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सघन रुपमा संचालन गरी अगाडि बढ्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ । नेपालमा आन्तरिक रुपमा गर्न सकिने उद्योग, व्यवसाय, सेवा, पर्यटनसम्बन्धी व्यवसाय लगायतका कृषिसम्बन्धी उत्पादन कार्य, औद्योगिक कार्य, जलश्रोतबाट गर्न सकिने कार्यहरु, जलविद्युत् उत्पादन, मत्स्यपालन, सिँचाई लगायतका कार्यबाट युवा रोजगारी अभिवृद्धि हुन जान्छ भने नेपालको अपार सम्पदाको रुपमा रहेको जडीबुटीहरुलाई प्रशोधन गरी आर्थिक उपार्जन गर्न सकिने अवस्था विद्यमान रहेको छ ।

नेपालको वर्तमान परिवेशलाई मध्यनजर गरी हेर्दा राष्ट्रको विकासमा युवा परिचालन गर्ने, युवाहरुलाई राष्ट्रिय विकासमा सहभागी गराउन देहायका विषयमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ :

- ✓ युवालाई राष्ट्रको विकासका लागि चाहिने सीप, ज्ञान प्रदान गर्ने ।
- ✓ राष्ट्रप्रति समर्पित, नैतिकवान् बनाउन शैक्षिक, चेतनामूलक कार्यक्रम संचालन गर्ने ।
- ✓ राष्ट्रको समानुपातिक-समावेशी विकासका योजना निर्माण गरी कार्यान्वयन गर्न युवाहरुको सहभागिता हुने नीति अवलम्बन गर्ने ।

- ✓ राष्ट्रिय युवा स्वयंसेवक कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने र त्यस्ता युवाहरुलाई सम्मान गर्ने ।
- ✓ नेपालको विकास योजना र युवा जनशक्ति परिचालन गर्ने नीतिमा समन्वय कायम गर्ने ।
- ✓ युवा उद्यमशीलता विकास गर्न आवश्यक पूँजी, सीप लगायत भौतिक विषयहरुमा सहजीकरण गर्ने ।
- ✓ युवाहरुलाई स्वदेशमा नै æरगत तताउने, पसिना बगाउनेÆ नीति अवलम्बन गर्ने ।
- ✓ श्रमप्रतिको सम्मानलाई अभियानको रुपमा अगाडि बढाउने ।

यसरी राष्ट्र, राष्ट्रियता, मातृभूमिप्रतिको स्नेह, ममत्व एवं सभक्तिपूर्ण भावनालाई आत्मसात् गरी राष्ट्रको शीर उँचो बनाउनु आजको समग्र नेपालीको प्रथम कर्तव्य हो । हाम्रो मातृभूमिलाई हँसाउन सके, पुज्न सके, गौरव गर्न सके विश्वका मानिसहरुले नेपाललाई विश्वको स्वर्गको रुपमा आँकलन गर्नेछन् । नेपालीले धान्नै नसक्ने गरी पर्यटकहरुको ओइरो लाग्नेछ । विदेशीहरु पनि काम र माम खोज्दै नेपाल आउनेछन् । नेपालीहरुको वार्षिक आय वृद्धि हुनेछ । खर्च गर्न सक्ने क्षमतामा वृद्धि भएपछि Standard of living बढी विश्वका सम्मानित नागरिकको रुपमा सम्मानपूर्ण जीवनयापन गर्न सकिनेछ । त्यसैले सपना देखौं, सपना पूरा गर्न कम्मर कसौं । सबै पेशा, व्यवसाय, कार्य गर्नेहरुले इमान्दारिता कायम गरौं । ''**जननी जन्म भूमिश्च स्वर्गादपि गरियसी**'' भन्ने उक्तिलाई सार्थक बनाऔं । यसैमा सम्पूर्ण नेपालीहरुको वर्तमान पिँढी र भावी सन्ततीहरुको भविष्य उज्ज्वल हुनेछ । अस्तु !

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा युवा र रोजगारी

कमल सुवेदी

आजको बदलिँदो विश्वमा युवाका अधिकाँश सवालले प्रवेश पाएका छन् । युवा विकास र परिचालनको प्रमुख माध्यम शिक्षा र रोजगारी नै हुन् भन्दा अत्युक्ति नहोला । जुन देशको शिक्षा सीपमूलक छ, त्यस देशले चाँडो विकासको फड्को मारेको छ ।

हामीसँगै विकासको चरणमा पाइला टेकेका अधिकाशं मुलुक अहिले चरम प्रगतिको गतिमा छन्। हाम्रो देशका युवाहरु प्रतिदिन करिव १५ सयको हाराहारीमा वैदेशिक रोजगारीको सिलसिलामा विदेशिने गरेका छन् । यसरी हाम्रा लाखौं युवाहरु अरुको देश बनाउन होमिएका छन, देश रेमिट्यान्सको भरमा चलेको छ। मुलुकको गतिशील युवा श्रमशक्ति विदेशिएको छ, आफनो दैनिक जीविका चलाउन । अचेल नेपालको समृद्धिको विषयमा पटक पटक राष्ट्रिय बहस हुने गरे पनि त्यसले गति लिन सकेको छैन । यसै सन्दर्भमा विश्वका केही देशहरुको युवा र रोजगारीका नीति, योजना र कायक्रमको संक्षिप्त चर्चा यहाँ गरिएको छ ।

## नेपाल

नेपाल विश्व मानचित्रमा एउटा सानो मुलुकका रूपमा रहेको छ । १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्यालाई युवाका रूपमा लिइएको छ । नेपाली युवाहरूमा शिक्षित, अशिक्षित, राजनीतिकर्मी, गैर राजनीतिकर्मी, धनी तथा गरिबका आधारमा विविधता पाइन्छ । यसै गरी क्षेत्रीयता, जातीयता, लैंगिकता, भौगोलिकता, रोजगारी, आर्थिक अवस्थाका आधारमा पनि विविधता छ । यिनै विविधतालाई ध्यानमा राखी सरकारले युवाकेन्द्रित विभिन्न कार्यक्रमहरू अगाडि ल्याएको छ । तथापि युवाहरूका फरक-फरक आवश्यकताहरूलाई भने सम्बोधन गर्न सकेको देखिँदैन । सरकारले युवाकेन्द्रित योजना तथा कार्यक्रम ल्याएको भए तापनि युवाको क्षेत्रमा यथेष्ट काम हुन सकिरहेको छैन । युवामा व्यापक वेरोजगारीको अवस्था छ । सरकारले ल्याएका कार्यक्रम व्यावहारिक रूपमा कार्यान्वयन नभएका कारण अन्य विकसित मुलुकहरूका तुलनामा नेपालका युवाहरूको अवस्था निकै दयनीय छ ।

वि.सं. ०६२/०६३ को जनआन्दोलनपछि युवाहरुका सवाललाई सम्वोधन गर्नका लागि नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरी राष्ट्रिय युवा नीति २०६६, समेत जारी गरेको अवस्था छ । सरकार हाल उक्त नीति कार्यान्वयनको चरणमा छ तर उक्त नीतिको सार्थक कार्यान्वयनका लागि आवश्यक पूर्वाधारहरूको व्यवस्था नभएकाले नीतिको कार्यान्वयनमा समेत प्रश्न उठाउने प्रशस्त ठाउँ छन् । हजारौंको संख्यामा युवाहरू दैनिक रूपमा न्यून ज्याला भएतापनि विदेशिन बाध्य छन् । नेपालको रोजगारी विदेशी राष्ट्रमा निर्भर छ । युवा बेरोजगारीलाई कम गर्न नेपाल सरकारसँग न कुनै रोजगारी ऐन छ न त यस्ता समस्यालाई सम्बोधन गर्ने संयन्त्रको विकास भएको छ ।

अध्यक्ष, राष्ट्रिय युवा गैर सरकारी संस्था महासंघ

युवा तथा खेलकुद मन्त्रालयको स्थापनापछि अन्य विकास साझेदार संस्थाहरू समेतले युवा सशक्तीकरण र रोजगारीमा जोड दिएका छन् । ७५ वटै जिल्लामा युवा सूचना केन्द्र स्थापना गरिएको छ भने युवा साझेदारी कार्यक्रम सबै जिल्लाहरुमा सञ्चालन हुने गरेका छन् । राष्ट्रिय युवा परिषद् गठन हुने क्रममा रहेको छ भने १८ वटै मन्त्रालयहरुमा युवा सम्पर्क विन्दु (Focal Point) तोकिएको छ । मन्त्रालय युवा रणनीतिक योजना तथा युवा केन्द्रित बजेट खाका समेत तय गर्ने प्रयासमा छ । असाधारण क्षमता भएका युवाहरूलाई सम्मान गर्ने व्यवस्था एवं नेपाल र चीनबीच भएको युवा आदान प्रदान भ्रमण कार्यक्रमले समेत नेपाली युवाहरूलाई विश्वमा चिनाउने अवसर दिएको छ । राष्ट्रिय युवा नीति बनाउन सहभागी भएका युवाहरू संविधानसभा सदस्य र मन्त्रीसमेत भैसकेकाछन् ।

नेपालमा सीपमूलक तालिम सञ्चालन गर्ने निकायहरू सीटीइभीटी, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र, सीप विकास तालिम केन्द्रलगायत अन्य निकायले समेत रोजगारी प्रवर्द्धनमा योगदान दिएका छन् । नेपालमा करिब ४० प्रतिशत युवाहरूको जनसंख्या छ । राष्ट्रिय युवा नीतिले सक्षम उद्यमी, सिर्जनशील, वैज्ञानिक र सकारात्मक सोचको विकास, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक क्षेत्रमा देशलाई नमूना नेतृत्व प्रदान गर्न सक्ने युवाहरूको परिकल्पना गरेको छ । साथै नीतिले युवाहरूका आधारभूत आवश्यकता प्राप्तिको अधिकारलाई सुनिश्चित गर्दै युवा अवस्थाको संवेदनशील उमेरलाई ध्यान दिई युवा सशक्तीकरणलाई समेत जोड दिएको छ । युवाहरूका आधारभूत आवश्यकता, जस्तै गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारी तथा उनीहरूको सुरक्षा जस्ता अधिकारलाई सुरक्षित गरेको छ । श्रम तथा रोजगार मन्त्रालयले समेत वैदेशिक रोजगार विभाग स्थापना गरी वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड गठन गरी रोजगारीसम्बन्धी लगत संकलन जस्ता काम गर्दै आएको भएतापनि भए गरेका काम अन्य देशसँग तुलना गर्न मिल्ने देखिदैन ।

**भारत** :

भारतमा सन् १९८८ मा राष्ट्रिय युवा नीति बनेपछि युवा तथा खेलकुद मन्त्रालयलाई युवाको विकास र अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरी विभिन्न रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने जिम्मेवार निकाय बनाइएको देखिन्छ। श्रम शक्तिमा बृद्धि भएको छ, रोजगारी कोष स्थापना गरिएको छ । वार्षिक रूपमा ५ मिलियन रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको छ । उद्योग, व्यापार तथा सेवाका क्षेत्रहरूलाई मुख्य रोजगारी सिर्जना गर्ने क्षेत्रका रूपमा लिइएको छ । कृषि क्षेत्रबाट गैर कृषि क्षेत्रमा श्रमशक्ति जानु, श्रमशक्तिलाई तालिम प्रदान गर्न कलेजबाट स्रोत व्यक्तिहरू ल्याउने जस्ता कार्यक्रमहरू निकै महत्वपूर्ण देखिन्छन् ।

**श्रीलंका** :

प्रजातान्त्रिक समाजवादी गणतन्त्रात्मक मुलुक श्रीलंकाले हालसालै राष्ट्रिय युवा नीतिको तर्जुमा गरी लागु गरेको छ । जहाँ युवा तथा सीप विकास मन्त्रालयले यसको नेतृत्व लिएको छ । युवा नीतिले सबै युवाहरूलाई रोजगारीको समान अवसर सुनिश्चित गर्ने देखिन्छ । सरकारको प्राथमिकता पनि रोजगारी सिर्जना गर्नु नै हो । तथापि पूर्वाधारको अभाव, सडक र विद्युतमा कम पहुँच भएका कारणले कामदारहरू अनौपचारिक क्षेत्रमा काम गर्न वाध्य भएका छन् ।

श्रीलंकाले शिक्षा क्षेत्रमा लोभलागूदो रूपमा प्रगति गरेको छ । तर पनि द्वन्द्वपीडित युवाहरूलाई सम्बोधन गर्न अझै बाँकी रहेको देखिन्छ। श्रीलंकामा

युवा रोजगारी एउटा गतिशील प्रक्रियाका रूपमा छ, जसले युवाहरूको रोजगारी प्राप्त गर्ने क्षमता वा दक्षतालाई सुनिश्चित गर्छ । साथै यसको प्रगति मुख्य रूपमा चारवटा क्षेत्रमा मापन गरिन्छ : समान पहुँचमा वृद्धि, शिक्षाको प्रभावकारिता, सुनिश्चित शिक्षा र श्रम बजारको आवश्यकता ।

**दक्षिण कोरिया** :

दक्षिण कोरियाले रोजगारीका सन्दर्भमा काम गर्नका लागि श्रम तथा रोजगारी मन्त्रालयको स्थापना गरेको छ । कोरियाको रोजगारी तथा श्रम नीतिले युवा रोजगारीको प्रवर्द्धन, गरिबहरूका लागि सेवा, महिलाहरूका लागि कामका अवसरहरू, उपयुक्त औद्योगिक सम्बन्ध र राम्रो काम गर्ने वातावरण जस्ता पक्षहरूको प्रत्याभूति गरेको पाइन्छ । रोजगारी वृद्धि (Job-Rich Growth) तथा स्थानीय तहमा आधारित व्यवस्थालाई (Local-Based Job Posting System) त्यहाँका निकै राम्रा मोडालिटीका रूपमा लिइन्छ । यसबाट कोरियन सरकारले श्रम बजारलाई पुनसंरचना गने उद्देश्य राखी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्थानीय सरकारलाई प्रोत्साहित गरेको छ । रोजगारीमैत्री औद्योगिक नीति, वित्तीय सहायता र कर व्यवस्थापन गरी यहाँ रोजगारीका लागि जोड दिएको छ ।

सरकारले आफ्नो व्यावसायिक प्रतिस्पर्धात्मक क्षमतालाई बढाउँदै ठूला कम्पनीहरूसँगको अस्वस्थ कारोवारी अभ्यासहरूलाई घटाउँदै लगेको पाइन्छ । यस्ता अभ्यासहरूद्वारा साना तथा मझौला उद्यमीहरूको व्यवसाय सञ्चालन वातावरण सुधार्न तथा हरितवृद्धि (Green Growth) जस्ता नयाँ रोजगारी वृद्धिका पक्षहरूलाई प्रवर्द्धन गरिएको छ ।

प्रतिस्पर्धा गर्न नसक्ने कलेजहरू र विश्वविद्यालयहरूको पुनर्संरचना गर्नका लागि सरकारले श्रमिकको आपूर्ति र मागको अनुपातलाई मिलाउन विभिन्न प्रयासहरू गरेको देखिन्छ । विनियोजित वित्तीय सहयोग र सीप विकासमा जोड दिने जस्ता कदमले श्रमिकको मागलाई समेत झल्काउँछ । जनसंख्याको संरचनाको परिवर्तन र खासगरी कोरियामा द्रुतगतिमा बढेको उमेर पुगेका जनसंख्याको तयारीका सम्बन्धमा सरकारले ज्याला र रोजगारीबीचको लचकतालाई ध्यान दिई सुविधाविहीन युवा र महिलाहरूको सक्रिय सहभागितालाई सहजीकरण गर्छ । यी सकारात्मक कार्यले रोजगारीदाताहरूले लागू गर्ने मापन प्रणाली र प्रक्रियाहरूलाई जनाउँछ, रोजगारीमा भएका विभेद हटाउन र समान अवसर प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ । यसको खास उद्देश्य अल्पसंख्यक समूहहरूका प्रतिनिधिमूलक शक्तिलाई मजबुत गर्नु हो । तर यसले योग्यताक्रमअनुसार हुने रोजगारीका अवसरलाई समेत अप्ठ्यारोमा पारेको छैन । कोरिया सरकारसँग रोजगारी सिर्जनाका प्रसस्त कार्ययोजनाहरू छन् । यहाँ व्यावसायिक तालिमका लागि ऋण, सीप विकास र आवश्यक सामग्रीका लागि ऋण, स्थानीय बेरोजगारलाई तालिम, प्राथमिकतामा परेका क्षेत्रका युवाहरूलाई तालिम, प्राविधिकहरूको क्षमता वृद्धिका लागि तालिम, जोखिममा परेकाका लागि व्यावसायिक तालिम, सुविधाविहीन बेरोजगार र जनतालाई तालिम, रोजगारी सुरक्षा कार्यक्रम, रोजगारी प्रवर्द्धन भत्ता जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

**जापान** :

जापानमा स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयलाई युवा, रोजगारी तथा श्रमप्रति उत्तरदायी बनाइएको छ । विद्यालयहरूसँग समन्वय गरी व्यावहारिक तालिमहरू सञ्चालन गर्नका लागि सार्वजनिक रोजगारी सुरक्षा कार्यालय (Public

Employment Security) द्वारा रोजगारी सहायता कार्यक्रम (Job Support Program) ल्याइएको छ। कृषि, वन, माछापालन तथा प्रविधिलाई रोजगारी सिर्जनाका मुख्य क्षेत्रका रूपमा लिइन्छ र युवाहरूलाई रोजगारी छनौटको अवसर समेत दिइएको पाइन्छ। रोजगारी कार्ड व्यवस्थाले रोजगारीलाई ग्यारेन्टी गरेको छ। रोजगारी प्राप्त गर्ने उमेर पुगेका सबै मानिसहरू यस प्रणाली अन्तर्गत काम गर्ने अवसर पाउन उपयुक्त ठहरिने गरेका छन्।

**फिन्ल्याण्ड** :

फिन्ल्याण्डको शिक्षा मन्त्रालय राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका श्रम बजारको आवश्यकतालाई ध्यान दिई युवाहरूलाई व्यावसायिक सीप र तालिम उपलब्ध गराउन जिम्मेवार देखिएको छ। यहाँको शिक्षा नीतिले अनिवार्य विद्यालय स्तर र विश्वविद्यालय स्तरमा अनिवार्य व्यावसायिक शिक्षालाई जोड दिएको छ, जसले विद्यार्थीहरूको भविष्यलाई सुनिश्चित गरेको छ। कक्षा १२ सम्पन्न गरेपश्चात् विद्यार्थीले रोजगारी प्राप्त गर्न योग्य हुन्छन्। युवा तथा बालबालिका नीति संयुक्त राष्ट्रसंघको महासभाको अवधारणामा आधारित छ। साथै फिन्ल्याण्डको संविधानले बालबालिका र युवाहरूको अधिकारलाई पनि सुनिश्चित गरेको छ। युवा र स्थानीय मानिसहरूका लागि सरकारले आवश्यक सुविधाहरू उपलब्ध गराएको छ। सरकारले नै युवाहरूलाई शिक्षा र रोजगारी प्राप्तिका लागि सहजीकरण गर्छ। सरकारबाट उद्यमशील विकासलाई दिइने अनुदानले युवाहरूलाई व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरेको पाइन्छ। अर्कोतर्फ उनीहरूलाई व्यवसाय सञ्चालन गर्ने वा रोजगारीमा जाने भन्ने छनौट गर्ने अधिकार छ। तुलनात्मक रूपमा फिन्ल्याण्डको शिक्षा प्रणालीले सन् १९९४ देखि व्यावसायिक योग्यता प्राप्त गरी रोजगारीमूलक व्यवसाय सञ्चालन गर्न वा श्रम बजारमा काम गर्न प्रतिस्पर्धी जनशक्ति उत्पादन गरेको देखिन्छ।

**नर्वे** :

नर्वेमा सीमित मात्रामा युवाहरूको जनसंख्या छ। धेरै किशोर किशोरीहरू सुरक्षित वातावरणमा हुर्केका हुनाले उनीहरूले विकासका राम्रा सम्भावनाहरू बोकेका हुन्छन्। तथापि असुरक्षा, हिंसा, ड्रग्स तथा अल्कोहलको प्रयोग लगायत भेदभावहरू नर्वेली समाजमा व्याप्त भएका हुनाले आम मानिसहरूका तुलनामा वालबालिका र युवाहरू राम्रो अवसरहरूबाट समेत वञ्चित भएको पाइन्छ। श्रम तथा कल्याण सेवा यहाँको मुख्य नेतृत्वदायी निकाय हो, जसले युवाहरूको रोजगारी सुनिश्चित गर्न श्रम बजार नीतिद्वारा निर्देशित भई श्रम र श्रमबजार व्यवस्थापनको जिम्मा लिएको छ। व्यावसायिक शिक्षा प्रणाली र प्राविधिक कलेजहरू जस्ता व्यावसायिक कलेजहरूले दक्ष जनशक्ति उत्पादन गर्दछन् र श्रम बजार नीतिले युवाहरूको रोजगारी पुनर्स्थापना अधिकारलाई सुनिश्चित गर्दछ।

**निष्कर्ष** :

नेपालमा युवाका विषयमा अहिले नीतिगत कामहरुको थालनी भएको छ। त्रीवर्षीय योजनामा समेत युवाका बारेमा लेखिएको छ। युवा नीति घोषणा गरिएको छ भने राष्ट्रिय अन्तर ष्ट्रिय गैर सरकारी संघ-संस्थाहरूले समेत युवालाई प्राथमिकतामा राखी योजना तर्जुमा गरेको पाइन्छ। युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद अन्तर्गत जिल्ला खेलकुद विकास समितिमा युवा सूचना केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ। सरकारले अर्थ मन्त्रालयअन्तर्गत युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिरहेको छ भने युवा तथा खेलकुद मन्त्रालयले युवासम्बन्धी कार्यक्रम युवा

संस्थाहरूमार्फत् सञ्चालन गर्दै आइरहेको छ । यसका अतिरिक्त मन्त्रालयले राष्ट्रिय युवा परिषद् सकेसम्म चाँडै स्थापना गर्ने गरी कार्य अगाडि बढाएको छ । युवा रोजगारीका पक्षमा सीटीइभीटी र उद्योग मन्त्रालयअन्तर्गतका विभिन्न निकायहरुले सीप विकाससम्बन्धी तालिम प्रदान गर्ने काम गरिरहेको छ । राष्ट्रिय युवा नीति कार्यान्वयन भएको खण्डमा युवाको शिक्षा, स्वास्थ्य र रोजगारीसम्बन्धी अधिकारहरू सुरक्षित हुने देखिन्छ ।

सरकारले आफ्नो तवरबाट पहल गरिराखेको भए तापनि युवाका समग्र सवालहरूलाई सम्बोधन गर्न भने यी पहलहरू पर्याप्त छैनन् । विकसित देशहरूले युवाहरूलाई कार्यक्रम, नीति तथा बजेटमा समेत उल्लेख्य प्राथमिकता दिएको पाइन्छ । ती देशहरूले युवाहरूको भूमिकालाई प्रस्ट रूपमा बुझेको देखिन्छ र सोहीअनुरुप कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । युवाहरूको सहभागिताविना देश विकास हुँदैन भन्ने विश्वास भएका कारण ती देशहरूले सोहीअनुसार युवासम्बन्धी कार्यक्रम, नीतिहरू र ऐन-कानुन तय गरी युवाका समग्र सवालहरूलाई सम्बोधन गरी रोजगारी सिर्जनाका कामहरू गरेका छन् । विकसित देश र विकासोन्मुख देशहरूमा युवालाई हेर्ने दृष्टिकोणमा समेत निकै ठूलो भिन्नता पाइन्छ । विकसित देशहरूमा उनीहरूको शैक्षिक पाठ्यक्रमसमेत श्रम बजारलाई मध्यनजर गरी तयार पारिएको देखिन्छ । जसका कारण युवाहरू वेरोजगार बस्नु पर्ने अवस्था हुँदैन । बालबच्चादेखि युवासम्म शैक्षिकप्रणाली मित्रवत् भएको पाइन्छ । शिक्षा प्रणालीले नै सीप उत्पादन गर्छ । व्यावहारिक शिक्षा र सीपमा आधारित शिक्षा प्रणाली भएका कारण युवाहरूले श्रम बजारमा सजिलै प्रवेश पाउँछन् । तर नेपालमा यस्तो खालको रोजगारीमूलक शिक्षा पर्याप्त भएको देखिँदैन । विभिन्न देशको तथ्याङ्कलाई हेर्दा कक्षा ११ र १२ पूरा गरेपछि रोजगारीमा जाने वा आफ्नै व्यवसाय सञ्चालन गर्ने भन्ने छनौट गर्ने अवसर प्राप्त हुन्छ । तर नेपालका युवाहरूले प्रमाणपत्र लिई रोजगारीका लागि भौँतारिनु पर्ने अवस्था छ ।

अन्ततः न्यून ज्यालामा खाडीमुलुकमा जानुपर्ने तीतो यथार्थ नेपाली युवासामु छ । नगन्य मात्रामा सीपमूलक शैक्षिक संस्था हुनु र औपचारि करूपमा पाठ्यक्रममा व्यावसायिक शिक्षा नहुनु र श्रमबजार र शिक्षा प्रदान गर्ने निकायहरूबीचको तादात्म्यता नमिल्नु नै विडम्बनाको रूपमा रहेको छ ।

नेपाल अन्तर्राष्ट्रिय श्रमबजारमा सस्तोमा श्रम आपूर्ति गर्ने देश भएको छ । नेपालको रोजगारी तथा श्रमबजार नीतिले सरकारलाई बेरोजगारी समस्या सम्बोधन गर्न अनिवार्य गरेको छैन । बरु अन्तर्राष्ट्रियस्तरमा श्रमिक पठाउन सहजीकरण गर्छ । तर विकसित मुलुकलाई हेर्दा आफ्नै देशमा रोजगारी सिर्जना गरी यस्ता समस्याको विरुद्ध लडेको पाइन्छ । उनीहरू आफ्ना नागरिकलाई विदेशमा कामका लागि पठाउन रुचाउँदैनन् बरु बेरोजगारी भत्ता उपलब्ध गराउँछन् । विकसित मुलुकले आफ्ना नागरिकको रोजगारी सुरक्षाका लागि ठूलो मात्रामा धनरासी खर्चेका हुन्छन् । उक्त खर्चका कारण नागरिकले स्वदेशमा नै ज्ञान, सीप हासिल गरेको पाइन्छ । तर नेपालका सन्दर्भमा हेर्दा यसको सुरुवात मात्र भएको पाइन्छ । युवा स्वरोजगार कार्यक्रम एवं कोषप्रति निकै ठूलो आकांक्षा भए तापनि उद्देश्य र लक्ष्यअनुसार कार्यक्रम कार्यान्वयन हुन सकिरहेको पाइँदैन । विकसित मुलुकहरूमा केन्द्रीय सरकार र स्थानीय सरकारबीच रोजगारी सिर्जना गर्ने सन्दर्भमा निकै प्रगाढ सम्बन्ध भएको पाइन्छ भने नेपालमा यस्तो प्रकारको सम्बन्ध केन्द्र सरकार र स्थानीय निकायबीच पर्याप्त मात्रामा भएको पाइँदैन । स्थानीय निकाय युवाहरूका आकांक्षाका सवालमा संवेदनशील भएको पाइँदैन । सीटीइभीटी

जस्ता व्यावसायिक संस्थाले निश्चित संख्यामा दक्ष जनशक्ति उत्पादन गरे पनि झण्डै चार लाख युवाहरू अदक्ष र सीपविहीन रूपमा श्रम बजारमा प्रत्येक वर्ष आइरहेका छन् । वार्षिक झन्डै ३ लाख ५० हजार युवाहरू सीप तथा व्यावसायिक शिक्षाबाट वञ्चित छन् ।

वास्तवमा नेपालमा बेरोजगार नागरिकको राम्रो तथ्याङ्क पनि छैन र श्रम बजारको लेखाजोखा गरिएको प्रतिवेदन पनि उपलब्ध छैन । जसका कारण के कस्ता मानवश्रोतहरू वा शक्तिहरू श्रम बजारले माग गरेको छ भन्ने समेत स्पस्ट छैन । यस्ता तथ्याङ्कहरू विकसित मुलुकमा सजिलै प्राप्त हुन्छन् । नेपालका नीतिहरूले केवल सैद्धान्तिक पाटोलाई मात्र समेटेको देखिन्छ । विकसित मुलुक जस्तै नेपालमा पनि राम्रो योजना तर्जुमा गर्ने व्यापक ज्ञान, दक्षता भएका विशेषज्ञ टोली बनाई सो क्षेत्रमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतका निकायहरू जस्तै : युवा सूचनाकेन्द्र जस्ता निकायहरूलाई प्रभावकारी रूपमा सञ्चालनका लागि थप प्रयास गर्नु जरुरी छ ।

विकसित मुलुकहरूमा युवा रोजगारीसम्बन्धी विविध कार्यक्रमहरू बनाइएको पाइन्छ । नेपालमा केही सीमित रोजगारी उपलब्ध गराउने संरचनाहरू भए तापनि माथि उल्लेख भएकामध्ये केही मात्र लागू गर्न सकिएमा पनि निकै राम्रो परिवर्तन हुने देखिन्छ। यसका लागि दक्ष जनशक्तिको उपयोग गरी सुधार गर्नु पर्ने हुन्छ । भइरहेका नीतिनियम, ऐनलाई मात्र हेर्ने हो भने खासै उपलब्धि हुने कुरामा शंका छ । नेपालमा रोजगारी प्रवर्द्धन र युवाकेन्द्रित कार्यक्रम तथा बजेट बनाउन आवश्यक छ, जसको अभावमा युवा रोजगारीमा सोचेअनुरुपको प्रगति हासिल हुन सक्दैन । विकसित देशहरूले श्रम बजारकेन्द्रित शिक्षा प्रदान गरी सोहीअनुरुपको रोजगारी उपलब्ध गराएका हुन्छन् । नेपालले विकसित देशका यस्ता सकारात्मक कार्यबाट सिकेर अन्तर्राष्ट्रिय श्रम बजारमा मात्र श्रमिकहरू नपठाई आफ्नै देशमा कार्यक्रमहरू सुरुवात गर्न निकै ढिलो भइसकेको छ । अन्य देशहरूमा जस्तै रोजगारी सुरक्षा कार्यालय जस्ता निकायहरूको स्थापना गर्न पनि उत्तिकै जरुरी भएको छ ।

तसर्थ नेपालले अरू विकसत मुलुकमा जस्तै रोजगारीका सम्भावना बढाउनका लागि नीतिगत तथा कार्यान्वयन तहमा समेत समीक्षा गर्न जरुरी देखिन्छ । कसरी, किन, के, कस्ता कार्यक्रमले विकसित मुलुकमा रोजगारीको व्यापक सम्भावना भयो र नेपालमा किन हुन सकेन भन्ने सवालमा व्यापक छलफल, समीक्षा र सोहीअनुरुप कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक देखिन्छ । अन्य देशका राम्रा प्रयासहरूलाई अनुशरण गरी द्रुत गतिमा बढेको युवा बेरोजगारीलाई घटाउँदै लैजानु पर्छ । यस्तै प्रकारले बेरोजगारी दर बढ्दै गएमा आगामी वर्षहरूमा नेपाल बेरोजगारीको अखडा बनी समग्र पक्षले यो चुनौती व्यहोर्नु पर्ने देखिन्छ ।

# लागू पदार्थ दुर्व्यसन : युवा

✍डा.माधव अधिकारी

आजको युगमा युवा समुदायलाई तहल्का पारिरहेको सबभन्दा विशाल र डरलाग्दो विषयवस्तु लागू पदार्थ हो । लागू पदार्थहरु मद्यपान र धूम्रपानभन्दा हजारौँ गुणा हानिकारक र खतरनाक हुन्छन् । मद्यपान र धूम्रपानले त बरु केही वर्षमा गएर रोगहरु जन्माउँछन् भने लागू पदार्थहरुले तुरुन्तै असर गर्दछ । यी पदार्थहरु यति खतराजनक छन् कि विशेष गरी युवाले २/४ पटक प्रयोग गर्दैमा बानी बसिहाल्दछ । यी पदार्थहरुले रगत र शरीरमा यस्ता असरहरु छाड्छन्, जसको अभावमा सेवनकर्ता सुखमय भएर जीउन सक्दैन । यी पदार्थका दुर्व्यसनीहरुले जब यी वस्तुहरु पाउँदैनन्, उनीहरु प्रायः अचेत हुन्छन् । तब उनीहरु यी पदार्थ पाउन जे जस्ता कार्य (अपराध) पनि गर्न तयार हुन्छन् । तिनीहरु यी वस्तुको सेवन गरेर मुर्दाको रुपमा सुतिरहेका हुन्छन् ।

जब उनीहरु निद्राबाट ब्यूँझिन्छन्, फेरि यही पदार्थ सेवन गर्न उद्यत हुन्छन् । स्म्याक, ब्राउन सुगर, एल.एस.डी. जस्ता कैयौं नामका लागू पदार्थहरु आजकल प्रयोगमा ल्याइएका छन् । यस्ता पदार्थहरु तरल र इन्जेक्सनका रुपमा पनि प्रयोगमा ल्याइएका छन् । १९६० को दशकमा व्यस्त जीवनबाट छुट्कारा पाउन चाहने पश्चिमी देशका युवा-युवतीहरु (हिप्पीहरु) पर्यटकको रुपमा नेपाल आउनु र साथमा विभिन्न किसिमका लागू पदार्थ भित्रिनुका साथै पश्चिमी भन्नासाथ अन्धाधुन्ध अनुकरण गरिने परिपाटी केही नेपालीमा पनि देखिन थाल्यो । हिप्पीहरु समाजमा चलेको मूल्य, मान्यता र व्यवहार आदिलाई वास्ता नगरी आनन्दी र बन्धनमुक्त हुने आशयले काठमाण्डौंका मन्दिर, गल्ली र रेष्टुँरा, होटेलमा लागू पदार्थ सेवन गरेर आफ्नै मोजमस्तीमा रम्ने गरेको व्यवहार नेपाली युवा जमातले पनि सिके । यसको नकारात्मक असरले गर्दा देशका युवा पुस्तालाई समेत विस्तारै विस्तारै गाँज्न थाल्यो र उनीहरुको नैतिकता, धर्म, संस्कृतिमा समेत ह्रास आउन थालेको अनुभूति हुन थाल्यो ।

यसरी अर्काको देखासिकी गर्न वा तन्द्रामा रम्न, गाँजा, चरेश, हेरोइन आदि पदार्थ सेवनमा आकर्षित हुन थाल्नाले हाम्रो देशमा पनि दुर्व्यसनको समस्याले पिरोल्न थालेको देखिन्छ । यस्तै दुर्व्यसनका कारणले गर्दा एच.आइ.भी/एड्स संक्रमण, चोरी, लुट, बलात्कार, हत्या, डकैती, यसको बेचबिखन, यसको कालाबजारी जस्ता असामाजिक व्यवहार तथा अपराधले गर्दा आज आएर युवा जगत नै वद्नाम र बरबाद भएको देखिन्छ । देशका करिब ४४ जिल्लाहरुमा गाँजाको अवैध उत्पादन भएको पाइन्छ । यसको साथै भारतको सीमाक्षेत्र खासगरी वीरगञ्ज, जनकपुर, काकडभिट्टा, भैरहवा, विराटनगर, धनगढी, नेपालगञ्ज आदि क्षेत्रबाट ब्राउन सुगर तथा अन्य लागू पदार्थ विभिन्न तरिकाले भित्रिने गरेको छ । यसको रोकथामको लागि उचित व्यवस्था नभएको व्यापक गुनासो छ । हाम्रो देशमा पनि थाहा पाउँदा नपाउँदै लागू पदार्थ सेवन गर्नेहरुको संख्या झण्डै १,००,००० पुगिसकेको अनुमान गरिएको छ ।

मानिस चेतनशील प्राणी हो । उसको चेतनाले शरीरका सम्पूर्ण गतिविधिलाई नियन्त्रण गर्दछ । मानिसको जीवनमा घटनाक्रमहरु सधैँ एकनास रहँदैनन् । दुःख, सुख, राम्रो, नराम्रो, असल, खराब जस्ता कुरादेखि लिएर सम्भने, बिर्सने, जाडो, गर्मी, तातो, चिसो जस्ता कुराहरुले मानिसलाई सधैँ प्रभावित पार्दछन् । यस्ता शारीरिक र मानसिक पीडाबाट मुक्त गर्ने वस्तुलाई औषधीको रुपमा लिइन्छ, जसले शरीरको कार्यमा प्रभाव पार्दछ । मानिसको चेतना, अनुभूति र मनोभावनालाई प्रभावित पारी बुझ्ने र सोच्ने शक्तिलाई विकृत तुल्याउने औषधी वा पदार्थलाई लागू पदार्थ भनिन्छ । यस्ता वस्तुलाई अंग्रेजीमा "Drugs" भन्ने प्रचलन छ, नेपालीमा "लागू पदार्थ" भन्ने गरिएको छ । यसलाई अरु स्पष्टरुपमा भन्दा "नार्कोटिक्स" भनिन्छ । जसको अर्थ हुन्छ, निन्द्रा लगाउने वा सुस्त तुल्याउने । लागू पदार्थअन्तर्गत धेरै वस्तुहरु पर्दछन्, जस्तै अफिम, हेरोइन (स्म्याक, व्हाइट पाउडर), पेथेडिन, अफिम, कोडिन, गाँजा, चरेश, कोकिन इत्यादि । यस्तै चेतना, मनस्थिति र व्यवहारलाई प्रभावित पार्ने अरु पनि धेरै औषधीहरु छन्, जो चक्की वा झोलमा हुन्छन् । तिनीहरुलाई "मनोद्धीपक औषधी" भनिए तापनि लागू पदार्थ नै हुन् । फरक यति मात्र हो कि यसको सेवन र कारोवार अवैध मानिँदैन तर यसमा हाल आएर गृह मन्त्रालय, औषधी व्यवस्था विभाग र अधिकार प्राप्त सम्बन्धित डाक्टरको सिफारिसविना क्रमशः आयात, बिक्रीको लागि राख्न तथा विरामीले प्रयोग गर्न समेत निषेध गरिएको छ । त्यसकारण मानिसको स्नायु प्रणालीलाई प्रभावित पारी चेतना, अनुभूति र मनोभावलाई विकृत तुल्याउने कुनै पदार्थ वा त्यस्तो पदार्थबाट प्रशोधित औषधीलाई नै लागू पदार्थ भनिन्छ । यी तथ्यहरुलाई हेरेर निष्कर्षमा के भन्न सकिन्छ भने लागू पदार्थ त्यस्तो पदार्थ हो, जसको सेवनले सेवनकर्ताको शारीरिक र मानसिक स्थितिमा प्रभाव पारेर प्रभावबाट सेवनकर्ता लठ्ठिने, उत्तेजित हुने, बर्बराउने, उन्मुक्त हुने, शिथील हुने जस्ता अवस्थामा पुग्छ । यदि यस्ता लागू पदार्थ सेवनकर्ताले सेवन गर्न नपाए छट्पटिने, रुने, कराउने गर्दछ ।

हाम्रो देशमा एकातिर आमाबाबुहरुलाई बच्चा जन्माएर, लालनपालन गरेर हातखुट्टा लगाइदिनु यौटा ठूलो समस्या छ भने अर्कोतिर आफ्नो छोराछोरी युवा हुनेबित्तिकै लागू पदार्थको कुलतमा नफसुन् भन्ने सबभन्दा ठूलो चिन्ता तेर्सिएको छ । लागू पदार्थको सेवन गलत लतमात्र नभएर मृत्यु पनि हो । सूईको माध्यमबाट लागू औषधी दुर्व्यसनी हुनेहरुमा एच.आइ.भी/एड्स र हेपाटाइटिस जस्ता अति विनाशकारी रोगले आक्रमण गर्ने हुन्छ । १९९६ अघि एच.आइ.भी/एड्सबाट संक्रमित भएका लागू औषधीका सेवनकर्ता कमै मात्र थिए भने १९९६ यता लागू औषधी दुर्व्यसनमा लागेकामा यो संक्रमण बढेको छ । मुख्यतः यो संक्रमण हुनुमा साझा सूईको प्रयोग, यौन संसर्ग, वेश्यावृत्ति आदि कारण रक्तसञ्चारबाट एच.आइ.भी/एड्स लाग्ने गरेको पाइन्छ । लागू औषधी दुर्व्यसनीहरुमा यो रोग संक्रमणबाट क्षति न्यूनीकरण कार्यक्रम नेपालले हाल ल्याएको पाइन्छ । यस्ता कार्यक्रम अझ प्रभावकारी बनाउनु पर्ने हुन्छ नकि कागजी घोडामात्रको कार्यक्रमले वास्तविक रुपमा समस्या हल नभई निहित स्वार्थमा परिणत हुन सक्दछ । अतः नागरिक समाज, शिक्षक, विद्यार्थी, युवा, राजनीतिक दल र तिनका भातृ संगठन, राष्ट्रसेवक, वास्तविक नेपाली जनता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिसंग नेपाल सरकारले समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सके लागू औषधीको सेवनले मानवलाई सामाजिक, आर्थिक एवं मानसिक रुपमा नै अपाङ्ग बनाइरहेको अवस्थामा लागू औषधीको उत्पादनदेखि बिक्री-वितरण, ओसार-पसार, दुरुपयोग र सेवनकर्ता सबै

पक्षमा नियन्त्रणको प्रभावकारी नीति र संयन्त्र भई समस्या हल गर्न मद्दत पुग्नेछ । संसारलाई यसबाट बचाउनु आज हामी सबैको कर्तव्य हुन आएको छ ।

एकातिर प्राण धान्न धौ-धौ परेको बेलामा र मानव समाजलाई नै जनसंख्या र आर्थिक सन्तुलन कायम गर्नुपर्ने जटिल परिस्थितिमा अर्कोतिर विध्वंशकारी धूम्रपान, मद्यपान र लागू पदार्थका असरहरु र तिनीहरुको परिणाम हामीले भोग्नु परेको छ । हाम्रो प्रयास मानवलाई बचाउने र स्वस्थ्य समाजको सिर्जना गर्ने दिशातिर उन्मुख हुनुपर्दछ । त्यसैले जनचेतना र सद्व्यवहार जस्ता हाम्रा संकल्प र प्रयासहरुले मात्र यस्ता कुराहरुमा रोक लगाउन सकिन्छ । खास गरेर यसको नियन्त्रणको लागि सरकारी स्तरबाट, व्यक्तिको आर्थिक अवस्था उठाउन राष्ट्रिय शिक्षालाई सैद्धान्तिक मात्र नभएर व्यावहारिक तथा व्यावसायिक बनाउनु पर्छ भने गैरसरकारी संघ-संस्थाहरुले पनि आफ्नो क्षमताअनुसार लागू पदार्थ दुर्व्यसनीलाई हटाउन सक्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरी व्यक्तिलाई आफ्नो बारेमा सोच्न र सजग हुन सहयोग गर्नुपर्दछ । अन्यथा यो लतका कारण विश्वका युवाहरुको स्वास्थ्यमा समस्या पुग्नुका साथै विकराल स्थितिको सामना गर्नुपर्ने देखिन्छ ।

**लागू पदार्थ दुरुपयोग र दुर्व्यसनमा उन्मुख गराउने तत्वहरु :**

### (क) व्यक्तिगत कारण :

- आत्मविश्वासको वृद्धि गराउन ।
- चिन्ता र बेचैनी कम गराउन ।
- दबाब हटाउन ।
- आराम ।
- पीडा वा दर्द कम गराउन ।
- शारीरिक सहनशीलता बढाउन ।
- मानसिक थकान हटाउन ।
- उत्सुकतामा सन्तुष्टि लिन ।
- संवेगात्मक गडबडी भगाउन ।

### (ख) सामाजिक कारण :

- परिवारको समस्या (Problem of family): अभिभावकको रेखदेख नपाएका बच्चाहरुको अन्य पक्षतिर बानी व्यवहार आकर्षित हुने गर्दछ, जसले गर्दा लागू पदार्थ सेवन गर्ने हुन्छ । पारिवारिक झगडा (family quarrel) को कारणले पनि लागू पदार्थ सेवन गर्ने हुन्छ ।
- समकालीनको कारण (Peer pressure) : साथीभाइहरुको वा समकालीनहरुको करकापमा पर्नाले, व्यक्तिगत परिचयको पहिचान गराउन, एक्लोपनाको कारण र लजालुपन हटाउन, विशिष्ट संस्कृति (popular culture), सनकपन, लहड, आदि ।

उपर्युक्त विभाजित तत्वहरुबाहेक लागू पदार्थ दुर्व्यसनको कुलतमा फसाउन भूमिका खेल्ने तत्वहरुलाई समग्रमा यसरी पनि उल्लेख गर्न सकिन्छ :

- समकालीन साथीहरुको करकाप,
- बेरोजगारी,
- चिन्ता दूर गर्ने आशय,
- पारिवारिक अन्तरकलह,
- पश्चिमाहरुको अनुकरण,
- पारिवारिक स्नेहको कमी,
- आफूलाई समाजमा ठूलो देखाउने मानसिकता,
- मनोरञ्जन, शान्ति एवम् आनन्द प्राप्त गर्ने ध्येय,
- कुनै पनि कार्य अनुसन्धानमा सफलता

नमिल्नु,
- प्रलोभन, दबाब एवं क्षणिक आनन्दमा फस्नु,
- निषेधित वस्तुप्रति उत्सुकता बढ्ने हुनु,
- लागू पदार्थसम्बन्धी स्वास्थ्य शिक्षाको अभाव,
- वातावरणको असन्तुलन, र
- कमजोर आत्मबल आदि ।

**लागू पदार्थ दुर्व्यसनका सुरक्षात्मक र नियन्त्रणका उपायहरु :**

लागू पदार्थ दुर्व्यसनले सेवन वा प्रयोगकर्ताको जीवन नै निरर्थक वा प्रभावहीन तुल्याइदिन्छ । यसले सामाजिक प्राणीका रुपमा जीउन समेत असक्षम बनाउने हुनाले यसबाट बच्नका लागि केही सुरक्षात्मक वा नियन्त्रणका उपायहरु यसप्रकार छन् :

- दुःख, पीडा कम गर्छ भन्ने भ्रमबाट व्यक्तिलाई निरुत्साहित गर्ने ।
- लागू पदार्थको असरका बारेमा यसका प्रयोगकर्तालाई निरुत्साहित गर्ने ।
- लागू पदार्थको उत्पादन, वितरण र ओसार पसारमा कडा कानून हुनुपर्दछ ।
- लागू पदार्थ विरुद्धमा युवापिँढी सचेत हुनुपर्दछ ।
- लागू पदार्थको असरका बारेमा विभिन्न माध्यमबाट जनचेतना (Public awareness) जगाउनुपर्दछ ।
- लागू पदार्थको पर्याप्त ज्ञान दिनका लागि विद्यालय पाठ्यक्रममा संलग्न गरिनुपर्दछ ।
- लागू पदार्थ कस्तो हुन्छ भन्ने उत्सुकतालाई आत्मबल दह्रो बनाएर त्याग्न सक्नुपर्दछ ।
- कुलतमा फसेमा समकालीन साथीहरुसँग सङ्गत नगर्ने ।
- लागू पदार्थको प्रयोग गर्ने परम्परागत संस्कृतिलाई त्यागेर पनि यसको कुलतबाट बच्न सकिन्छ ।

■■■

## Bibliography


- National Environment and Health Study Center [NSCEH] (1998) Environment and Health, Sanothimi, Bhaktapur, Nepal.
- Treatment of Simple Disorder, (2002), CTEVT/NSCEH
- NSCEH and Gorakhkali Manakamana Studies and Research Center [GMSRC] (2003) Quality of life,
- Dr. Madhab Adhikari PHD Thesis, Role of NGO and INGOs in Health, Population and Environment Education for Quality Life in Nepal, Mohanlal Sukhadia University, Udaipur, India (2005)
- A study on identification of appropriate communication subjects, methods and media for local culture, geographical, different ethnicity, janajati and dalit, (2009), NHEICC/NSCEH.
- Evaluation of FM Radio Programme in local Language for Increasing Access to Reproductive Health Services Programme [RSHP], (2010), NHEICC/NSCEH.

# राष्ट्रिय युवा नीति २०६६ र कार्यान्वयनको अवस्था

✍ गोकुल बाँस्तोला

**विषय प्रवेश** :

राष्ट्र निर्माण एवं राष्ट्रिय विकासमा जनशक्तिको अहम् भूमिका रहेको हुन्छ । सबल, सक्षम र उर्जावान् युवा शक्तिको भूमिका यस सवालमा अझै महत्वपूर्ण हुन्छ । यिनै युवाहरुको आवाजको सम्बोधनका साथै युवाहरुमा रहेको अन्तर्निहित क्षमताको विकास र विस्तार गर्दै सिर्जनशीलता, उद्यमशीलता र नवोन्वेशी क्षमताको विकास गरी युवाहरूको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिकवान्, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवामार्फत राष्ट्र निर्माण एवं राष्ट्रिय विकासमा युवाहरुको योगदान गुणात्मक बनाउने लगायतका उद्देश्यले नेपाल सरकारले राष्ट्रिय युवा नीति २०६६ जारी गरी कार्यान्वयनमा ल्याइसकेको अवस्था छ । वि. सं. २०६६।१०।१४ मा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको प्रस्तुत नीति कार्यान्वयनमा आएको ४ वर्ष पूरा भइसकेको छ । एकातर्फ नीतिलाई मूर्त रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने ऐनको निमार्ण हुन सकेको छैन भने अर्कोतर्फ युवा तथा खेलकुद मन्त्रालयले नीतिको कार्यान्वयन कार्ययोजना तयार पार्दै गरेको अवस्था रहेको छ । राष्ट्रिय युवा नीति, २०६६ कार्यान्वयनको प्रमुख पात्र नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय भए तापनि नेपाल सरकारका अन्य प्रायः सवै मन्त्रालयहरु प्रत्यक्ष अप्रत्यक्ष रुपमा आ-आफ्नो विषयगत क्षेत्रमा नीति कार्यान्वयनमा जिम्मेवार छन् । यद्यपि सो जिम्मेवारीको बोध सबै निकायहरुलाई गराउन सकिएको अवस्था भने छैन । अझै पनि कतिपय निकायमा राष्ट्रिय युवा नीति युवा तथा खेलकुद मन्त्रालयको मात्र नीति हो भन्ने खालको भ्रम रहेको पाउन सकिन्छ ।

राष्ट्रिय युवा नीति कार्यान्वयन गर्दा यसले प्राप्त गर्ने प्रतिफल र उद्देश्यहरू पूर्ण वा आंशिक रूपमा पूरा भए भएनन् सोको अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रका रूपमा नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय रहनुका साथै यो नीति प्रत्येक ५ वर्षमा नियमित रूपमा पुनरावलोकन गरी परिमार्जन र सुधार गरिनेछ भन्ने व्यवस्था नीतिमा उल्लेख भए अनुसार नीति पुनरावलोकनको समय नजिक आइसकेको सन्दर्भमा प्रस्तुत आलेखमा नीतिमा रहेका प्रमुख व्यवस्थाहरु र सोको कार्यान्वयनको मोटामोटी अवस्थाका बारेमा चित्रण गर्ने प्रयास गरिएको छ ।

**नीतिमा रहेका प्रमुख व्यवस्थाहरू र सोको कार्यान्वयनको अवस्था** :

लक्षित उद्देश्यहरू हासिल गर्न विभिन्न २४ वटा नीतिहरू राष्ट्रिय युवा नीति २०६६ मा उल्लेख गरिएका छन् । तत् तत् नीतिहरुलाई व्यवहारमा रुपान्तरण गर्न राज्यका क्षेत्रगत नीतिहरूसँगको तादात्म्यतामा विभिन्न १७ वटा कार्यनीतिहरू अवलम्बन गरिने व्यवस्था समेत नीतिमा रहेको छ । सो प्रमुख कार्यनीतिमा भएका

✍ उप-सचिव (लेखा) कोष तथा लेखा नियन्त्रक कार्यालय, जुम्ला

व्यवस्थाहरु र तिनको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको पाउन सकिन्छ :

## १. जीवनयापनका आधारभूत अधिकार :

युवाहरूका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको अधिकारलाई स्थापित गर्न समन्वयात्मक तरिकाले कार्यक्रमहरू सञ्चालन गरिने र युवाका लागि वर्गीय, जातीय, पेशागत, भाषिक, धार्मिक, क्षेत्रीय, लैङ्गिक र अपाङ्गताका आधारमा गरिने भेदभावबाट मुक्त र भयरहित वातावरणमा आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारलाई सुनिश्चित गरिनेछ भन्ने व्यवस्था रहेकोमा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा जस्ता आधारभूत अधिकारका विषयहरुलाई व्यवहारमा पूर्ण रुपमा प्रभावकारी तवरमा लागू गराउन सकिएको अवस्था रहेको नभए तापनि शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रहरुमा विभिन्न कार्यहरु भएका छन् । युवाहरुको सर्वाधिक चासो र सरोकारको विषयको रुपमा रहेको रोजगारीका लागि आन्तरिक भन्दा पनि बाह्य बजारमा निर्भर रहनु परेको अवस्था छ । विविध प्रकारका भेदभावबाट मुक्त गर्ने सम्बन्धमा कानूनी व्यवस्थाहरु भएका छन् भने भयरहित वातावरणमा आत्मसम्मानका साथ बाँच्न पाउने अवस्थालाई समेत सुनिश्चित गर्न सकिएको छैन । देशमा विद्यमान संक्रमणकालको अन्त्य भइनसकेको अवस्था एकातिर छ भने कानूनी शासनको पूर्ण रुपमा बहाली भइनसकेको कारण यसमा बाधा पुगिरहेको छ ।

## २. शिक्षा :

शिक्षा सम्बन्धमा उच्चमाध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क तथा अनिवार्य बनाउने, युवाहरूको शिक्षामाथिको पहुँचलाई सुनिश्चित गरिने, शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सीपमूलक बनाउँदै श्रमसँग आबद्ध गरी प्रवेशिका तहको शिक्षापश्चात् सामान्य जीविकोपार्जन गर्न सक्षम बनाइने, प्राविधिक शिक्षालयहरू स्थापना गरी प्राविधिक जनशक्ति तयार गरिने, उच्चशिक्षाको अध्ययनलाई सहज र सुलभ बनाइने, विशेष प्राथमिकताका समूहलाई लक्षित गरेर विशेष कार्यक्रमहरू सञ्चालन गरिने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यक दक्ष जनशक्तिको विकास गर्ने खालका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिने, उच्च शिक्षामा अध्ययनरत वा अध्ययन गरिसकेका इच्छुक युवाहरूलाई व्यावहारिक ज्ञान दिलाउन ग्रामीण क्षेत्रको विकासमा स्वयंसेवकका रूपमा सहभागी गराइने, औपचारिक शिक्षाबाट वञ्चित युवाहरूका लागि आवश्यक सीपमूलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गरिने लगायतका विभिन्न कार्यनीतिहरु लिइएको छ भने कार्यान्वयनको तहमा हेर्दा शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरुमार्फत औपचारिक तथा अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

शिक्षामा राज्यको ठूलो लगानी हुने गरेको भए तापनि नीतिमा भनिएका विषयमा ठोस कार्यक्रमहरुको अभाव एकातिर छ भने अर्कोतिर शिक्षाको गुणस्तर कमजोर हुँदै गएको देखिन्छ। हरेक वर्ष प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीको संख्या पनि लगानीको अनुपातमा अपेक्षित रुपमा बढ्न सकेको देखिँदैन । प्रवेशिकापश्चात् शिक्षा आर्जनमा संलग्न हुनु पर्ने युवाहरुको ठूलो संख्या रोजगारीका लागि विदेश जानु पर्ने अवस्थालाई सम्बोधन गर्न सकिएको पाइँदैन । यसका अलावा स्थानीय युवा साझेदारी कार्यक्रममार्फत सडक युवाहरू तथा जोखिममा परेका युवाहरूका लागि केही कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । सीपमूलक एवं रोजगार मूलक तालिमहरु पनि विभिन्न निकायहरुमार्फत सञ्चालन हुँदै आएका छन् ।

### ३. स्वास्थ्य तथा परिवार कल्याण :

आधारभूत स्वास्थ्य सेवालाई सुलभ गराउँदै स्वास्थ्यसम्बन्धी सूचनामा युवाहरूको पहुँच कायम गरिने, स्वास्थ्य शिक्षालाई प्रारम्भिक तहको पाठ्यक्रमदेखि नै समावेश गरी शुद्ध खानेपानी, स्वस्थ जीवनशैली, पोषण, स्वस्थ वातावरण, जोखिममुक्त काम आदिका बारेमा प्रशिक्षित गरिने, युवालाई यौन स्वास्थ्य सुरक्षासम्बन्धी शिक्षा प्रदान गर्ने, सबै प्रकारका यौनजन्य हिंसाबाट मुक्त गराउँदै सुरक्षित र सकारात्मक यौनव्यवहार अपनाउन प्रोत्साहित गरिने, एच.आई.भी./एड्सको सम्भावित जोखिमबारे आम नेपाली युवालाई जनचेतनामार्फत सचेत गराउँदै त्यसबाट सुरक्षित राख्ने रणनीति लिइने, दाम्पत्य जीवनसँग सम्बन्धित विषयमा युवालाई परामर्शका लागि युवा सूचना तथा परामर्श केन्द्रको स्थापना गरिने, स्वास्थ्य वीमाको व्यवस्था गर्न पहल गरिने, परिवार नियोजन, मातृशिशु स्याहार, मातृत्व अधिकार, शिशु जन्मान्तरजस्ता विषयमा स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी युवाहरूलाई प्रशिक्षित गरिने, महिलाहरूको प्रजनन् अधिकारलाई स्थापित गर्दै उनीहरूको प्रजनन् स्वास्थ्य स्थितिमा सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै युवाहरूलाई मानसिक स्वास्थ्यप्रति जागरूक गराइने, मानसिक अस्वस्थ्यता बेहोरिरहेका युवाहरूको उपचार र समाजमा पुनर्स्थापनका लागि विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिने लगायतका व्यवस्थाहरु रहेका छन् भने यस सम्बन्धमा विशेषतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका निकायहरुबाट विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । किशोर-किशोरीलक्षित कार्यक्रमहरु, रेडियो तथा टेलिभिजनमार्फत विभिन्न सन्देशमूलक कार्यक्रमहरु लगायतका कार्यक्रमहरु स्वास्थ्य मन्त्रालयबाट सञ्चालित छन् भने युवा तथा खेलकुद मन्त्रालयमार्फत स्थानीय युवा साझेदारी कार्यक्रम अन्तर्गत समेत एच.आई.भी./एड्सविरुद्ध सचेतना अभिवृद्धि तथा पुनर्स्थापन कार्यक्रम, स्वास्थ्य तथा परिवार कल्याण सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

### ४. सामाजिक सुरक्षा :

बेरोजगार युवाहरूलाई रोजगारीको व्यवस्था नहुँदासम्म सामाजिक संरक्षण प्रदान गर्नेसम्बन्धी विषयलाई अध्ययनको आधारमा अगाडि बढाइने, युवाका लागि स्वास्थ्य, वृत्तिविकास लगायतका क्षेत्रमा परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने, घरेलु हिंसा र यौनजन्य हिंसाका विरूद्ध जनमत तयार गरिने, बालविवाह, वहुविवाह जस्ता कुप्रथालाई अन्त्य गर्नका लागि युवालाई परिचालन गरिने एवं विशेष प्राथमिकताको समूहमा पर्ने युवाहरूलाई सामाजिक सुरक्षाका विषयहरूमा प्राथमिकता दिइने जस्ता विषयहरु नीतिमा समेटिएको छ भने यस विषयको कार्यान्वयनको अवस्था हेर्दा उत्साहजनक अवस्था रहेको पाउन सकिँदैन । सामाजिक सुरक्षा कर काट्न शुरु भएको छ भने सामाजिक सुरक्षा कोषको व्यवस्था भई सो कोषमा रकम जम्मा हुन शुरु भएको त छ तर कोषको प्रभावकारी उपयोग हुन सकिरहेको देखिँदैन । यसका साथै परामर्श केन्द्रहरुको रुपमा मात्र भए पनि युवा सूचना केन्द्रहरुको स्थापना भएको छ ।

### ५. रोजगारी :

युवाहरुको सबैभन्दा बढी सरोकारको विषय रहेको रोजगारी अभिवृद्धि गर्न उद्यमशीलता तथा अन्य व्यावसायिक तालिम प्रदान गर्दै ग्रामीण र कृषिजन्य उद्योगको विकासमा जोड दिइने, युवाहरूमा व्यावसायिकता तथा उद्यमशीलताको विकास र रोजगारीको सिर्जना गर्नका लागि आवश्यकतानुसार

वित्तीय संस्थाको स्थापना र विकास गर्नेतर्फ पहल गरिने, श्रम बजारको आवश्यकताअनुरूपको युवा जनशक्ति तयार गर्नमा जोड दिइने, युवाहरूलाई सार्वजनिक सेवामा आकर्षित गर्न उपयुक्त रणनीति तयार गरी सोका लागि आवश्यक सुविधाहरूको व्यवस्था गरिने, सहकारीको स्थापना गर्न युवाहरूलाई प्रोत्साहन गरिने, कृषिक्षेत्रमा आधुनिकीकरण एवं व्यवसायीकरण गर्न आवश्यकतानुसार ऋण उपलब्ध गराई त्यस क्षेत्रको रोजगारमा लाग्न प्रोत्साहन गरिने, "युवा रोजगार प्रवर्द्धन केन्द्र" स्थापना गरी युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले स्थानीय तहसम्म विस्तार गरिने, वैदेशिक रोजगारमा क्रियाशील दक्ष युवाहरूलाई स्वदेश फर्की स्वरोजगार र उद्यम गर्ने वातावरण तयार गरिने, वैदेशिक रोजगारमा जानुअगावै मागअनुरूपको औपचारिक तथा प्राविधिक तालिम दिई रोजगारीमा पठाउने कार्यक्रमलाई बढवा दिइने, युवाहरूलाई वैदेशिक रोजगारका नाममा ठगिनबाट बचाउन, महिलाका लागि गुणात्मक र मर्यादित वैदेशिक रोजगारी सुनिश्चित गर्न सुरक्षा र रोजगारमूलक कार्यक्रमहरूमा जोड दिइने, युवा रोजगारी प्रवर्द्धन गर्न रोजगारसम्बन्धी कार्ययोजना बनाई क्रमशः कार्यान्वयन गरिने लगायतका नीतिहरु रहेका छन् । यससँग सम्बन्धित विषयहरुको कार्यान्वयनको सवालमा केही कार्यहरु भएका पाइन्छन् । श्रम तथा रोजगारको कार्यक्षेत्र रहने गरी छुट्टै मन्त्रालयको स्थापना भएको छ भने युवा तथा साना व्यवसायी स्वरोजगार कोष समेत क्रियाशील रहेको छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र, पशु तालिम निर्देशनालय, कृषि तालिम निर्देशनालय, नेपाल होटल व्यवस्थापन तथा तालिम प्रतिष्ठान लगायतका तालिम प्रदायक निकायहरुबाट युवालक्षित विभिन्न प्रकारका तालिमहरु सञ्चालन हुँदै आएका छन् । युवा तथा खेलकुद मन्त्रालयले समेत युवाहरुका लागि रोजगारमूलक तथा उद्यमशीलता विकासका लागि तालिम कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ भने स्थानीय युवा साझेदारी कार्यक्रममा समेत उद्यमशीलता विकास र रोजगारीलाई जोड दिने गरिएको छ । यति हुँदा हुँदै पनि रोजगारीको विषय वैदेशिक रोजगारमाथि नै निर्भर हुनु परिरहेको अवस्था त छँदैछ । वैदेशिक रोजगारीसँग जोडिएका विभिन्न समस्याहरु समेत निराकरण गर्न सकिएको छैन । वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त भए तापनि सामाजिक मूल्य चुकाउनु परिरहेको छ ।

## ६. युवाको सशक्तीकरण तथा नेतृत्व विकास :

युवाहरूको आर्थिक, सामाजिक, राजनीतिक, एवं सांस्कृतिक सशक्तीकरणका लागि युवा सचेतना एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने, युवाहरूको वैयक्तिक र सामाजिक क्षमता विकास गर्न स्थानीय निकायहरूमार्फत कार्यक्रम सञ्चालन गरिने, युवाहरूलाई स्वदेश तथा विदेशको अनुभव दिलाउन युवा आदान-प्रदान, अध्ययन-भ्रमण, देश-दर्शन तथा युवाशिविर कार्यक्रम सञ्चालन गरिने, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा रचनात्मक कार्य गरी ख्याति कमाएका युवाहरूलाई पुरस्कृत गर्दै सम्मान दिलाउने कार्यक्रम सञ्चालन गरिने, युवाले नेतृत्व गरेका संघ-संस्था एवं संगठनहरूको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने, युवाहरूको वृत्ति विकास तथा नेतृत्व विकासका लागि परामर्श तथा सेवा केन्द्रको स्थापना गरिने जस्ता विषयहरु नीतिले समेटेको छ ।

कार्यान्वयनको पाटोबाट हेर्दा यस सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालयले सञ्चालन गर्दै आएको स्थानीय युवा साझेदारी कार्यक्रमअन्तर्गत

युवा जागरण, नेतृत्व क्षमता विकास तथा परामर्श कार्यक्रम सञ्चालन हुँदै आएको छ भने नेपाल सरकार र मित्रराष्ट्र चीन सरकारबीच समझदारी भई एक अर्को देशमा युवाहरुको अनुभव आदान-प्रदान कार्यको शुरुवात भइसकेको छ । त्यस्तै तिब्बत सरकार र नेपाल सरकार बीच समेत युवा प्रतिनिधिमण्डलको आदान-प्रदान हुँदै आएको छ । मित्रराष्ट्र श्रीलंका सरकारसँग युवा अनुभव आदान-प्रदानका लागि समझदारीको प्रक्रिया अगाडि बढिसकेको छ । यसै गरी देशका विभिन्न भौगोलिक क्षेत्रका युवाहरुलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव र युवाहरुबीच अन्तरक्रिया गराउन आन्तरिक युवा अनुभव आदान-प्रदान कार्यक्रम हुँदै आएको छ । विभिन्न क्षेत्रका प्रतिभावान् युवाहरुलाई सम्मान र प्रोत्साहन गर्न राष्ट्रिय युवा प्रतिभा सम्मान तथा राष्ट्रिय खेलकुद प्रतिभा सम्मानको कार्यक्रम हरेक वर्ष सञ्चालन हुँदै आएको छ । युवाहरुले नेतृत्व गरेका संगठनहरुको क्षमता विकासका लागि नेतृत्व विकास तथा नीति निमार्ण जस्ता तालिम समेत प्रदान गरिँदै आएको छ ।

## ७. सहभागिता तथा परिचालन :

नेपालको शान्ति प्रक्रिया, राज्यको पुनर्संरचना र संविधान निर्माण तथा तत्पश्चात्का राष्ट्र निर्माणका कार्यहरूमा युवाको अर्थपूर्ण सहभागितालाई अभिवृद्धि गराई त्यसको कार्यान्वयनमा युवाहरूको अग्रणी भूमिकालाई जोड दिइने, नीति निर्माण, योजना निर्माण र कार्यान्वयनका प्रक्रियाहरूमा युवाहरूलाई प्राथमिकताका साथ सहभागी गराउँदै लगिने, विद्यालय व्यवस्थापन, सामाजिक विकास कार्यका लागि सञ्चालित सडक निर्माण, सामुदायिक व्यवस्थापन, समुदायमा आधारित विविध संगठनहरूमा युवालाई सरिक गराइने, युवालाई समाजप्रति उत्तरदायी बनाई सामाजिक रूपान्तरणका वाहकका रूपमा परिचालित गर्न उत्तरदायित्व प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिने, विभिन्न प्रकारका कुरीति, अन्धविश्वास र चिन्तनबाट ग्रसित संस्कृतिका विरूद्ध आम युवालाई परिचालन गर्ने चेतनामूलक कार्यक्रमहरूमा युवा परिचालन गरिने, युवाहरूलाई तालिम दिई स्वयंसेवकका रूपमा देशको आर्थिक, सामाजिक रूपान्तरण तथा विकासमा सरिक गराउने र राज्यमा आइपर्ने विपत्ति, दुर्घटना तथा आपत्कालीन अवस्थामा उद्धार कार्यमा युवा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ भन्ने जस्ता विषयहरु नीतिले समेटेको छ । यी विषयहरुको कार्यान्वयनको अवस्था हेर्दा युवा तथा खेलकुद मन्त्रालयबाट युवालक्षित नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयनका विभिन्न चरणहरुमा राजनीतिक युवा संघ-संगठनहरु लगायत विभिन्न युवा संघ-महासंघहरु मार्फत युवाहरुको प्रतिनिधित्व र सहभागिता गराउँदै ल्याइएको छ । युवाहरुलाई नेतृत्व विकास तथा नीति निर्माण सम्बन्धी तालिम चालु वर्षबाट शुरुवात गरिएको छ भने स्थानीय युवा साझेदारी कार्यक्रममार्फत पनि कला, संस्कृतिको संरक्षण र विकास एवं खेलकुद, मनोरञ्जन तथा पर्यटन प्रवर्द्धन र सामाजिक कुरीति अन्त्य गर्ने क्षेत्रमा कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यसका अलावा राष्ट्रिय योजना आयोगअन्र्तगत राष्ट्रिय विकास स्वयंसेवा कार्यक्रममार्फत युवा स्वयंसेवकहरु परिचालन हुँदै आएका छन् ।

## ८. कला, संस्कृति, खेलकुद तथा मनोरञ्जन :

नेपालमा रहेका विभिन्न कला र सांस्कृतिक धरोहरहरूको संरक्षण र सम्वर्द्धन गर्न युवाहरूलाई प्रशिक्षित गरी परिचालन गरिने, मानसिक र शारीरिक तन्दुरूस्तीका साथै राष्ट्रको गौरव र प्रतिष्ठा बढाउने ढङ्गले खेलकुद क्षेत्रलाई संस्थागत रूपमा विकास गर्न

जोड दिइने, खेलकुद, कला र साहित्यको विकासको लागि विद्यालय र क्याम्पस तहदेखि नै योजनाबद्ध ढङ्गले नियमितरूपमा प्रशिक्षण गराउने र स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट राष्ट्रियस्तरका खेलाडी, कलाकार र साहित्यकारको विकास गराउने नीति अवलम्बन गरिने, खेलकुदमा महिला सहभागिताको विस्तार गर्न विभिन्न प्रतियोगिताहरूको आयोजना गरिने, अपाङ्गता भएका युवाहरूबीच मैत्रीपूर्ण खेलहरू सञ्चालन गरी मनोरञ्जनात्मक गतिविधिहरूलाई बढवा दिइने लगायतका विषयहरु उल्लेख भएका छन् भने यस सन्दर्भमा स्थानीय युवा साझेदारी कार्यक्रममार्फत कला, संस्कृतिको संरक्षण र विकास एवं खेलकुद, मनोरञ्जन तथा पर्यटन प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । खेलकुदका क्षेत्रमा राष्ट्रिय खेलकुद परिषद क्रियाशील रहँदै आएको छ । खेलकुदका क्षेत्रमा जे जति कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्, ती सबै नै मूलतः युवालक्षित नै छन् । यसका अलावा खेल पूर्वाधारहरुको निमार्णमा समेत राज्यको ठूलो लगानी हुँदै आएको छ । पारा र स्पेशल खेलकुदमार्फत फरक प्रकारका युवाहरुलाई समेत खेलकुदका क्षेत्रमा समेट्ने प्रयास गरिएको देखिन्छ ।

### ९. लागू पदार्थ दुर्व्यसन नियन्त्रण :

युवाहरूमा दुर्व्यसन र विकृतिलाई निरूत्साहित गर्न निरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरू सञ्चालन गर्न सरकारी, निजी क्षेत्र, राजनीतिक संगठन र गैरसरकारी संघ संस्थाहरूलाई परिचालित गरिने, लागूऔषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन गरिने, लागूऔषध प्रयोगकर्तालाई पुनर्स्थापना एवं रोजगारीको व्यवस्था गरी उनीहरूको सामाजिक जीवनलाई सहज बनाउने कार्यक्रमहरू सञ्चालन गरिने, १८ वर्षमुनिका युवाहरूलाई मदिराजन्य र सुर्तीजन्य पदार्थको खरिद-बिक्रीमा पहुँच नहुने व्यवस्था गरिने नीतिमा उल्लेख भएकोमा स्थानीय युवा साझेदारी कार्यक्रममार्फत कुलत तथा दुर्व्यसन विरूद्ध अभिमुखीकरण, चेतनामूलक एवं पुनर्स्थापन कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यसै गरी गृह मन्त्रालयअन्तर्गत लागूऔषध नियन्त्रण कार्यक्रममा माग घटाउ कार्यक्रम, उपचार तथा पुनर्स्थापना सघाउ कार्यक्रम, आपूर्ति नियन्त्रण, पूर्व लागूऔषध सेवनकर्ताका लागि सीप विकास तालिम कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालित छन् भने पुनस्थापना गृह निर्माणको कार्य समेत हुँदै आएको छ । सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ ले कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री-वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन नपाउने व्यवस्था समेत गरेको छ ।

### १०. मानव तस्करी तथा मानव बेचबिखन नियन्त्रण :

विभिन्न मुलुकहरूमा भइरहेको नेपाली युवाहरूको तस्करी रोक्न कानूनी व्यवस्थालाई अझ कडाइका साथ लागू गरिने, अवैध एवं असुरक्षित गन्तव्यमा नेपाली युवाहरूलाई विदेशिन नदिन आवश्यक प्रबन्ध गरिने, मुलुकभित्र र बाहिर हुने गरेको मानव बेचबिखन खासगरी महिला बेचबिखनलाई रोक्न विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै यस्ता जोखिममा रहेको समुदायलाई शिक्षा र रोजगारीका लागि विशेष प्राथमिकता प्रदान गरिने, अन्तर्राष्ट्रिय सीमाक्षेत्रमा युवाहरू खासगरी महिलालाई सङ्गठित गरी मानव ओसारपसार तथा बेचबिखनको रोकथाम तथा नियन्त्रणमा परिचालन गरिनेछ भन्ने व्यवस्थाहरु रहेका छन् । यस विषयमा गृह मन्त्रालयमार्फत वैदेशिक रोजगारमा जाने

युवाका लागि विभिन्न संस्थासँगको सहकार्यमा चेतानामुलक क्रियाकलापहरु सञ्चालन, अवैध एवं असुरक्षित गन्तव्यमा नेपाली युवालाई विदेशिन नदिन विशेष सतर्कता अपनाइने गरेको छ भने कानूनको कार्यान्वयनमार्फत युवालक्षित गतिविधहरु व्यवस्थित गर्ने गरिएको छ भने विभिन्न मुलुकहरुमा भइरहेका नेपाली युवाहरुको तस्करी रोक्न कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिएको, मुलुकभित्र र बाहिर मानव बेचविखन रोक्न कानूनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिएको, वैदेशिक रोजगारमा हुने ठगी विरुद्ध कडाइका साथ कानूनी कारवाही अगाडि बढाइएको जानकारी गृह मन्त्रालयमार्फत प्राप्त भएको छ भने वैदेशिक रोजगारीका नाममा हुने ठगी नियन्त्रणका लागि श्रम तथा रोजगार मन्त्रालय र सम्बद्ध निकायहरु पनि क्रियाशील रहेका छन् । स्थानीय युवा साझेदारी कार्यक्रममार्फत मानव तस्करी तथा मानव बेचविखन नियन्त्रणको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

## ११. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता :

युवाहरूलाई विश्वव्यापी जलवायु परिवर्तन, तापमानमा वृद्धि, अन्तरिक्ष प्रदूषण, जलवायु प्रदूषण, प्राकृतिक स्रोतको अव्यवस्थित अतिदोहनलाई रोक्न वातावरण संरक्षणसम्बन्धी प्रशिक्षणमूलक कार्यक्रमहरू सञ्चालन गरिने, वातावरण संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने कार्यमा आम युवालाई सहभागी बनाइने कार्यक्रम सञ्चालन गरिने र दिगो विकास तथा वातावरण संरक्षणमा युवा समूहहरूको सहभागिता बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइने विषय नीतिले समेटेको छ । स्थानीय युवा साझेदारी कार्यक्रममार्फत प्रकोप न्यूनीकरण, वातावरण संरक्षण र दिगो विकासको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् भने वातावरण मन्त्रालयमार्फत जलवायु परिवर्तन, विपद् व्यवस्थापन लगायतका विषयमा विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालित छन् ।

## १२. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँच :

विज्ञान तथा प्रविधि क्षेत्रका विशिष्ट युवा प्रतिभाहरूलाई प्रोत्साहन गर्ने तथा उनीहरूलाई विदेशमा अध्ययन तथा तालिमको व्यवस्था गरी स्वदेशमा सम्मानित स्थान दिने वातावरण तयार गरिने, साधन-स्रोतहरूको उपयोग, कृषि, पशुपालन, जडीबुटी उत्पादन तथा प्रशोधन, जलविद्युत् लगायतका क्षेत्रहरूमा आधुनिक प्रविधिको विकासमा मेधावी युवाहरूलाई आकर्षित गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिने, सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण क्षेत्रका युवाहरूको पहुँच कायम गर्न समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गरिने, विशेष प्राथमिकताको समूहमा परेका युवाहरूलाई सूचना प्रविधिसम्बन्धी तालिम सञ्चालन गरिने लगायतका विषयहरु भएकोमा स्थानीय युवा साझेदारी कार्यक्रममार्फत विज्ञान तथा सूचना प्रविधि, परम्परागत प्रविधिको संरक्षण र विकासको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् भने विषयगत अन्य निकायहरुले समेत कार्यक्रमहरु सञ्चालन गरेका छन् ।

## १३. अपराध तथा हिंसामा संलग्नताबाट युवालाई मुक्त गर्ने :

विभिन्न प्रकारका हिंसामा देखिएको युवाहरूको संलग्नतालाई निरूत्साहित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने, आपराधिक, गैरकानूनी तथा असामाजिक क्रियाकलापमा युवाहरूको संलग्नतालाई निरूत्साहित गरिने, अपराध, हिंसा, गैरकानूनी तथा गैरसामाजिक क्रियाकलापहरूमा संलग्न युवाहरूलाई सुधारपश्चात् पुनर्स्थापित

गर्ने र समाजमा सहज जीवनयापनको वातावरण बनाउन समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गरिनेछन् भन्ने नीतिगत व्यवस्था रहेको छ । कार्यान्वयनको पाटोबाट हेर्दा स्थानीय युवा साझेदारी कार्यक्रमअर्न्तगत लैङ्गिक हिंसा विरूद्ध जनचेतना कार्यक्रम सञ्चालन भएको पाउन सकिन्छ भने गृह मन्त्रालयबाट कानून कार्यान्वयनलाई प्रभावकारी बनाइएको जस्ता प्रयासहरु मात्र भएका देखिन्छन् ।

### १४. दिगो शान्ति स्थापना र द्वन्द्व समाधानमा युवा सहभागिता :

शान्ति स्थापना, मेलमिलाप र सत्यनिरूपणका प्रक्रियाहरूमा युवाहरूको सार्थक सहभागिता सुनिश्चित गरिने, युवा संघ-संगठन तथा संस्थाहरूलाई शान्ति स्थापना तथा द्वन्द्व समाधानमा सहभागी बनाइने, वर्ग, जाति, भाषा, क्षेत्र र लिङ्गका आधारमा देखिएका विभाजनहरूलाई कम गर्न युवाहरूलाई प्रशिक्षित र परिचालित गर्ने कार्यक्रमहरूलाई बढवा दिइने, विविधताको सम्मान गर्दै राष्ट्रिय एकता कायम गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ भन्ने नीति रहेको देखिन्छ । स्थानीय युवा साझेदारी कार्यक्रमअर्न्तगत दिगो शान्ति स्थापना र द्वन्द्व समाधानका क्षेत्रमा केही कार्यक्रम रहेका छन् भने विभिन्न जिल्लामा शान्ति समितिहरुको स्थापना र द्वन्द्व समाधान एवं पुनर्निर्माणका क्षेत्रमा कार्यक्रमहरु रहेको भए तापनि युवाहरुको प्रत्यक्ष संलग्नताको अवस्थाका बारेमा ठोस तथ्याङ्क पाउन सहज छैन ।

### १५ समविकास :

सामाजिक समावेशीकरणको नीति कार्यान्वयन गर्न विशेष प्राथमिकताको समूहमा रहेका युवाहरूलाई दृष्टिगत गरी विशेष कार्यक्रम सञ्चालन गरिने, आर्थिक दुरवस्थाबाट गुज्रिएका गरिब युवाहरूको प्रतिभा पहिचान गरी राज्यले उनीहरूको विकासमा सहयोग गर्ने, अध्ययन तथा छात्रवृत्तिका लागि प्राथमिकताको समूहमा परेका र गरिबीको रेखामुनि रहेका युवाहरूलाई सकारात्मक विभेदको कार्यक्रममार्फत राष्ट्रिय मूलधारमा ल्याइने प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवाहरूका लागि शिक्षाको प्रचार-प्रसार गर्न शिक्षित र सक्षम युवालाई संवाहकका रूपमा परिचालन गरिनेछ भन्ने नीति रहेकोमा युवा तथा खेलकुद मन्त्रालयमार्फत प्राथमिकता र विशेष प्राथमिकताको समूहका युवाहरुका लागि सीपमूलक तालिम सञ्चालन हुँदै आएको छ । गत आ. व. बाट यस समूहका युवाका लागि तालिम प्रदान गर्न शुरु गरिएकोमा चालु वर्ष २५० जना युवालाई तालिम दिने लक्ष्यअनुसार कार्य भइरहेको छ । अध्ययनका लागि नेपाल सरकारबाट उपलब्ध हुने छात्रवृत्तिमा शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरुले समावेशी अवधारणा अँगालेको कारण युवा नीतिले प्राथमिकता र विशेष प्राथमिकताको समूह भनी तोकेका युवाहरुले लाभ प्राप्त गरेका छन् भन्न सकिन्छ । स्थानीय युवा साझेदारी कार्यक्रमअर्न्तगत पनि एकल महिलासम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

### १६. विशेष समूहगत प्राथमिकताहरू :

अपाङ्गता भएका युवाहरूले सहज ढङ्गले शिक्षा ग्रहण गर्न सक्ने विशेष शिक्षण पद्धति अपनाउँदै सुविधायुक्त विद्यालय र शैक्षिक केन्द्रहरू स्थापना गरिने, क्षमताअनुसारको सीपमूलक र व्यावसायिक शिक्षा प्रदान गर्दै अपाङ्गता भएका व्यक्तिहरूले कार्यसम्पादन गर्न सक्ने रोजगारीको पहिचान गरी आवश्यक व्यवस्था मिलाइने, सार्वजनिक यातायात, भवन, शौचालय लगायतका स्थान वा सेवालाई अपाङ्गमैत्री बनाउने व्यवस्था मिलाइने,

साथै अपाङ्गता भएका युवाहरूलाई आवश्यक पर्ने सहयोगी सामग्रीहरूलाई सहज र सुलभ ढङ्गले उपलब्ध गराउने व्यवस्था मिलाइने, जोखिममा रहेका युवाहरूको उपचार एवं पुनर्स्थापनका कार्यक्रम सञ्चालन गर्दै सीपमूलक र व्यावसायिक शिक्षा प्रदान गरी उचित रोजगारीको व्यवस्था गरी समाजमा पुनर्स्थापित गराउने नीति अवलम्बन गरिने, द्वन्द्वपीडित युवाहरूलाई शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा विशेष प्राथमिकता प्रदान गर्ने व्यवस्था मिलाई पुनर्स्थापना गर्ने कार्यक्रमहरू अघि बढाइने, सीपमूलक तालिमको व्यवस्था गरी रोजगारीको उचित प्रबन्ध गर्ने कार्यक्रमहरू सञ्चालन गरिने, अल्पसङ्ख्यक र सीमान्तकृत युवाहरूको प्राकृतिक, सामाजिक, सांस्कृतिक एवं परम्परागत स्रोतमाथि पहुँच कायम गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने, परम्परागत पेशा र सीपको संरक्षण, सम्वर्द्धन र आधुनिकीकरणमा विशेष जोड दिइने, शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा यस समूहका युवालाई विशेष प्राथमिकता प्रदान गरी सशक्तीकरण र अभिमुखीकरण गर्दै राष्ट्रिय विकासको मूलधारमा समाहित गरिने भन्ने प्रावधानहरु रहेकामा स्थानीय युवा साझेदारी कार्यक्रममार्फत द्वन्द्वपीडित र अपाङ्गता भएका युवाहरूका लागि र सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवाहरूका लागि कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् भने गत वर्षदेखि प्राथमिकता र विशेष प्राथमिकताका क्षेत्रका युवाहरुका लागि सीपमूलक तालिम सञ्चालन हुदै आएकोमा यस वर्ष समेत निरन्तरता दिइएको छ । यस वर्षदेखि अपाङ्गता भएका युवाहरूका लागि सामग्री सहयोग गर्ने कार्यको शुरुवात भएको छ ।

**१७. साझेदारी** :

युवा समुदायको विकास गर्न सरकार, स्थानीय निकाय, युवा संघ–संगठन, दातृ समुदाय, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको साझेदारीमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने, अन्तर्राष्ट्रियस्तरमा नेपालले गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिने, गैरआवासीय नेपाली युवाहरूलाई लगानीको उपयुक्त नीति र वातावरण बनाई नेपालमा लगानीका लागि आकर्षित गरिने, सरकारी तथा गैरसरकारी निकायहरूसँगको सहभागितामा शान्ति र विकासका क्षेत्रमा युवाहरूसँग साझेदारी गर्ने र युवासम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यकतानुसार कोषको स्थापना गरिने, स्थानीय निकायबाट सञ्चालन हुने कार्यक्रमहरूमा निश्चित बजेट छुट्याई युवा विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइने जस्ता नीतिहरु रहेका छन् । यी व्यवस्थाहरुको कार्यान्वयतर्फ हेर्दा युवा तथा खेलकुद मन्त्रालयले विभिन्न सरकारी निकायहरु, राजनीतिक युवा संघ-संगठनहरु, गैरसरकारी क्षेत्रका युवा संघ, महासंघ र संजालहरु तथा विभिन्न विकास साझेदार हरुसँग साझेदारी, सहकार्य र सहभागितामा कार्य गर्दै आएको छ ।

**१८. राष्ट्रिय युवा परिषद्को गठन र युवा सूचना केन्द्रहरूको व्यवस्था** :

राष्ट्रिय युवा नीतिको कार्यान्वयनका लागि छुट्टै ऐनको व्यवस्था गरी एक स्वशासित एवं कार्यकारी राष्ट्रिय युवा परिषद्को गठन गरिनेछ भन्ने नीतिले उद्घोष गरेबमोजिम राष्ट्रिय युवा परिषद्को गठनको कार्य अगाडि बढाइएको छ । सम्बन्धित सरोकारवालाहरुको समेत राय सुझाव लिई तयार पारिएको यस सम्बन्धी विधेयकको मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृत भई व्यवस्थापिका संसदमा विधेयकको रुपमा पेश हुने क्रममा छ भने देशका ७५ वटै जिल्लाहरुमा युवा सूचना केन्द्रको स्थापना र सञ्चालन हुदै आएको छ र त्यस्ता

सूचना केन्द्रहरुको सुदृढीकरणको कार्य समेत सँगसँगै अगाडि बढिरहेको छ ।

**१९. अन्य कार्यक्रमहरू :**

माथि उल्लेख गरिएबाहेक पनि किशोर किशोरीको विकासका लागि कार्यक्रम, युवा उत्तरदायी बजेटको खाका निमार्णका साथै राष्ट्रिय युवा नीतिको कार्यान्वयन कार्ययोजना निमार्णको कार्य हुँदै आएको छ । यस्ता सबै कार्यक्रमहरुले प्रत्यक्ष अप्रत्यक्ष रुपमा युवा नीतिको कार्यान्वयनमा सहयोग पुऱ्याउने निश्चित नै छ ।

**अन्त्यमा,**

राष्ट्रिय युवा नीति जारी हुनु निश्चय पनि आफैमा सकारात्मक पहल हो । नीतिको कार्यान्वयनको शुरुवात पनि भएको छ । समग्रमा हेर्दा नीतिमा भएका व्यवस्थाहरुको केही न केही कार्यान्वयनको शुरुवात भएको छ । यद्यपि यो प्रयास आफैमा प्रयाप्त र प्रभावकारी छ भन्न सकिने अवस्था भने छैन । युवा तथा खेलकुद मन्त्रालयबाट मात्र नभएर सरकारका विभिन्न विषयगत निकायहरुले पनि आ-आफ्नो विषयगत क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । यस प्रकारका कार्यक्रमहरुले युवाहरुको बढ्दो आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्न सकेको भने पाइँदैन । एकातिर विभिन्न निकायहरुबीच समन्वयको अभावको कारण कतिपय कार्यक्रमहरु दोहोरो पनि छन् । त्यस्तै विभिन्न निकायहरुबाट सञ्चालित कार्यक्रमहरुलाई एकै स्थानमा राखेर हेर्ने हो भने संख्यामा थोरै नभए पनि थोरै बजेट र छरिएर रहेका कार्यक्रमहरुको कारण पनि प्रभावकारिता न्यून भएको हो भन्न सकिन्छ ।

नीतिमा उल्लेख भएका विषयहरुको अर्थ तब मात्र हुन्छ जब ती नीतिहरु व्यवहारमा उतार्न सकिन्छ । यसको लागि कुनै पक्षको मात्र प्रयास पर्याप्त हुँदैन । युवाका समस्या र सरोकारका विषयहरु एक अर्कासँग अन्तरसम्बन्धित भएको हुनाले पनि सम्बन्धित सबै सरोकारवालाको चासो, सहकार्य र सहभागिता जरुरी हुन्छ ।

युवा नै देशको मेरुदण्ड भएका कारण युवाशक्तिको समुचित परिचालन र विकास बिना देशले समुन्नति हासिल गर्न नसक्ने हुनाले युवाको सरोकार र चासोका विषयहरुलाई राष्ट्रिय प्राथमिकताको क्षेत्रको रुपमा तोकी सोही बमोजिमका नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन हुनु जरुरी देखिन्छ । यसको साथै युवावर्गको समग्र विकासका लागि हामी सबैको सोच, संस्कार र व्यवहारमा परिवर्तन गरी युवामैत्री हुनु अत्यावश्यक छ ।

# युवा विकासमा गैर सरकारी संस्थाहरुको भूमिका

✍विजय नेपाल

गैर सरकारी संस्थालाई सिद्धान्ततः प्रत्यक्ष सरकारी नियन्त्रणभन्दा बाहिर रहेर सामाजिक विकासका विभिन्न क्षेत्रमा केन्द्रित भई स्वतःस्फूर्त रुपमा संगठित, स्थापित र संचालित भएका, पारस्परिक समन्वय र एकतामा आधारित, औपचारिक रुपमा गठन भएका संघ, संस्थालाई बुझ्ने गरिन्छ । यस प्रकारका संस्थाहरुले स्थानीय तहमा रहेका पूँजी, प्रविधि र अन्य श्रोत साधनलाई परिचालन गराई सामाजिक रुपान्तरणको प्रक्रियामा सघाउ पुऱ्याउने गर्दछन् । गैर सरकारी संस्थाहरु सरकारी निकायका प्रतिष्पर्धी नभई राष्ट्रको आर्थिक सामाजिक विकास प्रक्रियामा राज्यका सहयोगी र साझेदार निकायको रुपमा क्रियाशील रही राष्ट्रिय विकासको लक्ष्य हासिल गर्न परिपूरक भूमिका निर्वाह गर्ने सेवामूलक संस्थाका रुपमा रहनु पर्दछ । यसै पृष्ठभूमिमा युवा विकास एवं युवालाई केन्द्रविन्दुमा राखी सामाजिक कार्य गर्ने गरी स्थापित भएका गैर सरकारी संस्थाहरुलाई नै युवा गैर सरकारी संस्थाको रुपमा लिन सकिन्छ ।

नेपालमा गैर सरकारी संस्थाको स्थापनाको शुरुवात प्राचिन कालदेखि नै भएको पाइन्छ । तत्कालीन समयमा मुख्यतः धर्मशाला, पाटीपौवा, कुवा, चौतारी निर्माण जस्ता कार्यहरुमा केन्द्रित रहने मूलतः गुठी, ढिकुर आदिलाई यस्ता संस्थाको आधारको रुपमा लिन सकिन्छ । अनौपचारिक क्रियाशीलता रहदै आएको भए पनि इ.सं. १९२६ मा तुलसी मेहर श्रेष्ठद्वारा श्री चन्द्र कामधेनु चर्खा प्रचारक महागुठी स्थापना हुनुलाई नै नेपालमा गैर सरकारी संस्थाको औपचारिक रुपमा प्रारम्भ विन्दुको रुपमा मान्न सकिन्छ ।

## गैर सरकारी संस्थाहरुको चरित्र र विशेषता :

गैर सरकारी संस्थाहरु राज्य संयन्त्रभन्दा बाहिरबाट सेवालाई केन्द विन्दु बनाई सामाजिक परिचालनमा केन्द्रित हुने संस्थाहरु हुन् । यस प्रकारका संस्थाहरु विकासका सहयात्रीका रुपमा पनि रहेका हुन्छन् जसको चरित्र र मुख्य मुख्य विशेषताहरुलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

- स्वयंसेवा
- गैर नाफामुखी
- वैधानिक
- स्वशासित
- संगठित
- सार्वजनिक हित
- सामाजिक चरित्र
- प्रजातान्त्रिक प्रकृया
- समन्वय र एकता
- जनमुखीपना
- समुदाय केन्द्रित

## युवा गैर सरकारी संस्थाहरु :

युवा शब्दले मानव जीवनको उर्जाशील, सक्रिय, सम्भावनायुक्त अवस्थालाई जनाँउछ । मूलतः उमेरलाई नै युवा अवस्था हो होइन भनी छुट्टाउने आधारको रुपमा लिने गरिए तापनि संसारका

सबै देशमा युवालाई परिभाषित गर्ने उमेरमा एकरुपता भने पाइँदैन । संयुक्त राष्ट्र संघले १५ देखि २४ वर्षसम्मलाई युवाका रुपमा लिएको देखिन्छ भने संसारका विभिन्न मुलुकहरुमा १० वर्षदेखि अधिकतम ४० वर्षसम्मलाई युवा मानिएको छ । नेपालमा राष्ट्रिय युवा नीति, २०६६ ले १६ देखि ४० वर्षसम्मलाई युवा मानेको छ भने विभिन्न राजनीतिक दलहरुका युवाका उमेर सम्बन्धमा आ-आफ्नै मापदण्डहरु रहेको पाउन सकिन्छ ।

युवा परिचालन, विकास वा युवासँग सरोकार राख्ने विषयहरुलाई आफ्नो विषयक्षेत्र वा कार्यक्षेत्र बनाई क्रियाशील रहने गैर सरकारी संस्थाहरुलाई युवा गैर सरकारी संस्थाहरुको रुपमा लिन सकिन्छ । समाज कल्याण परिषद्को तथ्यांक अनुसार नेपालमा करिव ४३०० भन्दा बढी गैर सरकारी संस्थाहरु रहेको देखिन्छ । यस्तो संख्यामा बढोत्तरी हुने क्रम निरन्तर जारी नै छ। यस्ता संस्थाहरु विभिन्न देशका विभिन्न भौगोलिक क्षेत्रमा युवासँग सम्बन्धित विभिन्न विषयहरुमा कार्य गर्ने गरी दर्ता भई समाज कल्याण परिषद्मा आवद्ध भएका हुन् । युवा संस्थाहरुको कार्यक्षेत्र नै युवा विकास भएको कारण युवाहरुको विकासमा प्रभावकारी भूमिका यस प्रकारका संस्थाहरुले निर्वाह गर्न पनि सक्छन् भने सिद्धान्ततः गैर सरकारी संस्थाहरु सेवामूखी र स्वयंसेवी प्रकृतिका हुने हुनाले यिनीहरुले समाज परिवर्तनमा राम्रो योगदान समेत पुऱ्याउन सक्दछन् ।

## युवा गैर सरकारी संस्थाहरूको भूमिका :

युवाका क्षेत्रमा कार्य गर्ने गरी स्थापना र सञ्चालन भएका गैर सरकारी संस्थाहरुले युवा विकास, युवा परिचालनका साथै युवाको सशक्तीकरणका लागि विभिन्न प्रकारका कार्यहरु गर्नु पर्ने हो । आम युवाहरुलाई संगठित गरी युवा आवाजलाई मुखरित गर्नुका साथै सम्बन्धित निकायमा आम युवाको प्रतिनिधित्व गर्ने कार्यमा समेत यस्ता संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । युवामा रहेको उर्जाको सकारात्मक उपयोग गरी विभिन्न रचनात्मक र सिर्जनशील भूमिकालाई प्रोत्साहन गर्दै युवामा सकारात्मक सोच अभिवृद्धि गर्ने कार्यमा समेत युवा संस्थाहरुको भूमिका रहने गर्दछ । विभिन्न क्षेत्रमा रहेका स्रोतको परिचालन गरी युवा विकासका क्षेत्रमा त्यस प्रकारका स्रोतहरुको उपयोग गरी युवाको विकासमा योगदान पुऱ्याउन सक्दछन् । युवाहरुलाई लक्षित गरिएका विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाउनु, त्यस्ता कार्यक्रम युवाका पक्षमा अधिकतम हित हुने गरी सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु, युवाका क्षेत्रमा आवश्यक नीति योजना तथा कार्यक्रमका बारेमा, युवाका हक र अधिकारका विषयमा बहस, पैरवी गर्नु, युवाका लागि विभिन्न निकायहरुबाट कार्यक्रमहरुका सम्बन्धमा अनुगमन, निरीक्षण गर्नुका साथै यस सम्बन्धमा पृष्ठपोषण प्रदान गर्नुका साथै तोकिएका कार्यक्रमहरु पूर्व निश्चित गरिए बमोजिम सञ्चालन भए नभएको हेर्ने कार्य समेत युवा गैर सरकारी संस्थाहरुले गर्न सक्छन् । यस प्रकारका विभिन्न गतिविधिहरु र भूमिकामा संलग्न रहँदा युवा गैर सरकारी संस्थाहरुले आफ्ना जिम्मेवारी र उत्तरदायित्वलाई भुल्न नहुने त छँदैछ । कार्यसञ्चालनमा पारदर्शिता, निर्णय प्रक्रियामा सहभागिता, आर्थिक विषयमा जवाफदेहीपूर्ण रुपमा एवं पारदर्शी रुपमा कार्य गरी संस्थागत सुशासन कायम गर्नु भने अत्यावश्यक छ । संस्थाहरु आफैमा इमान्दार, जवाफदेही र उत्तरदायी भएमा मात्र Watch Dog को सैदान्तिक भूमिका राम्ररी निर्वाह गर्न सक्छन् ।

## हालको अवस्था :

युवाका क्षेत्रमा उल्लेख्य संख्यामा संघ संस्थाहरु सक्रिय रहेका छन् । मनग्य संख्यामा रहेका

यस्ता संस्थाहरुले युवा विकास र परिचालनको क्षेत्रमा अपेक्षित योगदान पुऱ्याउन सकेका छन त ? यो महत्वपूर्ण सवाल रहेको छ । केही युवा संस्थाहरुले आफ्नो कार्यमा राम्रै प्रयास गरेका देखिए तापनि अधिकांश युवा संस्थाहरुको अवस्था उत्साहप्रद भएको पाइँदैन । कतिपय युवा संस्थाहरु संस्थाका पदाधिकारीहरुको झोलाबाट संचालन हुने झोले संस्थाका रुपमा छन् भने पारिवारिक घेराबाट माथि उठ्न नसकेका संस्थाहरुको संख्या पनि थोरै छैन । यसका अलावा आफ्नो स्वार्थमा केन्द्रित रहेर सक्रिय संस्थाहरु पनि नभएका होइनन् । स्वयंसेवीपना, गैर नाफामुखी, सार्वजनिक हित, प्रजातान्त्रिक प्रकृया र समुदाय केन्द्रित जस्ता गैर सरकारी संस्थाहरुका गुणयुक्त वास्तविक संस्थाहरु निकै कम मात्रामा रहेका पाइन्छन् । आफ्नो मौलिक चरित्र भन्दा बाहिर गएर सेवालाई भन्दा फाइदालाई महत्व दिने गरेका पनि पाइन्छन् भने अन्यलाई पारदर्शी हुन सिकाउने यस्ता संस्थाहरुको व्यवहार आफैमा पारदर्शी समेत हुने गरेका छैनन् ।

देशभरमा ४० हजारभन्दा बढी गैर सरकारी संस्थाहरु दर्ता भएका छन् भने यीमध्ये आधाभन्दा बढीले कुनै न कुनै रुपमा वैदेशिक स्रोत परिचालन गर्ने अनुमान छ । यस प्रकारका संस्थाहरुले समाज कल्याण परिषद्मा आफ्नो कार्यक्रम स्वीकृत गराउनु पर्ने हो तर नियामक निकायको रुपमा रहेको समाज कल्याण परिषद्मा आ. व. २०६९/७० मा ५७२ वटा संस्थाहरुले मात्र कार्यक्रम स्वीकृत गराएका छन् । यस्तै गरी नेपाल रेडक्रस सोसाइटी जस्तो स्वयंसेवी र जनमानसमा लोकप्रिय संस्थाको रुपमा रहेको संस्थाको समेत बाह्य स्रोत परिचालन पारदर्शी नभएको भनी पत्रपत्रिकामा सार्वजनिक रुपमा समाचार प्रकाशित हुने गरेको छ । यस प्रकारका समस्याबाट युवा गैर सरकारी संस्थाहरु पनि मुक्त छन् भन्न सकिने अवस्था छैन ।

**छाता संगठनको अवस्था** :

युवाका क्षेत्रमा संगठित र क्रियाशील युवा संस्थाहरुको छाता संगठनका रुपमा विभिन्न नामका युवा संघ, महासंघ, संजाल जस्ता संस्थाहरु रहेका छन् । यस्ता संघ, महासंघ, संजाल आदिले विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुमा समेत युवाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरेका छन् । यस्ता छाता संगठनले आफूलाई नमूनाको रुपमा प्रस्तुत गरी समग्र युवाहरु प्रतिनिधि मात्र नभएर आस्था र विश्वासको केन्द्र समेत बनी आफूलाई उदाहरणको रुपमा प्रस्तुत गर्न सक्नु पर्ने हो । किनकि यस प्रकारका छाता संस्थाहरु केवल युवा संस्था मात्र नभएर युवा संस्थाका समेत संस्था हुन् । यस अर्थमा आम युवा संस्थाभन्दा यी संस्थाहरु पृथक हुनै पर्ने हो तर विडम्बना व्यवहारमा यसो हुन सकेको पाइँदैन । केही नगण्य संस्थाहरुबाहेक अन्य यस्ता संघ, महासंघ, संजालहरु समेत विभिन्न प्रकारका विकृतिहरुबाट ग्रस्त छन् । आफ्नो जिम्मेवारी र कर्तव्यभन्दा पनि अवसरको खोजीमा रमाउने, साघुँरो घेरामा सीमित रहने, विभिन्न स्वार्थमा लिप्त रहने, व्यक्तिगत गुटमा परिणत हुने, व्यक्तिगत टकरावले संस्थामा फुट ल्याउने, आफ्नो स्वार्थका लागि पदाधिकारीहरु बीचमै विवाद सिर्जना गर्ने, एउटै संगठन पटक पटक टुक्रिएर तत्कालै अर्को संस्था संघ महासंघकै रुपमा तत्कालै गठन गरिहाल्ने, आफूले भनेकै मात्र हुनुपर्छ भन्ने जस्ता अहम पाल्ने, आफूलाई निकै ठुलो हुँ भन्ने दम्भ प्रर्दशन गर्ने जस्ता समस्याबाट ग्रस्त रहेका देखिन्छन् । यसका अलावा राजनीतिक रंगमा रंगिने पनि अर्को नकारात्मक पक्ष हो । यस्ता प्रवृत्तिहरुले युवा संस्थाहरुलाई आफैमा प्रभावित त पार्छ नै युवा सरोकारका विषयहरुलाई समेत ओझेलमा पार्ने गरेको छ जसबाट नेपालको युवा आन्दोलन नै गतिहीन र दिशाहीन हुन पुगेको देखिन्छ । यस प्रकारका संस्थाहरुले आफूले राम्रो

कार्यसम्पादन गरेर अरुको विश्वास जित्न सके मात्र संस्थाको गरिमा र महत्व बढ्न जाने निश्चित छ, जसबाट युवा विकासका क्षेत्रमा समेत ठोस योगदान पुग्न जान्छ । यस अर्थमा युवा संघ महासंघको महत्वपूर्ण भूमिका रहन्छ तर यसतर्फ कमै मात्र ध्यान पुगेको र दीर्घकालको विषयमा नसोची तत्कालको लाभमा मात्र प्रायः संस्थाहरु रुमल्लिरहेका पाइन्छन् ।

**अबको बाटो** :

युवाको चासो र सरोकारको विषय कुनै एक क्षेत्रसँग मात्र सम्बन्धित रहेको छैन । Cross Cutting विषयको रुपमा रहेका युवाका आवश्यकता र सरोकारका विषयहरुमा क्रियाशील युवा गैर सरकारी संघ संस्थाहरुको भूमिका र जिम्मेवारी गहन छ । युवाहरुलाई खाली अधिकारका सवालहरु मात्र नसिकाएर कर्तव्य र जिम्मेवारी बोध गराउने तर्फ युवा संघ संस्थाहरुको ध्यान जानु अत्यावश्यक छ । यसका लागि आफूलाई युवाको प्रतिनिधि संघ संस्थाहरु हौं भनी दावी गर्नेहरुले आफ्नो व्यवहारमा रुपान्तरण गर्नु जरुरी छ । किनकि अरुलाई नेतृत्व गरी बाटो देखाउन सर्वप्रथम आफ्नो लक्ष्य गन्तव्य सोच, संस्कार र व्यवहार स्पष्ट हुनु जरुरी हुन्छ । साँघुरो घेराबाट माथि उठेर फराकिलो मन र खुला हृदयले सोच्नु पनि त्यत्तिकै आवश्यक छ जति संस्थाहरु गुट र फुटबाट जोगिनु आवश्यक छ । युवाका सवालहरुलाई सशक्त रुपमा उठाउने र युवामैत्री कार्य गर्ने युवासंस्थाहरुले आफ्नो समूहगत वा संस्थागत स्वार्थ छोडी समग्र युवाका आँखाबाट हेर्नु पनि महत्वपूर्ण विषय हो । आगामी दिनमा विगतमा भएका क्रियाकलापहरुको समीक्षा गरी सकारात्मक पक्षलाई समयअनुसार परिमार्जन गरी अगाडि बढाउनु पर्दछ भने नकारात्मक पक्षलाई अन्त्य गर्नु जरुरी छ ।

**अन्त्यमा**,

युवाहरुको सर्वाङ्गिण विकासका लागि सरकारी पक्षको साथ साथै गैर सरकारी क्षेत्रको समेत महत्वपूर्ण जिम्मेवारी र भूमिका रहन्छ । यस प्रकारको गहन जिम्मेवारी पूरा गर्न युवा संघ संस्थाहरुले आफ्नो व्यवहार र संस्कार उच्च स्तरको बनाउनु अत्यावश्यक कुरा हो । युवाका क्षेत्रमा थुप्रैको संख्यामा युवा संघ संस्थाहरु भए तापनि युवा विकासको क्षेत्रमा उनीहरुको योगदान उल्लेख्य रहेको पाउन सकिँदैन । साह्रै थोरै युवा संघ संस्थाहरुले सकारात्मक र सार्थक प्रयासको थालनी गरेका भए तापनि अधिकाँश युवा संस्थाहरु गैर सरकारी संस्थाहरुलाई लाग्ने गरेको डलरमुखी वा यस्तै आरोपबाट मुक्त छन् भन्न सकिने अवस्था नभए तापनि आगामी दिनमा यसतर्फ पहल हुनु जरुरी छ ।

■■■

**सन्दर्भ सामग्री** :

राष्ट्रिय युवा नीति -२०६६
कान्तिपुर दैनिक लगायत विभिन्न पत्रपत्रिकाका दैनिक अंकहरु

# युवा विदेश पलायन र सामाजिक असर

✍गोविन्द प्रसाद पराजुली

**पृष्ठभूमि** :

मुलुकको सर्वाङ्गिण विकासका लागि मानवीय स्रोत सबैभन्दा महत्वपूर्ण स्रोतको रुपमा रहेको हुन्छ । नेपालको जनसांख्यिक विश्लेषण गर्दा कुल जनसंख्यामा श्रमशक्तिको हिस्सा आश्रित जनसंख्या भन्दा बढी रहेको र कुल श्रमशक्तिको तीन चौथाइ हिस्सा युवाको रहेको पाइन्छ। देशको विकास तथा परिवर्तनका संवाहक युवालाई प्राथमिकता दिएर राज्यले उचित रुपमा लगानी गरी नेपालमै रोजगारी सिर्जना गर्न नसकेका कारण प्रति वर्ष लाखौंको संख्यामा नेपाली युवाहरु विदेश पलायन भइरहेका छन्। नेपालभित्र अडिने युवाहरु पनि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका अवसरको प्राप्तिका लागि जिल्ला सदरमुकाम र मुख्य शहरी क्षेत्रमा केन्द्रित हुने गरेको पाइन्छ। यसरी दिन प्रतिदिन युवाहरु ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा केन्द्रित हुने र पाए र मिलेसम्म विदेश पलायन हुने कारणबाट नेपालको खासगरी ग्रामीण क्षेत्रमा युवाको उपस्थिति शून्यप्रायः रहेको पाइन्छ । ग्रामीण क्षेत्रबाट उत्पादनशील जनशक्ति पलायन भएसँगै त्यस क्षेत्रको विकासमा गतिरोधको स्थिति सिर्जना भएको, खेतबारी बाँझो रहने गरेको, पारिवारिक विखण्डन भई गाउँमा बाँकी बूढाबूढी, केटाकेटी र महिलाहरुले सामाजिक असुरक्षाको अनुभव गर्ने गरेको पाइन्छ । युवा पलायनको कारणबाट सिर्जित प्रस्तुत समस्याहरुले अन्ततः नेपाली सामाजिक संरचनामा दीर्घकालीन असर पुग्ने देखिन्छ।

✍ शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय

**युवा बेरोजगारी तथा विदेश पलायन** :

नेपालमा वार्षिक ४ लाख ५० हजारभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्ने गरेको र मुलुकभित्र पर्याप्त रोजगारीका अवसरहरु नभएकोले दैनिक करिव १५०० व्यक्ति रोजगारीका लागि विदेशिनु परिरहेको स्थिति तेह्रौं योजनाको आधारपत्र (आ.व. २०७०/७१-२०७२/७३) ले औंल्याएको पाइन्छ । त्यस्तै, नेपालमा १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्यालाई सक्रिय रुपमा काम गर्न सक्ने श्रमशक्तिको रुपमा लिइएको छ । यस आधारमा नेपालको कुल जनसंख्याको ५६.९६ प्रतिशत जनसंख्या श्रमशक्तिको रुपमा रहेको छ । राष्ट्रिय युवा नीति, २०६६ ले १६-४० वर्षको उमेर समूहका व्यक्तिलाई युवा भनी परिभाषित गरेको छ। पछिल्लो राष्ट्रिय जनगणनाको नतिजा अनुसार नेपालमा युवाको जनसंख्या कुल जनसंख्याको ४०.३४ प्रतिशत रहेको छ । प्रस्तुत तथ्यलाई मध्यनजर गर्दा नेपालको कुल श्रमशक्तिको झण्डै ७५ प्रतिशत हिस्सा युवाको रहेको देखिन्छ। यसबाट के स्पष्ट हुन्छ भने नेपालमा उत्पादनशील मानवस्रोतको उपलब्धता प्रचूर मात्रामा रहेको छ। यो नै नेपालका लागि एक सुखद् र खुशीको पक्ष हो। सँगसँगै अर्को दुःखदायी पक्ष के छ भने मुलुक लामो समयसम्म राजनीतिक अस्थिरताबाट गुज्रिएका कारण उपलब्ध मानवीय स्रोतको प्रभावकारी व्यवस्थापनमा रत्तिभर ध्यान पुऱ्याउन नसक्नु, भए गरेका उद्योग पनि प्रतिकूल वातावरणका कारण एकपछि अर्को गरी

बन्द तथा धरासायी हुँदै जानु, नयाँ उद्योग स्थापना तथा विस्तारमा विराम लाग्नु र निजी क्षेत्रको सुदृढीकरण हुन नसकी स्वदेशमा रोजगारका अवसर उपलब्ध गराउन नसकिएका कारण आज नेपाली श्रम बजारमा प्रवेश गर्ने कुल श्रमशक्तिमध्ये करिव ९५ प्रतिशत श्रमशक्ति बाहिर पलायन हुने गरेको छ।

प्रति वर्ष श्रम बजारमा प्रवेश गर्ने कुल श्रमशक्तिमध्ये ५० हजार जनालाई स्वदेशमै रोजगारी प्रदान गर्ने नीतिगत व्यवस्था गरिए तापनि सो बमोजिमको तयारी र रोजगारको सुनिश्चितता प्रदान गरिएको पाइँदैन । रोजगार प्रदान गर्ने उद्योग, कलकारखाना र निजी क्षेत्रको सुदृढीकरण नहुँदा प्रति वर्ष लक्षित ५० हजार जनाका दरले स्वदेशमै रोजगारको अवसर पाउने अवस्था देखिँदैन । हाल प्रति वर्ष श्रम बजारमा भित्रिने कुल श्रमशक्तिको करिव ५ प्रतिशतले मात्र रोजगारी प्राप्त गर्ने अवस्थालाई वृद्धि गरी १० प्रतिशतभन्दा बढी पुर्‍याइएमा मात्र प्रति वर्ष ५० हजारलाई स्वदेशमै रोजगारी दिने सरकारको लक्ष्य पूरा हुन सक्छ । यस्तो परिवेशमा प्रति वर्ष नेपाली श्रम बजारमा भित्रिने अन्य ४ लाख श्रमशक्तिलाई राज्यले सम्बोधन गर्न नसक्दा नेपालको श्रमशक्ति एवं राष्ट्र निर्माणका धरोहर युवा विदेश पलायन हुनुको तत्काल वैकल्पिक व्यवस्था अपनाउने तर्फ सरकार चुकेको देखिन्छ । जसले गर्दा उच्च तथा मध्यम वर्गीय युवा युरोप, अमेरिका, अष्ट्रेलिया, जापान आदि देशमा, निम्न मध्यम वर्गका युवा खाडी राष्ट्र, मलेसिया, मध्यपूर्वी आदि देशमा र निम्न वर्ग अर्थात गरिबीको रेखामुनि रहेका, ऋण धन गर्न मुस्किल पर्ने युवा भारतमा पलायन हुँदा राज्यले उच्च, मध्यम र आधारभूत स्तरको जनशक्तिलाई गुमाउनु परेको छ ।

देश विकासको महत्वपूर्ण स्रोतको रुपमा रहेको युवाशक्तिलाई राज्यले प्रभावकारी रुपमा उपयोग गरी अर्थतन्त्रलाई सबल बनाएर नेपाललाई सन् २०२२ सम्ममा अति कम विकसित राष्ट्रको कोटीबाट विकासशील राष्ट्रको पंक्तिमा उभ्याउने लक्ष्य प्राप्तिको दिशामा राज्य अगाडि बढ्नु पर्नेमा नेपालको कुल ग्राहस्थ उत्पादनमा विप्रेषणको योगदान झण्डै एक चौथाइ रहेको र यसले देशको अर्थतन्त्रलाई धान्ने गरेको, गरिबी निवारणमा टेवा पुर्‍याएको, वैदेशिक मुद्रा सञ्चिति बढेको, बैंकमा निक्षेप बढेको भनी प्राप्त विप्रेषणबाट अझै उच्च प्रतिफल प्राप्त गर्ने लालसामा अझै पनि विदेशमा दक्ष जनशक्ति पठाउन प्रोत्साहन गर्ने विरोधाभासपूर्ण नीति अवलम्बन गर्नु विडम्बनापूर्ण रहेको छ । तर प्राप्त विप्रेषणको करिव ८० प्रतिशत रकम दैनिक उपभोगमा खर्च हुने र विदेशबाट भित्रिने विप्रेषणभन्दा २ गुणा बढी रकम नेपालबाट बाहिरिँदा वैदेशिक रोजगारबाट देशले उल्टो घाटा व्यहोरिरहेको तथ्यप्रति वास्ता नगर्ने प्रवृत्तिले देशको विकास होइन अपितु अधोगति हुने सम्भावना बढेको कुरालाई नकार्न सकिँदैन । यसको ज्वलन्त उदाहरण फिलिपिन्स जस्तो देशलाई लिन सकिन्छ । जसले वैदेशिक रोजगार नीतिलाई प्राथमिकताका साथ लागू गर्दा हिजो ४० वर्षअगाडिको विकसित देश आज कसरी एकाएक अति कम विकसित देशको स्तरमा खस्कन थालेको छ, सहजै अनुमान गर्न सकिन्छ ।

हाम्रो जस्तो अति कम विकसित राष्ट्रका लागि वैदेशिक रोजगार पद्धति सोह्रै आना गलत हो भनी निरपेक्ष ढंगबाट यस लेखमा तर्क प्रस्तुत गर्न खोजिएको होइन बल्कि यहाँ उल्लेख गर्न खोजिएको कुरा त हालको वैदेशिक रोजगारलाई प्रवर्द्धन गर्ने नीतिलाई क्रमशः परिमार्जन तथा परिवर्तन गरेर नेपाली युवालाई स्वदेशमै स्वरोजगार बन्ने, आयआर्जन गर्ने र उनीहरुमा उद्यमशीलताको विकास गर्ने यथेष्ट व्यवस्था गरी देश विकासको महत्वपूर्ण सहयात्री बनाउने नीति अख्तियार गर्नु पर्ने आवश्यकतातर्फ जोड दिइएको हो ।

**विदेश पलायनबाट सिर्जित सामाजिक असर :**

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले आश्रित परिवारको आधारभूत आवश्यकताको परिपूर्ति गर्न, वैदेशिक लगानी, ज्ञान तथा प्रविधि भित्र्याई समाजको विकास गर्न र देशको अर्थतन्त्रमा टेवा पुऱ्याई मुलुकको गरिबी निवारणमा महत्वपूर्ण सहयोग पुऱ्याउने भए तापनि यसको प्रभावबाट सिर्जित समस्याहरु बहुआयामिक हुने, सामाजिक संरचनामा यसले दीर्घकालीन असर पार्ने र त्यसको मूल्य असाध्यै चर्को हुने कुरामा अधिकाँश मानिसहरु सहमत भएको पाइन्छ ।

युवामा उच्च क्षमता, साहस, आत्मविश्वास, क्रियाशीलता जस्ता गुणहरु निहित हुने भएकोले उनीहरुलाई सामाजिक, साँस्कृतिक, आर्थिक आदि पक्षहरुको विकासको आधार तथा राष्ट्रको धरोहरको रुपमा लिइन्छ । यस्तो साधन तथा स्रोतलाई राज्यले गुमाउनु भनेको पहिलो कुरा राज्यको उत्पादकत्वमा कमी आउनु, आर्थिक वृद्धिमा कमी आउनुका साथै समग्र राष्ट्रको विकासमा गतिरोध पैदा हुनु हो ।

दोस्रो कुरा युवालाई राज्यले गुमाउनु भनेको निजको पारिवारिक तथा सामाजिक विच्छेदन हुनु हो । परिवार तथा समाजको विकासमा गत्यावरोध पैदा हुनु हो । युवा विदेश पलायन हुँदा घर परिवारमा रहने आश्रित वृद्धवृद्धा, बालबालिका र महिलाले सामाजिक असुरक्षाको महसुस गर्ने, मानसिक तनावका कारण सिर्जनशील कार्यहरु गर्न नसक्ने, डिप्रेशन पैदा भई त्यसको असर बालबालिकाको स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा पर्ने, दम्पती सँगै नभएको कारण प्रजनन् दरमा गिरावट आउने, वंश निरन्तरतामा सुस्तता आउने, खेतबारी बाँझै रही उत्पादकत्व घट्ने, घरखर्च बढ्ने, कामका लागि बाहिर गएको व्यक्तिले काम गर्ने वातावरण प्रतिकूल भएमा बिरामी पर्ने, चोटपटक लागी अङ्गभङ्ग हुने, मृत्यु हुनेसम्मको समस्या आइपर्न सक्छ ।

तेस्रो कुरा विदेशमा रोजगारमा गएको व्यक्तिमा खुला समाजमा समायोजन हुने नाममा धर्म, नैतिकता, आहारविहार आदिमा विचलन आई फजुल खर्च गर्ने, दुर्व्यसनमा फस्ने, मदिरा सेवन गर्ने, जेल पर्ने, पारिवारिक बेमेल बढ्ने, गर्भपतन गर्ने, वहुविवाह गर्ने, सम्बन्ध विच्छेद गर्ने, आत्महत्या गर्नेसम्मका सामाजिक समस्या तथा विकृति पैदा हुन सक्छन् । यसर्थ विदेश पलायनबाट सिर्जित असर वहुआयामिक प्रकृतिको हुने हुँदा यसको असर यही र यस्तै हुन्छ भनी खुट्याउन कठिन हुन्छ ।

**निस्कर्ष :**

नेपालमा रोजगारी सिर्जना गर्न नसकेकै कारण प्रति वर्ष लाखौंको संख्यामा नेपाली युवाहरु विदेश पलायन भइरहेका छन् । वैदेशिक रोजगार रहर नभई नेपालीको बाध्यता भएको र विप्रेषण युवा वर्गको पीडाको अनुहार हो । नेपाली युवाहरु सस्तोमा श्रम बेची आफ्नो उर्जाशील समय विदेशी भूमिमा सिञ्चित गरिरहेका र त्यसबापत भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्रलाई राहत प्रदान गरे तापनि यसको सामाजिक मूल्य चर्को रहेको छ । यसर्थ विद्यमान वैदेशिक रोजगारलाई प्रवर्द्धन गर्ने नीतिमा क्रमशः परिमार्जन तथा परिवर्तन गरी नेपाली युवालाई स्वदेशमै स्वरोजगार बन्ने र उनीहरुमा उद्यमशीलताको विकास गर्ने पर्याप्त व्यवस्था गरी देश विकासको महत्वपूर्ण सहयात्री बनाउन सरकार, निजी क्षेत्र, सामाजिक संघ-संस्था एवं नागरिक समाजलगायत युवा स्वयंको महत्वपूर्ण भूमिका हुनेमा दुईमत हुन सक्दैन ।

# नेपालमा युवा र रोजगारीको अवस्था

✍सहदेव गौतम

बालापन पार गरेको, बुढेसकालले नछोएको, जुझारुपनाले भरिपूर्ण एवं केही गरौं भन्ने सिर्जनशील सोच भएका मानव समुदायलाई युवाको समूहमा समावेश गर्ने गरिन्छ । विश्वमा खासगरी उमेर समूह अनुसार युवालाई परिभाषित र वर्गीकरण गरिए तापनि त्यो एकनासको छैन । हरेक देशले युवाको आफ्नै परिभाषा र उमेर समूह निर्धारण गरेको छ। हाम्रो छिमेकी देश भारतले १५-३५ उमेर समूहलाई युवा मान्छ, चीन त्यसैलाई १८-३५ ठान्छ, त्यसैगरी श्रीलंका र पाकिस्तानले त्यो उमेर समूह १५-२९ हुनुपर्छ भन्छ। उता अमेरिका युवाको लागि १४-३५ को दायरा तोक्छ । अर्कातिर स्वास्थ्यका दृष्टिकोणबाट विश्व स्वास्थ्य संगठन १०-२४ उमेर समूह नै युवा हुन् भनी परिभाषित गरिरहँदा संयुक्त राष्ट्रसंघले १५-२४ उमेर समूहको जनसंख्यालाई युवाको परिभाषामा समेटेको छ। नेपालको सन्दर्भमा राष्ट्रिय युवा नीति, २०६६ ले १६-४० उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गीको जनङ्ख्यालाई युवाको संज्ञा दिएको छ । यसै सन्दर्भमा “माउ पनि युवा बाउ पनि युवा” भनेर नेपालमा युवाको परिभाषाले समेटेको उमेर समूह बृहत् भयो भन्ने तर्क पनि छ। युवा के हो ? भनेर सिक्ने ‘बालयुवा’ पनि ‘युवा’ अनि ‘युवा’ सोच राख्ने ‘बृद्ध’ पनि ‘युवा’ नै हुन्छ भन्ने बौद्धिकहरुको पनि कमी छैन । १६ वर्षे बाल युवा र ४० वर्षे परिपक्व युवाबीचमा धेरै शारीरिक, मानसिक, संवेगात्मक, वैचारिक भिन्नता, सोच, संस्कार अनि कार्यशैलीमा पनि ठूलो अन्तर रहेको पाइन्छ । त्यसैले युवाहरुलाई परिभाषित, परिचालित अनि कार्यक्रमहरु सञ्चालन गर्दा युवा नीतिले गरेको बृहत् परिभाषालाई समग्रतामा मात्र हेर्ने हो भने अपेक्षित उपलब्धि हासिल नहुन पनि सक्छ । १६ वर्षे युवाले ४० वर्षे युवा गन्दैन, २५ वर्षेको कुरा ३५ वर्षेसँग मिल्दैन । तथापि सक्रियता र समाजमा पुऱ्याउन सक्ने योगदानको आधारमा फरक ढंगले युवालाई परिभाषित गर्ने परिपाटी पनि विद्यमान रहेको छ । समग्रमा नेपालको सन्दर्भमा युवाको उमेर समूहको बारेमा पुनरावलोकन एवं पुनः विश्लेषण गर्ने बेला आइसकेको अवस्था छ ।

## उमेर समूह

१६-२५ : उच्च शिक्षा हासिल गर्ने, सीप विकास, संस्कारयुक्त बन्ने उमेर

२५-३५ : सीप सदुपयोग गर्ने, संस्कारको विकास गर्ने, विकासको मूल प्रवाहमा लाग्ने उत्पादनशील उमेर

३५-४० : नेतृत्वकर्ता, सुधारको बाटोमा लाग्ने, नीति निर्माण, योजना तर्जुमा गर्ने उमेर

नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा १६-४० को जनसंख्याको आकार यस्तो रहेको छ :

| उमेर समूह | पुरुष | महिला | कुल | प्रतिशतमा (कुल जनसंख्याको) |
|---|---|---|---|---|
| १६ | ३२०२४२ | ३२५८५० | ६४६०९२ | २.४३९ |
| १७ | २६४१०९ | २७३३३९ | ५३७४४८ | २.०२९ |
| १८ | ३३८७१६ | ३४४९०८ | ६८३६२४ | २.५८० |

✍ क.अ., युवा तथा खेलकुद मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| १९ | १९३६३४ | २१८६५७ | ४१२२९१ | १.५५६ |
| २० | २७८९७२ | ३३५५०६ | ६१४४७८ | २.३१९ |
| २१ | १७६५५८ | २१३५८२ | ३९०१४० | १.४७३ |
| २२ | २४१११५ | ३०३०५७ | ५४४१७२ | २.०५४ |
| २३ | १६७१०९ | २२५६३३ | ३९२७४२ | १.४८२ |
| २४ | १८०२२७ | २३६३१२ | ४१६५३९ | १.५७२ |
| २५ | २६८०२९ | ३४४३३३ | ६१२३६२ | २.३११ |
| २६ | १६८८७२ | २१९३८१ | ३८८२५३ | १.४६५ |
| २७ | १५७८४६ | १९७२३० | ३५५०७६ | १.३४० |
| २८ | २१४७२१ | २७६९७१ | ४९१६९२ | १.८५६ |
| २९ | १०७७७५ | १२४१९६ | २३१९७१ | ०.८७६ |
| ३० | २९३२३३ | ३७८८४३ | ६७२०७६ | २.५३७ |
| ३१ | ९२८६० | १०५१३९ | १९७९९९ | ०.७४७ |
| ३२ | १७६७४७ | २१४२५१ | ३९०९९८ | १.४७६ |
| ३३ | १०२७७१ | १३५६७० | २३८४४१ | ०.९०० |
| ३४ | १०४९६६ | १३०८२५ | २३५७९१ | ०.८९० |
| ३५ | ३०५३०० | ३४५८४५ | ६५११४५ | २.४५८ |
| ३६ | १२२३९० | १४३२८२ | २६५६७२ | १.००३ |
| ३७ | ९१९३० | १०५६९२ | १९७६२२ | ०.७४६ |
| ३८ | १४४३९२ | १८१४६५ | ३२५८५७ | १.२३० |
| ३९ | ७६१८८ | ८७८३५ | १६४०२३ | ०.६१९ |
| ४० | ३०२१८२ | ३३११५६ | ६३३३३८ | २.३९० |
| १६-४० | ४८९०८८४<br>९१८.४६%० | ५७९८९५८<br>९२१.८९%० | १०६८९८४२<br>९४०.३५%० | ४०.३५ |

## युवा जनसंख्याको तथ्यांकगत विश्लेषण :

नेपालको कुल जनसंख्या २६४९४५०४ रहेकोमा पुरुष र महिलाको जनसंख्या क्रमशः १२८४९०४१ १३६४५४६३ रहेको छ । जसमा नेपालको राष्ट्रिय युवा नीति, २०६६ ले परिभाषित गरेको युवा (१६-४०) को कुल जनसंख्या १०६८९८४२ रहेको छ, जुन कुल जनसंख्याको ४०.३४ प्रतिशत हो, जसमध्ये महिला २१.८९ प्रतिशत एवं पुरुष १८.४६ प्रतिशत रहेको देखिन्छ। नेपालको लिङ्ग अनुपात ९४.१६ रहेको छ भने युवा उमेर समूहको मात्र लिङ्ग अनुपात ८४.३४ रहेको पाइन्छ। यसरी हेर्दा समग्र नेपालको जनसंख्यामा पनि प्रति सय महिलामा ९४ पुरुष तथा युवा उमेर समूहमा प्रति सय महिलामा ८४ पुरुष रहेको देखिन्छ। त्यसैले युवा सम्बन्धी नीति तथा कार्यक्रमहरु सञ्चालन गर्दा यो तथ्यलाई आधार बनाएर सञ्चालन गरिनुपर्दछ।

देशको कुल जनसंख्याको करिब ४०.३४ प्रतिशत रहेको युवा जनसंख्याले देशको जनसंख्याको संरचना, वितरण तथा जनसंख्या नीतिमा प्रत्यक्ष प्रभाव पार्दछ भने समग्र देशको नीति तथा कार्यक्रममा समेत यो समूहको विशेष भूमिका रहेको हुन्छ। १६-४० को उमेर समूहभित्र पनि हेर्ने हो भने सबैभन्दा बढी जनसंख्या १८ वर्ष उमेरको रहेको छ भने १६, १७, २०, २५, ३०, ३५, ४० वर्षका युवाहरुको जनसंख्या पनि कुल जसंख्याको २ प्रतिशतभन्दा माथि रहेको छ। यसरी हेर्दा युवाहरुको जनसंख्या पनि उमेरअनुसार समान वितरण रहेको पाइँदैन, त्यसैले युवा सम्बन्धी विभिन्न गतिविधिहरु सञ्चालन गर्दा एवं उक्त जनसंख्याको विश्लेषण गर्दा उमेरअनुसार पनि गरिनु पर्दछ।

## १६-२५, २६-३५ र ३६-४० उमेर समूहका युवाले गर्ने के ?

सामान्यतया १६-४० उमेर समूहलाई तीन उमेर समूहमा विभाजन गर्ने हो भने १६-२५, २६-३५ र ३६-४० उमेर समूहमा विभाजन गरी हेर्न सकिन्छ। यसरी हेर्दा १६ देखि २५ वर्ष उमेर समूहको जनसंख्या करिव १९.८२ प्रतिशत रहेको छ, त्यसैगरी २६-३५ उमेर समूहको जनसंख्या कुल जनसंख्याको करिव १४.५५ प्रतिशत एवं ३६-४० उमेर समूहको जनसंख्या कुल जनसंख्याको करिव ५.९९ प्रतिशत रहेको देखिन्छ। त्यसैले देशको युवाको बारेमा कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा यो तथ्यलाई हृदयंगम गरिनु पर्दछ। यसरी हेर्ने हो भने सामान्यतया १६-२५ उमेर समूह भनेको सीप हासिल गर्ने, उच्च शिक्षा अध्ययन गर्ने उमेरको रुपमा लिन सकिन्छ। त्यसैले यस उमेर

समूहका युवाहरुको संवेदनशीलता, भावना र चाहना बमोजिमका क्रियाकलाप सञ्चालन गरिनु पर्दछ भने अर्कोतर्फ सामाजिक उत्तरदायित्व र जिम्मेवारीलाई वोध गराउँदै नैतिकवान् र चरित्रवान् एवं देशभक्त नागरिक बन्न उत्प्रेरित गरिनु पर्दछ । शारीरिक विकास तथा यौनिक हिसाबले पनि यो उमेर समूह संवेदनशील भएको हुनाले यौन शिक्षा, जनसंख्या शिक्षा तथा जिवनोपयोगी सीप विकासको अवसर समेत यसै उमेरमा प्रदान गरिनु पर्दछ। अर्कातर्फ २६ देखि ३५ उमेर समूह भनेको उत्पादनशील क्षेत्रमा संलग्न हुने, आय आर्जनका क्रियाकलापमा संलग्न हुने, नेतृत्व क्षमता विकास गर्ने तथा पारिवारिक र सामाजिक उत्तरदायित्व समेत बहन गर्नुपर्ने भएको हुँदा यस उमेर समूहका युवाहरुका लागि सोही बमोजिमको उद्यमशीलता तथा रोजगारीका अवसरहरुको सिर्जना हुने खालका क्रियाकलाप सञ्चालन गरिनु उपयुक्त हुन्छ। आर्थिक उत्पादन र आय आर्जनको उमेर भएको हुँदा राज्यले लगानी, उद्यमशीलता र रोजगारीको उपयुक्त वातावरण सिर्जना गरिनुपर्दछ। त्यसैगरी ३६-४० उमेर समूहका युवाहरु आर्थिक रुपमा सक्रिय उमेर नै भएको हुँदा आर्थिक उपार्जनका साथै नेतृत्व गर्ने, नीति निर्माणमा संलग्न हुने तथा योजना तर्जुमा गर्ने बाटोमा अग्रसर हुनु पर्ने देखिन्छ, भलै अन्य उमेर समूहका युवाहरुले पनि नेतृत्व क्षमता विकास गर्ने तथा नीति निर्माणमा आवश्यकता अनुसार संलग्न हुने गर्दछन् तर विशेष गरी युवाहरुको सन्दर्भमा ३६-४० उमेर समूहले अनुभव पनि हासिल गरिसकेको हुने तथा परिवपक्व पनि भएको हुने हुँदा नीति निर्माण, योजना तर्जुमा, अनुसन्धान र समग्र युवाहरुको नेतृत्व गर्नु जाहेज देखिन्छ ।

## रोजगारीको अवस्था :

विश्व युवा जनसंख्याको करिव ८५ प्रतिशत युवा विकासशील देशमा बसोबास गर्छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार सक्रिय जनसंख्या अर्थात १५-५९ वर्ष उमेर समूहको जनसंख्या करिव ५६.९६ प्रतिशत रहेको देखाएको छ भने विदेशमा बसोबास गर्ने जनसंख्या करिव १९२१४९४ रहेको तथ्य पाइन्छ, जुन २०५८ सालको जनगणना अनुसार त्यो संख्या ७६२१८१ रहेको देखिन्छ । यसरी अधिकाँश जनसंख्या सक्रिय जनसंख्या युवा वर्ग हुनु एकातर्फ सकारात्मक छ भने ती युवाहरुलाई उपयुक्त रोजगारीको अवसर सिर्जना गर्न नसक्नु तथा उत्पादनशील क्षेत्रमा लगाउन नसक्नु देशको आर्थिक विकासको प्रमुख समस्या बनेको छ । नेपालमा वार्षिक करिब ५ लाख जनशक्ति श्रम बजारमा प्रवेश गर्दछ, जसमध्ये करिव ५० हजारलाई मात्र नेपालमै रोजगारीको अवसर दिलाउन सकिएको छ। अधिकाँश जनशक्ति विदेशमा सस्तो श्रम बेच्न तथा जोखीमपूर्ण कार्यमा संलग्न हुन बाध्य छ । त्यसैगरी देशमा न्यूनमात्रामा दक्ष जनशक्ति उत्पादन हुनु, भएको दक्ष जनशक्ति विदेश पलायन हुनु, अधिकाँश अदक्ष जनशक्ति विदेशमा कष्टपूर्ण जीवन बाँच्न बाध्य छ भने नेपालमा भएका दक्ष, अर्धदक्ष जनशक्तिको पनि व्यवस्थापन गर्न सकिएको छैन । अझ भन्ने हो भने देशमा औद्योगीकरण तथा तिब्र आर्थिक वृद्धि गर्न नसक्दा शैक्षिक बेरोजगारहरुको संख्या दिनानुदिन बढ्दो छ। ब्यापार घाटा बढ्दो छ, विकास क्रियाकलाप सुस्ताउँदो छ, बेरोजगारीले चरमचुली छोइसक्यो । देशको आजको आर्थिक वृद्धि तथा रोजगारीको यथार्थ चित्र यही हो । आज डिग्रीको सर्टिफिकेट लिएको युवा सर्टिफिकेट सिरानी हालेर खाडीमुलुकको सपना देख्न बाध्य छ। उता विदेशमा कामको सिलसिलामा मृत्युवरण गरेका युवाहरुको शव नेपाल भित्रिने क्रम पनि रोकिएको छैन । उता वैदेशिक रोजगारीको कारण सामाजिक विचलन, उपभोगवादी संस्कृति मौलाएको तथा

पारिवारिक तनाव सिर्जना गरेको तर्फ पनि ध्यान जानु पर्ने देखिन्छ । यसरी उच्च बेरोजगारी बढ्नुमा नेपालको शिक्षा प्रणालीमा पनि त्रुटि रहको तर्क प्रस्तुत गर्ने जमात पनि बढ्दो छ । रोजगारीलाई प्रत्यक्ष असर पार्ने/गर्ने तत्वमध्ये शिक्षा, देशको सामाजिक आर्थिक अवस्था, श्रम बजारमा प्रवेश गर्ने जनशक्तिमा रहेको सीपलगायतका अन्य आर्थिक, सामाजिक तत्वहरु प्रमुख रुपमा आउँछन् ।

नेपालको हालको साक्षरता दर करिव ६५.९ प्रतिशत रहेको छ भने पुरुष साक्षरता ७५.१ प्रतिशत एवं महिला साक्षरता ५७.४ प्रतिशत रहेको छ । त्यसैले राज्यको तर्फबाट यस तथ्यलाई आधार मानेर राज्यको नीति तथा कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ । त्यसै गरी नेपालमा शैक्षिक स्तरको लेखाजोखा गर्ने हो भने करिव ३९ प्रतिशत व्यक्तिहरुले प्राथमिक तह उत्तीर्ण गरको पाइन्छ भने करिव १०.२ प्रतिशतले निम्न माध्यमिक र प्रवेशिका परीक्षा उत्तीर्ण गरेको तथ्य पाइन्छ । त्यसै गरी करिव ४.२ प्रतिशतले मात्र उच्च शिक्षा हासिल गरेको देखिन्छ भने शैक्षिक बेरोजगारको संख्या पनि बढ्दो छ । अर्कोतर्फ करिव ३५ प्रतिशत महिलाहरुले विवाहकै कारण विद्यालय छोड्ने गरेको पाइन्छ । यसरी हेर्दा अधिकांश विद्यार्थीले विभिन्न आर्थिक, सामाजिक र पारिवारिक कारणले प्राथमिक तहबाटै विद्यालय छोड्ने गरेको पाइएको छ । त्यस्तै नि.मा.वि. तह, प्रवेशिकापछि उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको संख्या अझ घट्दो रहेकोले उच्च शिक्षा हासिल गरेको दक्ष जनशक्ति उत्पादन हुने सम्भावना कम देखिन्छ । बाँकी रहेका बीचैमा विद्यालय छोड्ने युवा तथा बालबालिकाहरु कोही कृषिमा रुमलिएका छन्, कोही अध्यारो भविष्य लिएर भौंतारिरहेका छन् भने १५/१६ वर्ष उमेर पुगेकाहरु विभिन्न विकृतिमा संलग्न भएका छन् र हाल आएर यस्ता युवाहरु गलत बाटोमा लाग्ने, लागू पदार्थ दुर्व्यसन, गुण्डागर्दी तथा सामाजिक विचलनका बाटामा लागेको पाइन्छ । यसरी उच्च शिक्षा हासिल गर्न नसकेका, योग्यता र क्षमता अनुसारको अवसर प्राप्त गर्न नसकेका तथा उपयुक्त संस्कार प्राप्त गर्न नसकेका युवाहरु गलत बाटोमा लाग्नाले यिनीहरुको व्यवस्थापन ठूलो चुनौतिको रुपमा खडा भएको छ ।

अधिकाँश युवाहरु आफ्नो देशको राजनीतिक र सामाजिक परिस्थिति एवं अवस्थाले राम्रोसँग काम नगरेको वा सर्वमान्य प्रणाली विकसित नभएको तर्क गर्छन् तर राष्ट्रियता वा देशभक्तिलाई भने रोक्न सक्दैनन् अर्थात युवाहरु राष्ट्रिय एकता, सामूहिक पहिचान, सामाजिक परिचय तथा आफ्नो संस्कारमा गर्व गर्छन्, त्यसमा अपनत्वको महसुस गर्छन् । यस्तो युवाको देशभक्त भावनालाई मनन गर्दै उनीहरुको उर्जावान् र क्षमतावान् शक्तिलाई देश विकासको पक्षमा उपयोग गर्नु पर्दछ । प्रायः युवाहरुको सोच आफूजस्ता युवाहरुको समूहलाई सरकारले वास्ता नगरेको र आफूहरु विद्रोही मानसिकताबाट उत्प्रेरित रहेको भाव प्रकट गर्दछन् । आन्दोलन, द्धन्द वा विद्रोह गैरकानूनी कार्य भए तापनि कतिपय गैरकानूनी क्रियाकलापहरु पनि कानूनी शासनको पक्षमा युवाहरुले उठाएको विद्रोहको आवाज हुन सक्दछ, त्यसलाई राज्यले मनन गर्नुपर्दछ । विशेष गरी हाम्रो अहिलेको जस्तो संक्रमणकालीन समयमा यस्ता आवाजहरु बुलन्द हुन सक्छन्, जसमा राज्यको विशेष चासो जानु जरुरी छ ।

उच्च शिक्षा हासिल गर्ने जनशक्तिको लागि रोजगारी प्राप्त गर्न झन गाह्रो देखिन्छ । उनीहरुलाई आफू अनुकुलको रोजगारी प्राप्त गर्न निकै कठिन रहेको छ भने अशिक्षित र कम शिक्षित वर्गले रोजगारीको स्तर नहेरी श्रम बजारमा प्रवेश गर्ने हुनाले उनीहरुलाई हाम्रो जस्तो देशमा रोजगारी प्राप्त गर्न कठिन भने छैन भलै त्यो दीर्घकालीन र उच्च आम्दानीयुक्त नहोस् । शहरी भेगमा राम्रो

स्तरको र उच्च आम्दानी हुने खालका रोजगारी भेटिन्छन् तर रोजगारी प्राप्त गर्न निकै कठिन छ भने अर्कोतर्फ आम्दानी अनुसारको महँगी एवं खर्च बढ्दो छ। शहरी भेगको मूल्यांकन गर्ने हो भने उच्च शिक्षा उच्च बेरोजगारीको समस्या विद्यमान छ तर यही प्रसंग ग्रामीण भेगमा अशिक्षित युवा वर्ग तथा महिलाहरुले कृषि क्षेत्रमा सजिलै रोजगारी प्राप्त गर्छन् तर उनीहरुको न्यून आय हुने हुँदा बेरोजगारीको समस्या झन बढेको पाइन्छ । ग्रामीण भेगमा कृषि पेशा बढी अपनाइने भएको, बाल श्रम पनि कृषि रोजगारीमा संलग्न हुनुपर्ने र आर्थिक स्तरका कारण विद्यालय नियमित नहुने वा छाड्ने प्रवृत्ति हावी हुँदै गएकाले विद्यालय सञ्चालनको तालिका कृषिकार्य मैत्री हुनु आवश्यक छ ।

**युवा रोजगारीको वर्तमान अवस्था (सरकारको नीतिगत, कानूनी व्यवस्था तथा कार्यक्रमहरु)** :

नेपालको युवा परिचालन तथा रोजगारीको वर्तमान अवस्थाका केही तथ्यहरु माथि उल्लेख गरिए तापनि बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

- नेपालको अन्तरिम संविधान, २०६३ को राज्यका नीतिमा देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नेछ भन्ने उल्लेख भएको छ ।
- चालु त्रिवर्षीय योजनामा युवाहरुको आधारभूत अधिकारको प्रत्याभूति गर्दै उनीहरुलाई नेतृत्वदायी भूमिकामा स्थापित गराई राष्ट्र निर्माणमा प्रमुख साझेदार बनाउने दीर्घकालीन सोच राखी युवाहरुलाई राष्ट्र निर्माणको मूल प्रवाहमा समाहित गराई मुलुकको सर्वाङ्गिण विकास गर्ने उद्देश्य राखिएको छ ।
- नेपाल सरकारको तर्फबाट युवा तथा खेलकुद मन्त्रालयले स्थापना गरिएको, युवा नीति २०६६ जारी गरिएको र युवा परिषद् स्थापनाको प्रक्रियामा रहेको ।
- विभिन्न सरकारी निकायहरुबाट युवाको क्षेत्रमा तालिम सञ्चालन गर्ने, अन्तरक्रिया गर्ने एवं प्रत्यक्ष रोजगारीका अवसरहरु प्रदान गर्ने काम भइरहेको छ ।
- अन्य साझेदार संस्थाहरुसँग मिलेर युवा रोजगारीको लागि लघुउद्यम कार्यक्रम, तालिम कार्यक्रम तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा रोजगारी तथा स्वरोजगारको सृजना गर्ने काम भइरहेको ।
- ग्रामीण क्षेत्रमा कम उमेरमै विद्यालय छोड्ने र कृषि पेशामा संलग्न हुने हुँदा न्यून आम्दानी रहेको र बेरोजगारीको समस्या जस्ताको तस्तै रहेको देखिन्छ भने सहरी भेगमा योग्यता अनुसारको रोजगार प्राप्त गर्न निकै कठिन हुने तथा महँगीको कारणले जीवनस्तरमा खासै सुधार नआएको देखिन्छ ।
- नेपालमा वार्षिक ५ लाख श्रमशक्ति श्रम बजारमा प्रवेश गर्छन्, जसमध्ये करिव ५० हजार जनशक्तिलाई मात्र सरकारले व्यवस्थापन गर्न सकेको छ ।
- उर्जावान, क्षमतावान तथा सिर्जनशील युवाहरु देश विकासमा लाग्नु पर्नेमा विविध आर्थिक तथा सामाजिक कारणले कुलत तथा दुर्व्यसनमा संलग्न हुने, आपराधिक क्रियाकलाप सञ्चालन गर्ने काममा तल्लिन रहेको तथा डनवाद मौलाउँदै गएको तथ्य पनि हाम्रासामु छ । यस्तो हुनुमा उचित शिक्षा-दीक्षा, संस्कार र अवसर प्रदान गर्न

नसक्नु नै प्रमुख कारणको रुपमा रहेको छ ।

- राजनीतिमा लाग्ने युवाहरुले नेतृत्वदायी भूमिका नपाउनु, विभिन्न राजनीतिक स्वार्थ पूर्तिका लागि दुरुपयोग हुनु तथा राजनीतिक नेतृत्व हस्तान्तरण गर्ने राजनीतिक दलका नेताहरु अग्रसर हुन नसक्नु एवं राजनीति बुझेका युवा र युवा बुझ्ने राजनीतिक संस्कारको विकास हुन नसक्नु नै आजको हाम्रो देशको युवा राजनीतिको प्रमुख समस्याको रुपमा रहेको छ । अवसर पाएका केही राजनीतिक युवाहरु पनि अधिकांश युवाहरुको प्रतिनिधि हुन नसक्नु पनि अर्को समस्याको रुपमा रहेको छ ।
- निजामती सेवामा युवाहरुको उपस्थिति बढ्दो रुपमा भए तापनि उल्लेख्य गुणत्मक सुधार हुन सकेको छैन । निजामती सेवामा रहेको समावेशीताको व्यवस्थाबाट निश्चित संख्यामा पिछडिएका, दलित, मधेशी, जनजाति, महिला र उत्पीडित वर्गका युवाहरुले रोजगारी प्राप्त गरे तापनि उनीहरुको सिर्जनशील क्षमता, उत्पादनमुखी चरित्रको विकास भने अझै पूर्णरुपमा हुन सकेको छैन ।
- विभिन्न संस्थान, निजी क्षेत्र, व्यापार व्यवसाय, गैरसरकारी क्षेत्रमा युवाहरु संलग्न रहे तापनि नेतृत्वदायी भूमिका निर्वाह गर्न अझै सकिरहेका छैनन् ।

## युवा रोजगारीका लागि केही सुझावहरू :

देशमा यो भएन, त्यो भएन भनेर सबै समस्याहरु अरुमाथि देख्ने दोषी प्रवृत्ति अन्त्य गरी कतै यी समस्याहरुको जड म त हैन ? भनेर सबैले मनन गर्ने हो भने हाम्रो गरिबी तथा बेरोजगारीको समस्याको मूल जड पत्ता लगाउन सकिन्छ। त्यसैगरी युवाहरुका आम सवालहरुलाई कागजी र नाराको रुपमा सीमित नराखी विना संकोच युवाहरुलाई देश विकासको मूल धारमा ल्याउने हो भने धेरै समस्याहरु समाधान हुन सक्दछन्, जसको लागि राजनीतिक स्थिरता अनिवार्य सर्त हो । यसरी हाम्रो देशमा विद्यमान युवा बेरोजगारीको समस्यालाई समाधन गर्न देहाय बमोजिमका उपायहरु अपनाउन सकिन्छ :

- देशमा राजनीतिक स्थिरता कायम राख्दै युवाहरुको नेतृत्व क्षमता विकास गरी युवाको उर्जावान् क्षमता र दक्षतालाई देश विकासमा सदुपयोग गर्ने ।
- राष्ट्रिय युवा नीति २०६६ ले परिभाषित गरेको युवाको उमेरलाई पुनरावलोकन गर्दै १६-२५ उमेर समूहलाई उच्च शिक्षा हासिल गर्ने, सीप विकास गर्ने उमेरको रुपमा, २६-३५ उमेर समूहलाई बृहत्तर आर्थिक विकास, उत्पादनशील उमेर एवं उच्च आम्दानी गर्ने उमेरको रुपमा तथा ३६-४० उमेर समूहलाई नेतृत्वकर्ता उमेरको रुपमा परिभाषित गर्न सकिन्छ ।
- औपचारिक र अनौपचारिक क्षेत्रमा युवाको शिक्षाको लागि लगानी बढाउने तथा सीपमूलक र व्यावसायिक शिक्षामा जोड दिने ।
- युवाहरुको लागि सीपमूलक तालिम प्रदान गर्ने, स्थानीय स्रोत साधन परिचालनमा जोड दिने तथा रोजगारीको अवसर सृजना गर्ने ।
- श्रम बजारमा नवप्रवेशी युवाहरुको लागि विभिन्न क्षमता विकासको लागि तालिम दिने, सहजीकरण गर्दै एकातिर उनीहरुको क्षमता वृद्धि गराउने भने अर्कोतिर श्रम बजारको आवश्यकता परिपूर्ति गर्ने ।
- युवाहरुको भावनालाई बुझ्ने, उनीहरुको

विद्रोह रोकथाम गर्ने तथा उनीहरुको सामाजिकीकरणमा जोड दिने ।

- देशको शिक्षा प्रणालीमा समयानुकूल सुधार गर्दै प्राविधिक र व्यावहारिक शिक्षामा जोड दिने तथा उक्त शिक्षा हासिल गर्न सहज वातावरण सिर्जना गर्दै युवाहरुलाई शिक्षित र नैतिकवान् बनाउने ।
- युवा सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने निकायहरुबीच आवश्यक समन्वय गरी प्रभावकारी रुपमा युवा परिचालन तथा विकास सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने ।
- औद्योगीकरण, विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणको अधिकतम लाभ लिँदै नेपालमा पनि तिब्र आर्थिक विकासको लागि दक्ष जनशक्तिको उत्पादन, उर्जा समस्या समाधान गरी औद्योगीकरणमा जोड दिने ।
- युवा जनशक्ति विदेशिने क्रम तत्कालको लागि बन्द नै गर्न नसकिए तापनि क्रमशः स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी विदेशबाट भित्रिने रेमिट्यान्सलाई युवाहरुको बृहत्तर हितको लागि उपयोग गर्ने । विदेश जाने युवाहरुको लागि उपयोगी सीप तथा ज्ञान प्रदान गर्ने एवं विदेशबाट फर्केका युवाहरुले हासिल गरेको ज्ञान, सीप र अनुभवलाई हाम्रै देशको विकासमा सदुपयोग गर्ने । युवाहरु विदेश जाँदा सिर्जना भएका सामाजिक विचलन र विकृतिहरुको समाधानको लागि विशेष ध्यान दिने ।
- नेपालमा कृषि क्षेत्रमा निकै सम्भावनाहरु भएको हुँदा कृषिमा आधुनिकीकरण तथा युवाहरुको आकर्षण बढाउनेतर्फ सरकारको ध्यान जान जरुरी छ ।
- **संस्कारयुक्त दक्ष युवा जनशक्तिको विकास, आर्थिक क्रान्ति मार्फत समग्र समस्याहरुको निकास** भन्ने मूल नारालाई दृष्टिगत गरी युवाहरुको दक्षता, सीप र क्षमतालाई देश विकासमा परिचालन गर्दै नीति निर्माण एवं नेतृत्वमा युवाहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता एवं देशको मूल राजनीतिक नेतृत्व युवा वर्गमा हस्तान्तरण गर्ने परिपाटीको विकास गर्नु नै आजको आवश्यकता हो ।

■■■

**सन्दर्भ सामग्रीहरु**

१. नेपालको अन्तरिम संविधान, २०६३
२. राष्ट्रिय जनगणना, २०६८
३. राष्ट्रिय युवा नीति, २०६६

# नेपालमा युवा जनशक्तिको वर्तमान अवस्था र स्थिति

✍ गम्भीर बहादुर हाडा

**परिचय** :

युवायुवती, किशोरकिशोरीको जनसंख्याले कुल जनसंख्याको भण्डै २४ प्रतिशत भाग ओगटेको छ । आगामी ३० वर्षसम्म अहिलेका किशोरीहरु प्रजननूशील उमेरमा रहनेछन् । त्यस्तै प्रकारले भण्डै २० प्रतिशत जनसंख्याको भार युवायुवतीले ओगटेका छन् । त्यसै गरी ध्यान दिनुपर्ने कुरा के छ भने अहिले नै प्रजननूशील उमेरमा र जनसंख्या वृद्धिको कारकको रुपमा छन् । यदि जनसंख्या वृद्धिदरलाई कम गर्ने हो भने हाम्रो कार्यक्रम यी सबै समूहहरुमाथि केन्द्रित हुनु आवश्यक छ । नेपालमा १५ देखि २९ वर्ष उमेर समूहका युवाहरुको कुल जनसंख्या ६१ लाख ३१ हजार २ सय ४८ रहेको छ। जुन कुल जनसंख्याको २६.५ प्रतिशत हुन आउछ। यसमा पुरुष ४८.२ र महिला ५१.८ प्रतिशत रहेका छन् । कुल युवा जनसंख्यामध्ये ०.४ प्रतिशतमा शारीरिक तथा मानसिक अपाङ्गता रहेको छ । कुल जनसंख्याको ८३ प्रतिशत युवा ग्रामीण क्षेत्रमा र १७ प्रतिशत शहरमा बसोबास गर्दछन् । नेपालको कुल शहरी जनसंख्याको ४० प्रतिशत युवाहरु छन् । युवाहरु शहरतर्फ आकर्षित हुने क्रम बढ्दो छ । सन् २००१ को जनगणना अनुसार युवाहरुको साक्षरता दर ७०.१ प्रतिशत छ भने १५ देखि २९ वर्ष उमेर समूहका युवाहरुको साक्षरता दर ७०.१ प्रतिशत छ भने १५ देखि २९ वर्ष उमेर समूहका युवाहरुको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । सन् २०११ सम्ममा युवाहरुको संख्या कुल जनसंख्याको लगभग २९ प्रतिशतभन्दा बढी हुने अनुमान छ । अन्तर्राष्ट्रिय मान्यताअनुसार युवा भनेको सामान्यतया १५ देखि २९ वर्षसम्मका उमेर समूहका मानिसहरुको समूह हो । विश्व स्वास्थ्य सङ्गठनले शारीरिक स्वास्थ्यको दृष्टिकोणबाट १५ देखि २९ वर्षको उमेरसम्मका मानिसको समूहलाई युवा भनी व्याख्या गरेको छ । नेपालमा यो कुल जनसंख्याको करिब २७ प्रतिशत जति पर्न आउँछ । नेपाली राष्ट्र सागर, २०५७ ले युवालाई तरुण, युवक, जवान, नवजवान भनी परिभाषित गरेको छ । यसैगरी Oxford Dictionary ले युवालाई "Youth the time when a person is young especially the time before a child becomes an adult." भनेको छ । संख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणले युवा वर्गलाई मुलुकको सबैभन्दा महत्वपूर्ण वर्गका रुपमा लिइन्छ । युवा वर्गलाई राष्ट्र निर्माणको कर्मठ र सक्रिय जनशक्तिको रुपमा लिने गरिन्छ । युवा वर्ग राष्ट्रको मेरुदण्ड हो । मुलुकलाई विकासको अग्रपंक्तिमा लैजानका लागि युवा वर्गको महत्वपूर्ण र अग्रगामी भूमिका तथा योगदान रहने कुरालाई कसैले नकार्न सक्दैन । तसर्थ देश विकासमा यस वर्गलाई स्तम्भ (Pillar) को रुपमा स्वीकार गरिन्छ । युवाहरुको जोस, जाँगर, हौसला, सिर्जनशीलता र कार्यकुशलतालाई अन्य कुरासँग तुलना गर्न सकिँदैन । तर राष्ट्र निर्माणमा युवा वर्गको यत्रो महत्वपूर्ण भूमिका र दायित्व रहँदा रहँदै पनि युवा वर्गमा विभिन्न किसिमका चुनौतिहरु रहेका छन् । अधिकांश युवा वर्ग आत्मविश्वासको

✍ सह-प्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस

कमीबाट ग्रसित छ । विभिन्न कारणहरुले गर्दा उनीहरुलाई मुलुकको आर्थिक तथा सामाजिक विकासमा अपेक्षित रुपले परिचालन गर्न सकिएको छैन ।

युवाशक्तिलाई ठोस रुपमा परिचालन गर्ने उद्देश्य लिई २०५२ असोज ६ गते युवा, संस्कृति, युवा तथा खेलकुद मन्त्रालय नामक छुट्टै मन्त्रालय गठन भयो । तर २०५८ मा शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत एउटा शाखाका रुपमा सिमित हुन पुग्यो । मन्त्रालयको खेलकुद तथा युवा कार्यक्रम शाखाले युवासम्बन्धमा विगतदेखि विभिन्न क्रियाकलापहरु जस्तैः युवा परिचालन, युवा निबन्ध प्रतियोगिता सञ्चालन, अन्तर्राष्ट्रिय युवा दिवस मनाउने कार्य, युवा नीतिको मस्यौदा निर्माण, खेलकुद प्रतियोगिता सञ्चालन, युवा बुलेटिन प्रकाशन, युवा आदान-प्रदान कार्यक्रम, गैरसरकारी संघ-संस्थासँग सहकार्य आदि सञ्चालन गर्दै आएको छ। संयुक्त राष्ट्रसंघको परिभाषाअनुसार १५ देखि २४ वर्ष उमेर समूहका महिला वा पुरुषलाई युवा मानेर उनीहरुको प्राथमिकता विषय तोकिएको छ। नेपालमा युवाको स्पष्ट परिभाषा छैन। नेपाल सरकारले २०५९ सालमा प्रस्तावित गरेको राष्ट्रिय युवा नीतिको मस्यौदामा १५ देखि २९ वर्ष उमेर समूहका युवक र युवतीलाई युवा मानेको छ। संयुक्त राष्ट्रसंघ (UNO) को परिभाषालाई आधार मान्ने हो भने २०५८ सालको जनगणनाअनुसार नेपालमा १५ देखि २४ वर्ष उमेर समूहमा करिब ४४ लाख युवा रहेका छन्। जुन कुल जनसंख्याको १९ प्रतिशतभन्दा बढी हुन आउँछ। लैङ्गिक दृष्टिकोणबाट हेर्दा ९.४ प्रतिशत पुरुष र १० प्रतिशत महिला रहेका छन् । नेपालमा २५/२६ वर्षको उमेरसम्म युवायुवती प्रायः अध्ययनमा नै व्यस्त रहने भएकाले १५-२९ वर्षको उमेर समूहलाई युवाका रुपमा लिन वाञ्छनीय हुने देखिन्छ। यो समूहमा कुल जनसंख्याको २७ प्रतिशत युवा पर्न आउँछ, जसमा महिला १४ प्रतिशत र बाँकी पुरुष पर्दछन् । त्यसै गरी करिब १७ प्रतिशत सहरमा बसोबास गर्दछन् भने बाँकी ग्रामीण क्षेत्रमा रहेका छन् । २०५८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा १४–३५ वर्ष उमेर समूहका युवा कुल जनसंख्याको ३८ प्रतिशत रहेको देखिन्छ । हाल आएर यी तथ्याङ्कहरुमा पनि वृद्धि भइसकेको अवस्था छ । यस हिसाबले हेर्दा गुणात्मक तथा संख्यात्मक दुवै आधारमा युवाहरुले नेपालको कुल जनसंख्याको महत्वपूर्ण हिस्सा ओगटेका छन् । यो उमेर समूह आफैमा अत्यन्त सिर्जनशील समूह पनि हो र कुल मतदाताको ५१ प्रतिशतभन्दा बढी हिस्सा युवाले नै ओगटेकाले युवाको सक्रिय सहभागिताको अभावमा नयाँ नेपालको निर्माणका उद्देश्यहरु हासिल हुन सक्दैनन् ।

*युवामा उमेरगत परिपक्वता हासिल गरी मानसिक, संवेगात्मक, यौनिक, बौद्धिक तथा सामाजिक रुपले बेग्लै विशेषताहरु हुन्छन्, जसका कारण विदेश पलायन हुनमा प्रत्यक्ष वा परोक्ष रुपमा विशेषताको भूमिका रहन्छ । युवाका त्यस्ता केही विशेषताहरु तल उल्लेख गरिएको छ :*

- युवा अवस्था उमेरका दृष्टिले एक महत्वपूर्ण अवस्था हो ।
- युवा अवस्थामा नकारात्मक प्रवृत्ति हावी हुन्छ ।
- युवा अवस्थामा परिवर्तनको चाहना तीव्र हुन्छ ।
- युवा अवस्था आफ्नो परिचय खोज्ने उमेर हो ।
- युवा अवस्था नयाँ नयाँ स्वप्न देख्ने उमेर हो ।
- युवा अवस्था प्रजनन्, संवेगात्मक तनावको उमेर पनि हो र यसै उमेरमा मूल्य परिवर्तन तथा सिर्जनात्मक क्षमता पनि विकसित हुन्छ ।

त्यस्तै कतिपय युवाहरुमा तलका केही विशेषताहरु पनि हुन्छन्, जस्तै :

- आफ्नो निर्णय आफै लिन नसक्ने तथा आफ्ना नजिकका साथीहरुबाट बढी निर्देशित हुने ।
- साथी-संगातीहरुका सामु आफू ठूलो हुँ भन्ने अभिमान वा अर्काको देखासिकी गर्नु ।

नेपालमा रोजगारीको लागि औद्योगिकीकरणलाई बढवा दिने सरकारी नीति भए तापनि पाँच वर्षयता उद्योग र त्यहाँ उपलब्ध रोजगारीको अवसरमा उल्लेखनीय ह्रास आएको छ । केन्द्रीय तथ्यांक विभागले तयार गरेको औद्योगिक गणना २०५९ को प्रतिवेदनअनुसार २०५४ को तुलनामा २०५९ मा सञ्चालनमा रहेको १० वा यसभन्दा बढी रोजगारी दिने उद्योगहरूको संख्या ३ सय ४४ ले घटेको छ । प्रमुख रूपमा औद्योगिक ऊनी गलैंचा, टेक्सटायल र तयारी पोशाक उद्योगहरूको संख्यामा व्यापक ह्रास आएको छ । ऊनी गलैंचा उद्योगका कर्मचारीहरूको संख्या पाँच वर्षमा आधा बढीले घटेको छ । उद्योगहरू बन्द भएकोले रोजगारीका अवसरहरू पनि गुमेका छन् । प्रतिवेदन अनुसार पाँच वर्षको अवधिमा उद्योगमा करिब साढे पाँच हजार रोजगारीका अवसरहरू गुमेका छन् । सो तथ्यांकले देशको औद्योगिकीकरण र रोजगारीका अवसहरू वृद्धि गर्ने प्रकृयामा अवरोध आएको देखाएको छ । २०५४ देखि २०५९ को अवधिमा माओवादी समस्याले स्वदेशी तथा विदेशी लगानीमा नकारात्मक असर परेको थियो । २०५९ सालमा उद्योगको संख्या ३ हजार २ सय १३ थियो । पाँच वर्षअघि गरिएको औद्योगिक गणना २०५४ मा उद्योगको संख्या ३ हजार ५ सय ५७ थियो । उद्योगको संख्यामा आएको ह्राससँगै रोजगारीका अवसरहरू पनि गुमेका छन् । तथ्यांकअनुसार औद्योगिक प्रतिष्ठानमा २०५४ मा १ लाख ८७ हजार व्यक्ति कार्यरत थिए । २०५४ मा यो संख्या १ लाख ८१ हजारमा झरेको थियो । सबैभन्दा बढी काठमाडौं र ललितपुर जिल्लामा उद्योगहरू बन्द भएका छन् । काठमाडौंमा ३ सय ७३ र ललितपुरमा १ सय १६ उद्योगहरू बन्द भएको देखिएको छ । राष्ट्रिय जनगणना २०५८ को नतिजाअनुसार ९९ लाख सक्रिय जनशक्ति रहेका छन् । यस अनुसार उक्त अवधिमा सक्रिय जनशक्ति प्रति वर्ष सालाखाला ३ प्रतिशतका दरले वृद्धि भएको देखिएको छ । यस अनुसार २०४८ को नतिजाअनुसार आर्थिक रूपले सक्रिय जनशक्ति कुल जनसंख्याको ४० प्रतिशत रहेकोमा २०५८ को नतिजाअनुसार उक्त प्रतिशत वृद्धि भई ४३ प्रतिशत पुगेको छ । उक्त अवधिमा यसरी कूल जनसंख्याको वार्षिक वृद्धिदर २२ प्रतिशत रहेको र आर्थिक दृष्टिले सक्रिय जनसंख्याको वार्षिक वृद्धिदर ३ प्रतिशत रहेको हुँादा श्रम बजारमा रोजगारीको लागि आधिकारिक चाप रहेको स्पष्ट संकेत देखा परेको छ ।

## युवाहरूको वर्तमान अवस्था र स्थिति :

युवाहरुमा विदेशतिरको आकर्षण बढ्नाका कारणहरु कुनै पनि व्यक्तिलाई आफू बसिरहेको देश त्यसै छोड्न मन लाग्दैन । त्यसमाथि आफू जन्मिएको देशलाई हाम्रो नीतिशास्त्रले स्वर्गसँग तुलना गरी '**जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी**' भनेको छ । तर युवाहरुमा विदेशतिरको आकर्षण बढ्नुका कारणहरुलाई दुई भागमा विभाजन गरिएको छ । ती यस प्रकार छन् : (१) आकर्षण तत्व (Pulling Factors) (२) विकर्षण तत्व (Pushing Factors) (स्रोतः रामशरण हुमागाईं, नेपाली युवाको विदेश पलायन : आजको समस्या, युवा बुलेटिन, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं,

नेपाल, २०६४, पेज नं. ३६) । सन् २००१ मा लिइएको जनगणनाअनुसार नेपालमा बसाइ-सराइको प्रवाह चार किसिमको पाइएको छ : (१) ग्रामीण क्षेत्रबाट ग्रामीण क्षेत्रमा हुने बसाइ-सराइ : ६८.२ प्रतिशत (२) ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने बसाइ-सराइ : सन् २००१ मा २५ प्रतिशत र १९९६ मा ३१.२ प्रतिशत (३) सहरी क्षेत्रबाट सहरी क्षेत्रमा हुने बसाइ-सराइ : २.८ प्रतिशत र (४) सहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा हुने बसाइ-सराई : ३.५ प्रतिशत । नेपालमा आन्तरिक बसाइ-सराइ गर्ने २९२९०६४ व्यक्तिहरुमध्ये विवाहको कारणले २२.९९ प्रतिशत, कृषिका कारणले १८.५० प्रतिशत र रोजगारीका लागि ११.५० प्रतिशतले बसाइ सरेका थिए । पुरुष र महिलाको स्थितिलाई तुलनात्मक रुपबाट अध्ययन गर्दा पुरुषकै वाहुल्यता देखिन्छ । रोजगारीमा पनि पुरुष र महिलाको बीचमा ठूलो अन्तर पाइन्छ । यस क्षेत्रमा पुरुषको अंश २०.६५ प्रतिशत र महिलाको ३.०५ प्रतिशत मात्र रहेको छ । महिलाहरुको बसाइ-सराइको प्रमुख कारण विवाह नै हो । विवाहको कारणबाट महिलाहरुको कूल बसाइ-सराइ ४७.१० प्रतिशत र आन्तरिक बसाइ-सराइ ४२.१३ प्रतिशत रहेको पाइन्छ । सन् २००१ मा विदेशमा बसाइ-सराइ गर्ने व्यक्तिहरुमध्ये पश्चिमाञ्चल विकास क्षेत्रबाट सबैभन्दा बढी ४३.५ प्रतिशत रहेको छ । विश्वपरिवेशमा परिवर्तनको चाहना युवामा धेरै भएको हामीले पाउँछौं । युवाहरुको दृष्टिकोण र व्यवहारमा आउने पुस्ताजन्य परिवर्तन, मूल्य, मान्यता र आकाङ्क्षा तथा असहमतिको स्वभाव, केही हासिल गर्ने चाहनाले गर्दा उनीहरुका व्यवहारलाई विद्रोही व्यवहार भन्ने गरिन्छ । तर उनीहरुको विद्रोहीपनलाई सकारात्मक र सिर्जनशील बाटोमा डोऱ्याउन सके शान्ति र विकासका लागि सहयोगी हुने कुरामा दुई मत हुँदैन । यसो हुन नसक्दा युवाहरुमा रहेको विद्रोही भावनाले नकारात्मक रुप लिई उनीहरु हिंसातर्फ उन्मुख हुने गर्दछन् । (स्रोतः यज्ञ अर्याल, युवा, द्वन्द्व र शान्ति नेपाल, युवा बुलेटिन, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल, २०६२, पेज नं. ५८) । नेपालमा करिब १७,००० को हाराहारीमा गैरसरकारी संघ–संस्थाहरु समाज कल्याण परिषद्मा दर्ता भएका छन् । यसमा युवा संस्थाहरुको संख्या पनि उल्लेख्य मात्रामा रहेको पाइन्छ । विभिन्न समस्या एवं वित्तीय अभावका कारणहरुले आफ्नो लक्ष्यप्राप्तिमा असफल रहेका संस्थाहरुबीच समन्वय कायम गरी विकासमूलक कार्यमा अग्रसर गराउनु युवा संस्थाहरुका लागि प्रमुख चुनौती रहेको छ । उपयुक्त सरकारी नीति, नियम र कानूनको अभावले गर्दा यी संस्थाहरुले उल्लेख्य प्रगति गर्न सकिरहेका छैनन् । यस स्थितिमा सुधार गर्न एक सक्षम नेतृत्वको आवश्यकता देखिन्छ । विद्यमान नीतिको विश्लेषण, प्रभावकारी कार्यक्रम एवं सुझावले हालको परिस्थितिमा अवश्य परिवर्तन ल्याउनेछ ।

"प्रत्येक वर्ष एक लाखभन्दा बढी युवा प्रवेशिका परीक्षा अनुत्तीर्ण भई एक वर्षसम्म पुनः परीक्षाका लागि रहने स्पष्ट देखिन्छ । यसमध्ये करिब ७८ प्रतिशत ग्रामीण क्षेत्रमा रहन्छन् । यो वर्गको युवा सामान्यतया फर्केर परम्परागत कृषि र घरायसी रोजगारीमा जान चाहँदैन । ग्रामीण परिवेशमा शिक्षित मानिने यस्तो युवा वर्ग उच्च शिक्षाका लागि प्रवेशिका परीक्षा उत्तीर्ण नहोउन्जेल औपचारिक क्षेत्रमा (Formal sectors) रोजगारीको अवसर उपलब्ध छैन । यो वर्गको चाहना सफेदपोसी (White Collar) रोजगारमा रहने गरेको देखिएको छ, जसका अवसर सीमित छन् ।" (सामान्य प्रशासन मन्त्रालय, २०६२) । बजारयोग्य प्राविधिक तालिमको अभावमा युवाहरुको अर्थतन्त्रमा न्यून परिचालनको अवस्था देखिएको छ । "प्रत्येक वर्ष नेपालका सबै

विश्वविद्यालयहरुबाट सरदर छ हजार विभिन्न तहका प्राविधिक जनशक्ति र ४० हजारजति अप्राविधिक जनशक्ति उत्पादन हुन्छन् । प्राविधिक जनशक्तिसँग स्वरोजगारका लाभदायी अवसरहरु पनि रहन्छन्, तर ठूलो संख्यामा रहेको अप्राविधिक जनशक्तिको अपेक्षा सफेदपोसी प्रशासनिक काम पाउनु रहेको हुन्छ ।" (सा.प्र.मं., २०६२) । प्राविधिक र अप्राविधिक जनशक्ति उत्पादनको अनुपात ज्यादै आश्चर्यजनक रहेको पाइएको छ । प्राविधिक जनशक्तिको तुलनामा कोरा जनशक्ति उत्पादन अनुपात करिब ७ गुणा बढी रहेको छ । फलतः बजारले आवश्यकताअनुसारको जनशक्ति पाएको छैन भने यी बेरोजगार युवाहरुले रोजगारी । "केही समययता शैक्षिक क्षेत्रमा भएको विकासले खास गरी प्राविधिक शिक्षाका केही क्षेत्रमा देशको आवश्यकताभन्दा बढी जनशक्ति उत्पादन भइरहेको छ । नयाँ खुलेका विश्वविद्यालयहरु र शैक्षिक संस्थानहरुबाट चिकित्साशास्त्र, इन्जिनीयरिङ्ग, कम्प्युटरजस्ता विधामा स्वदेश र विदेशबाट ठूलो संख्यामा जनशक्ति उत्पादन भइरहेको छ । आन्तरिक मागको सीमितताले गर्दा उत्पादित जनशक्ति बेरोजगार बन्ने स्थिति एकातिर छ भने अर्कोतर्फ प्रतिभा पलायनको कारण शिक्षामा लगानी भएको ठूलो स्रोत खेर जाने र राष्ट्रविकासमा प्रयोग हुन नसक्ने अवस्था रहेको छ ।" (सा.प्र.मं., २०६२) । साथै उत्पादित प्राविधिक जनशक्तिको सहरकेन्द्रित प्रवृत्तिले जिल्लाका अस्पतालहरुले डाक्टर नपाउने र कम्तीमा ४० लाख लगानी गरी तयार पारेको एउटा डाक्टरले मासिक रु. ३०००।– पारिश्रमिक लिएर वीर अस्पताल लगायत सहरी अस्पतालहरुमा स्वयंसेवीका रुपमा काम गर्ने विरोधाभास पनि साँगसँगै छ । यो सारा दोष हाम्रो शिक्षाप्रणाली र युवाहरुप्रति राष्ट्रको उदासीनतामा छ । मागसाँग वेवास्ता गरिएको आपूर्ति स्वतः असन्तुलित र न्यून प्रतिफलयुक्त हुन्छ । तेस्रो, लगानीको वातावरण र लगानीको उच्च आकार पनि युवाहरुको आर्थिक परिचालनका मूलभूत कारकमध्ये एक हो । नेपालको लगानीको वातावरणको अवस्था पनि विचित्रको छ । दक्षिण एसियामा सर्वप्रथम उदार आर्थिक नीति अवलम्बन गरेको नेपालमा बन्द र हड्तालललाई हरेक राजनीतिक र गैरराजनीतिक आन्दोलनको औजार बनाइयो । हुँदा हुँदै कर उठाउनुपर्छ भन्ने भयले मूल्य अभिवृद्धि करको विरोधमा व्यापारी वर्गले समेत बजार बन्द गरे । विगतको द्वन्द्वको एक दशक त लगानीका लागि प्रत्युत्पादक नै देखियो । उद्योगहरुमा विष्फोट गराउने र उद्योगपतिहरुसँग चन्दाको ठूलो भार असुल्ने समस्या व्यापक भयो ।

चौथो, यद्यपि, कृषिको योगदान नेपाली अर्थतन्त्रमा हाल ३८ प्रतिशतको हाराहारीमा छ । तर पनि नेपाललाई कृषिप्रधान देश भन्न छाड्नुपर्ने अवस्था छैन । अझै पनि जनसंख्याको ८६ प्रतिशतभन्दा बढी अंश कृषिमै आश्रित छ । देशको ठूलो जनसंख्याको रोजीरोटीको माध्यम कृषि नै हो । यस पेशामा युवा जनशक्ति त्यति आकर्षित देखिएको छैन र कृषि प्रणालीमा आधुनिकीकरण हुन सकेको पनि छैन । सीमित मात्रामा चितवन, बुटवल, पाल्पा आदि जस्ता स्थानहरु र सडकमार्गले छोएका स्थानहरुमा युवाहरु कृषिमा आधुनिकीकरण गरी स्वरोजगारमा संलग्न छन् । तर देशको ठूलो जनशक्ति कृषि पेशाप्रति उदासिन देखिन्छ । हुँदा हुँदा यस्तो पनि अवस्था आएको छ "गाउँघरमा बारी बाँझै छ, छोराहरु आफूलाई बेरोजगार घोषणा गरेर सहरमा हल्लिएका छन् । छोरी, बुहारीहरु हामी काम गर्न जन्मेका होइनौं भन्छन् । अहिलेको नेपालको जनसंख्या वास्तवमा बूढो जनशक्तिको उत्पादनमा बाँचेको छ ।" (स्रोतः बाबुराम सुवेदी, नेपालमा युवाहरुको आर्थिक परिचालन : समस्या र सम्भावना, युवा बुलेटिन, , शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल,

काठमाडौं, नेपाल, २०६४, पेज नं. ४०-४१) । यसको मूल कारण नेपालमा सफेदपोसी प्रवृत्तिको शैक्षिक उत्पादन हुनु र कृषिमा आधुनिकीकरण हुन नसक्नु नै हो । साथै किसानलाई उपेक्षा गर्ने सामाजिक संस्कार र विश्वमै जलशक्तिमा दोस्रो धनी देश भएर पनि भौगोलिक अवस्था र उचित लगानीको अभावमा भरपर्दो सिँचाइको अभावसमेत यसको अर्को प्रमुख कारण हो । फलतः अर्धदक्ष युवाहरु पनि कृषि पेशाबाट आश्वस्त हुन नसकेको र उनीहरुले आर्थिक रुपमा सुरक्षित महसुस नगरेको अवस्था छ । देशमा पर्याप्त रोजगारीको अवसर नपाएको कारण वैदेशिक रोजगारीको खोजीमा जाने नेपालीहरुको संख्या वर्षेनी बढ्दै गएको छ । खासगरी मलेसिया र कोरियाबाहेक अरव मुलुकहरुमा रोजगारीका लागि जाने संख्या बढी देखिन्छ । अन्तर्राष्ट्रिय बजारको मागअनुरूप ज्ञान र सीप प्रदान गरी प्रतिस्पर्धी श्रमशक्तिको विकास गर्ने, सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारको सञ्चालन र वैदेशिक रोजगारमा महिलाका सरोकारको सम्बोधन गर्ने मूल उद्देश्य रहेको वैदेशिक रोजगार नीति, २०६८ जारी भई कार्यान्वयनको दिशामा अघि बढेको छ । त्यस्तै तीन वर्षीय योजनाले देशको बेरोजगारी अवस्थामा कमी ल्याउन, गरिबी न्यूनीकरण गर्न र अर्थतन्त्रको सुदृढीकरणमा वैदेशिक रोजगारको योगदानलाई बढाउनुका साथै सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारको व्यवस्थापन गर्ने उद्देश्य राखेको छ । वैदेशिक रोजगारका लागि संस्थागत रूपमा कामदार पठाउन खुला गरिएका मुलुकहरूको संख्या १ सय ९ पुगेको छ । आर्थिक वर्ष २०५०/५१ देखि आर्थिक वर्ष २०६८/६९ सम्म वैदेशिक रोजगारीमा गएका कामदारको कुल संख्या २४ लाख ३७ हजार १ सय ११ रहेको देखिन्छ । विभिन्न प्रतिवेदनहरूले सरकारी अनुमतिविना पनि उल्लेख्य संख्यामा नेपाली कामदार रोजगारीका लागि विदेशमा गएको तथ्यांकहरू प्रस्तुत गरिएको पाइन्छ । औपचारिक र अनौपचारिक संख्यालाई आधार मान्दा अहिले ३० लाखभन्दा बढी संख्यामा नेपाली नागरिकहरू विदेशमा रोजगारीको प्रयोजनका लागि गएको अनुमान छ । आर्थिक वर्ष २०६९/७० को दोस्रो चौमासिकसम्म वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको संख्या २ लाख ७६ हजार ७ सय ८७ रहेको छ । जसमध्ये महिला १६ हजार ७ सय १३ जना र पुरूष २ लाख ६० हजार ७४ जना रहेको पाइन्छ । वैदेशिक रोजगारमा गएका कामदारहरूको संख्या देशगत रूपमा देहाय अनुसार रहेको छ : आर्थिक वर्ष २०६८/६९ सम्म वैदेशिक रोजगारीमा जाने कुल संख्या २४ लाख ३७ हजार १ सय ११ जनामध्ये सबैभन्दा बढी मलेसियामा ७ लाख ७३ हजार ९ सय ४०, कतारमा ६ लाख ९० हजार ३ सय ९५, साउदी अरवमा ४ लाख ९२ हजार ८ सय ९६, संयुक्त अरव इमिरेट्स (युएई) मा ३ लाख १३ हजार ४ सय ६१ । तत्काल रोजगारीको कुनै विकल्प नदेखेको कारण मुलुकमा शान्ति आइसकेपछि पनि विदेशिने क्रम बढेको उनको भनाइ छ । नेपालसित श्रम-सम्झौता भएका मुलुकमा कामदार विदेशिने दर ह्वात्तै बढेको छ । गत वर्ष श्रम-सम्झौता भएका कतार र युएईमा यस वर्ष झन्डै दोब्बर नेपाली गएका छन् । गत वर्ष ३६ हजारको हाराहारीमा नेपाली कतार गएकोमा यस वर्ष ६१ हजार पुगेका छन् । युएई जानेको संख्या पनि दोब्बर बढेको छ । गत वर्ष सो मुलुकमा १६ हजारको हाराहारीमा नेपाली कामदार कामका लागि गएका थिए । श्रम तथा यातायात मन्त्रालयका सहसचिव उद्धवप्रसाद बाँस्कोटा श्रम-सम्झौतापछि नेपाली कामदारको संख्या बढेको हुनाले सरकार वैधानिक रुपमा कामदार पठाउने पक्षमा रहेको बताउँछन् । यस वर्ष पनि सरकारले दक्षिण कोरिया र बहराइनबीच श्रम-सम्झौता गरिसकेको छ । बहराइनसँगको

सम्झौतालाई दुवै देशका सरकारले स्वीकृति दिन बाँकी छ । त्यस्तै नेपाली कामदारलाई कोरिया पठाउने प्रक्रिया पनि शुरु भइसकेको छ । सरकारले मलेसिया र कुवेतसँग श्रम-सम्झौताको प्रक्रिया अगाडि बढाएको छ । मलेसियासँगको सम्झौता प्रक्रिया धेरै अगाडि बढिसकेको भए पनि पछिल्लो समयमा उनीहरुले त्यत्ति चासो नदेखाएको बुझिन आउँछ । श्रम-सम्झौता भएका मुलुकमा कानूनी अधिकार प्राप्त भएकोले कामदारको विश्वास बढेको हो । श्रम-सम्झौता भएकाले बहराइन जानेको संख्या पनि बढ्ने अनुमान छ । सरकारले कामदार पठाउनका लागि जापानसँग पनि प्रयत्न गरेको छ ।

२०६८ को जनगणनाअनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ र नेपालमा १५ देखि ४४ का क्रियाशील जनशक्तिको संख्या १ करोड २० लाख ९५ हजार १ सय ५० रहेको तथ्यांक प्रकाशित भइसकेको छ । १९ लाखभन्दा बढी देशको जनसंख्या अभिलेखीकृत रुपमै विदेशिएको देखिन्छ र लगभग त्यत्ति नै संख्याको जनसंख्या बिनाअभिलेख भारत लगायत अन्य देशहरुमा भौंतारिरहनु परेको अनुमान छ । १४ वा १५ प्रतिशत क्रियाशील श्रमशक्ति बाहिर पुगेको अवस्था छ । अधिकाँश लेवर वा दरवानकै तहमा न्यून पारिश्रमिकमा काम गर्न वाध्य छन् । रोजगारी खोजीको निम्ति विदेशिनु परेको जनसंख्यामध्ये लगभग ८० प्रतिशत ग्रामीण क्षेत्रबाट रहेको छ । १६ देखि ४४ वर्षसम्मको उमेर भनेको जीवनको सबैभन्दा उर्जाशील अवधि हो । एकातिर यो उर्जा देशबाहिर खपत हुनु परेको छ भने अर्कोतिर देशमा श्रमशक्तिको अभाव छ । पहाड र तराईका खेतीयोग्य भूमि बाँझै देखिन थालेका छन् भने परम्परागत आम्दानीको पशुपालन व्यवसाय लगभग धराशयी भएको छ । व्यावसायिक कृषि र विकास निर्माणका क्षेत्रमा पनि पर्याप्त मजदुरको अभाव भएको छ । सरकारी वा शिक्षक जागिरमा भने हजारौंको ताँती देखिन्छ । हामीकहाँ युरोप, अमेरिका र अष्ट्रेलियातिर भएको सगौरव बखान गरिन्छ, तर भारत, मलेसिया, कोरिया, अरव वा खाडी मुलुकको नाम लिएर कोही गौरव गर्दैनन् । किनभने ती मुलुकमा जाने श्रमिक मात्र हुन् भन्ने हीन मानसिकता छ । युरोप, अमेरिकामा नेपालीले भोगेको पीडा, दुःख, कष्ट पनि गौरवकै प्रतीक हो । बेरोजगार, देशको परिवेशबाट वाक्क भएका, गाउँ र देशभित्र आय आर्जन गर्न सकिन्छ भन्ने सोच, साहस र उपाय निकाल्नेतर्फ ध्यान पुऱ्याउन नसकी विदेश गएर केही गर्न सकिन्छ कि भनेर भौंतारिने युवायुवती यहाँ प्राप्त हुन सक्ने अवसरहरुको खोजी नै नगरी विदेशमा हुने कष्टको ख्यालै नगरी विदेश जान उद्धत भएका छन् । देशको यो माहोललाई ध्यानमा राखेर सयौँ वैदेशिक रोजगार संस्था खोलिएका छन् । कैयौँ यस्ता संस्थाहरु छन्, जसले सोझासाझा नेपालीलाई चाहिनेभन्दा दोब्बर तेब्बर शुल्क असूल गरेर विदेश पठाउने गरेका छन् । यसबाट कतिको पारिवारिक विचल्ली नै भएको छ भने कोहीले पीडासाथ वाध्य भएर केही आर्जन पनि गरेका छन् । आम्दानीलाई रेमिट्यान्सबाट विदेशी मुद्रा आम्दानी भएको हिसाव गरी जीडीपी र जीएनपीको लेखाजोखा गर्न सरकार मस्त छ । विदेशिन वाध्य जनशक्तिलाई आर्थिक रुपले सम्भाव्य क्षेत्रमा उपयोग गर्न सकेको खण्डमा देशको विकास सम्भव हुनेछ ।

**युवाहरूमा विकृति देखा पर्नुका कारणहरू :**

१. पाठ्यक्रममा सांस्कृतिक, धार्मिक, भाषिक एवं नैतिक शिक्षाको कमी ।

२. गरिबीका कारण छिटो धनी हुने आर्थिक लालसा बढ्न गई धर्म परिवर्तन गर्ने तथा कतिपय मूर्ति, कलाकृति, चित्रहरु, धार्मिक ग्रन्थहरु चोरी निकासी हुन थालेका छन् ।

३. देखासिकी वा नक्कल गर्ने प्रवृत्तिले यस्ता विकृतिहरु बढ्छन् । विदेशी जीवनपद्धतिको अनुकरणले आर्थिक अभाव महसुस हुन गई विकृतिहरु बढ्न गएका छन् ।
४. रोजगारीका अवसर कम हुँदा बढी फुर्सद हुने र विकृत सोचाइतर्फ ध्यान जाने गरेको छ ।
५. हाम्रा धर्म, संस्कृतिका प्रचलित संस्कारहरु लचिला हुनु ।
६. व्यक्तिगत स्वार्थ, लोभ र मोहका कारण धार्मिक तथा नैतिक आचरण ओझेलमा पर्नु ।
७. अत्याधुनिक वैज्ञानिक एवं भौतिक सुविधाको प्रयोगले मानिसलाई भौतिकवादी बनाएको छ ।
८. विदेशी तथा स्वदेशी अश्लील चलचित्र, पत्रपत्रिकाजस्ता सामग्रीहरुको प्रभावले विकृतियुक्त मानसिकता जन्माएको छ ।
९. लागू पदार्थको दुर्व्यसन, यौन दुराचार, चेलीवेटी बेचबिखनजस्ता विकृतिहरु, किशोरावस्थाका शारीरिक, मानसिक एवं संवेगात्मक उपज हुन् । (स्रोतः रामशरण हुमागाई, आजका नेपाली युवा, युवा बुलेटिन, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल, २०६२, पेज नं. ३३-३४)

*नेपालमा हाल विद्यमान रहेका युवा वर्गको वर्तमान स्थितिलाई सुधार गरेर युवा वर्गको सही परिचालन कसरी गर्ने ? भन्ने समस्याहरूलाई हटाउन निम्न सुझावहरू पेश गर्न सकिन्छ :*

१) नेपालमा रोजगारीको समस्या दिनानुदिन बढ्दै गएको छ भने यसलाई केही मात्रामा भए पनि अन्त्य गर्न वैदेशिक रोजगारजस्ता अवसरलाई भरपर्दो र समयानुकूल बनाउनु आवश्यक भएको देखिन्छ । यसको साथसाथै जनचेतनाको विकास गर्ने कार्य पनि आवश्यक भएको छ भने विदेशमा रोजगारीका लागि गएका व्यक्तिको अभिलेख अद्यावधिक राख्न पनि जरूरी भएको बुझिन्छ । शिक्षित बेरोजगार समस्याको निराकरण के कसरी भन्नेबारे नेपाल सरकारले गम्भीरतापूर्वक सोचेर कदम चाल्नु पर्ने आवश्यक देखिन्छ । आफ्नो देशका सीपमूलक उद्योग सञ्चालन गरिनु पर्दछ ।

२) उच्च गुणस्तर हासिल गरेका व्यक्तिहरूलाई बढी आकर्षण गराउन तलव, भता र अरू सुविधाहरू बढाउनु पर्ने, विदेशमा काम गर्नेको लागि छुटै ऐननियमको व्यवस्था हुनु पर्ने, ग्रामीण क्षेत्रमा बढी काम गर्ने आदि उपयुक्त कदमहरू चालिएमा वैदेशिक रोजगारको समस्या केही हदसम्म हटाउन सकिन्छ । नेपालमा रोजगारीको अवसरको अभावले गर्दा तथा विदेशमा धेरै धन कमाउन सकिने प्रलोभनको कारण अनियमित वैदेशिक रोजगार चलाएर बसेका कैयौं व्यक्तिहरूद्वारा सयौं नेपाली युवाहरू विचल्लीमा परिरहेका जानकारीहरू बारम्बार आउने गरेका छन् । यस्तो स्थिति र युवा शक्तिमाथि पर्ने दुष्प्रभावलाई दृष्टिगत गरी श्रम मन्त्रालय र प्रहरी सबै जागरूक हुनुपर्ने भएको छ । द्रूतगतिले उत्पादनशील रोजगारी सिर्जना गर्ने खालका उद्योग, व्यवसाय र ठूला कारखानाहरू स्थापना गर्दै लैजानु पनि आवश्यक भएको छ । विदेशी रोजगारीका अवसरहरू बढाउनुभन्दा स्वदेशमा नै रोजगारीका अवसरहरू बढाउँदै लैजानु आवश्यक छ ।

३) सीमित क्षेत्र र उमेरबाहेक अश्लील चलचित्र, पत्रपत्रिकाजस्ता सामग्रीहरु हेर्न प्रतिबन्ध

लगाउनुपर्दछ। लागू पदार्थको कारोवार, ओसारपसार र सेवन गर्ने तथा चेलीबेटी बेचबिखन गर्ने व्यक्तिका लागि कडाभन्दा कडा सजायको व्यवस्था मिलाउने र राष्ट्रिय सञ्चार माध्यमहरुबाट विकृति रोक्ने चेतनामूलक सन्देश प्रसारण गरी जनतालाई सुसूचित गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसको साथसाथै किशोरावस्थाका केटाकेटीहरुलाई अभिभावक, संरक्षक र अध्ययन संस्थानले राम्रोसँग निर्देशन तथा परामर्श सेवा उपलब्ध गराइरहने र विकृति तथा विचलन आउनै नदिन उनीहरुका क्रियाकलापप्रति सचेत भई बारम्बार निगरानी गरिरहनुपर्दछ । तर उनीहरुको मन-मस्तिष्कमा नकारात्मक सोचाइ विकास हुने काम कारवाही गर्नुहुँदैन ।

४) समाजमा रहेका गलत धारणा, परम्परा, रितिरिवाज र यसबारे सिर्जित समस्याहरुबारे खुल्ला पैरवी र अर्न्तक्रिया गर्ने, गराउनुपर्दछ । स्थानीय तहमा शिक्षा र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित चेतनामूलक गतिविधि र कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्था एवं व्यक्तिहरुसँग सम्बन्ध कायम गराउनुपर्दछ । हिमाली र पहाडी क्षेत्रमा विद्यमान सामाजिक कुरीति, कुप्रथा तथा अन्धविश्वास हटाउन विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुको साथै मुलुकमा धार्मिक सहिष्णुता कायम राख्न भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय, लैङ्गिक विभेद हटाई प्रत्येक जातजातिलाई राष्ट्रले संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ ।

५) किशोरकिशोरीमा यसै अवस्थामा यौन परिपक्वताका साथसाथै उनीहरुमा शारीरिक परिवर्तन शुरु हुन्छ । यसैप्रतिको जिज्ञासाका कारण उनीहरु यौन शिक्षा, जनसंख्या शिक्षा र स्वास्थ्य शिक्षाका विषयवस्तुप्रति बढी आकर्षित देखिन्छन् । यस अवस्थामा राम्रो नराम्रो छुट्याउन नसक्ने हुनाले शिक्षक तथा अभिभावकको सल्लाह, सुझाव, मार्गदर्शन, निर्देशन र पथप्रदर्शन अत्यावश्यक छ । आफ्नो निर्णय आफैं लिन नसक्ने तथा आफ्ना नजिकका साथीहरुबाट निर्देशित हुने उमेर भएकोले उचित परामर्श, मार्गदर्शन र शिक्षा प्राप्त भएमा यस्ता किशोरकिशोरीहरु सकारात्मक सामाजिक क्रियाकलापहरुतर्फ उन्मुख हुन सक्ने थुप्रै सम्भावना रहन्छ । त्यसकारण किशोरकिशोरीलाई हेलचेक्र्याइँ गर्नुभन्दा सही मार्गदर्शन सहित जिम्मेवारी र उत्तरदायित्व बोध गराएमा आफ्नो महत्वपूर्ण समय दुविधामा बिताउन नपर्ने वातावरण सिर्जना हुन सक्छ ।

६) वातावरण अध्ययन गर्ने, गराउने र यसलाई प्रचार-प्रसारको माध्यमबाट जनसमक्ष पुऱ्याउने कार्य युवा वर्गबाट अवश्य हुन सक्छ । खासगरी भन्ने हो भने वातावरण संरक्षण किन र कसरी गर्ने, यसको आवश्यकता र महत्व विषयमा युवा वर्गलाई सर्वप्रथम सचेत गराउनुपर्दछ। तत्पश्चात् ती युवाहरुले आफूले सिकेका कुराहरु, आर्जेको ज्ञान आफ्नो आफ्नो क्षेत्रमा गई सम्झाउने, बुझाउने कार्य गर्न सक्छन् । युवा एक यस्तो अवस्था हो, जसले जे पनि गर्न र गराउन सक्दछ । प्रौढ र वृद्ध भइसकेपछि शारीरिक कठिनाइका कारण र बढी जिम्मेवारीका कारणबाट त्यत्तिको गर्न नसकिने हुँदा युवा अवस्था नै जे पनि सक्ने र गर्ने समय हो । अंग्रेजी कहावतमा भनिएको छ "Youth is the harvest time." वातावरण सम्बन्धी जति वर्णन गरे पनि नसकिने हुँदा सोको वर्णन भन्दा पनि त्यसलाई कसरी सम्वर्द्धन, संरक्षण गर्नेतर्फ जाँदा राम्रो हुने भएकोले त्यसको संरक्षण गर्नेतर्फ युवाको भूमिका महत्वपूर्ण हुन आउँछ । जनसंख्याको बढ्दो चाप, भू–क्षय, बाढी, पहिरो, इन्धन, घाँसपातको कमी, कृषि उत्पादनमा कमीले वातावरणीय ह्राससमेत

हुँदै गइरहेको विद्यमान अवस्थालाई इमान्दारीपूर्वक स्वच्छ भावनाले सुधार गरी संरक्षण गर्नु आजको युवा वर्गको काँधमा परेको छ ।

**वर्तमान त्रिवर्षीय योजना** (२०७०/२०७१ – २०७२/२०७३) **को आधारपत्रमा युवा विकास कार्यक्रम** :

**उद्देश्य** :

युवाहरुलाई सिर्जनात्मक तथा उत्पादनमूलक क्रियाकलापहरुमा संलग्न गराई मुलुकको सर्वाङ्गिण विकासमा योगदान पुऱ्याउने ।

**रणनीति** :

१. सामाजिक, आर्थिक उद्यमशीलताको विकासका लागि युवाहरुको क्षमता अभिवृद्धि गर्ने ।
२. स्वरोजगार, स्वदेशी श्रम बजारमा सिर्जित आय आर्जनका अवसर एवं राष्ट्रिय विकासका कार्यक्रमहरुमा सक्रिय रुपमा सहभागी गराउने ।
३. राष्ट्रिय विकासको नेतृत्व लिनसक्ने गरी युवाहरुलाई सशक्तीकरण गर्ने ।

**कार्यनीति** :

१. १६-२५ वर्ष उमेर समूहका युवाहरुलाई शिक्षा, क्षमता अभिवृद्धिमार्फत उद्यमशीलता प्रवर्द्धन गरिनेछ । २६-४० वर्ष उमेर समूहका युवाहरुलाई रोजगारी, स्वरोजगारी तथा उद्यमशीलता वृद्धि लक्षित तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. स्वदेशी रोजगारी सिर्जना गरी बेरोजगार युवाका समस्यालाई क्रमिक रुपमा समाधान गर्दै लगिनेछ । दुर्व्यसन एवं कुलत जस्ता असामाजिक क्रियाकलापबाट युवाहरुलाई मुक्त गर्न सम्बन्धित क्षेत्रगत निकायहरु र गैरसरकारी संस्थाहरुसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछूत, जातीय विभेद, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरुको अन्त्यका लागि युवा परिचालन गर्न सम्बन्धित क्षेत्रगत निकायहरु, गैरसरकारी संस्थाहरुसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. विकास कार्यक्रम र विपद् व्यवस्थापनमा युवा शक्तिलाई परिचालन गरिनेछ। राष्ट्रिय युवा परिषद्को गठन गरिनेछ । राष्ट्रिय विकासको नेतृत्व र नीति निर्माणको तहमा युवालाई पुऱ्याउन तिनलाई नेतृत्व र नीति निर्माणसम्बन्धी विषयहरुमा क्षमता अभिवृद्धि गरिनेछ ।

५. आन्तरिक र अन्तर्राष्ट्रिय युवा अनुभव आदान-प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४५ वटा युवा सूचना केन्द्रहरुको सुदृढीकरण र स्थानीय युवा साझेदारी कार्यक्रममार्फत लाभान्वित युवाको संख्या ४०,००० पुगेको हुनेछ । नेपालमा कुल जनसङ्ख्याको ४०.३४ प्रतिशत युवाहरु रहेका छन् । राष्ट्रिय युवा नीति २०६६ कार्यान्वयनमा आइसकेको छ । युवासँग सम्बन्धित कृषि, पर्यटन, गैरकाष्ठ वनजन्य उत्पादन क्षेत्रमा लघु उद्यम अथवा लघु व्यवसाय विकास, रोजगारी र स्वरोजगार, एच.आइ.भी/एड्स, लैङ्गिग हिंसा, लागू पदार्थ, दुर्व्यसन तथा अन्य सामाजिक कुरीतिहरु विरुद्ध सचेतना कार्यक्रम सञ्चालन

हुँदै आएका छन् । स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृत्ति तीब्र रहनु, आवश्यक सामाजिक, आर्थिक सेवाहरुको उपलब्धता र पहुँच न्यून हुनु, सकारात्मक सोच, व्यावहारिक र व्यावसायिक शिक्षा प्रदान गर्न नसक्नु, दुर्व्यसन, अपराध र अन्य असामाजिक कार्यबाट युवाहरुलाई मुक्त गर्न नसक्नु जस्ता समस्याहरु विद्यमान छन् ।

वैदेशिक रोजगारीमा जानेहरुको प्रवृत्ति हेर्दा खाडी क्षेत्र प्रमुख गन्तव्य स्थान भएको छ । कम गुणस्तर र बिनातालीमका श्रमिकहरुको वाहुल्य भएकोले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई स्थान विशेषको मागको आधारमा तालिम प्रदान गरी गुणस्तरीय श्रमशक्ति बनाई पठाउनु पर्नेमा सो अझै हुन नसकी चुनौतिको रुपमा रहेको छ । उच्च शिक्षा हासिल गरेका, सीपयुक्त र पेशाविद् व्यक्तिहरुलाई विकसित देशहरुमा पठाउन सके प्रति व्यक्ति श्रमिक आर्जन उच्च हुने र देशमा भित्रिने विप्रेषण (Remittance) को मात्रा पनि निकै बढ्ने वास्तविकता हुँदा हुँदै पनि यसो गर्न नसक्नु चुनौति नै भएको छ ।

विदेशमा रोजगारीमा जाँदा शुरुमै ठूलो धनराशी खर्च गर्नुपर्ने भएकोले गरिब, दलित र जनजातिको पहुँच नभएको महसुस भएकोमा सोमा सुधार गर्नु पर्नेमा सो हुन सकेको छैन । यसरी गरिबहरुको वैदेशिक रोजगारीमा पहुँच पुऱ्याउनु अर्को चुनौति रहेको छ । यसको साथसाथै देशभित्रै रोजगारीका अवसरहरु बढाउन सकिएको छैन । कृषि क्षेत्रको रोजगार लचकता शून्यप्रायः छ । अर्थव्यवस्थाका विभिन्न क्षेत्रहरुको अध्ययन तथा विश्लेषण गरी रोजगार लचकता बढी भएका क्षेत्रमा ध्यान दिनु पर्नेमा सो हुन सकेको छैन । अर्थव्यवस्थामा आएको संरचनागत परिवर्तनसँगसँगै परिवर्तन भइरहने रोजगार लचकतालाई प्रयोग गरेर रोजगारी प्रवर्द्धन गर्नु अर्को चुनौति भएको देखिन आउँछ । विदेशमा मजदुर बेच्ने अल्पकालीन योजना बनाउनु भन्दा दीर्घकालीन योजनासहित अघि बढ्नुमा नै हामी सबैको कल्याण हुनेछ । देशभित्रै रोजगारी सिर्जना गरी बेरोजगारी हल गर्ने राष्ट्रिय चिन्तन आजको आवश्यकता हो । बेरोजगार श्रमशक्तिलाई विदेशमा पठाएर बेरोजगारी समस्या समाधान गर्ने कुरा आफैंमा आत्मग्लानिपूर्ण कूरा हो । विदेशीको दलाली प्रवृत्तिको अभिव्यक्ति हो ।

देशको प्रमुख समस्याको रूपमा रहेको बढ्दो बेरोजगारीको स्थितिमा सुधार ल्याउन बढीभन्दा बढी जनशक्तिलाई रोजगारी प्रदान गर्नेतर्फ पहल हुनुपर्ने देखिन्छ । यसको लागि युवा बेरोजगारीहरूलाई उपयुक्त तालिम प्रदान गरी राष्ट्रिय स्तरमा रोजगारीका अवसरहरू खोजी गरी उपलब्ध गराउन आवश्यक भएको छ । जनशक्तिको प्राविधिक सीप, कौशल र क्षमता वृद्धिमा सक्रियताका साथ लाग्नु पर्ने भएको छ । ग्रामीण क्षेत्रमा स्वरोजगारका अवसरहरूको सिर्जनाका साथै ग्रामीण पूर्वाधार विकास, निर्माण कार्यक्रममा श्रममूलक प्रविधिको उपयोग गरी रोजगारीका अवसरहरू वृद्धि गर्नुपर्ने देखिन्छ ।

भौगोलिक र स्थलगत विशेषताको आधारमा श्रममूलक कृषिजन्य उद्योगहरूलाई प्रोत्साहित गर्नु परेको छ । सम्भाव्यता भएका ग्रामीण र दुर्गम क्षेत्रमा रोजगारमूलक पर्यटन व्यवसायलाई विकसित गर्नुपर्ने औचित्य बढेको छ । बेरोजगारी र अर्ध बेरोजगारीको समस्यालाई निराकरण गर्न घरघरमा रोजगारीको अवधारणालाई मूर्त रूप दिन परेको छ । कृषि तथा गैरकृषि क्षेत्रमा सिर्जना हुने नयाँ रोजगारीका अवसरहरू बढाउनेतर्फ विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ । उपलब्ध रोजगारीका अवसरहरूमा समेत विदेशीभन्दा स्वदेशी श्रमशक्तिको पहुँच र आपूर्ति बढाउनेतर्फ पहल गर्नुपर्ने आवश्यकता रहेको छ ।

साना, घरेलु र कुटीर उद्योग हरूको विकासको लागि ऋणको व्यवस्था गरिनु पर्दछ ।

■■■

## सहायक ग्रन्थहरू (Bibliography)


- डा.बालकृष्ण रञ्जित, किशोरावस्था–प्रजनन् स्वास्थ्य र यौन शिक्षा, जनसंख्या शिक्षा गतिविधि, शिक्षा तथा खेलकुद मन्त्रालय, जनसंख्या शिक्षा एकाई, केशरमहल तथा संयुक्त राष्ट्र, जनसंख्या कोष, वार्षिक प्रकाशन, वर्ष २४, अंक ४०, मे २००७ ।
- अजिता शर्मा, वैदेशिक रोजगारी विद्यमान व्यवस्था, समस्या/चुनौती, सम्भावना एवं सुधारहरु, श्रम तथा रोजगार, अर्धवार्षिक, पत्रिका प्रकाशन, वर्ष १, अंक २, २०६५ जेठ, नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल ।
- श्यामप्रसाद मैनाली, Labour Migration, Some Issues in Nepalese Perspective, श्रम तथा रोजगार अर्धवार्षिक, पत्रिका प्रकाशन, वर्ष १, अंक १, २०६४ मंसिर, नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल ।
- बाबुराम सुवेदी, नेपालमा युवाहरुको आर्थिक परिचालन – समस्या र सम्भावना, युवा बुलेटिन, अंक ७, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल, २०६४ ।
- 'वैदेशिक रोजगार' वर्ष १, अंक १ प्रथम त्रैमासिक २०५९, 'वैदेशिक रोजगार अध्ययन तथा सहयोग केन्द्र' ।
- 'वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले जानकारी राख्नु पर्ने कुराहरू', नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- गम्भीर बहादुर हाडा 'नेपालमा वैदेशिक रोजगार समस्या र सुझाव' The Destination वर्ष २, अंक ४, २०५८ फागुन (राष्ट्रिय नेपाली मासिक) ।
- गम्भीर बहादुर हाडा 'नेपालमा वैदेशिक रोजगारको व्यवस्था : केही समस्या र केही सुझाव' आर्थिक तथा व्यवस्थापन विकास वर्ष ६, अंक ४, आर्थिक तथा व्यवस्थापन लेखन मञ्च, काठमाडौं ।
- गम्भीर बहादुर हाडा, 'नेपालमा बेरोजगारीको समस्या र समाधानका उपायहरू' नेपाल राष्ट्र बैंक समाचार, वार्षिक प्रकाशन, ४८ औं वार्षिकोत्सवको उपलक्ष्य, बैशाख १४, २०६०, नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, काठमाडौं ।
- हिरण्यलाल श्रेष्ठ, वैदेशिक रोजगारको क्षेत्रमा विद्यमान समस्या, स्पेसटाइम दैनिक, २०५९/२/१८।
- गम्भीर बहादुर हाडा, नेपालमा वैदेशिक रोजगारको व्यवस्था-समस्या र सुझाव, रोजगार माध्यम, वर्ष २, अंक १२, वैशाख-जेष्ठ, २०५१, काठमाडौं, नेपाल ।
- वैदेशिक रोजगार दिग्दर्शन, नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय सिंहदरबार, काठमाडौं, २०५७ ।
- वर्तमान त्रिवर्षीय योजना २०७०/२०७१ - २०७२/२०७३ को आधारपत्र, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७० असार, सिंहदरवार काठमाण्डौं नेपाल ।
- आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०६९/२०७०, नेपाल सरकार, अर्थमन्त्रालय, सिंहदरवार काठमाण्डौं नेपाल, २०७० असार ।
- नेपाल सरकारको बजेट वक्तब्य, २०७०/२०७१, नेपाल सरकार, अर्थमन्त्रालय, सिंहदरवार काठमाण्डौं नेपाल, २०७० असार ।
- राष्ट्रिय जनगणना २०६८, नेपाल सरकार, केन्द्रीय तथ्यांक विभाग, थापाथली काठमाण्डौं, २०६९ ।

# सार्कमा युवा

✍ रूद्रप्रसाद अधिकारी

**विषयप्रवेश** :

मानव विकासका चरणलाई आधार मान्दा सामान्यतया पराधीन बालक अवस्थादेखि स्वाधीन वयस्क अवस्थाको बीचको परिवर्तनशील अवस्थालाई नै युवा अवस्था मानिन्छ । सामाजिक रुपमा शिक्षा र रोजगारलाई आधार मान्ने हो भने राष्ट्रले प्रदान गर्ने अनिवार्य शिक्षा पूरा गरी रोजगारी प्राप्त गर्ने समयको बीचको अवस्थालाई युवा अवस्थामा समावेश गर्ने गरेको पाइन्छ ।

देशको आफ्नो अवस्था अनुसार फरक फरक परिभाषा हुनसक्ने अवस्थालाई समेत स्वीकार्दै संयुक्त राष्ट्रसंघले तथ्यांकीय रुपमा गणनाका लागि १५ देखि २४ वर्ष उमेर समूहका व्यक्तिहरुलाई युवाको परिभाषामा समेटेको पाइन्छ । युवाप्रतिको समाजको आकांक्षा, समाजका विविध परिवेशहरु, जनसंख्याको बनावट, परम्परागत मूल्य मान्यताहरु आदिका आधारमा युवाहरुको उमेर देश अनुसार फरक फरक निर्धारण गरिएको भए तापनि उत्पादनशील, उर्जाशील, श्रमशील र शारीरिक रुपले समेत सक्रिय अवस्थामा रहेका व्यक्तिहरुको समूहलाई युवा समूह मान्ने गरिन्छ । साथै राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक रुपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्तिको रुपमा युवा शक्तिलाई सर्वत्र स्वीकार गरिएको हुन्छ ।

नेपाल लगायतका सार्क राष्ट्रहरुमा युवा मामिला हेर्ने केन्द्रीय सरकारी संरचना के कस्तो रहेको छ, युवा विकास एवं परिचालनका लागि युवा नीतिहरुको उपलब्धताको अवस्था कस्तो छ र तिनमा कुन क्षेत्रलाई प्रमुख क्षेत्रको रुपमा राखिएको छ एवं युवाहरुको उमेर समूहलाई कुन समूहमा राखिएको छ भनी तुलनात्मक अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ ।

**युवाहरूको उमेर** :

| देश | युवा उमेर समूह | युवा अवधि |
|---|---|---|
| अफगानिस्तान | १८ देखि ३० | १३ वर्ष |
| नेपाल | १६ देखि ४० | २५ वर्ष |
| पाकिस्तान | १५ देखि २९ | १५ वर्ष |
| बंगलादेश | १८ देखि ३५ | १८ वर्ष |
| भारत | १५ देखि २९ | १५ वर्ष |
| भुटान | १३ देखि २४ | १२ वर्ष |
| माल्दिभ्स | १४ देखि ३५ | २२ वर्ष |
| श्रीलंका | १५ देखि २९ | १५ वर्ष |

सार्क मुलुकहरुमध्ये सबैभन्दा कम उमेरमा युवा समूहमा पर्ने मुलुकमा भुटान देखिन्छ किनकि यहाँ १३ वर्षका व्यक्तिलाई युवा समूहमा राखिएको छ । सो भन्दा पछि माल्दिभ्समा १४ वर्षका व्यक्तिलाई युवा समूहमा राखिएको देखिन्छ । पाकिस्तान, भारत र श्रीलंकामा भने १५ वर्षको नभई युवा समूहभित्र परिँदैन भने नेपालमा युवा हुनलाई १६ वर्षको हुनुपर्दछ । सार्क राष्ट्रहरुमा युवा समूहभित्र पर्न सबैभन्दा धैरै समय कुर्नुपर्ने राष्ट्रहरुमा बंगलादेश र अफगानिस्तान हुन् जहाँ १८ वर्षपछि मात्र युवा समूहमा गणना गरिन्छ ।

✍ उपसचिव युवा तथा खेलकुद मन्त्रालय

युवा अवस्था सकिने उमेरका हिसाबले भुटान सबैभन्दा पहिले आउँछ किनकि यहाँ २४ वर्ष कटेपछि युवा अवस्था पार गरिन्छ । पाकिस्तान, भारत र श्रीलंकाका व्यक्तिहरु २९ वर्षको उमेरसम्म युवामा पर्दछन् भने अफगानिस्तानमा ३० वर्ष पूरा नभएसम्म युवा नै मानिन्छ यसैगरी बंगलादेश र माल्दिभ्समा ३५ वर्षको उमेरसम्म युवाको रुपमा रहने अवस्था छ भने सार्क राष्ट्रमा नेपाल मात्र यस्तो मुलुक हो जहाँ ४० वर्षसम्म युवा समूहमा रहने नीतिगत व्यवस्था रहेको छ ।

अवधिका हिसाबले युवा उमेर समूहभित्र लामो अवधि रहन सक्ने व्यवस्था नेपालमा देखिन्छ जहाँ एक व्यक्ति २५ वर्षसम्म युवा उमेर समूहभित्र रहन सक्छ । एउटा व्यक्ति युवा उमेर समूहमा प्रवेश गर्दा जन्मेको बालक उ सँगसँगै ९ वर्षसम्म एउटै समूहमा रहनसक्ने देखिन्छ । नेपाल पछि युवा उमेर समूहको अवधि लामो भएको देशमा माल्दिभ्स पर्दछ, त्यहाँ २२ वर्षसम्म युवा अवधि कायम रहन्छ । यसैगरी युवा अवधिका हिसाबले तेस्रो स्थानमा बंगलादेश (१८ वर्ष), चौथो स्थानमा पाकिस्तान, भारत र श्रीलंका (१५ वर्ष),र सो पछि अफगानिस्तान (१३ वर्ष) रहेको छ। सार्क राष्ट्रहरुमा सबैभन्दा कम अवधि (१२ वर्ष) युवा उमेर समूहमा रहने देश भुटान देखिन्छ। यसलाई हेर्दा भुटानमा २ वटा युवा पुस्ताहरु पार भइसक्दा समेत नेपालमा उही पुस्ता युवा समूहभित्र रहिरहने अवस्था देखिन्छ।

**युवासम्बन्धी मामिला हेर्ने केन्द्रीय निकाय** :

| देश | मन्त्रालय | अन्तर्गतको निकाय |
|---|---|---|
| अफगानिस्तान | सूचना तथा संस्कृति मन्त्रालय | युवा मामिला सम्बन्धी उप मन्त्रीको कार्यालय |
| नेपाल | युवा तथा खेलकुद मन्त्रालय | |
| पाकिस्तान | युवा मामिला मन्त्रालय | युवा विभाग |
| बंगलादेश | युवा तथा खेलकुद मन्त्रालय | |
| भारत | युवा मामिला तथा खेलकुद मन्त्रालय | युवा विभाग |
| भुटान | शिक्षा मन्त्रालय | युवा तथा खेलकुद विभाग |
| माल्दिभ्स | युवा तथा खेलकुद मन्त्रालय | |
| श्रीलंका | युवा मामिला तथा सीप विकास मन्त्रालय | |

युवा विकास एवं परिचालन विभिन्न क्षेत्रसँग सम्बन्धित विषयवस्तु रहेकाले यसका लागि विभिन्न निकायहरुले समन्वयात्मक प्रयास गर्नुको विकल्प रहँदैन तापनि यसको समन्वयका लागि नेतृत्वदायी भूमिका रहेको छुट्टै मन्त्रालयको व्यवस्था भएमा यसलाई दिइने महत्व बढी रहेकोछ भन्ने अनुमान लगाउन सकिन्छ । अफगानिस्तान बाहेक अन्य सबै सार्क मुलुकहरुमा युवा शब्द जोडिएका मन्त्रालयहरु रहेका छन् तर अफगानिस्तानमा भने सूचना तथा संस्कृति मन्त्रालयले युवा सम्बन्धी मामिला हेर्ने गर्दछ जसको मातहतमा युवा मामिला हेर्ने उप मन्त्रीको छुट्टै कार्यालय रहेकोछ । यसैगरी भुटानमा शिक्षा मन्त्रालयले युवा सम्बन्धी कार्य हेर्ने गर्दछ जसका लागि युवा तथा खेलकुद विभागको

व्यवस्था गरिएको पाइन्छ । श्रीलंकामा युवा मन्त्रालयले सीप विकास सम्बन्धी कार्य समेत हेर्ने गर्दछ । नेपाल, बंगलादेश तथा माल्दिभ्समा युवा तथा खेलकुद सम्बन्धी कार्य हेर्ने गरी युवा तथा खेलकुद मन्त्रालयको व्यवस्था रहेको देखिन्छ । पाकिस्तानमा भने युवा मामिला सम्बन्धी मन्त्रालयका साथसाथै युवा विभाग समेत छुट्टै रहेको देखिन्छ ।

## युवा नीतिको उपलब्धता :

| देश | युवा नीति छ/छैन | कहिले आएको हो |
|---|---|---|
| अफगानिस्तान | छलफलका लागि मस्यौदा तयार भएको छ | २०१३ जुलाई |
| नेपाल | छ | २०१० जनवरी |
| पाकिस्तान | छ | २००८ डिसेम्बर |
| बंगलादेश | छ | २००३ |
| भारत | छ | २०१४ (२००३ लाई विस्थापित गरेर नयाँ आएको) |
| भुटान | छ | २०११ |
| माल्दिभ्स | छ | २००३ |
| श्रीलंका | छ | २०१४ मा नयाँ आएको |

राष्ट्रका युवाहरुको विकास कसरी गर्ने र उनीहरुलाई कसरी विकास प्रक्रियामा सहभागी गराउने भनी अलग अलग देशहरुले आआफ्नो सन्दर्भ, स्रोतसाधन समेतका आधारमा क्षेत्रगत नीति तय गरेका हुन्छन् । यसैक्रममा युवा नीतिहरुको उपलब्धताका आधारमा हेर्ने हो भने सार्क क्षेत्रमा राम्रो अवस्था रहेको देखिन्छ किनकि अफगानिस्तानबाहेक सबै देशहरुमा सरकारी तहमै राष्ट्रिय युवा नीति तयार भएका छन् । अफगानिस्तानमा समेत यसको मस्यौदा तयार भई सरोकारवालाहरुको छलफलका लागि सार्वजनिक भैसकेको अवस्था हुनाले निकट भविष्यमै यसले अन्तिम रुप लिने कुरामा विश्वास गर्न सकिन्छ । यस क्षेत्रमा सन् २००३ को दशकदेखि राष्ट्रिय युवा नीतिहरु आधिकारिक रुपमा आउन थालेका, केही देशहरुले समयक्रम अनुसार परिमार्जन समेत गरिसकेका र केही देशहरुले यसलाई परिमार्जन गर्दै गरेको अवस्था छ । यसैक्रममा भारत र श्रीलंकामा सरकारले भरखरै नयाँ राष्ट्रिय युवा नीतिहरु ल्याएको छ भने नेपालले आगामी वर्षमा राष्ट्रिय युवा नीतिको पुनरावलोकन गर्ने कार्यक्रम राखेको छ ।

## युवा नीतिका प्रमुख प्राथमिकताका क्षेत्रहरु :

| देश | प्रमुख प्राथमिकताका क्षेत्रहरु |
|---|---|
| अफगानिस्तान | रोजगार, स्वास्थ्य, शिक्षा तथा तालिम, सहभागिता, लैंगिक समानता, शान्ति एवं सुरक्षा, खेल तथा मनोरञ्जन, वातावरणीय दिगोपना |
| नेपाल | शिक्षा, स्वास्थ्य तथा परिवार कल्याण, सामाजिक सुरक्षा, रोजगारी, कला, संस्कृति, खेलकुद तथा मनोरञ्जन, लागूपदार्थ दुर्व्यसन, मानव तस्करी तथा बेचबिखन नियन्त्रण, वातावरण संरक्षण र दिगो विकास, विज्ञान तथा सूचना प्रविधिमा पहुँच, अपराध तथा हिंसाबाट मुक्त, दिगो शान्ति स्थापना र द्वन्द समाधान |

| | |
|---|---|
| पाकिस्तान | आत्म गौरव, सचेतना र उत्प्रेरणा, राष्ट्रिय एकता, सीप विकास, उद्यमशीलता, लघु उद्यम, चरित्र निर्माण, खेल तथा मनोरञ्जन, प्राज्ञिक तथा बौद्धिक विकास, स्वास्थ्य, स्वयंसेवा, लैंगिक सन्तुलन, |
| बंगलादेश | आधारभूत आवश्यकता (गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य), रोजगारी र स्वरोजगारी, आराम तथा मनोरञ्जन, सामाजिक सुरक्षा, सरोकार राख्ने विषयको निर्णय प्रक्रियामा सहभागिता |
| भारत | शिक्षा, रोजगारी र सीप विकास, उद्यमशीलता, स्वास्थ्य, खेलकुद, सामाजिक मूल्य, सामाजिक संलग्नता, राजनीति र शासनमा सहभागिता, समाहितता, सामाजिक न्याय |
| भुटान | दिगो तथा समतामूलक सामाजिक आर्थिक विकास (शिक्षा, स्वास्थ्य, रोजगार र तालिम), वातावरण संरक्षण, संस्कृतिको संरक्षण र संवर्द्धन, सुशासनलाई बढवा |
| माल्दिभ्स | |
| श्रीलंका | शिक्षा, सीप विकास तथा व्यावसायिक तालिम, रोजगारी, नैतिकता र नागरिकता, शान्ति र मेलमिलाप, कला, मनोरञ्जन, खेलकुद, स्वास्थ्य तथा कल्याण |

राष्ट्रका युवाहरुको लागि तय गरिने प्रमुख प्राथमिकताका क्षेत्रहरु सो राष्ट्रका युवाहरुले भोग्दै आएका समस्याहरुमा आधारित हुने गर्दछन् । सार्क राष्ट्रहरुका युवा विकास सम्बन्धी गतिविधिहरुलाई नियाल्ने हो भने प्रायः सबै देशहरुमा बेरोजगारी तथा उद्यमशिलताको कमीलाई मुख्य समस्याहरुमा सूचीकृत गरेको पाइन्छ । यसका लागि रोजगारी एवं स्वरोजगारी श्रृजना गर्ने किसिमका सीपमूलक तथा अन्य तालिमहरुलाई युवा विकासका प्राथमिकताका क्षेत्रमा राखिएको देखिन्छ । यसैगरी गाँस, बास, कपास, शिक्षा तथा स्वास्थ्य पनि प्रत्यक्ष वा अप्रत्यक्षरुपले सबै देशहरुमा प्राथमिकताका क्षेत्रमा समावेश भएको पाइन्छ । विभिन्न स्वरुपका द्वन्द्वबाट प्रभावित भएका खासगरी नेपाल, श्रीलंका र अफगानिस्तान जस्ता राष्ट्रहरुले शान्तिको प्रवर्द्धन गर्ने विषयलाई महत्व दिएको देख्न सकिन्छ । देशहरुको आफ्नो सामाजिक, साँस्कृतिक परिवेश अनुसारका सामाजिक मूल्य र मान्यताहरुको संरक्षण र प्रवर्द्धन, राष्ट्रिय एकता र गौरव जस्ता विषयवस्तुहरुले पनि प्राथमिकता पाएको देखिन्छ। विभिन्न तरिकाले युवाहरुलाई उनीहरुको सरोकारको विषय साथै राज्य सञ्चालन र शासन सम्बन्धमा हुने निर्णय प्रक्रियामा सहभागिता गर्ने कुरालाई समेत सुनिश्चित गर्न खोजेको देख्न सकिन्छ ।

## समग्र सिकाइ :

यस लेख तयार गर्ने क्रममा सार्क राष्ट्रहरुमा भएका युवा गतिविधिहरु अध्ययनका लागि वेवसाइट मार्फत सम्बन्धित देशहरुमा भएका गतिविधिहरु एवं सामग्रीहरुको अध्ययन गरियो । यस क्रममा सार्कका ८ मध्ये ७ वटा राष्ट्रहरुको युवा नीति अंग्रेजी भाषामा उपलब्ध भएकाले सो को अध्ययन गरी त्यसमा भएका व्यवस्थाहरु माथि उल्लेख गरिसकिएकोछ भने माल्दिभ्सको राष्ट्रिय युवा नीति त्यहाँको राष्ट्रिय भाषा (दिवेही) मा मात्र उपलब्ध भएकाले त्यसमा भएका व्यवस्थाहरु उल्लेख गर्न सकिएन । उपलब्ध पाठ्यस्रोतका आधारमा वर्तमान युवा सम्बन्धी व्यवस्थालाई मनन गर्दा प्रायः सबै देशका युवा नीतिहरुमा युवाहरुलाई विकासको मूल संवाहकमा रुपमा स्वीकार गर्दै उनीहरुमा राष्ट्रको विकास निर्भर हुने भावना व्यक्त गरिएको पाइन्छ । नैतिक शिक्षा र अनुशासनमा उचित ध्यान दिन नसक्नु, कमजोर व्यावहारिक शिक्षाको उपलब्धता, असामाजिक

तथा अनैतिक क्रियाकलापहरुमा युवाहरुको बढ्दो संलग्नता, परिवार तथा समाजप्रति उत्तरदायी भावनाको कमी, उचित रोजगारीका अवसरहरुको सृजना हुन नसक्नु जस्ता बुँदाहरुलाई अधिकाँश देशहरुले युवा विकास एवं परिचालनका सन्दर्भमा समस्याका रुपमा प्रस्तुत गरेको पाइन्छ । यसैगरी राष्ट्रिय एकताको भावनालाई प्रोत्साहन, संस्कृतिको संरक्षण र सम्बर्द्धन, सुशासन, लैंगिक समानता तथा समता, वातावरण संरक्षण र दिगो विकास, द्वन्द्व समाधान, शान्ति स्थापना, स्वयंसेवा, समावेशीकरण, सरोकारका नीति निर्माण र कार्यक्रम कार्यान्वयनमा संलग्नता जस्ता विषयवस्तुहरुलाई प्रायः सबै देशहरुले युवावर्गका चासोका विषयवस्तुका रुपमा प्रस्तुत गरेको पाइन्छ ।

यसका आधारमा सार्क राष्ट्रका युवाहरुबीच निरन्तर सम्पर्क र समन्वय गरी एक अर्काको सिकाई आदान प्रदान गर्नका लागि सार्क स्तरीय युवा सञ्जालको गठन गर्न सकिएमा सामुहिकरुपमा अगाडी बढ्न सजिलो होला । यसैगरी एक अर्को राष्ट्रका युवा विकास र परिचालनलाई प्रत्यक्ष अध्ययनका लागि सार्क स्तरीय युवा भ्रमण तथा अन्तरक्रिया कार्यक्रम, नियमितरुपमा पालैपालो सार्क स्तरीय युवा सम्मेलनहरुको आयोजना र एक देशका सफल अभ्यासहरुलाई अर्को देशमा समेत लागु गर्न सक्ने वातावरणको निर्माणले समेत सार्कका समग्र युवाहरुको विकास एवं प्रभावकारी परिचालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ ।

आ-आफ्ना देशका युवासँग सम्बन्धित राष्ट्रिय नीतिहरु तथा योजनाहरुलाई समन्वयात्मक ढंगले अगाडी बढाउने आधारशिलाका रुपमा सार्क सचिवालयको अगुवाई एवं संयुक्तराष्ट्र संघीय जनसंख्या कोषको सहयोगमा SAARC Youth Charter तथा सो को कार्य योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसलाई सबै सदस्य राष्ट्रहरुबाट पूर्ण प्रतिवद्धताका साथ लागु गर्न सकिएमा सार्क मुलुकका युवाहरुका लागि सुखद भविष्यको सुनिश्चित गर्न सकिने देखिन्छ ।

यसै सन्दर्भमा युवा विकासका लागि उपयुक्त नीति तथा कार्यक्रम एउटा पाटो हो भने अर्कोतर्फ राष्ट्रप्रति युवाहरुको उत्तरदायित्व र भूमिका पनि उत्तिकै महत्वपूर्ण हुने सन्देश बंगलादेश तथा भुटानका राष्ट्रिय युवा नीतिहरुको अध्ययनबाट बुझ्न सकिन्छ किनकि यी राष्ट्रका युवा नीतिहरुमा युवाहरुको भूमिका र दायित्वलाई पनि महत्वका साथ उल्लेख गरिएकोछ । नेपालको सन्दर्भमा समेत प्रत्येकले आफ्ना अधिकारका कुरा मात्र गर्ने आफ्नो कर्तव्य र दायित्व कहिल्यै नसम्झने रोगले राम्ररी जरा गाडिसकेको वर्तमान परिवेश साथै राष्ट्रिय युवा नीतिमा भएकै व्यवस्था अनुसार आर्थिक वर्ष २०७१/०७२ मा यसमा परिमार्जन गर्ने कार्यक्रम रहेको सन्दर्भमा यसलाई राम्रो सिकाइका रुपमा लिन सकिन्छ । हाम्रा सन्दर्भमा अधिकारहरु आवश्यकता भन्दा बढी नै भइसके तर भूमिका र कर्तव्यको पाटोमा हामी कमजोर भएकाले यसतर्फ सोच्नु आवश्यक देखिन्छ ।

यसैगरी युवा विकासको विषय भनेको कुनै एउटा निकायको मात्र चासो नभई एक अर्कामा अन्तरसम्बन्धित विषयवस्तु भएकाले सबैको अधिकतम सक्रियता, युवाका क्षेत्रमा हाल भइरहेको लगानीमा बृद्धि साथै युवा सम्पर्क व्यक्तिहरुको कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सकेमा युवा नीतिको कार्यान्वयनमा सहजता भई युवा विकासका क्षेत्रमा अपेक्षित सुधार गर्न सम्भव हुने देखिन्छ ।

# युवा सूचना केन्द्रको स्थापना, सञ्चालन र सुदृढीकरण

✍ओम कुमार श्रेष्ठ

**१. पृष्ठभूमि**ः

त्रिवर्षीय योजनामा युवा अध्याय थप गरी राष्ट्रिय युवा परिचालन कार्यक्रमका लागि बजेट उपशीर्षक समेत तोकी उक्त कार्यक्रमका लागि तोकिएका २७ वटा कार्यक्रम मध्ये युवा स्रोत केन्द्रको स्थापना र सञ्चालन गर्ने कार्यक्रम तत्कालिन शिक्षा तथा खेलकुद मन्त्रालयको खेलकुद तथा युवा कार्यक्रम शाखाले सञ्चालन गर्ने क्रममा देश भरीबाट छनौट भएका सामूदायिक अध्ययन केन्द्रहरुमध्ये ४० र पाँच विकास क्षेत्रका स्रोत साधनयुक्त पुस्तकालयमध्ये ५ पुस्तकालयमा स्थापना गरी सञ्चालन गरिएको थियो । वि.सं. २०६५ भाद्र १५ गते युवा तथा खेलकुद मन्त्रालयको स्थापना भए पश्चात राष्ट्रिय युवा परिचालन कार्यक्रम यस मन्त्रालयले सञ्चालन गर्ने गरी तोकिएको र नेपाल सरकार (कार्य विभाजन नियमावली), २०६९ ले समेत युवा परिचालन तथा राष्ट्रिय युवा विकास, युवालयको सञ्चालन र युवालय सम्बन्धी राष्ट्रिय सम्पर्क र अन्तर्राष्ट्रिय समन्वय आदि जस्ता कार्य जिम्मेवारी यसै मन्त्रालयलाई तोकेको परिप्रेक्षमा युवा सूचना केन्द्रको स्थापना र सञ्चालन गर्न मन्त्रालय मातहत प्रयाप्त सांगठनिक संरचनाको विकास भई नसकेको अवस्थामा मन्त्रालय मातहतको राष्ट्रिय खेलकुद परिषद र सो अन्तर्गत ७५ वटै जिल्लामा भएको जिल्ला खेलकुद विकास समितिलाई उपयोग गर्ने गरी परिचालन गर्न सकिएमा युवा सूचना केन्द्रको स्थापना र सञ्चालन गर्न सकिने टुङ्गोमा पुगी शूरुमा राष्ट्रिय खेलकुद परिषदले गरेको जिल्लाको वर्गीकरणको आधारमा भौतिक र जनशक्तिको अवस्था समेतलाई ध्यानमा राखी तत्कालिन युवा तथा खेलकुद मन्त्रीज्यूबाट राष्ट्रिय खेलकुद परिषदका पदाधिकारी समेतको उपस्थितिमा वृहत्तर छलफल गरी जनशक्तिको हिसाबले उपयुक्त ठहरिएको 'क' वर्गका जिल्लाका जिल्ला खेलकुद विकास समितिमा नै युवा सूचना केन्द्रको स्थापना र सञ्चालन गर्ने गरी **युवा सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०६५** जारी गरी शूरुमा ३३ वटा जिल्लामा युवा सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्ने कार्यको थालनी भएको हो ।

मन्त्रालय अन्तर्गतका निकाय स्थानीय स्तरमा नभएको अवस्थामा मन्त्रालयका कार्यक्रम सोही ३३ वटा युवा सूचना केन्द्र मार्फत स्थानीय तहसम्म लैजाँदा त्यसको प्रभावकारीता केहीहदसम्म वृद्धि भएको र स्थानीय तहमा मन्त्रालयको उपस्थिति देखिएकोले आ.ब. २०६६/०६७ मा ७ वटा जिल्ला थप गरी ४० जिल्लामा युवा सूचना केन्द्र स्थापना र सञ्चालन गरियो । त्यसैगरी आ.ब. २०६७/०६८ मा बाँकी ३५ वटा जिल्लामा समेत युवा सूचना केन्द्र स्थापना गरी ७५ वटै जिल्लामा युवा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने काम भएको छ ।

युवाहरुको ज्ञान, सीप, क्षमता विकासका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रियरुपमा उपलब्ध उपयोगी सूचनाहरु युवा सूचना केन्द्र मार्फत प्रभावकारी रुपमा संकलन, व्यवस्थापन तथा प्रवाह

✍ शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय

गर्ने एवम् त्यस्ता सूचना सामग्रीहरुको अधिकतम उपयोग गर्न युवाहरुलाई अभिप्रेरित गरी उनीहरुको सर्वाङ्गीण विकासमा सघाउ पुऱ्याउने उद्देश्यले तत्कालीन अवस्थामा (२०६५) जारी भएको निर्देशिका समेतलाई समय सापेक्ष ढंगले परिमार्जन गरी पुनः मिति २०७०।०१।२९ गते **युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका**, २०७० जारी गरी लागु गरेको छ ।

## २. परिचय

युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७० अनुसार "**युवा सूचना केन्द्र**" भन्नाले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयद्वारा जिल्लाहरुमा स्थापना गरिएको युवा सूचना केन्द्र सम्झनु पर्छ र यो शब्दले नमूना युवा सूचना केन्द्र समेत जनाउने छ ।

## ३. युवा सूचना केन्द्रमा रहने पूर्वाधार

जिल्लामा स्थापित युवा सूचना केन्द्रमा स्रोत साधनको उपलब्धताका आधारमा देहाय अनुसारका पूर्वाधारहरुको व्यवस्था गर्न सकिनेछ ।

(क) कार्यकक्ष ।

(ख) कम्प्युटर, टेलिफोन, फोटोकपी, फ्याक्स ।

(ग) कम्तिमा दुईवटा राष्ट्रिय स्तरको दैनिक पत्रिका नियमित रुपमा उपलब्ध हुने व्यवस्था ।

(घ) पुस्तकालय

## ४. नमूना युवा सूचना केन्द्रको व्यवस्था

(१) मन्त्रालयले जिल्लामा स्थापना गरेका युवा सूचना केन्द्रहरु मध्येबाट देहायका पूर्वाधार पुरा गरेका युवा सूचना केन्द्रलाई नमूना युवा सूचना केन्द्र तोक्न सक्नेछ ।

(क) इन्टरनेट सेवा ।

(ख) २ वा सो भन्दा बढी राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकाहरु नियमित रुपमा उपलब्ध हुने व्यवस्था ।

(ग) युवाहरुको लागि शारीरिक तन्दुरुस्ती र संगीतका साधन एवं खेल सामग्री ।

(घ) सूचना अपलोड र डाउनलोड गर्न सक्ने सफ्टवेयरको व्यवस्था ।

(२) नमूना युवा सूचना केन्द्रको लागि मन्त्रालयले आवश्यकतानुसार स्वयंसेवक एवम् अन्य जनशक्तिको व्यवस्था गर्न सक्नेछ ।

## ५. निर्देशक समिति, व्यवस्थापन समिति, सल्लाहकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१) युवा सूचना केन्द्रको व्यवस्थापन, समन्वय तथा निर्देशक समेतका लागि युवा सूचना केन्द्र निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार समबन्धी व्यवस्था गरेको छ ।

२) जिल्लास्तरमा व्यवस्थापन समिति गठन गरी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकेको छ ।

३) युवा सूचना केन्द्रको सञ्चालनका लागि आवश्यक मार्ग दर्शन गर्नका तथा सुझाव, सल्लाह, समन्वय एवम् सहयोग पुऱ्याउन सम्बन्धित जिल्लामा एक सल्लाहकार समिति गठन गरेको छ ।

## ६. मन्त्रालय, युवा सूचना केन्द्र एवम् अन्य निकायहरुको काम, कर्तव्य र अधिकार

१) निर्देशिकाले युवा तथा खेलकुद मन्त्रालयको काम, कर्तव्य र अधिकार समेत तोकेको छ, त्यसैगरी

२) निर्देशिकाले राष्ट्रिय खेलकुद परिषदको

काम, कर्तव्य र अधिकार समेत तोकेको र

३) निर्देशिकाले जिल्ला खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार समेत तोकेको छ ।

## ७. युवा सूचना केन्द्रको काम, कर्तव्य र अधिकार

युवा सूचना केन्द्रका कार्यहरु देहाय बमोजिम हुनेछ

**१) सूचना, तथ्यांक एवं जानकारीहरु संकंलन र अद्यावधिक गर्ने**

क) जिल्ला भित्रका युवाहरुको शैक्षिक स्तर, स्वास्थ्य, आर्थिक अवस्था लगायतका युवासंग सम्बन्धित विविध पक्षहरु समावेश भएको युवा प्रोफाइल तयार गर्ने ।

ख) युवालाई उपयोगी हुने किसिमका पुस्तक, पत्रपत्रिका, बुलेटिन, जर्नल, प्रोफाइल आदि खरीद एवं सङ्कलन गर्ने ।

ग) इमेल/इन्टरनेट/वेबसाइट आदिको माध्यमबाट युवाहरुका लागि उपयोगी सूचनाहरु संकलन गर्ने ।

घ) स्थानीय स्तरमा युवाहरुको रोजगारी र सीप विकास सम्बन्धी आवश्यकताहरुको तथ्यांक सङ्कलन एवं अद्यावधिक गर्ने ।

ङ) जिल्लास्थित सरकारी तथा अन्य संघसंस्थाहरुबाट संचालन हुने युवा लक्षित कार्यक्रमहरुको विवरण संकलन गर्ने ।

**२) सूचना, तथ्यांकमा युवाको पहुँच बृद्धि एवं प्रचार–प्रसार सम्बन्धी कार्य ।**

क) संकलित सूचना, तथ्यांक एवं जानकारीहरु अध्ययनका लागि सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाउने ।

ख) युवाहरुले टेलिफोन, इमेल लगायतका माध्यमबाट माग गरेका जानकारी, सूचना एवं तथ्यांकहरु उपलब्ध भएसम्म निर्धारित प्रक्रिया बमोजिम उपलब्ध गराउने ।

ग) सूचनापाटीको व्यवस्था गर्ने ।

घ) वेब–साईट वा मन्त्रालयबाट निर्माण गरिएको युवा सूचना प्रणाली (Youth Information System) को उपयोग गर्ने ।

ङ) जिल्लास्थित वा नजिकका संचार माध्यमहरु (रेडियो, एफ्.एम्., पत्रपत्रिका, स्थानीय टी. भी. आदि) सँग समन्वय गरी युवा सम्बन्धी सूचना एवं जानकारीहरु प्रवाह तथा प्रचार–प्रसार गर्ने व्यवस्था मिलाउने ।

च) नागरिकता, राहदानी, नाता प्रमाणिकरण, व्यक्तिगत घटना दर्ता, जग्गा नामसारी, सवारी चालक अनुमति पत्र लिने लगायतका सरकारी निकायहरुबाट प्रवाह हुने सेवाहरुका बारेमा जानकारी प्रदान गर्ने ।

छ) शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, प्रशिक्षण, तालिम आदि बिषयमा प्राप्त भएका सूचना एवं जानकारी उपलब्ध गराउने ।

ज) विभिन्न निकायहरुबाट संचालन गरिने युवा लक्षित–कार्यक्रम बारे जानकारी प्रवाह गर्ने ।

**३) तालिम प्रशिक्षण सम्बन्धी सेवा**

क) मन्त्रालयले तोके बमोजिमका तालिम, प्रशिक्षण कार्यक्रमहरुको संचालन गर्ने वा संचालनमा आवश्यक सहयोग गर्ने ।

ख) युवा स्वंयसेवकको लागि आवश्यक

तालिमहरु प्रदान गरी उनीहरुलाई विभिन्न कार्यक्रममा सहभागी हुन उत्प्रेरित गर्ने ।

४) **सहभागिता र समन्वय**

क) मन्त्रालयबाट स्थानीय स्तरमा संचालन हुने कार्यक्रमहरु (जस्तै स्थानीय युवा साझेदारी, युवा अनुभव आदानप्रदान आदि) संचालनमा स्थानीयस्तरमा समन्वय र सहयोग पुर्‍याउने ।

ख) स्थानीय स्तरमा अन्तर्राष्ट्रिय युवा दिवस लगायतका युवा लक्षित कार्यक्रम सम्पन्न गर्नका लागि सरकारी तथा गैर-सरकारी संघसंस्थाहरुसँग समन्वय गर्ने ।

ग) जिल्लास्थित सरकारी तथा अन्य संघसंस्थाहरुबाट सम्पादन हुने युवासम्बन्धी कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गर्न त्यस्ता कार्यक्रमहरुमा युवाहरुको सहभागिता बृद्धिको पहल गर्ने ।

५) **युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने**

क) आफूले संचालन गर्ने कार्यको योजना, बजेट एवं सञ्चालन गर्ने कार्यक्रमको कार्ययोजना समेत तयार गरी मन्त्रालयमा पेश गर्ने ।

ख) युवासँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्नको लागि प्रभावकारी कार्यक्रमहरू तयार पारी स्थानीय श्रोत, साधनको संकलन तथा परिचालन गर्दै कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ग) मन्त्रालयबाट तोकिएको अबस्थामा सथानीय युवा साझेदारीका साथै तोकिएका अन्य कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ) युवा, युवा संस्था र सूचना केन्द्रको सञ्जाल ९ल्भतधयचप० बनाई युवा सम्बन्धि विषयमा अन्तरक्रिया गर्ने गराउने ।

ङ) युवासँग सरोकार राख्ने विषयवस्तुहरूमा छलफल, सेमिनार, गोष्ठी, कार्यशाला, प्रवचन आदि कार्यक्रमहरु गर्ने/गराउने ।

६) **अन्य**

क) मन्त्रालय र सल्लाहकार समितिद्वारा दिइएको निर्देशन एवं मार्गदर्शन अनुसार अन्य कार्यहरु गर्ने ।

ख) माथि उल्लिखित कार्यहरुका अतिरिक्त युवा सूचना केन्द्रहरुले स्थानीय स्तरमा परिच्छेद ७ मा तोकिए बमोजिम आय आर्जन र सो आयबाट प्राप्त रकम खर्च गर्न सक्नेछ ।

ग) युवा सूचना केन्द्रले केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्य गर्न सक्नेछ ।

घ) युवा सूचना केन्द्रमा कार्यरत जनशक्ति परिचालन सम्बन्धी कार्य युवा सूचना केन्द्रले गर्न सक्नेछ । उपरोक्त काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त नमूना युवा सूचना केन्द्रको काम, कर्तव्य र अधिकारहरु देहाय वमोजिम हुनेछन : -

क) सामाजिक, सांस्कृतिक, वातावरणीय, कृषि तथा प्रविधिको संरक्षण, सम्बर्द्धन तथा विकासका लागि युवाको भूमिका प्रबर्द्धन गर्ने ।

ख) स्थानीय रुपमा युवा महोत्सवको आयोजना गर्ने ।

ग) युवाका लागि सकारात्मक सोच, श्रृजनशीलता र जीवनपयोगी सीप अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।

घ) युवाहरुको लागि शारीरिक तन्दुरुस्ती, संगीतका साधन र खेल सामग्रीहरुको व्यवस्था गर्ने ।

ङ) युवाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका प्रतिष्ठित विज्ञ तथा आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरेका सफल युवाहरुलाई समय समयमा आमन्त्रित गरी प्रवचन तथा छलफलका कार्यक्रमहरु आयोजना गर्ने ।

च) दैवी प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धमा युवाहरुमा जागरण ल्याउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

छ) युवा सम्बन्धी उपलब्ध सूचनाहरु बेब-साईटमा राखी आफ्नो तथा जिल्ला विकास समितिको सूचना पाटीमा समेत नियमित रुपमा छाँस गर्ने ।

ज) युवा सूचना केन्द्रप्रति युवाहरुको अपनत्व बढाउन युवा सूचना केन्द्र र युवासँग सम्बन्धित संघ संस्थाहरु बीच सञ्जाल (Networking) स्थापना गर्न सहयोग गरी यस्तो सञ्जालसँग आबद्ध संघ संस्थाहरुसँग कम्तिमा वर्षको एकपटक अन्तरक्रिया गर्ने ।

झ) पुस्तकालय तथा अध्ययन कक्षलाई युवाहरुको हितमा हुने गरी नियमित रुपमा संचालन गर्ने व्यवस्था मिलाउने ।

ञ) अन्य सूचना केन्द्रसँग समन्वय गर्दै युवासँग सम्बन्धित सूचनाहरु संकलन र अभिलेख तयार गर्ने ।

ट) आफूले संचालन गरेका कार्यक्रमको विवरण आवधिक रुपमा सार्वजनीकरण गर्ने ।

ठ) मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने ।

## ८. युवा सूचना केन्द्र स्थापना तथा सञ्चालनका लागि हालसम्म उपलब्ध स्रोत साधनको विवरण

## ९. युवा सूचना केन्द्रमा काम गर्ने जनशक्तिको क्षमता अभिवृद्धिका लागि गरिएका प्रयासहरू

(क) युवा सूचना केन्द्रहरूको लागि मन्त्रालयबाट निकासा भएको रकमको विवरण

| क्र. सं. | विवरण | आ.ब.६५/६६ ३३ युवा सूचना केन्द्र | आ.व.०६६।६७ | | आ.व.०६७।६८ | | |
|---|---|---|---|---|---|---|---|
| | | | नयाँ स्थापना हुने ७ जिल्ला | पुराना युवा सूचना केन्द्र ३३ जिल्ला | नयाँ स्थापना हुने सूचना केन्द्र ३५ जिल्ला | पुराना युवा सूचना केन्द्र ४० जिल्ला | जिल्ला विकास समिति (७५) |
| १. | टेलिफोन, फ्याक्स, कम्प्युटर सेट, प्रिन्टर, फोटोकपी | १३०,०००।- | १३०,०००।- | – | १३०,०००।- | - | - |
| २. | फर्निचर (कुर्सी, टेबल, सूचना बोर्ड आदि) | १८,५००।- | १८,५००।- | – | १८,५००।- | | |
| ३. | तालिम खर्च | ३५,०००।- जनशक्ति समेत | ५०००।- | – | ३०००।- | - | - |
| ४. | कार्यालय व्यवस्थापन खर्च | २८,०००।- | १२,२००।- | – | ७७००।- | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | पत्र पत्रिका | - | १७००।- | १७००।- | २०००।- | २०००।- | - |
| ६. | टेलिफोन महसुल | - | ३,५००।- | ३,५००।- | ३,०००।- | ३०००।- | - |
| ७. | मसलन्द/विविध | - | ८००।- | ८००।- | ८००।- | ८००।- | ३,०००।- |
| ८. | अनुगमन/ मूल्याङ्कन | | ११,०००।- | ११,०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ९. | स्थानिय युवा साझेदारीकार्यक्रम सञ्चालन खर्च (६ वटा क्षेत्रका लागि ६०,०००।-का दरले) | ३,६०,०००।- | ३,६०,०००।- | ३६०,०००।- | - | - | ३,६०,०००।- |
| **प्रत्येकको जम्मा** | | **५,७१,५००।-** | **५,४२,७००।-** | **३,७७,०००।-** | **१७१,०००।-** | **११,८००।-** | **३६९,०००।-** |
| **कुल जम्मा** | | **१,८८,५९,५००।-** | **३७,९८,९००।-** | **१,२४,४१,०००।-** | **५९,८५,०००।-** | **४,७२,०००।-** | **२,७६,७५,०००।-** |

**(ख) युवा सूचना केन्द्र स्थापना, सञ्चालन, पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन, युथ प्रोफाइल तयारी र सुदृढीकरणका लागि आ.ब. २०७०/०७१ उपलब्ध बजेट बाँडफाँडको विवरण**

| क्र. सं. | जिल्ला | युवा सूचना केन्द्र | नमूना युवा सूचना केन्द्र संचालन अनुदान | नमूना युवा सूचना केन्द्रकालागि पूर्वाधारको विकास | जनशक्ति व्यवस्थापन | Youth Profile तयारी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | **ताप्लेजुङ** | ५०००० | ० | ० | ० | ० | ५०००० |
| २ | **पाँचथर** | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३ | **इलाम** | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४ | **झापा** | ० | ७५००० | २००००० | १००००० | | ३७५००० |
| ५ | **मोरङ** | ० | ७५००० | ० | ० | १००००० | १७५००० |
| ६ | **सुनसरी** | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ७ | **धनकुटा** | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ८ | **तेह्रथुम** | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ९ | **भोजपुर** | ० | ७५००० | २००००० | १००००० | | ३७५००० |
| १० | **संखुवासभा** | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ११ | **सोलुखुम्बु** | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | ओखलढुंगा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| १३ | खोटाङ | ५०००० | ० | ० | ० | ० | ५०००० |
| १४ | उदयपुर | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| १५ | सिरहा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| १६ | सप्तरी | ५०००० | ० | ० | ० | ० | ५०००० |
| १७ | धनुषा | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| १८ | महोत्तरी | ५०००० | ० | ० | ० | ० | ५०००० |
| १९ | सर्लाही | ५०००० | ० | ० | ० | ० | ५०००० |
| २० | सिन्धुली | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| २१ | रामेछाप | ५०००० | ० | ० | ० | ० | ५०००० |
| २२ | दोलखा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| २३ | रौतहट | ५०००० | ० | ० | ० | ० | ५०००० |
| २४ | बारा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| २५ | पर्सा | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| २६ | मकवानपुर | ० | ७५००० | ० | ० | १००००० | १७५००० |
| २७ | चितवन | ५०००० | ० | ० | ० | ० | ५०००० |
| २८ | काठमाडौं | ० | ० | ० | ० | ० | ० |
| २९ | ललितपुर | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३० | भक्तपुर | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३१ | काभ्रेपलाञ्चोक | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३२ | सिन्धुपाल्चोक | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३३ | रसुवा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३४ | नुवाकोट | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ३५ | धादिङ | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३६ | गोरखा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३७ | लमजुङ | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ३८ | तनहुँ | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ३९ | स्याङ्जा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४० | कास्की | ० | ७५००० | ० | ० | १००००० | १७५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४१ | मनाङ | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४२ | मुस्ताङ | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४३ | म्याग्दी | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४४ | पर्वत | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४५ | बागलुङ | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ४६ | गुल्मी | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४७ | पाल्पा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४८ | अर्घाखाँची | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ४९ | नवलपरासी | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ५० | रुपन्देही | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५१ | कपिलवस्तु | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५२ | रोल्पा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५३ | रुकुम | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५४ | सल्यान | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५५ | दाङ | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५६ | प्युठान | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५७ | बाँके | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ५८ | बर्दिया | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ५९ | सुर्खेत | ० | ७५००० | ० | ० | १००००० | १७५००० |
| ६० | दैलेख | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६१ | जाजरकोट | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६२ | जुम्ला | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ६३ | डोल्पा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६४ | कालिकोट | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६५ | मुगु | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६६ | हुम्ला | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६७ | बाजुरा | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६८ | बझाङ | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ६९ | अछाम | ५०००० | ० | ० | ० | ० | ५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७० | डोटी | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ७१ | कैलाली | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ७२ | कञ्चनपुर | ० | ७५००० | २००००० | १००००० | ० | ३७५००० |
| ७३ | डडेलधुरा | ० | ७५००० | ० | ० | १००००० | १७५००० |
| ७४ | बैतडी | ५०००० | ० | ० | ० | ० | ५०००० |
| ७५ | दार्चुला | ५०००० | ० | ० | ० | ० | ५०००० |
| **जम्मा** | | २७००००० | १५००००० | ३००००० | १५००००० | ५००००० | ९२००००० |
| **काठमाडौंको हकमा उपत्यकाको १ सूचना केन्द्रलाई नमूनाको रुपमा विकास गरी प्रदर्शन योग्य बनाउनका लागि मन्त्रालयको तथ्यांक तथा सूचना शाखासँगको सल्लाह र समन्वयमा कामकाज गर्ने गरी जिल्ला खेलकुद विकास समिति (युवा सूचना केन्द्र) काठमाडौंलाई एकमुष्ठ रु.** | | | | | | | **१००००००** |
| **जनशक्ति व्यवस्थापनका लागि १५ जिल्लामा प्रति जिल्ला रु १ लाखका दरले विनियोजन गरिएको रकम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम प्राविधिक सहायकको छनौट भएपछि जिल्लाबाट प्राप्त हुने विवरणका आधारमा परीक्षा सम्बन्धी खर्च र नियुक्ति मितिदेखि गणना गरी प्रति महिना रु १०,००० का दरले पारिश्रमिक रकम उपलब्ध गराउने** | | | | | | | |

युवा सूचना केन्द्रमा काम गर्ने जिल्ला खेलकुद विकास समितिमा प्रशासनिक दरबन्दी कायम गर्न र प्रशासनिक कार्य गर्ने कर्मचारी पदपूर्ति गरीदिन राष्ट्रिय खेलकुद परिषद्मा आवश्यक सहयोगको लागि निर्देशन गएकोमा केही जिल्लालाई छाडेर धैरै जिल्लामा प्रशासनिक कर्मचारीको व्यवस्था भएको छ भने त्यहाँ कार्यरत कर्मचारीलाई युवा सूचना केन्द्रको बारेमा अभिमुखीकरण सम्बन्धी तालिम, लेखा सम्बन्धी तालिम र कम्प्युटर सम्बन्धी तालिमको व्यवस्था गरी कर्मचारीको क्षमता अभिबृद्धि गर्ने काम प्रत्येक वर्ष गरिँदै आएको छ । यसका अतिरिक्त जिल्लाका खेलकुद विकास समितिका अध्यक्ष र कार्यालय प्रमुखलाई एकै थलोमा भेला गराई जिल्ला खेलकुद विकास समितिले गर्ने काम र युवा सूचना केन्द्रले गर्ने काम, आर्थिक पक्ष र जिल्ला स्थित निकाय सँग गरिनुपर्ने समन्वयका विषयमा अभिमुखीकरण/कार्यशाला समेत गरिएको छ । साथै नमूना युवा सूचना केन्द्र (सुदृढिकरण गर्ने समेत) मा प्राविधिक जनशक्तिको व्यवस्था गरी प्राविधिक सहायकहरुलाई आवश्यक तालिम समेत प्रदान गरिएको छ ।

### १०. नमूना युवा सूचना केन्द्रको व्यवस्था

निर्देशिकाले तोके बमोजिम जिल्लामा स्थापना भएका युवा सूचना केन्द्रहरुको निम्न युवा सूचना केन्द्रलाई नमूना युवा सूचना केन्द्रको रुपमा तोकी थप जनशक्तिको व्यवस्थासमेत गरिएको छ ।

१) पूर्वाञ्चल - जिल्ला खेलकुद विकास समिति (युवा सूचना केन्द्र) विराटनगर, मोरङ ।

२) मध्यमाञ्चल - जिल्ला खेलकुद विकास समिति (युवा सूचना केन्द्र) हेटौंडा, मकवानपुर ।

३) पश्चिमाञ्चल - जिल्ला खेलकुद विकास समिति (युवा सूचना केन्द्र), पोखरा, कास्की ।

४)	मध्यपश्चिमाञ्चल - जिल्ला खेलकुद विकास समिति (युवा सूचना केन्द्र), विरेन्द्रनगर, सुर्खेत ।
५)	सुदुरपश्चिमाञ्चल - जिल्ला खेलकुद विकास समिति (युवा सूचना केन्द्र), डडेल्धुरा ।

**११. नमूना युवा सूचना केन्द्रमा सुदृढिकरण** :

आ.व. ०७०।७१ मा जनशक्ति, भौतिक पूर्वाधार, भौगोलिकता आदि समेतलाई ध्यानमा राखी देहायका १५ जिल्लाका युवा सूचना केन्द्रलाई नमूना युवा सूचना केन्द्रको रुपमा सुदृढीकरण गर्न सञ्चालन अनुदान उपलब्ध गराईको छ ।

**१२. केन्द्रीय स्तरको नमूना युवा सूचना केन्द्र**

देशको ७५ वटै जिल्लाको युवा सूचना केन्द्र सँग नेटवर्किङ गरी मन्त्रालयसाग सहकार्य गर्न काठमाण्डौमा एउटा केन्द्रिय स्तरको नमूना युवा सूचना केन्द्रको स्थापना र संचालन गर्ने कार्य थालनी भएको छ । केन्द्रिय स्तरको नमूना युवा सूचना केन्द्रमा अधययन कक्ष, कम्प्युटर कक्ष, कला तथा खेलकुद कक्ष, मिनी सभाहल, लगायतका कक्षहरु निर्माण गरिएका छन् । आगामी ०७१।७२ मा केन्द्रिय स्तरको नमूना युवा सूचना केन्द्रको संचालनको लागि Restless Development, Save the Children जस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट समेत आर्थिक तथा प्राविधिक सहयोग प्राप्त हुने आश्वासन प्राप्त भएको छ ।

**१३. युवा सूचना केन्द्र/नमूना युवा सूचना केन्द्र संचालनमा देखा परेका समस्या**

हालसम्म केन्द्रमा एउटा केन्द्रीय स्तरको नमूना योग्य युवा सूचना केन्द्र, ५ वटा क्षेत्रमा क्षेत्रीय स्तरको नमूना युवा सूचना केन्द्र, १५ जिल्लामा नमूनाको रुपमा स्तरोन्नती भएका युवा सूचना केन्द्र र बाँकी ५४ जिल्लामा युवा सूचना केन्द्र स्थापना र संचालन भएका छन् । युवा सूचना केन्द्र संचालन, व्यवस्थापन निर्देशिका, २०७० मा भएको प्रावधान अनुरुप युवा सूचना केन्द्रको उद्देश्य अनुरुप सञ्चालन हुन सकेको छैन । यसरी अधिकतम रुपमा युवा सूचना केन्द्र सञ्चालन हुन नसक्नुका कारणहरु हुन सक्दछन । ती मध्ये केही निम्न छन् :

१.	केही युवा सूचना केन्द्रमा दक्ष प्रशासनिक कर्मचारी नहुनु,
२.	जिल्ला खेलकुद विकास समितिको कर्मचारी लेनै दुबै कार्य जिम्मेवारी वहन गर्नु थप सुविधा उपलब्ध नहुनु,
३.	केही जिल्लामा खेलकुद विधाका प्रशिक्षकले कार्यलय प्रमुखको जिम्मेबारी बहन गर्नु,
४.	युवा सूचना केन्द्रका लागि उपयुक्त भौतिक पूर्वाधारको विकास नहुनु,
५.	युवा सूचना केन्द्रका लागि उपलब्ध साधन स्रोत ज्यादै न्यून हुनु,
६.	युवा सूचना केन्द्रका लागि उपलब्ध स्रोत साधन तोकिएको काममा खर्च नगरी आवश्यकतानुसार खर्च गर्ने प्रवृत्ति,
७.	हाल कार्यरत कर्मचारीले युवा सूचना केन्द्रको काम थप काम हो र यो काम पछि युवा परिषद्मा जान्छ भन्ने मानसिकता राख्नु आदि ।

## १४. समस्या समाधानका लागि सुझाव

युवा सूचना केन्द्र संचालन तथा व्यवस्थापन निर्देशिका, २०७० को मर्म र भावना अनुसार उद्देश्य परिपूर्तिका लागि निम्न कदम चाल्नुपर्ने देखि देहाय वमोजिमको सुझाव प्रस्तुत गरेको छु ।

१. निर्देशिकाको परिच्छेद ३ बमोजिमको निर्देशक समितिको नियमित वैठक बसी युवा सूचना केन्द्रको व्यवस्थापन, समन्वय तथा संचालनमा आवश्यक निर्देशन दिने,

२. निर्देशिकाको परिच्छेद ४ बमोजिम व्यवस्थापन समितिको नियमित वैठक बसी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार बमोजिम कार्य गर्न निर्देशन दिने र प्रत्येक जिल्लामा व्यवस्थापन समितिको वैठक बसी युवा सूचना केन्द्र संचालन र व्यवस्थापनका लागि सुझावहरु प्राप्त गरी कार्यान्वयनमा लैजाने,

३. जिल्लामा गठन हुने सल्लाहकार समितिको वैठकबाट सुझावहरु प्राप्त गरी कार्यान्वयनमा लैजाने,

४. युवा सूचना केन्द्र सञ्चालन सम्बन्धमा अन्य निकायसँग समन्वय गरी कार्य गर्ने,

५. प्रशासनिक कर्मचारीका साथै प्राविधिक कर्मचारीको व्यवस्था गर्ने र उनीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

६. युवा सूचना केन्द्र संचालनका लागि समय सुहाँउदो उपयुक्त भवन तथा पूर्वाधारको विकासमा जोड दिने,

७. आर्थिक प्रशासन सम्बन्धी तालिम र अन्य क्षमता बृद्धिका तालिम उपलब्ध गराउने,

८. हाल उपलब्ध गराईएको साधन स्रोतको सही प्रयोग र सुरक्षाको प्रबन्ध गर्ने,

९. समय सापेक्ष स्रोत साधन (रकम) को थप व्यवस्था गर्ने,

१०. हाल कार्यरत कर्मचारीको सकरात्मक भावनाको विस्तारका लागि सरोकारवाला केन्द्रीय निकायले आवश्यक निर्देशन दिने,

११. राम्रो काम गर्नेलाई पुरस्कार र कामै नगर्नेलाई दण्ड दिने परिपाटीको पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि राष्ट्रिय खेलकुद परिषद्लाई जिम्मेवार तुल्याउने,

१२. निरीक्षण अनुगमन तथा मूल्याङ्कन सम्बन्धी काम लाई जोड दिने,

१३. युवा सूचना केन्द्रलाई सुदृढीकरण गरी **युवा सूचना तथा परामर्श केन्द्र**को रुपमा विकास गरी युवाका लागि आवश्यक सूचना तथा परामर्श उपलब्ध गराउने कार्य तुरुन्तै गर्ने ।

# युवा तथा खेलकुद मन्त्रालय र आ.व. ०७०/७१ कोसंक्षिप्त वार्षिक प्रगति

✍ केशवराज त्रिपाठी

## पृष्ठभूमि:-

शिक्षा मन्त्रालय नेपाल सरकारको लागि एउटा महत्वपूर्ण कार्यवोझ भएको मन्त्रालयको रूपमा पहिलेदेखि नै रहेकोमा युवा तथा खेलकुदलाई पनि शिक्षामा गाभेर शिक्षा तथा खेलकुद मन्त्रालय बनाइ कार्य विभाजन गर्दा युवा र खेलुकदको क्षेत्रमा समय सापेक्ष रूपमा ध्यान दिन नसकेको हुँदा युवा तथा खेलकुदको पाटो केही छायाँमा परेको अवस्था थियो ।

लोकतन्त्रको स्थापना पश्चात जनचाहना र बदलिदो समय परिस्थितिमा युवाहरूको आवाजलाई ग्रहण गर्दै 'युवा र खेलकुद' क्षेत्रको समुचित विकास गरी राष्ट्रको विकासको लागि तत्कालीन शिक्षा तथा खेलकुद मन्त्रालयको खेलकुद तथा युवा कार्यक्रम शाखालाई समेटेर २०६५ भाद्र १५ गते नेपाल सरकारले "**युवा तथा खेलकुद मन्त्रालय**" को स्थापना गरेको छ ।

## युवा तथा खेलकुद मन्त्रालयको कार्यादेश:

नेपाल सरकारको मिति २०६५।०५।१५ को निर्णयानुसार युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । नेपाल सरकार (कार्य विभाजन नियमावली),२०६९ अनुसार यस मन्त्रालयलाई देहाय बमोजिम कार्यादेश प्राप्त भएको छः-

१) युवा तथा खेलकुद नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यक्रम अनुगमन र मूल्याङ्कन,

२) युवा परिचालन तथा राष्ट्रिय युवा विकास

३) युवा तथा खेलकुद सम्बन्धी विषयको अध्ययन, अनुसन्धान र सर्वेक्षण,

४) युवालयको संचालन र युवालय सम्बन्धी राष्ट्रिय सम्पर्क र अन्तर्राष्ट्रिय समन्वय,

५) युवा जन शक्तिको प्रशिक्षण र तालिम,

६) युवा तथा खेलकुद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा प्रतिनिधित्व,

७) खेलकुद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम,

८) युवा जागरण तथा विकास सम्बन्धी कार्यक्रम,

९) युवा तथा खेलकुद सम्बन्धी विषयमा सरकारी र गैर सरकारी संघ संस्थाहरूको परिचालन र क्षमता विकास,

१०) राष्ट्रिय खेलकुद परिषद तथा खेलकुद सम्बन्धी अन्य राष्ट्रिय, क्षेत्रीय तथा अन्र्राष्ट्रिय संस्था,

११) नेपाल स्काउट ,

२०६५।०५।१५ मा युवा तथा खेलकुद मन्त्रालय स्थापना भएपछि हालसम्म यस मन्त्रालयको जिम्मेवारी वहन गर्नु भएका माननीय मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरूः-

<u>मन्त्रीहरूः</u>

१) श्री गोपाल शाक्य

२) श्री गणेश तिवारी नेपाली

३) श्री हित बहादुर तामाङ

---

✍ उपसचिव युवा तथा खेलकुद मन्त्रालय

४) श्री वर्षमान पुन
५) श्री ओनसरी घर्ती
६) श्री कमला रोक्का
७) श्री ईश्वर पोखरेल
८) श्री बाबुराम भट्टराई (सम्माननीय प्रधानमन्त्री बाट यस मन्त्रालयको समेत कार्यभार वहन )
९) श्री रामकुमार श्रेष्ठ
१०) श्री पुरुषोत्तम पौडेल (हाल कार्यरत)

**राज्यमन्त्रीः–** श्री गोपी बहादुर अछामी

**सहायकमन्त्रीः–** श्री चन्दा चौधरी

**युवा तथा खेलकुद मन्त्रालय स्थापना भएपछि यस मन्त्रालयको जिम्मेवारी वहन गर्नु भएका सचिवहरूः–**

१) सचिव श्री शंकर प्रसाद पाण्डे
२) " श्री श्याम प्रसाद मैनाली
३) " श्री सुशील ज.ब.रा
४) " श्री श्रीराम पन्त
५) " श्री सुशील घिमिरे
६) " श्री हरिप्रसाद नेपाल
७) " श्री प्रतापकुमार पाठक (हाल कार्यरत)

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | चालु आ.ब.२०७०/०७१ को हालसम्मको संक्षिप्त प्रगति |
|---|---|---|
| **क) युवा परिचालन कार्यक्रम** | | |
| १ | स्थानीय युवा साझेदारी कार्यक्रम (युवा नीतिले तय गरेका १८ मध्ये १० वटा क्षेत्रहरुसम्म कार्यक्रम सञ्चालन गर्ने) | • स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालनका लागि ७५ वटै जिल्लामा रकम निकासा भएको। २०७१ असार मसान्तसम्म ७२ जिल्लामा ७३८ साझेदार संस्थाहरु छनौट भई सम्झौता गरी कार्यक्रम सञ्चालन भई अन्तिम प्रगति विवरण प्राप्त भएको तथा बाँकी ३ जिल्लाबाट प्रगति विवरण प्राप्त हुन बाँकी रहेको। |
| २ | अन्तर्राष्ट्रिय युवा दिवसको आयोजना | युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा १४ औं अन्तर्राष्ट्रिय युवा दिवस **युवा आप्रवासन सुरक्षित र व्यवस्थित बनाऔं** (**"Youth Migration Moving Development Forward"**) भन्ने नाराका साथ अगस्त १२, २०१३ (श्रावण २८, २०७०) मा सम्पन्न भयो। उक्त दिवसमा विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय संघसंस्था आवद्ध ८०० भन्दा बढी युवाहरुको सहभागिता रहेको थियो। सो अवसरमा निम्नलिखित कार्यक्रमहरु सञ्चालन गरिएको थियो।<br>• प्रभातफेरी तथा मन्तव्य<br>• युवा बुलेटिनको लोकार्पण<br>• एक युवा संस्था तथा ४ जना युवा प्रतिभा र एक खेल संस्था एवं ४ जना खेल प्रतिभाहरुलाई जनही १ लाख नगद र प्रमाणपत्र सहित क्रमशः राष्ट्रिय युवा प्रतिभा र राष्ट्रिय खेलकुद प्रतिभा पुरस्कारबाट सम्मान।<br>• कार्यक्रम सम्पन्न भईसकेको। |
| ३ | युवा अनुभव आदानप्रदान कार्यक्रम | • |
| | (क) आन्तरिक | • सुर्खेत, नुवाकोट, पर्सा र कालीकोट जिल्लाका सामुदायिक उमाविमा अध्ययनरत विद्यार्थीहरु, युवा सूचना केन्द्रका कर्मचारीहरु तथा मन्त्रालयका कर्मचारीहरु सहित ४८ जना सहभागीहरुबाट विभिन्न स्थानहरुको भ्रमण तथा स्थानीय युवाहरुसँग अन्तरक्रियात्मक कार्यक्रमका साथ सञ्चालन गरिएको। |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | चालु आ.ब.२०७०/०७१ को हालसम्मको संक्षिप्त प्रगति |
|---|---|---|
| | ख) बाह्य (चीन/तिब्बत/सार्क मुलुक) | • चिन सरकारबाट नेपाली ५० जना युवाहरुलाई जुन १० देखि १६ सम्म चिन भ्रमण गराईएको ।<br>• नेपाल - श्रीलंका युवा अनुभव आदानप्रदान कार्यक्रम कार्यक्रम सञ्चालनको लागि समझदारी पत्र तयार भई परराष्ट्र मन्त्रालय पठाईएको ।<br>• नेपाल - तिब्बत युवा अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत मिति २०७१।०३।१० देखि २०७१।०३।१४ गते सम्म तिब्बती युवा टोलीलाई ५ दिने नेपाल भ्रमण गराउने कार्यक्रम सम्पन्न भएको । |
| ४ | युवा सँग सम्बन्धित कार्यक्रमहरुका लागि निर्देशिका परिमार्जन, सूचना प्रकाशन लगाएतका कार्यहरु | • राष्ट्रिय युवा नीति २०६६ को कार्यान्वयन कार्ययोजनाको क्षेत्र र केन्द्रीय स्तरको कार्यशाला सम्पन्न भई कार्यान्वयन कार्य योजना तयार भएको । |
| **ख) युवा सूचना केन्द्र सञ्चालन, सुदृढिकरण, तथा जनशक्ति व्यवस्थापन** | | |
| १ | सञ्चालन, अनुदान तथा पुर्वाधार विकास | • |
| | (क) युवा सूचना केन्द्र | • युवा सूचना केन्द्रहरुले गर्नुपर्ने क्रियाकलापहरु तथा शिर्षकगत रकम बाँडफाँड सहितको कार्यान्वयन पुस्तिका स्वीकृत भइ ४१ जिल्लामा रु. ५०,०००।– का दरले रा.खे.प. मार्फत रकम समेत पठाईएको । |
| | (ख) नमूना युवा सूचना केन्द्र सञ्चालन अनुदान | • युवा सूचना केन्द्रहरुले गर्नुपर्ने क्रियाकलापहरु तथा शिर्षकगत रकम बाँडफाँड सहितको कार्यान्वयन पुस्तिका स्वीकृत भइ २० जिल्लामा रु. ७५,०००।– का दरले रा.खे.प. मार्फत रकम समेत पठाईएको । |
| | (ग) नमूना युवा सूचना केन्द्रका लागि पूर्वाधार विकास | • पूर्वाधार विकासका लागि गर्नुपर्ने क्रियाकलाप तथा सामग्रीहरुको विवरणसहितको कार्यान्वयन पुस्तिका स्वीकृत भइ छानिएका १५ जिल्लाहरुमा मा रु. २,००,०००।– का दरले रा.खे.प. मार्फत रकम पठाई पूर्वाधारको विकास गरिएको । |
| २ | नमूना युवा सूचना केन्द्रमा परिवर्तन हुने १५ जिल्लाका सूचना केन्द्रहरुमा जनशक्ति व्यवस्थापन | • छानिएका १५ वटा जिल्लाहरुमा प्राविधिक सहायक स्तरको जनशक्ति छनौट गरी करारमा कामकाज लगाईएको । |
| ३ | हाल सञ्चालित ५ वटा नमूना युवा सूचना केन्द्रहरुमा Youth Profile तयारी | • ५ वटा जिल्लामा Youth Profile तयारीको काम भएको । |
| ४ | युवा सूचना/नमूना युवा सूचना केन्द्रका कर्मचारीहरुका लागि अभिमुखीकरण कार्यक्रम | • कार्तिक ७ र ८ गते सबै क्षेत्र तथा जिल्लाका खेलकुद विकास समितिका अध्यक्ष र कार्यालय प्रमुख (युवा सूचना केन्द्रका प्रमुख) हरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको । |
| ५ | काठमाडौं उपत्यकाको एउटा युवा सूचना केन्द्रलाई नमूनाको रुपमा विकास गरी प्रदर्शन योग्य बनाउने | • काठमाडौं उपत्यकाको एउटा युवा सूचना केन्द्रलाई नमूनाको रुपमा विकास गरी प्रदर्शन योग्य बनाईएको । |
| **ग) युवा क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम** | | |
| १ | युवा सञ्चार कार्यक्रम | |
| | (क) रेडीयो कार्यक्रम | • २०७० असोज महिना देखि निरन्तर रुपमा **अबका युवा पुस्ता संचार कार्यक्रम** प्रशारण भईरहेको । |

| क.सं. | कार्यक्रम/क्रियाकलापहरु | चालु आ.ब.२०७०/०७१ को हालसम्मको संक्षिप्त प्रगति |
|---|---|---|
| | (ख) टेलिभिजन कार्यक्रम | • युवा लक्षित दुई वटा विषय वस्तुहरुमा नेपाल टेलिभिजन मार्फत भिडियो सन्देश तयार गरिएको । |
| २ | तालिम कार्यक्रम | • |
| | (क) युवाहरुलाई रोजगारीका लागि छोटो अवधिको तालिम | • श्री व्यवसायिक तथा सिप विकास तालिम केन्द्रमार्फत र घरेलु तथा साना उद्योग विकास समिति मार्फत ३१४ जना युवाहरुले छोटो अवधिको तालिम लिई लाभान्वित भएका छन् । |
| | (ख) प्राथमिकता / विशेष प्राथमिकता समूहका युवाका लागि रोजगारमुलक तालिम | • घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रमार्फत १७३ जना प्राथमिकता/विशेष प्राथमिकता समूहका युवाहरुले रोजगारमुलक तालिम लिई लाभान्वित भएका छन् । |
| | (ग) एकिकृत तालिम कार्यक्रम | • एकिकृत तालिम कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका तयार भएको ।<br>• घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र तथा सिटीईभिटी मार्फत १४१ जना युवाहरु यस तालिमबाट लाभान्वित भएका छन् । |
| | (घ) नेतृत्व विकास तथा नीति निर्माण तालिम | • नेतृत्व विकास तथा नीति निर्माण सम्बन्धी तालिम ३३ जनाले लिई लाभान्वित भएका छन् । |
| ३ | युवा प्रतिभा सम्मान कार्यक्रम | • युवा प्रतिभा सम्मानका लागि ४ व्यक्ति र १ संस्था गरि जम्मा ५ ओटा विधामा पुरस्कार दिने निर्णय भएको छ । |
| **घ)** | **युवा सहयोग तथा सहकार्य कार्यक्रम** | |
| १ | अपाङ्ग युवाहरुका लागि सामाग्रि सहयोग कार्यक्रम | अपाङ्गता भएका ६४ जना युवाहरुले व्हील चेयर, वैशाखी, कृत्रिम खुट्टा, सेतो छडी र अर्थोपेडिक जुत्ता सहयोग सामाग्रि प्राप्त गरेको । |
| २ | युवा सम्पर्क विन्दुहरुको अन्तरक्रिया कार्यक्रम | • युवा सम्पर्क विन्दुहरुको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको । |
| ३ | युवा वुलेटिन प्रकाशन तथा अनुगमन प्रतिवेदन एकीकृत तयारी तथा छपाई | • युवा वुलेटिन अंक १४ प्रकाशन गरिएको । |
| ४ | युवा साझेदारी कार्यक्रमको Ongoing Evaluation | • युवा साझेदारी कार्यक्रमको Ongoing Evaluation कार्य सम्पन्न भई सो को मूल्यांकन प्रतिबेदन प्राप्त भएको । |
| ५ | युवा परिषद स्थापना वा युवा परिषद तदर्थ समिति गठन र संचालन | • युवा परिषद् विधेयक तयार गरि स्विकृतिका लागि व्यवस्थापिका संसद्मा पेश गरिएको । |
| ६ | युवा प्रतिभा तथा युवाहरुकाविच अन्तरक्रिया सम्मेलन | • |
| ७ | युवा प्रतिभा तथा उद्यमीहरुको खोजी र तिनको कार्यलाई प्रोत्साहन | • युवा प्रतिभा तथा उद्यमीहरुको खोजी र तिनको कार्यलाई प्रोत्साहन गर्न **युवा प्रतिभाको खोजि तथा प्रोत्साहन सम्बन्धी कार्यविधि**, २०७१ स्विकृत गरि प्रकाशन गरिएको । |
| ८ | युवा उत्तरदायि बजेट (युवा क्षमता अभिबृद्धि कार्यक्रम) | • ५ वटा विकास क्षेत्रमा युवा नीतिको कार्यान्वयन कार्ययोजना उपर छलफल भई युवा उत्तरदायि बजेट तर्जूमा दिग्दर्शन तयार भएको । |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | चालु आ.ब.२०७०/०७१ को हालसम्मको संक्षिप्त प्रगति |
|---|---|---|
| ९ | किशोर किशोरीहरुको विकास तथा सहभागिता | • एडिएपि अभिमुखिकरण कार्यक्रम राष्ट्रिय स्तरमा सम्पन्न भएको, कार्यक्रमका लागि नेपाल स्काउटलाई रकम उपलब्ध गराईएको । <br> • २०६ जना किशोर किशोरीहरुद्धारा तालिम प्राप्त । <br> • एडिएपि कार्यक्रमको क्षेत्रीयस्तरमा अभिमुखिकरण कार्यक्रम विरगञ्ज, हुम्ला, डोटी र डोल्पामा सम्पन्न भएको । |

बजेट उपशिर्षक नं : ३४३१०२३ (**खेलकुद विकास कार्यक्रम**)

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | चालु आ.ब.२०७०/०७१ को हालसम्मको प्रगति |
|---|---|---|
| क) | **विद्यालय खेलकुद कार्यक्रम** | |
| १ | **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता** (छात्र/छात्रा भलिबल तथा एथलेटिक्स लगाएत ७ खेलहरु) | |
| | क) जिल्ला स्तरीय | • रसुवा, मनाङ, मुस्ताङ्ग, मुगु र म्याग्दी बाहेकका ७० जिल्लामा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको । |
| | ख) क्षेत्र स्तरीय | • ५ वटै विकास क्षेत्रमा क्षेत्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको । |
| | ग) केन्द्र स्तरीय | • केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको । |
| २ | मा.वि. स्तरीय छात्र/छात्रा फुटबल प्रतियोगिता | • मा.वि. स्तरीय छात्र/छात्रा फुटबल प्रतियोगिता सम्पन्न भएको । |
| ३ | मा.वि. स्तरीय छात्र/छात्रा क्रिकेट प्रतियोगिता | • मा.वि. स्तरीय छात्र/छात्रा क्रिकेट प्रतियोगिता सञ्चालन नभएको । |
| ४ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम स्थान सहित शिल्ड हासिल गर्ने विद्यालयलाई खेल सामाग्री व्यवस्थापन गर्नका लागि प्रोत्साहन स्वरुप नगद अनुदान | • जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम स्थान सहित शिल्ड हासिल गर्ने विद्यालयलाई खेल सामाग्री व्यवस्थापन गर्नका लागि प्रोत्साहन स्वरुप रकम उपलब्ध गराईएको । |

| (ख) **खेलकुद सहयोग कार्यक्रम** | |
|---|---|
| १ | **पारा खेलकुद** |

| | | |
|---|---|---|
| २ | (क) नेत्रहिन क्रिकेट (महिला/पुरुष) | • नेत्रहिन क्रिकेट (महिला/पुरुष) प्रतियोगिता सम्पन्न भएको । |
| | (ख) बहिरा क्रिकेट (महिला/पुरुष) | • बहिरा क्रिकेट (महिला/पुरुष) प्रतियोगिता सम्पन्न भएको । |
| | (ग) अपाङ्ग फूटबल | • अपाङ्ग फूटबल प्रतियोगिता सम्पन्न भएको । |
| | (घ) बहिरा एथ्लेटिक्स् | • बहिरा एथ्लेटिक्स् प्रतियोगिता सम्पन्न भएको । |
| | (ङ) सुस्तमनस्थिति खेलकुद | • सुस्तमनस्थिति खेलकुद प्रतियोगिता सम्पन्न भएको । |
| | (च) बोसिया खेलकुद | • बोसिया खेलकुद प्रतियोगिता सम्पन्न भएको । |
| | (छ) टेबलटेनिस | • टेबलटेनिस प्रतियोगिता सम्पन्न भएको । |
| | (ज) बास्केटबल | • बास्केटबल प्रतियोगिता सम्पन्न भएको । |
| | (झ) राष्ट्रिय खेलकुद परिषदमा आवद्ध भएका तर नियमित अनुदान नपाउने पारा खेलकुदका संस्थाहरुले खेलकुद संचालन गर्नका लागि प्रस्ताव पेश गरेमा सो संस्थाहरुलाई प्रस्तावका आधारमा रकम उपलब्ध गराउने | • प्रतियोगिता सञ्चालनको लागि राखेप मार्फत रु. १० लाख रकम निकासा गरिएको । |
| ३ | स्पेशल खेलकुद | • स्पेशल खेलकुद प्रतियोगिता सञ्चालन नभ( एको । |
| ४ | विभिन्न अवसरहरुमा आयोजना हुने खेलकुद कार्यक्रमहरुलाई अनुदान | • विभिन्न अवसरहरुमा आयोजना हुने खेलकुद कार्यक्रमहरुलाई अनुदान रकम निकासा भएको । |
| **ग) खेलकुद विकास तथा पूर्वाधार निर्माण कार्यक्रम** | | |
| १ | विद्यालय खेलकुद शिक्षक तालिम तथा प्रशिक्षक प्रशिक्षण | |
| | (क) विद्यालय खेलकुद शिक्षक तालिमका लागि प्रशिक्षक प्रशिक्षण | • |
| | (ख) विद्यालय खेलकुद शिक्षक तालिम | • धनगढी, विराटनगर, नेपालगञ्ज, पोखरा र ललितपुरको सातदोबाटोमा कार्यक्रम सम्पन्न भएको । |
| २ | खेलकुद प्रतिभा सम्मान | • खेलकुद प्रतिभा सम्मानका लागि प्रतिभा छनौट भई सिफारिस भएको । |
| ३ | खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको सचेतना कार्यक्रम | • खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको सचेतना कार्यक्रमअन्तर्गत Anti Doping तालिम पूर्वाञ्चलको इलाम, मध्यपश्चिमाञ्चलको नेपालगञ्ज, मध्यमाञ्चलको हेटौडा र पश्चिमाञ्चलको बागलुङ्गमा सम्पन्न । सो तालिमबाट खेलाडी, प्रशिक्षक र शिक्षक लाभान्बित भएका । |

| | | |
|---|---|---|
| ४ | क्षेत्रीय खेलकुद प्रतियोगितामा उत्कृष्टताका आधारमा प्रथम र द्वितीय स्थान हासिल गर्ने सामुदायिक विद्यालयहरुका लागि क्रमशः ३ लाख र २ लाखका दरले खेलकुदको पूर्वाधार विकासका लागि सहयोग कार्यक्रम | • क्षेत्रीय खेलकुद प्रतियोगितामा उत्कृष्टताका आधारमा प्रथम र द्वितीय स्थान हासिल गर्ने सामुदायिक विद्यालयहरुका लागि क्रमशः ३ लाख र २ लाखका दरले खेलकुदको पूर्वाधार विकासका लागि रकम निकासा भएको । |
| **घ) अध्ययन, अनुसन्धान, वैदेशिक भ्रमण, तालिम तथा अन्य कार्यक्रम** | | |
| १ | खेलकुद संहिता निर्माण तथा निर्देशिका परिमार्जन | • खेलकुद संहिता निर्माणका लागि मस्यौदा समिति गठन भएको । |
| २ | छानिएका खेलकुद प्रतियोगिताहरुको घटना अध्ययन कार्यमुलक अनुसन्धान | • छानिएका खेलकुद प्रतियोगिताहरुको घटना अध्ययन कार्यमुलक अनुसन्धानका लागि ३ वटा अध्ययन क्षेत्र निर्धारण गरि सल्यान र सुनसरी जिल्लामा जिल्ला स्तरमा संचालन गरिने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको कार्यमुलक अनुसन्धान भएको तथा केन्द्रमा पारा ओलम्पिक खेलकुद कार्यक्रमको घटना अध्ययन कार्यमुलक अनुसन्धान भएको । |
| ३ | मन्त्रालयबाट अन्तर्राष्ट्रिय (बैदेशिक) खेलकुद प्रतियोगिताको अध्ययन एवं सो मा सहभागीता | • |
| ४ | खेलकुद संग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय (बैदेशिक) प्रतिनिधिहरुको स्वागत तथा अन्य कार्यहरु | • |
| ५ | परम्परागत, ग्रामिण, सहासिक, पर्यटकिय आदि खेलहरुको सम्भाब्यता अध्ययन तथा ब्रोसर प्रकाशन | • परम्परागत खेलको अध्ययन कार्य सम्पन्न भई सो को अध्ययन प्रतिबेदन प्राप्त भएको । |
| ६ | १३ औं साग तयारी समिति | • |
| **ङ)** | **स्काउटिङ्ग** | |
| १ | नेपाल स्काउटलाई अनुदान | • नेपाल स्काउटलाई अनुदान रकम उपलब्ध गराईएको । |
| २ | जिल्ला स्तरीय भवन निर्माण | • नवलपरासी रु. १०,००,०००। निकासा भएको ।<br>• जिल्लास्थित भवन निर्माणका लागि तेश्रो चौमासिकमा रु. १०,००,०००।०० निकासा भएको । |
| ३ | स्काउट भवन मर्मत/सुधार (सुन्दरीजल, काठमाडौं) | स्काउट भवन मर्मत/सुधार (सुन्दरीजल, काठमाडौं) का लागि रु. १०,००,०००। निकासा भएको । |

# युवा र खेलकुद

✍शिवहरि दाहाल

राष्ट्रिय युवा नीति-२०६६ ले परिभाषित गरेअनुसार "युवा भन्नाले १६-४० वर्षको उमेर समूहका महिला, पुरुष तथा तेश्रो लिङ्गीहरुलाई जनाउँदछ ।" यसले अपाङ्गता भएका, द्वन्द्वपीडित, जोखिममा रहेका, सीमान्तकृत तथा अल्पसंख्यक समुदायका युवाहरुलाई समेत समेट्दछ भनिएको छ । सामान्य अर्थमा बाल्यकालपछिको र वृद्धावस्थाअघिको जोशिलो उमेर वा अवस्था नै युवा अवस्था हो । युवा अवस्था हरेक व्यक्तिका लागि अत्यन्तै महत्वपूर्ण हुने गर्दछ । किनभने यही अवस्थामा उसले आफ्नो परिवार, समाज र राष्ट्रलाई महत्वपूर्ण योगदान दिन सक्दछ । राष्ट्रिय महत्व र आवश्यकताका रुपमा रहेका राष्ट्रका गहना नै युवा हुन् । जसको अथक मिहिनेत र परिश्रमबाट देशले निश्चित गति लिने गर्दछ । हरेक असम्भव कामहरुलाई उनीहरुको मेहनत र परिश्रमले सम्भव बनाउने गर्दछ । युवाहरुलाई राष्ट्र निर्माणका आधार स्तम्भको रुपमा पनि लिइन्छ । कुनैपनि देशको वर्तमान र भविष्य त्यस देशको युवा जनशक्तिमा निर्भर गर्दछ । जुन देशका युवा इमान्दार, कर्तव्यनिष्ट, देशभक्त, जागरुक, शिक्षित र सचेत छन् त्यस देशको विकासको स्तर निकै माथि भएको पाइन्छ । त्यसको ठीक विपरित युवाको अवस्था राम्रो नभएका देश अत्यन्त गरिब, अविकसित तथा गृहयुद्धको चपेटामा परेका छन् । त्यसैले देशको विकास युवा शक्तिकै हातमा रहेको छ भन्न सकिन्छ । युवा राम्रो भए देश राम्रो बन्छ र युवा नराम्रो भए देश पनि नराम्रो बन्छ। युवाहरु परिवर्तन र विकासका पक्षधर भएको हुनाले युवाहरुकै प्रत्यक्ष सहभागितामा विकास निर्माण सम्बन्धी गतिविधिहरुले तिब्रता पाउने गर्दछन् । साथै समाजमा रहेका कु-प्रथा र कुरीतिहरुको अन्त्य गरी समाज रुपान्तरणमा समेत युवाहरुले महत्वपूर्ण योगदान पुर्‍याउने गर्दछन् । युवाहरुसँग नयाँ सोच, विचार र भावना हुने हुनाले उनीहरु नयाँ-नयाँ खोज, अनुसन्धान र आविस्कारका गतिविधिमा संलग्न भई संसारमा नयाँ प्रविधि भित्र्याउन तल्लीन हुने गर्दछन् । तर युवाहरुलाई यी सबै गतिविधि गर्नका लागि उपयुक्त वातावरण सिर्जना गर्नु राज्यको पनि प्रमुख दायित्व रहन्छ । देशका युवा कस्तो बनाउने भन्ने सवालमा राज्य तथा राज्यको नेतृत्व गरेर बसेका व्यक्तिहरुको प्रमुख भूमिका रहन्छ । यसमा उनीहरुको दीर्घकालीन सोच र विचारले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । जसका लागि युवा सम्बन्धी हरेक क्रियाकलाप गर्दा युवा वर्गकै प्रतिनिधित्व गराइनु पर्दछ भने युवा स्वयंलाई नीति निर्माण गर्ने तहसम्म पुर्‍याउन पनि उत्तिकै जरुरी हुन्छ । किनभने युवा वर्गको आवाज र गुनासो युवाले नै बुझ्न सक्दछन् । उनीहरुले नै मनन गर्न सक्दछन् ।

युवाहरुले संसारमा निकै राम्रा र उदाहरणीय काम गरेका छन् । उनीहरुले आफ्नो श्रम र पसिना खर्च गरेर यस संसारलाई बस्न लायक प्रिय ठाउँ बनाएका छन् । राज्य सञ्चालन गर्नेदेखि लिएर वैज्ञानिक खोज तथा अनुसन्धान, विकास निर्माण, कृषि, पर्यटन आदि व्यवसाय तथा अन्य साहसिक

✍ ना.सु. युवा तथा खेलकुद मन्त्रालय

कार्यहरुमा युवा वर्गको योगदान उल्लेखनीय रहेको छ भन्न सकिन्छ । युवाले चाहे भने पत्थर फोरेर पानी निकाल्न सक्छन् । मरुभूमि खनेर खेती गर्न सक्छन् । अनि पहाड उधिनेर विकासको फोहोरा छुटाउन सक्छन् । यतिमात्र हैन युवा वर्गकै अथक मेहनत र प्रयासबाट समुद्र र अन्तरिक्षमा समेत बस्ती बसाउने कार्यको थालनी भइसकेको छ । त्यसैले युवालाई विकासका सम्वाहक, परिवर्तनका बाहक र राष्ट्रका सच्चा पहरेदारका रुपमा लिन सकिन्छ । सबै क्षेत्रमा युवावर्गले आफ्नो श्रमलाई स्पर्श गराउँदै लगेका छन् । त्यसैले त भन्न सकिन्छ ः

***युवामै छ जोश जाँगर, युवामै छ शक्ति ।***
***युवामै छ राष्ट्रप्रेम, अटल देशभक्ति ।।***

हरेक क्षेत्रमा युवाको सक्रियता र गतिविधि बढ्दो अवस्थामा रहेको तथ्य कोट्याइरहँदा एउटा यस्तो क्षेत्र जुन क्षेत्र युवाविना अपूरो र अधूरो हुन्छ त्यस्तो क्षेत्रलाई छुटाउनै सकिँदैन । त्यो क्षेत्र हो खेलकुद क्षेत्र । खेलकुद क्षेत्र युवाहरुकै लागि बनेको क्षेत्र हो भन्दा फरक पर्दैन । हुन त कतिपय खेलकुदमा युवाका अलावा कम उमेरका र पाका उमेरका खेलाडीहरुको सहभागिता पनि नरहने होइन तर पनि यस क्षेत्रमा प्रायजसो युवाहरुकै बर्चश्व रहेको पाइन्छ । हालै सम्पन्न भएको विश्वकप फुटबलकै उदाहरण लिँदा पनि युवा र खेलकुद कति निकट छन् भन्ने प्रष्टै हुन्छ । खेलकुदले युवा जोश र जाँगरलाई अझ मजबुत बनाउँदछ भने युवाले खेलकुदका गतिविधिहरु परिचालन गरी तिनीहरुलाई जीवन्तता दिने गर्दछन् । त्यसैले यी दुईबीचमा अन्योन्याश्रित सम्बन्ध छ भन्न सकिन्छ ।

विशेषतः स्वास्थ्य र मनोरञ्जनका लागि गरिने शारीरिक अभ्यास नै खेलकुद हो । मानव सभ्यताको विकाससँगै सुरु भएको खेलकुद हाल आएर मानिसको अभिन्न अंग नै बनिसकेको छ । यसले एकातर्फ शरीरलाई सकारात्मक प्रभाव पार्दछ भने अर्कोतर्फ खेलप्रेमी आम दर्शक वृन्दलाई मनोरञ्जन प्रदान गर्दछ । खेलकुदले बृहत् र व्यापक क्षेत्र ओगट्दछ । अचेल खेलकुद संसारकै लोकप्रिय र आम चासो तथा सरोकारको विषय बन्दै गइरहेको छ । "War of Peace" अर्थात "शान्तिको युद्ध" का नामले समेत परिचित खेलकुदले विश्वका कुना-कुनामा रहेका थुप्रै मतभेद, विवाद र द्वन्द्वहरुलाई मत्थर पारेका उदाहरण छन् । शारीरिक अभ्यास तथा मनोरञ्जन प्रदान गर्नुका अलावा खेलकुदका कारण भएका यस्ता गतिविधिहरुलाई विश्व शान्ति स्थापनाको महान् कार्यको रुपमा चित्रण गर्न सकिन्छ । दशकौँदेखि कुटनीतिक तवरबाट समाधान गर्न प्रयास भएका कतिपय असमझदारी लाई खेलकुद मार्फत केही समयमानै समाधान गरिएका छन् । चीन र अमेरिकाबीच भएको टेनिस खेलाडी आदान-प्रदान सम्बन्धी सम्झौता अर्थात "Ping Pong Diplomacy" कै कुरा गर्ने हो भने पनि खेलकुदले विश्वशान्ति स्थापनामा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ भन्ने पुष्टि हुन्छ । यस Diplomacy को प्रमुख नारा नै "पहिला मित्रता अनि प्रतिस्पर्धा" थियो । त्यसैले खेलकुदले संसारमा हिंसालाई नभई शान्ति, एकता र मित्रतालाई बढावा दिने गर्दछ । यसले खेलकुदलाई कुनै एक कोणबाट मात्र नभई बहुकोणबाट नियालिनु पर्दछ भन्ने कुरा पुष्ट्याउँदछ । आजभोलि त खेलकुदका गतिविधिबाट खेलाडीहरुले समेत मनग्य अर्थोपार्जन गर्न थालेका छन् । व्यावसायिक खेलाडीहरुले खेलकुदबाटै वर्षेनी करोडौँ डलर भित्र्याएका तथ्य सार्वजनिक हुन थालेका छन् । खेलाडीहरु समेत अर्वपतिको सूचीमा अटाउन थालेका छन् । खेलकुदबाटै नाम, दाम, इमान र प्रतिष्ठा मिल्न थालेको छ । यसमा संलग्न कुनै एक व्यक्ति वा संस्था मात्र नभएर सिंगो देश तथा महादेश नै खेलकुदका कारण संसारभर चिनिने गर्दछन् । खेलकुदलाई राष्ट्रको गौरवको रुपमा समेत

लिने गरिन्छ । अहिले खेलकुद सबैको प्रिय, मनपर्ने र सबै वर्गका व्यक्तिलाई समेट्ने क्षेत्र बनेको छ । यो सद्भाव, भाइचारा र मित्रताको प्रतीक बनेको छ । सदियौँदेखिको दुस्मनी लिएर बसेका मुलुक समेत खेलकुदका कारण नजिक बनेका उदाहरणहरु हाम्रै वरिपरि छन् । यसबाट के भन्न सकिन्छ भने राष्ट्र-राष्ट्रबीचमा रहेका भेदभाव तथा उच र नीचको व्यवहार पनि खेलकुदबाट अन्त्य भएका छन् । सर्वप्रिय र सबैभन्दा चर्चित विषय बनेको खेलकुद क्षेत्रमा युवा वर्गकै वर्चश्व रहेको हुन्छ । चाहे विश्वकप फुटबल, विश्वकप क्रिकेट, ओलम्पिक वा अन्य कुनै खेल गतिविधि किन नहोस् हरेकले संसारमा एकता र भातृत्वको संदेश छोडेका छन् ।

गोला-बारुद अनि आणबिक बम र भट्टीहरुले भरिपूर्ण रहेको संसार एक निमेषभरमा ध्वस्त हुन सक्दछ । तर पनि खेलकुद मार्फत आएको एकता र भातृत्वको संदेशले संसारलाई बस्नलायक, प्रिय र सुन्दर बनाएको छ । खेलकुदले शत्रुलाई मित्र, पराईलाई आफन्त, दुष्टलाई सज्जन तथा हिंसालाई शान्तिमा रुपान्तरण गर्दछ । यी यावत् तथ्यहरु हेर्दा ‘यदि खेलकुद नभइदिएको भए हामीले आजको संसार देख्न पाउने कुरामा द्विविधा थियो’ भनेर आँकलन गर्न सकिन्छ ।

अर्थ र शब्दका हिसाबले भिन्नता रहे तापनि युवा र खेलकुद एक अर्काका परिपूरक जस्तै हुन् । युवाविनाको खेलकुद र खेलकुदविनाको युवा दुवै धेरै समयसम्म रहिरहन सक्दैनन् । युवाले नै खेलकुदका गतिविधि सञ्चालन गर्दछन् भने खेलकुदबाट युवाको वास्तविक क्षमता प्रष्फुटन गर्ने मौका मिल्दछ । यसका साथै युवालाई मजबुत, राष्ट्रबादी, असल, इमान्दार, कर्तव्यनिष्ठ र राष्ट्रप्रेमी बनाउन समेत खेलकुदले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । देश-विदेश जतासुकै हेर्दा पनि खेलकुदमा विशेषतः युवा वर्गकै वर्चश्व रहेको पाइन्छ । खेलकुदका गतिविधिमा उनीहरुकै हालीमुहाली पाउन सकिन्छ । खेलकुदले युवा वर्गलाई मजबुत पार्ने गर्दछ भने युवाकै प्रत्यक्ष सहभागिताबाट मात्र खेलकुदका गतिविधिले जीवन्तता पाउँदछन् । युवा वर्गविनाको खेलकुद पानीविनाको माछासरह हुन्छ भन्दा अतिशयोक्ति हुँदैन किनभने औपचारिक खेलकुदका हरेक गतिविधिमा बालबालिका र वृद्ध-वृद्धा भन्दा युवा वर्गको नै बढी सहभागिता रहने गर्दछ । खेलकुदले युवा वर्गलाई शारीरिक रुपले त फाइदा पुर्‍याउँछ नै साथै उनीहरुलाई इमान्दार र अनुसाशित समेत बनाउँदछ । यसले व्यक्तिमा राष्ट्रप्रेम, राष्ट्रिय एकता र अपनत्वको भावना जगाउँदछ ।

सारा संसारकै इतिहास वा अभ्यास हेर्ने हो भने पनि खेलकुदमा युवा वर्ग नै बढी सहभागी रहेको पाउन सकिन्छ । हरेक किसिमका खेलकुद गतिविधिमा उनीहरुले नै एकछत्र राज गरिरहेका छन् । भलै त्यसमा कम उमेरका र पाका उमेरका खेलाडीको पनि सहभागिता देख्न नसकिने होइन । तर पनि संख्यात्मक हिसाबले युवा वर्गको प्रतिनिधित्व निकै माथि रहेको छ । यसबाट पनि पुष्टि हुन्छ कि खेलकुद क्षेत्र भनेको युवा कै लागि बनेको हो र खेलकुदका गतिविधिलाई परिचालन गर्ने अन्तिम व्यक्ति भनेका युवा नै हुन् । जसरी खेलकुदका गतिविधि विनाका युवा शारीरिक तथा मानसिक रुपले कमजोर हुन्छन्, त्यसैगरी युवाबिना खेलकुदका गतिबिधि पनि अस्वस्थ हुने गर्दछन् । तिनीहरुको विकास र विस्तार हुन सक्दैन । फलतः खेलकुदका गतिविधिहरु एउटा कोठामा मात्र सीमित हुन पुग्दछन् । सिधा हिसाबले भन्नुपर्दा खेलकुद र युवा एकै सिक्काका दुई पाटा हुन् । एकको अनुपस्थितिमा अर्काको अस्तित्व धरापमा पर्दछ । खेलकुदविनाका युवा निस्क्रिय जस्तै हुन्छन् । उनीहरु अनेक किसिमका कुलत र दुर्व्यसनमा फस्न सक्दछन् र यति सुन्दर जीवन नै नारकीय रुपमा बिताउन विवश

हुन्छन् । साथै युवाविना खेलकुद पनि लोपको संघारमा पुग्दछ । त्यसैले यी दुईलाई चाहेर पनि अलग गर्न सकिँदैन । जसरी युवाविना खेलकुदको अस्तित्वमा संकट उत्पन्न हुन्छ त्यसैगरी खेलकुद गतिविधिविना युवाको जीवनमा समेत अनेक किसिमका संकटहरु देखा पर्दछन् । ऊ विभिन्न किसिमका शारीरिक तथा मानसिक समस्याहरुबाट ग्रसित हुन पुग्दछ र युवा अवस्थामा नै ऊ देश र समाजलाई केही दिन नसक्ने अवस्थामा पुग्दछ । फलतः ऊ धर्तीको बोझ मात्र बन्न पुग्दछ । खेलकुदका गतिविधिविना खेलाडी मात्र नभएर अन्य पेशा वा व्यवसायमा संलग्न व्यक्ति समेत प्रभावित हुने गर्दछन् । किनभने खेलकुदका गतिविधिले मानिसको शारीरिक र मानसिक विकासमा ठूलो सहयोग पुऱ्याउने गर्दछ । यसको अभावमा व्यक्तिले राम्रोसँग आफ्नो भूमिका निर्वाह गर्न सक्दैन । अर्कोतर्फ खेलकुदले विश्व शान्ति, एकता र अमनचैनमा जोड दिएको हुन्छ । अहिलेको संसारको प्रमुख माग वा आवश्यकता भनेको खेलकुदका गतिविधि मार्फत विश्वमा शान्ति, अमनचैन, सहिष्णुता र भातृत्व फैलाउनु हो । यस संसारलाई बस्नलायक र प्रिय ठाउँ बनाउनु हो । जुन कार्यको नेतृत्व केवल युवा वर्गले मात्र गर्न सक्दछन् । त्यसैले युवा र खेलकुदलाई सँगसँगै लगेर संसारमा शान्ति फैलाउन हामी सबै लागिपर्नु पर्ने देखिन्छ ।

# राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता २०७०/७१ : एक समीक्षा

गणेश गुरुङ

राष्ट्रिय खेलकुद नीति २०६७ को मर्म र भावना अनुरूप खेलकुदको विकासका लागि प्रारम्भिक थलोको रूपमा रहेका विद्यालयहरूलाई केन्द्रविन्दु बनाई खेलकुद प्रतिभाको खोजी, पहिचान र संरक्षण गर्ने, राष्ट्र निर्माण एवं राष्ट्रको विकासमा खेलाडीहरूको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने, स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने, विद्यालयहरूमा उत्कृष्ट, अनुशासित र सक्षम खेलाडीहरु तयार गर्ने, विद्यालयहरूमा स्वस्थ प्रतिस्पर्धात्मक विद्यार्थीमैत्री खेलकुद वातावरणको सिर्जना गरी विद्यालय तहमा सञ्चालन हुने खेलकुदका प्रतियोगिताहरूलाई अनुशासित, मर्यादित र व्यवस्थितरूपले सञ्चालन गर्ने उद्देश्यले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयद्वारा "राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०६८" लाई परिमार्जन गरी "**राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका**, २०७०" जारी गरिएको थियो ।

"राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०" मा भएका प्रमुख व्यवस्था :

१. त्यस शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १० सम्म नियमित रूपमा अध्ययनरत रही एस.एल.सी. परीक्षाको नतिजा प्रकाशन नहुँदासम्मका विद्यार्थीहरू मात्र यस राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी हुन सक्ने ।

२. यो प्रतियोगिता २२६ निर्वाचन क्षेत्र, ७५ जिल्ला, ५ विकास क्षेत्र र केन्द्रमा सञ्चालन हुने ।

३. यस कार्यक्रमको आयोजनाका लागि जिल्लामा जिल्ला शिक्षा समितिका अध्यक्षको संयोजकत्वमा एउटा व्यवस्थापन तथा निर्देशन समिति रहने ।

४. निर्वाचन क्षेत्रस्तरमा छनौट भई जिल्लास्तरमा सहभागी हुन पाउने ।

५. जिल्लास्तरीय प्रतियोगिताका प्रत्येक इभेन्ट्सूका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराइने ।

६. भलिबल र एथ्लेटिक्स मात्र हुने गरेकोमा यस आ. व. बाट मार्सल आर्ट खेलहरु कराँते, तेक्वान्दो र उसु खेल थपिने ।

७. मार्सल आर्ट खेलहरु कराँते, तेक्वान्दो र उसुको निर्वाचन क्षेत्रस्तरीय प्रतियोगिता नभई सिधै जिल्लास्तरीय प्रतियोगिता हुने ।

८. मार्सल आर्टका खेलबाहेक एथ्लेटिक्स र भलिबल खेलमा विजयी भएबापत पाएको अंक जोड्दा सर्वाधिक अंक हासिल गरी प्रथम हुने विद्यालय, जिल्ला र क्षेत्रलाई सिल्डसहित नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने ।

९. प्रत्येक जिल्लाबाट खेलाडी, प्रशिक्षक र

शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय

व्यवस्थापक गरी बढीमा जम्मा ६० जनासम्मको टोली क्षेत्रस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी हुन सक्ने ।

१०. आयोजकबाट क्षेत्रस्तरीय प्रतियोगितामा सहभागी हुन आउने टोली नेता तथा प्रत्येक खेलका १/१ जना प्रशिक्षक र खेलाडीहरुलाई ४ दिनको होटलबास र खानाको व्यवस्था गरिने ।

११. केन्दिय प्रतियोगिता चालु आर्थिक वर्षको बैशाख महिनाको २१ गते भित्र सम्पन्न गरिने ।

१२. प्रत्येक क्षेत्रबाट ७२ खेलाडी, ७ जना प्रशिक्षक र १ जना कर्मचारी (टोली नेता) गरी जम्मा ८० जना सम्मको टोली केन्द्रमा आउन सक्ने ।

१३. केन्द्रका प्रत्येक इभेन्टमा पदक प्राप्त गर्ने खेलाडीलाई नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिने ।

१४. एथ्लेटिक्सतर्फको केन्द्रस्तरीय प्रतियोगितामा राष्ट्रिय रेकर्ड तोड्ने प्रत्येक छात्र/छात्रालाई जनही रू. १०,०००।- का दरले उत्कृष्ट खेलाडी पुरस्कार प्रदान गरिने ।

१५. आयोजकले केन्द्रस्तरीय प्रतियोगितामा सहभागी हुन आउने क्षेत्रीय खेलकुद विकास समितिका टोलीलाई दैनिक भ्रमण भत्ता र बाटो खर्च उपलब्ध गराउने ।

१६. जिल्लास्तरीय प्रतियोगितामा प्रत्येक जिल्लालाई रु २ लाख, मार्सल आर्टका खेल आयोजना हुने जिल्लाहरुलाई थप १ खेल बराबर ६५ हजार र प्रति निर्वाचन क्षेत्र बराबर रु ५० हजारमा विनियोजन हुने ।

१७. एथ्लेटिक्सका २६, भलिबलका २ र मार्सल आर्टका २० इभेन्ट्स् गरी जम्मा ४८ इभेन्ट्स्मा प्रतिस्पर्धा हुने ।

**जिल्लास्तरीय प्रतियोगिताको अवस्था**

*यस आव २०७०/०७१ को जिल्लास्तरीय प्रतियोगिताको प्रगती र निकासा भएको बजेट*

***(तालिका १)***

| क्रसं | जि खे वि स | वि संख्या | नि क्षेत्र | स विद्यालय संख्या | | सहभागी विद्यार्थी | | | विजयी विद्यालयको नाम (मन्त्रालयबाट रु. २५ हजार सहयोग प्रदान गरिएको विद्यालय) | सञ्चालन हुनुपर्ने खेलहरु | निकासा भएको रकम रुपैंया |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | यस आव | गत आव | छात्र | छात्रा | जम्मा | | | |
| १ | ताप्लेजुङ्ग | ५६ | २ | २८ | १६ | ७२० | ५५५ | १२७५ | श्री चाँगे उ.मा.वि.आठराई | उसु र तेक्वान्दो बाहेक | ३,६५,०००।०० |
| २ | पाँचथर | ९१ | २ | ३९ | ७ | २५३ | १७० | ४२३ | श्री नयाँ नमुना ई.बो. स्कुल, फिदिम | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ३ | इलाम | ९७ | ३ | २७ | १२ | २११ | १५५ | ३६६ | श्री सिंहदेवी उ.मा.वि. एकातप्पा | सबै खेलहरु | ५,४५,०००।०० |
| ४ | झापा | २१८ | ७ | १७५ | ११३ | १८९९ | १४०७ | ३३०६ | श्री धुलाबारी उच्च मा.वि., धुलावारी | सबै खेलहरु | ७,४५,०००।०० |
| ५ | मोरङ्ग | २१२ | ९ | १०२ | ३९ | ४३१ | ४०२ | ८३३ | जुपिटर ई.बो. स्कुल, इन्द्रपुर | सबै खेलहरु | ८,४५,०००।०० |
| ६ | सुनसरी | २०७ | ६ | ६१ | १३ | ७२८ | ४०९ | ११३७ | श्री चन्द्रकमल उ.मा.वि., मर्चैया | सबै खेलहरु | ६,९५,०००।०० |
| ७ | भोजपुर | ६९ | २ | १२ | १६ | ७३ | ४६ | ११९ | श्री विद्योदय उ.मा.वि., भोजपुर | तेक्वान्दो बाहेक सबै | ४,३०,०००।०० |
| ८ | धनकुटा | ८२ | २ | २३ | १८ | १८४ | ६७ | २५१ | श्री पुण्य उच्च मा.वि. राजारानी | सबै खेलहरु | ४,९५,०००।०० |
| ९ | तेह्रथुम | ५० | १ | १३ | ० | ३८० | २९३ | ६७३ | श्री बसन्त उ.मा.वि. सवस्तपुर | उसु र तेक्वान्दो बाहेक | २,६५,०००।०० |
| १० | सङ्खुवासभा | ६४ | २ | ४० | २४ | ३१७ | १९६ | ५१३ | श्री महेन्द्र उ.मा. वि.मानेभञ्ज्याङ्ग | सबै खेलहरु | ४,९५,०००।०० |
| ११ | ओखलढुङ्गा | ७३ | २ | १९ | १६ | २६० | २२० | ४८० | श्री रुम्जाटार उ.मा.वि. रुम्जटार | उसु बाहेक सबै | ४,३०,०००।०० |
| १२ | सोलुखुम्बु | ४२ | १ | १३ | ५ | १२३ | १४४ | २६७ | श्री ज जा उ..मा.वि. सल्लेरी | उसु बाहेक सबै | ३,३०,०००।०० |
| १३ | उदयपुर | ११७ | ३ | ३५ | २१ | २५२ | २५२ | ५०४ | श्री ज्योति उ.मा.वि. बेल्टार | सबै खेलहरु | ५,४५,०००।०० |
| १४ | खोटाङ्ग | ८१ | २ | १० | १० | २४७ | १३५ | ३८२ | श्री जालपा मा.वि, नूनथला | उसु बाहेक सबै | ४,३०,०००।०० |
| १५ | सप्तरी | ८८ | ६ | ५६ | ३७ | ८७७ | ७९६ | १६७३ | श्री उ.मा.वि. कचन्दाहा | उसु बाहेक सबै | ६,३०,०००।०० |
| १६ | सिराहा | ८२ | ६ | ६३ | २५ | १४३० | १६४० | ३०७० | श्री प.आ.उ.मा.वि., लहान | सबै खेलहरु | ६,९५,०००।०० |
| | | | | **८१६** | **३७२** | **८३८५** | **६८८७** | **१५२७२** | | पूर्वाञ्चल निकासा | **८३,७०,०००।००** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | धनुषा | ५९ | ७ | ५० | ११ | ९१४ | ६७३ | १५८७ | श्री शंकर उ.मा.वि., चक्कर | उसु बाहेक सबै | ६,८०,०००।०० |
| १८ | महोत्तरी | ८० | ६ | ४० | २२ | ४४७ | २४० | ६८७ | श्री उ.मा.वि., हाथिलेट | सबै खेलहरु | ६,९५,०००।०० |
| १९ | सर्लाही | ८५ | ६ | २७ | १४ | ३९४ | २४६ | ६४० | श्री सरस्वती उमावि हजरिया | उसु बाहेक सबै | ६,३०,०००।०० |
| २० | सिन्धुली | ११३ | ३ | ३३ | २२ | ३९३ | १९८ | ५९१ | श्रीसूर्योदय मा.वि. रातमाटा | सबै खेलहरु | ५,४५,०००।०० |
| २१ | दोलखा | ९३ | २ | १८ | ० | ३४१ | २१० | ५५१ | श्री कालीनाग उ.मा.वि. | सबै खेलहरु | ४,९५,०००।०० |
| २२ | रामेछाप | ९२ | २ | ३२ | १५ | २०३ | १२६ | ३२९ | श्री मन्थली उ.मा.वि. मन्थली | सबै खेलहरु | ४,९५,०००।०० |
| २३ | बारा | ६३ | ६ | ५७ | १५ | ११२९ | १०३७ | २१६६ | श्री गौरीशंकर उ. मा. वि. निजगढ | उसु बाहेक सबै | ६,३०,०००।०० |
| २४ | पर्सा | ६५ | ५ | ३७ | २० | ९७६ | ७४४ | १८२० | श्री स.उ.मा.वि. गौतमनगर ठोरी | उसु बाहेक सबै | ५,८०,०००।०० |
| २५ | रौतहट | ६६ | ६ | ३३ | ११ | ४३१ | २२० | ६५१ | श्री कंकाली उ.मा.वि., जंगलहसीया | भलिबल, एथ्लेटिक्स, कराँते | ५,६५,०००।०० |
| २६ | मकवानपुर | ११६ | ४ | ६७ | ३२ | ३९४ | १९८ | ५९२ | श्री बुद्ध उ.मा.वि. हातिसुडे, छतिवन | सबै खेलहरु | ५,९५,०००।०० |
| २७ | चितवन | १९७ | ५ | ६३ | २८ | ८६० | ८१० | १६७० | श्री प्रेमवस्ती उमावि प्रेमवस्ती | सबै खेलहरु | ६,४५,०००।०० |
| २८ | काठमाण्डौ | ८८३ | १० | १९६ | ६९ | २१३० | १३८९ | ३५१९ | श्री बुढानीलकण्ठ स्कुल, बुढानिलकण्ठ | सबै खेलहरु | ८,९५,०००।०० |
| २९ | ललितपुर | २५४ | ३ | ६८ | ४१ | ४६० | ३५३ | ८१३ | श्री पवन प्रकृति स्कुल, इमाडोल | सबै खेलहरु | ५,४५,०००।०० |
| ३० | भक्तपुर | १८८ | २ | ७८ | १६ | २४४ | १४७ | ३९१ | श्री सैनिक आ.मा.वि., सल्लाघारी | सबै खेलहरु | ४,९५,०००।०० |
| ३१ | काभ्रे | २०२ | ४ | ५४ | १३ | ८४९ | ५६७ | १२१६ | श्री हाइल्याण्ड अ आ मा वि | सबै खेलहरु | ५,९५,०००।०० |
| ३२ | सिन्धुपाल्चोक | १२९ | ३ | ४५ | २६ | ७६६ | ५६० | १३२६ | श्री शारदा उ.मा.वि. बाह्रबिसे | ५ वटै | ५,४५,०००।०० |
| ३३ | नुवाकोट | १०५ | ३ | ३३ | १२ | ११० | ७३ | १८३ | श्री क्षेत्रपाल उ.मा.वि., चौघडा | सबै खेलहरु | ५,४५,०००।०० |
| ३४ | रसुवा | २२ | १ | ० | ० | ० | ० | ० | कार्यक्रम गर्न नसकेको | उसु बाहेक सबै | ३,३०,०००।०० |
| ३५ | धादिङ्ग | १४१ | ३ | १३९ | १३ | ६१८ | ४२० | १०३८ | श्री मण्डली उ.मा.वि., फुलखर्क | सबै खेलहरु | ५,४५,०००।०० |
| | | | | **१०६८** | **३८०** | **११५६९** | **८२११** | **१९७८०** | **मध्यमाञ्चलमा निकासा** | | **१,१०,५०,०००।०** |
| ३६ | कास्की | २६७ | ४ | ८९ | ३६ | १३४० | १०७० | २४१० | श्री टप्स आवासीय उमावि | सबै खेलहरु | ५,९५,०००।०० |
| ३७ | स्याङ्जा | १६५ | ३ | ८० | ० | ७९९ | ६२९ | १४२८ | श्री गंगालाल उ.मा.वि. चापाकोट | उसु बाहेक सबै | ४,८०,०००।०० |
| ३८ | लम्जुङ्ग | ९० | २ | २९ | ४८ | ५२३ | ५५२ | १०४५ | श्री विर भक्ति उमावि तार्कूघाट | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ३९ | तनहुँ | १४२ | ३ | ६२ | १६ | ७४१ | ५५९ | १३४० | श्री हिमालय मावि चाम्बास | सबै खेलहरु | ५,४५,०००।०० |
| ४० | गोरखा | १०६ | ३ | १९ | २१ | ११६ | ६४ | १८० | श्री जनशक्ति उ.मा.वि., नाम्जुङ्ग | उसु बाहेक सबै | ४,८०,०००।०० |
| ४१ | मनाङ्ग | ४ | १ | ० | ४ | ० | ० | ० | कार्यक्रम गर्न नसकेको | भलिबल एथ्लेटिक्स | २,००,०००।०० |
| ४२ | बाग्लुङ | १३५ | ३ | २७ | ३० | ३०१ | १९५ | ४९६ | श्री महेन्द्र उ.मा.वि. सुखौरा | सबै खेलहरु | ५,४५,०००।०० |
| ४३ | पर्वत | ८७ | २ | ४७ | ३५ | ६३८ | ४४६ | १०८४ | श्री सूर्य प्रकाश मा. वि. दर्लुङ्ग | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ४४ | म्याग्दी | ६९ | १ | ० | ० | ० | ० | ० | कार्यक्रम गर्न नसकेको | भलिबल, एथ्लेटिक्स | ० |
| ४५ | मुस्ताङ्ग | ८ | १ | ० | ० | ० | ० | ० | कार्यक्रम गर्न नसकेको | भलिबल, एथ्लेटिक्स, कराँते | २,६५,०००।०० |
| ४६ | नवलपरासी | २०२ | ६ | १५६ | १०४ | २४९२ | २०३२ | ४५२४ | श्री राष्ट्रिय उच्च मा.वि. छिवनी | ५ वटै | ६,९५,०००।०० |
| ४७ | कपिलवस्तु | ९६ | ५ | ५३ | २२ | ५८६ | ३४५ | ९३१ | श्री कनकमुनि उमावि श्रीनगर | सबै खेलहरु | ६,४५,०००।०० |
| ४८ | रुपन्देही | २१८ | ७ | १३८ | ७२ | २४६९ | १८२३ | ४३३६ | श्री चितहिया मावि चितहिया | सबै खेलहरु | ७,४५,०००।०० |
| ४९ | पाल्पा | ११९ | ३ | ३७ | ० | २८८ | ११७ | ४०५ | बालहित मा.वि., सहलकोट | उसु बाहेक सबै | ४,८०,०००।०० |
| ५० | गुल्मी | १३० | ३ | ३८ | ० | ५१० | ४१० | ९२० | श्री महेन्द्र उच्च मा.वि. | उसु बाहेक सबै | ४,८०,०००।०० |
| ५१ | अर्घाखाँची | ८० | २ | ७७ | ६७ | ७३८ | ४१७ | ११५५ | श्री शिदार्थ उ.मा.वि., हंशपुर | सबै | ४,९५,०००।०० |
| | | | | **८५२** | **४५५** | **११५४१** | **८६९९** | **२०२४०** | पश्चिमाञ्चलमा निकासा | | **७२,४५,०००।०** |
| ५२ | रुकुम | ६७ | २ | १४ | १९ | २९५ | ३२५ | ६२० | श्री रुक्मिणी उ.मा.वि., रुकुमकोट | उसु बाहेकसबै | ४,३०,०००।०० |
| ५३ | रोल्पा | ६० | २ | ३५ | ४५ | ० | ० | ० | श्री बालकल्याण उमावि लिवाङ | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ५४ | प्यूठान | ६० | २ | १८ | ० | ३६५ | २८४ | ६४९ | श्री मुक्ति उ.मा.वि. रातामाटा | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ५५ | सल्यान | ७२ | २ | ३९ | १६ | ३४७ | १७७ | ५२४ | श्री शारदा जनकल्याण उ.मा.वि. रामपुर | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ५६ | दाङ | १२६ | ५ | ७५ | २५ | ७५७ | ४८७ | १२४४ | श्री उ.मा.वि. श्री गाऊँ | उसु बाहेक सबै | ५,८०,०००।०० |
| ५७ | बाँके | १३३ | ४ | ७३ | ७० | ४५६ | २९७ | ७५३ | श्री सिद्धेश्वर उमावि सिधनुवा | सबै खेलहरु | ५,९५,०००।०० |
| ५८ | बर्दिया | ८५ | ४ | ४५ | ३९ | ० | ० | ० | श्री जानकी मावि जनकनगर | सबै खेलहरु | ५,९५,०००।०० |
| ५९ | सुर्खेत | ९७ | ३ | ४२ | ५३ | ६६८ | ३७७ | १०४५ | श्री जिवन ज्योति उ.मा.वि,दशरथपुर | सबै खेलहरु | ५,४५,०००।०० |
| ६० | दैलेख | ८९ | २ | १९ | १६ | २९६ | २५८ | ५५४ | श्री त्रिभुवन नमुना उमावि बजार | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ६१ | जाजरकोट | ६६ | २ | ४१ | ३१ | २०० | १९९ | ३९९ | श्री विजय मा.वि., पुन्मा | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ६२ | मुगु | २९ | १ | | १२ | ० | ० | ० | कार्यक्रम गर्न नसकेको | भलिबल, एथ्लेटिक्स, कराँते | २,६५,०००।०० |
| ६३ | हुम्ला | २२ | १ | ११ | १४ | १०० | ९३ | १९३ | श्री हिमजोति उ.मा.वि. | उसु बाहेक सबै | ३,३०,०००।०० |
| ६४ | जुम्ला | ४१ | १ | १४ | १८ | १६० | १३५ | २९५ | श्री चन्द्रनाथ उ.मा.वि. खलङ्गा, | सबै खेलहरु | ३,९५,०००।०० |
| ६५ | डोल्पा | १५ | १ | ८ | १४ | ४५ | ३४ | ७९ | श्री सरस्वती उ.मा.वि, दुनै | भलिबल, एथ्लेटिक्स, कराँते | २,६५,०००।०० |
| ६६ | कालीकोट | ५८ | १ | १८ | २४ | ५३६ | ५३५ | १०७१ | श्री बडिमालिका उ.मा.वि., रास्कोट | सबै खेलहरु | ३,९५,०००।०० |
| | | | | **४५२** | **३९६** | **४२२५** | **३२०१** | **७४२६** | **मा पश्चिममा निकासा जम्मा** | | **६२,८०,०००।००** |
| ६७ | बझाङ्ग | ७८ | २ | १५ | ० | ३८६ | ३७८ | ७६४ | श्री जनप्रिय उ.मा.वि, बगडगाउँ | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ६८ | बाजुरा | ५९ | १ | ६४ | ५२ | १९२८ | १९१६ | ३८४४ | श्री मालिका उमावि मार्तडी | उसु बाहेक सबै | ३,३०,०००।०० |
| ६९ | डोटी | ७२ | २ | १५ | १० | २४५ | २०६ | ४५१ | श्री खप्तड मा.वि., दिपायल | उसु बाहेक सबै | ४,३०,०००।०० |
| ७० | अछाम | ९४ | २ | ६ | ६ | १३५ | १११ | २४६ | श्री जयगढ स्रोत केन्द्र | भलिबल, एथ्लेटिक्स, कराँते | ३,६५,०००।०० |
| ७१ | कैलाली | १८७ | ६ | ११२ | २८ | १३८६ | ८९९ | २२८५ | श्री विरेन्द्र विद्या मन्दिर टिकापुर, | सबै खेलहरु | ६,९५,०००।०० |
| ७२ | दार्चुला | ६३ | १ | ० | ३२ | ० | ० | ० | नतिजा प्राप्त नभएको | उसु बाहेक सबै | ३,३०,०००।०० |
| ७३ | बैतडी | ११४ | २ | ५३ | ४५ | ५८४ | ३४० | ९२४ | श्री मणिलेक उ.मा.वि., मेलौलि | भलिबल र एथ्लेटिक्स | ३,००,०००।०० |
| ७४ | डडेल्धुरा | ६५ | १ | २२ | १५ | ३०० | २०० | ५०० | श्री सिताराम उमावि कुर्मुले | उसु बाहेक सबै | ३,३०,०००।०० |
| ७५ | कञ्चनपूर | १६४ | ४ | १०६ | ४० | १८०८ | १००३ | २८११ | श्री जनज्योती उमावि कलकत्ता | सबै खेलहरु | ५,९५,०००।०० |
| | | | | **३९३** | **२२८** | **६७७२** | **५०५३** | **११८२५** | **सुपश्चिममा जम्मा निकासा** | | **३८,०५,०००।००** |
| | | | | ३५८१ | १८३१ | ४२४९२ | ३२०५१ | ७४५४३ | **जिल्लामा निकासा जम्मा** | **३,७२,८०,०००।००** | |

यस आ.व. २०७०/०७१ मा युवा तथा खेलकुद मन्त्रालयको स्वीकृत कार्यक्रमअनुसार राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता कार्यक्रम निर्वाचन क्षेत्र, जिल्ला, क्षेत्रीय र केन्द्रमा सञ्चालन गरिएको थियो। निर्वाचन क्षेत्रस्तरीय तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिताको आयोजना जिल्ला खेलकुद विकास समितिहरुबाट भएको थियो । गत आ.व. मा जिल्लास्तरीय प्रतियोगिताका लागि रु. १,१९,२३,०००।०० विनियोजित भएकोमा त्यस रकमले नपुग्दा पछि फेरि रु. २१,५७,०००।०० थप गरिएको थियो। निर्वाचन क्षेत्रस्तरीय तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको लागि मात्र यस आ.व.मा रु. ३,९९,७५,०००।०० बजेट विनियोजन भएको थियो। यसरी हेर्दा बजेटमा झण्डै ३ गुणा वृद्धि भएको देखिन्छ। त्यसो त खेलको संख्यामा पनि वृद्धि भएको छ। विगतमा भलिबल र एथ्लेटिक्स गरी २८ इभेन्ट्स्मा प्रतिस्पर्धा भएको थियो भने यस आ.व.बाट कराँते, तेक्वान्दो र उसुका २० इभेन्ट्स थपिएर ४८ इभेन्ट्समा प्रतिष्पर्धा भएको थियो।

माथिको तालिकामा देखाइए अनुसार गत आ.व. २०७०/०७१ को जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा अघिल्लो वर्ष १८३१ विद्यालयको सहभागिता रहेको थियो भने यस आ.व. मा ३५८१ विद्यालय र ७४,५४३ विद्यार्थीहरुको सहभागिता देखिन्छ। छात्रको तुलनामा छात्राहरुको सहभागिता कम देखिए तापनि त्यो उत्साहजनक नै छ। सहभागिहरुमध्ये ४२,४९२ (५७ प्रतिशत) छात्र देखिन्छ भने ३२,०५१ (४३ प्रतिशत) छात्रा देखिन्छ। हुनत विद्यालय तथा विद्यार्थीहरुको सहभागिता बढाउने र जिल्ला सदरमुकामबाट टाढाटाढा रहेका विद्यालयहरुमा पनि खेलकुदको माहोल सिर्जना गर्ने उद्देश्यले यस आ.व.बाट स्पर्धाका इभेन्ट्स्हरु थप्ने, निर्वाचन क्षेत्रस्तरीय प्रतियोगिता सञ्चालन गर्ने, जिल्ला शिक्षा समितिका अध्यक्षको संयोजकत्वमा व्यवस्थापन तथा निर्देशन समिति गठन गर्ने र बजेटमा उल्लेख्य वृद्धि गर्ने प्रावधान निर्देशिकामा नै राखिएको थियो। यसैको प्रतिफल स्वरुप सहभागितामा वृद्धि भएको हुन सक्दछ।

यस प्रतियोगितामा विद्यालयहरुलाई उत्प्रेरित गर्नका लागि खेलकुद सामग्री व्यवस्थापनमा सहयोग कार्यक्रम अन्तर्गत जिल्लास्तरीय प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने प्रत्येक विद्यालयहरुलाई थप रु. २५ हजारका दरले ७५ जिल्लामा जम्मा रु. १८,७५,०००।०० व्यवस्था गरिएको थियो (रु. २५ हजार पाउने विद्यालयहरुको नाम माथिको तालिकामा दिइएको छ) । त्यसैगरी खेलकुद पूर्वाधार व्यवस्थापनका लागि विकास क्षेत्रमा उत्कृष्ट देखिएका २ वटा विद्यालयहरुलाई रु ३ लाख र २ लाखका दरले ५ वटै विकास क्षेत्रमा १० विद्यालयहरुका लागि रु. २५ लाख रुपैयाँको व्यवस्था गरिएको थियो। रु. ३ लाख र २ लाख पाउने विद्यालहरु यस प्रकार थिए।

सहयोग प्राप्त गर्ने विद्यालयहरुको विवरण ***(तालिका नं.२)***

| क्षेत्रिय खेलकुद विकास समिति | क्र सं | प्रस्तावित विद्यालय र ठेगाना | प्राप्ताङ्क | नगद सहयोग | कैफियत |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | १ | श्री चन्द्रकमल उमावि, मर्चैया, सुनसरी | ३६ | रु ३ लाख | |
| | २ | श्री धुलाबारी उमावि, धुलाबारी, भापा | २२ | रु २ लाख | |
| मध्यमाञ्चल | ३ | श्री सरस्वती उ.मा.वि., पर्सा | | रु ३ लाख | |
| | ४ | श्री सनेश्चर उ.मा.वि., सिन्धुली | | रु २ लाख | |
| पश्चिमाञ्चल | ५ | श्री सरस्वती उमावि, गोछाडा, नवलपरासी | ३१ | रु ३ लाख | |
| | ६ | श्री महेन्द्र मावि, सुखौरा, बाग्लुङ्ग | २६ | रु २ लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| मध्यपश्चिमाञ्चल | ७ | श्री भुवनेश्वरी उमावि, खैरा, प्यूठान | | रु ३ लाख | |
| | ८ | श्री सिद्ध पृथ्वी जनता उमावि, श्रीगाउ दाङ | | रु २ लाख | |
| सूदूरपश्चिमाञ्चल | ९ | श्री मणिलेख उमावि, काडा, बैतडी | १७ | रु ३ लाख | |
| | १० | श्री मालिका उमावि, मार्तडी, बाजुरा | १६ | रु २ लाख | |
| जम्मा ५ क्षेत्र | | १० विद्यालय | | रु २५ लाख | |

गत आ.व.मा ६८ जिल्लामा यो प्रतियोगिता सञ्चालन भएको थियो भने यस आ.व.मा ७० जिल्लामा सञ्चालन भएको थियो । बाँकी ५ जिल्लामा मनाङ्ग, मुस्ताङ्ग, रसुवा र मुगुजस्ता हिमाली जिल्लाहरुमा निर्धारित समयमा प्रतियोगिता सञ्चालन गर्न नसकिएको म्याग्दीमा आयोजकको उदासिनता देखिएको थियो ।

यस प्रतियोगितालाई अझ प्रभावकारी बनाउने उद्देश्यले सल्यान र सुनसरी जिल्लामा सञ्चालित प्रतियोगिताहरुको कार्यमूलक अनुसन्धान पनि गरिएको थियो । विद्यालयहरुको सहभागिता बढाउनका लागि विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम दिनुपर्ने, खेलकुद शिक्षक, खेलमैदान र खेलपोशाक तथा सामग्रीको व्यवस्था हुनुपर्ने, विद्यालयमा खेलकुद कोषको व्यवस्था हुनुपर्ने, अनिवार्य सहभागिताको नियम राख्नुपर्ने र दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्ने, प्रतियोगिताको मिति, स्थान र खेलहरुको पूर्व जानकारी हुनुपर्ने जस्ता सुझावहरु सहभागी शिक्षक तथा विद्यार्थीहरुबाट प्राप्त भएको थियो ।

## क्षेत्रीय प्रतियोगिता

जिल्लास्तरीय प्रतियोगितामा विजयी हुने खेलाडीहरुलाई सम्बन्धित क्षेत्रमा ल्याई क्षेत्रस्तरीय प्रतियोगिता सञ्चालन गरिएको थियो ।

क्षेत्रस्तरीय प्रतियोगितामा सहभागिताको अवस्था *(**तालिका नं. ३**)*

| क्रसं | विकास क्षेत्र | जिल्ला संख्या | सहभागी जिल्ला संख्या | सहभागी खेलाडी संख्या | विजयी जिल्ला | निकासा भएको बजेट |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १६ | १६ | ६९७ | झापा | २४,८६,४८६।०० |
| २ | मध्यमाञ्चल | १९ | १८ | ९१४ | काठमाण्डौ | २९,५२,७०१।०० |
| ३ | पश्चिमाञ्चल | १६ | १३ | ६०८ | कास्की | २३,३१,०८१।०० |
| ४ | मध्यपश्चिमाञ्चल | १५ | १३ | | | २३,३१,०८१।०० |
| ५ | सुदूरपश्चिमाञ्चल | ९ | ९ | ३९५ | कैलाली | १३,९८,६५१।०० |
| | | ७५ | ६९ | | | **१,१५,००,०००।००** |

तालिका नं. ३ मा देखाइएको विवरण अनुसार ७५ जिल्लामध्ये ६९ जिल्लाबाट मात्र क्षेत्रस्तरीय प्रतियोगितामा सहभागी भएको देखिन्छ । सहभागी नहुने ६ जिल्लाहरुमध्ये ५ जिल्लामा जिल्लास्तरीय प्रतियोगिता नै हुन सकेको थिएन भने हुम्ला जिल्लाले जिल्लास्तरीय प्रतियोगिता सञ्चालन गरे पनि रकम र समय अभावका कारण क्षेत्रमा सहभागिता जनाउन सकेको थिएन ।

प्रत्येक जिल्लाबाट बढीमा ६० जनाको टोली क्षेत्रस्तरीय प्रतियोगितामा सहभागी हुन जानसक्ने प्रावधान थियो भने सहभागी हुन आउने जिल्लाका टोलीलाई आयोजकले खान बस्नको सुविधा उपलब्ध

गराउने व्यवस्था मिलाइएको थियो । सहभागिता जे जति देखिए पनि विजयी हुने जिल्ला सुगम र सुविधासम्पन्न नै देखिएको छ । मध्यमाञ्चल, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल जिल्लाको नतिजा हेर्ने हो भने त झन क्षेत्रीय खेलकुद विकास समितिको कार्यालय भएको र प्रतियोगिता आयोजना भएको जिल्ला नै विजयी भएको देखिन्छ । त्यस क्षेत्रमा प्रशिक्षकहरु अधिक रहनु र विद्यार्थीहरुले प्रशिक्षण पाउनु तथा अधिकतम निजी विद्यालयहरुमा खेलकुद शिक्षक राख्ने चलन रहेकोले त्यस्ता सुगम जिल्लाहरुमा निजी विद्यालयहरु रहनुले पनि त्यस्ता जिल्ला विजयी हुन सफल भएको हुन सक्दछ । विजयी हुने जिल्लाहरुको भूभाग समथल छ । यस्ता जिल्लाहरुमा खेलमैदान व्यवस्थापन गर्न सजिलोपर्ने हुनाले पहाडी जिल्लाको तुलनामा त्यस्ता जिल्लामा खेलमैदान हुनु स्वाभाविक नै देखिन्छ ।

यस पटकको नतिजा हेर्दा खेलमैदानको व्यवस्था गर्न कठिन हुने, सहभागी हुन आउन जान मुस्किल हुने, खेलकुद शिक्षक तथा प्रशिक्षकको व्यवस्था नहुने जस्ता पहाडी र हिमाली जिल्लाहरुको नतिजा कमजोर देखिन्छ । यसरी नै लगातार नतिजा कमजोर देखिएमा भविष्यमा सहभागी हुन निरुत्साहित हुने र खेलकुदप्रतिको तृष्णामा कमी आउन सक्ने सम्भावना देखिन्छ । सयममा नै यसको उपचारका लागि नेपाल सरकारले विद्यालयहरुमा खेलमैदान निर्माण, सहभागी यातायातमा सहुलियत र खेलकुद शिक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## केन्द्रीय प्रतियोगिता

क्षेत्रस्तरीय प्रतियोगितामा विजयी हुने खेलाडीहरुलाई सहभागी गराएर प्रत्येक वर्ष केन्द्रस्तरीय प्रतियोगिता हुने गर्दछ । यस पटकको प्रतियोगितामा भलिबल र एथ्लेटिक्स मात्र नभई कराँते र उसु खेल पनि थप गरिएको थियो । तेक्वान्दो खेलको आयोजना गर्ने भनिए तापनि तेक्वान्दो संघ र तेक्वान्दो युनियनका बीचको समन्वय र सहकार्य हुन नसक्दा स्थगित गर्नुपरेको थियो ।

**केन्द्रीय प्रतियोगितामा सहभागिताको अवस्था (तालिका नं. ४)**

| क्रसं | सहभागी क्षेत्र | सहभागी विद्यार्थी संख्या | | जम्मा सहभागी खेलाडी संख्या | स्थान | विनियोजित बजेट |
|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | | | |
| १ | पूर्वाञ्चल | ३० | ३० | ६० | | रु ३३ लाख |
| २ | मध्यमाञ्चल | ३० | ३० | ६० | प्रथम | |
| ३ | पश्चिमाञ्चल | ३० | ३० | ६० | | |
| ४ | मध्यपश्चिमाञ्चल | ३० | ३० | ६० | द्वितीय | |
| ५ | सुदूरपश्चिमाञ्चल | ३० | ३० | ६० | | |
| | जम्मा | १५० | १५० | ३०० | | |

५ वटै क्षेत्रबाट सहभागिता रहेको केन्द्रस्तरीय प्रतियोगितामा प्रत्येक क्षेत्रबाट ३६ जना छात्र र ३६ जना छात्रा गरी जम्मा ७२/७२ जना खेलाडीहरुको उपस्थिति हुने भनिए तापनि तेक्वान्दो खेल स्थगित भएको कारण ६०/६० जना खेलाडीहरु मात्र सहभागी गराइएको थियो । क्षेत्रबाट सहभागी हुन आउने टोलीका प्रत्येक सदस्यलाई निर्देशिका बमोजिम रा.प. अनङ्कित प्रथम श्रेणीको कर्मचारी सरहको दैनिक भ्रमण भत्ताको व्यवस्था गरिएको थियो भने आतेजाते व्यवस्था समेत आयोजकबाट नै भएको थियो । प्रत्येक इभेन्ट्मा पदक

हासिल गर्ने खेलाडीहरुलाई नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो भने राष्ट्रिय रेकर्ड कायम गर्ने सफल खेलाडीहरु (तालिका ५ मा उल्लेख भएका खेलाडी) लाई नगद १०/१० हजार रुपैयाँ पुरस्कार पनि प्रदान गरिएको थियो ।

**राष्ट्रिय रेकर्ड कायम गर्ने खेलाडीहरुको विवरण (तालिका नं. ५)**

| क सं | खेलाडीको नाम | खेलको नाम | विद्यालयको नाम र ठेगाना | जिल्ला | नयाँ रेकर्ड |
|---|---|---|---|---|---|
| १ | श्री संगीता खड्का (छात्रा) | १५०० मि. दौड | श्री विजेश्वरी सैनिक महाविद्यालय | काठमाण्डौ | ५:१२.० मिनेट |
| २ | श्री नरेश चौधरी (छात्र) | हाईजम्प | श्री लक्ष्मी उ.मा.वि. पृथ्वीपुर | कैलाली | १.७६ मिटर |

**राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता कार्यक्रम २०७०/७१ मा देखिएका सबल र दुर्बल पक्षहरु**

| सबल पक्षहरु | दुर्बल पक्षहरु |
|---|---|
| १. जिल्लाका दुर्गम क्षेत्रमा पनि प्रतियोगिता भएको । | १. ५ जिल्लामा जिल्लास्तरीय प्रतियोगिता सञ्चालन गर्न नसकिएको । |
| २. सभागीतामा वृद्धि भएको । | २. तेक्वान्दो खेल आयोजनामा केही जिल्ला, क्षेत्र र केन्द्रमा विवाद देखिएकोले सञ्चालन गर्न नसकिएको । |
| ३. खेलहरु थप गरिएको । | ३. सहयोगी संस्थाहरुसँग समन्वय गरी सहयोग लिन नसकिएको |
| ४. विद्यालयहरुमा खेलकुदको माहोल सिर्जना भएको । | ४. छात्रको तुलनामा छात्राको सहभागिता कम देखिएको । |
| ५. आयोजकहरुमा उत्साह देखिएको । | ५. जिल्लामा रकम निकासाका लागि कार्यक्रमको प्रस्ताव समयमा संकलन गर्न तथा कार्यक्रम सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन संकलन गर्न कठिन भएको । |
| ६. खेलकुद प्रतियोगिता वर्ष कार्यक्रम स्थानीय तह सम्म पुगेको | ६. सबै विद्यालयहरु सहभागी हुने वातावरण सिर्जना गर्न नसकिएको । |
| ७.स्थानीय तहका विद्यालयमा खेलकुद पूर्वाधारको विकास भएको । | ७. मन्त्रालयबाट सबै जिल्लामा कार्यक्रम अनुगमन गर्न नसकिएको । |

## कार्यक्रमलाई प्रभावकारी बनाउन अब गर्नुपर्ने कार्यहरू :

१. उत्कृष्ट खेल प्रदर्शन गर्ने विद्यार्थीहरुको वृत्ति विकास हुने योजना ल्याउनुपर्छ ।
२. विद्यालयहरुमा खेल शिक्षक, खेल मैदान र खेल सामग्रीको व्यवस्था गर्नुपर्छ ।
३. सहभागिता र पर्फर्मेन्सको आधारमा विद्यालयलाई पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्छ ।
४. विद्यालयहरुका प्र.अ. र व्यवस्थापन समितिका सदस्यलाई अभिमुखीकरण तालिम दिनुपर्छ ।
५. जिल्ला शिक्षा कार्यालयबाट वार्षिक क्यालेण्डर निर्माण गरी यो प्रतियोगिता हुने मिति एकिन गर्ने ।
६. विद्यालयहरुमा खेलकुद कोषको व्यवस्था वा खेलकुद बजेटको व्यवस्था गर्नुपर्छ ।
७. जिल्ला शिक्षा समिति र जिल्ला विकास समितिलाई अझ बढि जिम्मेवार बनाउनुपर्छ ।
८. मन्त्रालयले आफै अनुगमन गर्नुपर्छ वा कुनै निकायलाई तोकि अनुगमनलाई जोड दिने ।
९. कार्यक्रम नगर्ने वा अनियमितता गर्ने जिल्ला खेलकुद विकास समितिलाई कारवाही गर्नुपर्छ ।

# प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिप – २०७०: आयोजना र नामाकरण

✍कमल खनाल

राष्ट्रिय खेलकुद परिषद्ले २०७० सालदेखि राष्ट्रिय संघहरुद्धारा गरिने वार्षिक कार्यक्रमलाई प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिपको रुपमा सबै राष्ट्रिय संघहरुलाई एउटै छातामुनि सञ्चालन गर्न तोकिएको सीमाभित्र च्याम्पियनसिप सम्पन्न गर्ने प्रतियोगितालाई स्तरीय बनाउन संस्थागत रुपमा सञ्चालन गर्न खेल संस्कृतिको विकास गर्न, सहभागिता उत्पादन र प्रचारात्मक किसिमले खेलकुदलाई अगाडि बढाउन राष्ट्रिय खेल संघहरुसँग सहकार्य गरी प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिप सामूहिक रुपमा सम्पन्न गरिएको थियो ।

प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिपमा सहभागी खेलहरुको संख्या ३३ थियो भने दुईवटा खेलका केही इभेन्ट्हरुमा विगतको रेकर्ड तोड्ने काम भएको थियो ।

**१) एथ्लेटिक्स्तर्फ ४ वटा नयाा रेकर्ड कायम भएका थिए** :

क) पुरुष - १०० मी. मा नेपाल प्रहरीका यम साजन सुनुवारले १०.४ मा पूरा गरी विगतको १०.५ को रेकर्ड तोड्ने काम गरेका थिए ।

ख) महिला - ४०० मी. हडल्समा सशस्त्र प्रहरीका सविता चौधरीले ६७.७ मा पूरा गरी नयाँ राष्ट्रिय रेकर्ड बनाईन् ।

ग) महिला - डिस्कसमा त्रिभुवन आर्मी क्लवका अमृता महत्तो ३४.३७ मी. को नयाँ राष्ट्रिय रेकर्ड बनाइकी थिइन् ।

घ) महिला - ४४०० मी. रिलेमा शसस्त्र प्रहरी बलका प्रमिला रिजाल, डिलमाया कार्की, सविता चौधरी, विन्दा श्रेष्ठले विगतको रेकर्ड तोड्दै ४:०८.५ मा नयाँ राष्ट्रिय रेकर्ड बनाएका छन् ।

**२) भारोत्तोलनतर्फ दुई पुरूष र एक महिलाले नयाा राष्ट्रिय रेकर्ड बनाएका थिए** :

क) नेपाल आर्मीका कमलबहादुर अधिकारीले आफ्नो पुरानो रेकर्ड (११५ के.जी.) तोड्दै ११६ के.जी. को नयाँ रेकर्ड बनाए ।

ख) दिनेश श्रेष्ठले ११० के.जी.को पुरानो रेकर्ड तोड्दै १११ के.जी. को नयाँ राष्ट्रिय रेकर्ड बनाए ।

ग) नेपाल पुलिसका तारा देवी पुनले आफ्नै ६५ के.जी.को रेकर्ड तोड्दै ६७ के.जी.को नयाँ राष्ट्रिय रेकर्ड बनाइन् ।

**३) पौडी खेलतर्फ दुईवटा नयाा राष्ट्रिय रेकर्ड कायम भएका छन्** :

(क) सोफिया साह, मध्यपश्चिम (२०० मी. फ्रि स्टाइयल) नयाँ रेकर्ड (२.२९.७२)

(ख) सोफिया साह, मध्यपश्चिम (५० मी. फ्रि स्टाइयल) नयाँ रेकर्ड (०.२९.५३०)

✍ प्रमुख, खेलकुद प्रतियोगिता तथा योजना विभाग, राखेप

२०७० पौष १५ देखि २०७० माघ १५ सम्मको क्यालेण्डर तयार गरी बृहत किसिमले ३३ वटा खेलको च्याम्पियनसिप आयोजना भएको थियो । राष्ट्रिय संघकै आयोजनामा परिषद्ले सम्पन्न गरेको यस च्याम्पियनसिपमा सहभागी गरिएका ३३ वटा खेलमध्ये ३ वटा खेलका लागि समयानुकूल नभएको कारणबाट (पौडी, शारीरिक सुगठन र गल्फ) छुटै समय तोकी तोकिएको समयमा च्याम्पियनसिप सम्पन्न भएको थियो ।

राष्ट्रिय खेल संघद्वारा प्रत्येक वर्ष अनिवार्य रुपमा गरिने राष्ट्रिय प्रतियोगितालाई दिइने रकमबाट सम्बन्धित खेल संघसँग समन्वय गरी कार्यक्रमअनुसार सहमतिमा रकम उपलब्ध गराइएको थियो भने उक्त रकम राष्ट्रिय खेलकुद परिषद् युवा तथा खेलकुद मन्त्रालय मार्फत अर्थ मन्त्रालयद्धारा ३३ सहभागी खेलहरुको लागि रु ३,०१,००,०००/- रुपैयाँ विनियोजित गरिएको र सम्बन्धित खेल संघहरुलाई रकम बाँडफाँड गरिएको थियो । जुन रकम खेल संघ र खेलाडीहरुलाई सार्वजनिक रुपमा जानकारी गराउँदै एक कार्यक्रमकाबीच चेक हस्तान्तरण गरिएको थियो । साथै राष्ट्रिय खेलकुद परिषद्ले प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिप संचालनमा सहजता होस् भन्ने उद्देश्यले कार्यविधि तयार गरी सहभागी खेलका राष्ट्रिय संघहरुलाई उपलब्ध गराएको थियो र सोही अनुरुप च्याम्पियनसिप सम्पन्न भएको थियो ।

**समावेश गरिएका खेलहरु तथा विजयी टीमहरु :**

च्याम्पियनसिपमा सामूहिक र व्यक्तिगत स्पर्धा तर्फ सहभागी भई उत्कृष्ट ३ भित्रमा पर्ने टीमहरुको विवरण देहाय अनुसार रहेकोछ । प्रस्तुत विवरणमा राष्ट्रिय खेलकुद परिषदमा प्रगति प्रतिवेदन प्राप्त हुन नआएका राष्ट्रिय टीमहरुको नतिजा विवरण समावेश गरिएको छैन । विशेष गरी समूहगतरुपमा खेलिने खेलहरुलाई प्राथमिकतामा राखी नतिजा विवरण उल्लेख गरिएकोछ ।

| क्र. सं. | खेल | टिम च्याम्पियन | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | |
| १. | जुडो | नेपाल प्रहरी | मध्यमाञ्चल | सशस्त्र प्रहरी बल | |
| २. | बुद्धिचाल | मध्यमाञ्चल | शसस्त्र प्रहरी बल | पूर्वाञ्चल | |
| ३. | ऊसु | सशस्त्र प्रहरी बल | नेपाली सेना | मध्यमाञ्चल | |
| ४. | व्याडमिण्टन | नेपाली सेना | सशस्त्र प्रहरी बल | पश्चिमाञ्चल | |
| ५. | सुटिङ | नेपाल प्रहरी | नेपाली सेना | पूर्वाञ्चल क्षेत्र | |
| ६. | फुलकन्ट्याक्ट कराँते | पश्चिमाञ्चल टिम | नेपाली सेना | नेपाल प्रहरी | |
| ७. | पौडी | नेपाली सेना | नेपाल प्रहरी | मध्यमाञ्चल | |
| ८. | ल्क्ष्टँ | नेपाली सेना | पश्चिमाञ्चल | सशस्त्र प्रहरी बल | |
| ९. | तेक्वान्दो युनियन | सुदुरपश्चिमाञ्चल | विश्वविद्यालय | पूर्वाञ्चल | |
| १०. | कुस्ती | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | |
| ११. | स्क्वास राकेट्स | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | नेपाली सेना | |
| १२. | भारोत्तोलन | नेपाली सेना | मध्यमाञ्चल | नेपाल प्रहरी | |
| १३. | हक्की | नेपाली सेना | मध्यमाञ्चल | सुदुरपश्चिमाञ्चल | |
| १४. | लनटेनिस | सशस्त्र प्रहरी बल | पश्चिमाञ्चल | मध्यमाञ्चल | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | कबड्डी | मध्यमाञ्चल | सुदुरपश्चिमाञ्चल | नेपाली सेन | पुरुष |
| | | नेपाली सेना | नेपाल प्रहरी | विश्वविद्यालय | महिला |
| १६. | तेक्वान्दो | मध्यमाञ्चल | पश्चिमाञ्चल | नेपाल प्रहरी | |
| १७. | भलिवल | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल | नेपाली सेना | पुरुष |
| | | सशस्त्र प्रहरी बल | नेपाल प्रहरी | पश्चिमाञ्चल | महिला |
| १८. | ह्याण्डबल | पश्चिमाञ्चल | सशस्त्र प्रहरी बल | नेपाली सेना | |
| १९. | कराँते | सशस्त्र प्रहरी बल | नेपाल प्रहरी | नेपाली सेना | |
| २०. | एथलेटिक्स | नेपाली सेना | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल | |
| २१. | शारीरिक सुगठन | मध्यमाञ्चल | पूर्वाञ्चल | मध्यपश्चिमाञ्चल | |
| २२. | फुटबल | नेपाल प्रहरी | नेपाली सेना | | |
| २३. | बक्सिङ | सशस्त्र प्रहरी बल | नेपाल प्रहरी | नेपाली सेना | |
| २४. | सफ्टटेनिस | मध्यमाञ्चल | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल | |

**प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिपको नामाकरण :**

विशेषतः प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिपलाई निरन्तरता दिँदै जाने र सामूहिक रुपमा बृहद् खालको च्याम्पियनसिप संचालन गर्ने लक्ष्यसँगै लुम्बिनी पर्यटकीय महत्व बोकेको धार्मिक स्थल भएको र प्रचार प्रसारका हिसाबले खेलकुदलाई माध्यम बनाउने उद्देश्यले प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिप - २०७० नामाकरण गरिएको थियो भने लुम्बिनी शान्ति भूमिका रुपमा परिचित भएकोले यस च्याम्पियनसिपको नारा पनि “शान्तिका लागि खेलकुद” राखिएको थियो । लुम्बिनीको मन्दिरलाई लोगोको रुपमा प्रयोग गरेर देशभर नै लुम्बिनीको प्रचार प्रसार गरिएको थियो । साथै प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पिनसिप – २०७० को अनुगमन परिषद्द्वारा गठित समन्वय समितिका पदाधिकारी, कर्मचारी र मुख्य प्रशिक्षकहरुद्वारा गरिएको थियो ।

**सहभागी संख्या :**

संख्याका हिसाबले महिला र पुरुष सहभागिता केही खेलमा बाहेक सबै खेलतर्फ समान रहेको देखिन्छ । संघहरुद्वारा पेश गरेको प्रगति प्रतिवेदनमा देहायअनुसारको संख्यामा महिला र पुरुष खेलाडीहरुको सहभागिता रहेको देखिन्छ ।

| | |
|---|---|
| महिला खेलाडी संख्या : | १६९२ जना |
| पुरुष खेलाडी संख्या : | २४४२ जना |
| जम्मा खेलाडी संख्या : | ४१३४ जना |

**अन्त्यमा,**

प्रथम लुम्बिनीको नामाकरण गरी प्रारम्भ भएको प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पियनसिपले राष्ट्रिय संघ, खेल पदाधिकारी र खेलाडीहरुमा उत्साह थपेको थियो भने सर्वसाधारणहरुमा समेत लुम्बिनी नामाकरणले खेलकुदप्रति सकारात्मक धारणा सहितको प्रतिक्रिया प्राप्त भएको थियो । उद्देश्य सहित नामाकरण गरिएकोले लुम्बिनीको प्रचार प्रसार आन्तरिक रुपमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा समेत खेलकुदलाई माध्यम बनाउँदा भरपर्दो हुने र लुम्बिनीको व्यापक प्रचार प्रसार हुनेमा विश्वस्त हुन सकिन्छ । साथै आगामी दिनमा अन्तर्राष्ट्रिय सहभागिता हुँदा खेलाडीहरु मार्फत लुम्बिनीको प्रचार प्रसारमा समेत सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

# YES सम्मेलन : युवा लेखापरीक्षक

✍जनकराज गौतम

१. **YES–** नेदरल्याण्डस्को सर्वोच्च लेखापरीक्षण संस्था (Netherlands Court Of Audit, NCA) को आयोजनामा उक्त संस्थामा कार्यरत ३६ वर्ष भन्दा मुनिका सातजना सरकारी युवा लेखापरीक्षकहरु मिलेर नेदरल्याण्डस्को Rotterdam मा Nov 20-22, 2013 मा युरोप महादेशका सर्वोच्च लेखापरीक्षण संस्था (European Supreme Audit Institutions, EUROSAI) का करीब १०० प्रतिनिधिहरु सहभागिता भएको Young EUROSAI (YES) सम्मेलन सम्पन्न गरेका छन् । ती सात जना सृजनशील र उत्साही युवा लेखापरीक्षकहरूले YES Conference-2013 मा लेखापरीक्षणका बाह्य जगत, जस्तै-नागरिक समाज र राष्ट्रिय विधायिकालाई समेत यस सम्मेलनसंग सम्बन्धित बनाएका थिए । सरोकारवालाका गम्भीर विषयमा सरकारले देखाएको चासो (respond) ले स्पष्ट र उपयोगी लेखापरीक्षण प्रतिवेदन दिनुपर्ने देखिन्छ । फलस्वरुप, परिवर्तनकारी, ज्ञानबर्द्धक र लेखापरीक्षण कार्यमा उमङ्ग दिने तथा उत्साह देखाउने बौद्धिक शक्तिहरु आकर्षित भएका छन ।

२. **EUROSAI Congress–** आगामी जुन २०१४ मा नेदरल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था (NCA) ले EUROSAI Congress, 2014 को कार्यक्रम गर्ने अवसर पाएकोमा आफूलाई गौरवान्वित (a matter of pride) ठानेको छ । किनकी यो समारोहको प्रस्तावित विषयहरु पनि YES Conference मा छानिएका विषयहरु संग मिल्दा–जुल्दा (Compatible)रहेका छन । आगामी महाधिवेशनलाई एउटा अन्तरक्रियात्मक सम्मेलन (Interactive event) को रुपमा लिइने छ। नियमित रुपमा हुने IXth EUROSAI Congress को वैठकमा November 2013 मा भएको YES का groundwork बाट भएका उपलब्धिलाई ध्यान दिएर सो सम्मेलनका agenda निर्धारण गरिने भएकाले नेतृत्व तहमा आसिन भएका पदाधिकारीहरुले IX EUROSAI मा सो उपलब्धीलाई साथ दिनेछन् । यसै सन्दर्भमा आगामी जुन, २०१४ मा नेदरल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था (NCA) ले EUROSAI Congress को कार्यक्रम सम्बन्धमा निम्न विषयमा Country paper पेश गर्ने भन्दा पनि आफ्ना विचार, अनुभव, जानकारी तथा लेख प्रस्तुत गर्ने, यस बाहेक अन्य कुनै विषय भए सो पनि पठाउने र त्यसका लागि कुनै पनि बिचार तपाईको संस्थाबाट नै आरम्भ भएको हुनुपर्छ भन्ने आवश्यक नभएको कुरा सहित संबन्धित सबै पक्षलाई प्रस्तावित विषय समेत उल्लेख गरी आह्वान गरेको छ ।

innovations in terms of your relations with ministries and the national parliament;

innovations in the way in which you perform your audits;

new forms of collaboration with other institutions;

Innovations in terms of your relations with citizens and the media;

Innovations in your government's

✍ उप-महालेखापरीक्षक महालेखा परीक्षकको कार्यालय

policies;

new developments in the organization of your SAI;

use of new technologies; and so forth.

३. **सिकेको पाठ** – आगामी EUROSAI Congress को नवौं सम्मेलनमा युवक तथा युवतीहरुलाई आफ्नो विचार अगाडि ल्याएर European सहकर्मीहरुसंग अनुभवको आदान प्रदान गर्ने महत्वपूर्ण अवसर प्राप्त हुनेछ । YES का सहभागीहरूले पाठको रुपमा सिकेकोले आफ्ना सहमित्र, सहकर्मी, बरिष्ठ कर्मचारी र महालेखापरीक्षकलाई समेत आफुहरुले प्राप्त गरेका निम्न उपयोगी विषयको बारेमा जानकारी गराएका छन भने यी विषयहरुका बारेमा उनीहरूले अगामी दिनमा पनि नवीनतम सोचको सृजना र अनुभव आर्जन गर्नमा गरी निरन्तरता दिनेछन : –

Think big and start small

Young international network of auditors.

YES Conference को साथै IXth EUROSAI Congress, 2014 मा हुने निर्णयलाई व्यवहारमा ल्याउन छोटो सेसनमा हुने lectures र प्रस्तुतीका अतिरिक्त सहभागीहरूले केही व्यवहारिक क्रियाकलाप (Hands-on activities) लाई अगाडि बढाउनेछन । किनकी YES Conference मा सृजनात्मक संलग्नताका र अन्तरक्रियात्मक अभ्यासको समिश्रण भएकोले अनुभवको कारणले गर्दा EUROSAI ले जति पनि चुनौती उपर तीनीहरुको रचनात्मक समाधान (constructive way) खोज्नेछन । यसवाट आपसमा संवन्ध बढाउन र संजाल (Networking) स्थापना गर्न मद्दत गर्नेछ ।

४. **केही प्रश्न** – The Ninth EUROSAI Congress, 2014 ले नवयुवा लेखापरीक्षक अर्थात आगामी पुस्तालाई संलग्न गराएर ताजापन (Novelty) ल्याउने छ । किनकी November, 2013 को EUROSAI अन्तर्गतका युवा लेखापरीक्षकले पहिलो पटक आफ्नो छुट्टै किसिमको सृजनात्मक प्रकृतिको सम्मेलन सम्पन्न गरे । यसले गर्दा आवधिक रुपमा वस्ने EUROSAI Conference को agenda हरु निर्धारण गर्न सजिलो भएको छ । उक्त सम्मेलनमा YES product को बुँदा, उपलब्धी, विचार र प्रभावलाई संक्षेपमा प्रस्तुत गरिन्छ । NCA वाट पनि यस कार्यमा सरकारी लेखापरीक्षकको नयाँ पुस्ताले EUROSAI Congress, 2014 लाई एउटा महत्वपूर्ण विषयहरू दिनेछन् भन्ने आशा राखेको छ । YES कार्यक्रममा आयोजक तर्फका ७ जना युवा लेखापरीक्षक (young auditors) लाई निम्न अनुसारको प्रश्न राखिएको छ :-

तपाइको विचारमा inovation का सही उदाहरण के हुन सक्छ र किन सही भएको ?

सर्वोच्च लेखापरीक्षण संस्थाबाट कार्य सम्पादनमा अगामी ५ वर्षमा उपलब्धि गर्नका लागि कुन उद्देश्य लिनुपर्छ ?

सम्मेलनको सञ्चालनवाट आफ्नो दैनिक सामान्य अभ्यास भन्दा बाह्य पक्ष (outside normal line of practice) वाट केही नयाँपन प्राप्त भयो ?

५. **Round classification** –Young SAI Professional ले YES conference मा एकै साथ कामगरी एक अर्कामा उत्साह भरेर एउटा नयाँ संजालवाट सम्पर्कमा रहने अति महत्वपूर्ण (invaluable) काम गरेका छन् । उक्त conference को तयारी देखि अन्तसम्म पनि ३६ वर्ष भन्दा कम उमेरका NCA professionals ले विचार संकलनको व्यवस्था मिलाएका र हरेक EUROSAI भित्रका करीब १०० जना जति युवा लेखापरीक्षकहरुलाई आमन्त्रण गरिएको थियो । Novemember 21–23, 2013 मा

भएको सम्मेलनमा निजहरूले खासगरी तीन दिनमा Round-1 देखि Round -4 सम्म विभिन्न विषयलाई विभाजनगरी चारै वटा Rounds को विषयगत प्रस्तुतीलाई संक्षिप्त रुपमा यहाँ उल्लेख गरिएको छ । सारांशमा उल्लेख गर्दा, यो सम्मेलनमा भएको प्रजातान्त्रिक अभ्यास, लेखापरीक्षण, आर्थिक समस्या (economic crisis) र राजनीतिक अवस्था सहज नभएको (disenchantment) परिवेशमा लेखापरीक्षकको कस्तो भूमिका हुनसक्छ भनेर पहिलो दिन नै निज युवाहरूलाई एउटा खाद्य उत्पादन कारखानामा लगियो । त्यहाँ उनीहरूले " It is not about thinking out of the box, it is all about being out of the box: " भन्ने भनाईलाई आत्मसातगर्न सकेका छन् । खासगरी तीन दिनमा Round-1 देखि Round -4 का विषयहरुका बारेमा भएको उपलब्धिको छोटकरी रुपमा यहाँ उल्लेख गरिएको छ :-

५.१ **लेखापरीक्षणमा नैतिकता** – युवकका कार्यहरूले सार्वजनिक क्षेत्रमा सुशासन कायमगर्न सरोकारवालाको विस्वासले नै सर्वोच्च लेखापरीक्षण संस्थालाई वलियो वनाउँछ । यस संम्वन्धी Task force on Audit and Ethics ले नैतिकताको धरातलमा टेकेर निर्णय गर्नका लागि चेतना, ज्ञान, सोच र शीपको अभिवृद्धि गर्नका लागि तालीम दिन नमूना खालको अवधारणाको आवस्यकता रहेको कुरा महसुस गरेको छ ।

५.२ **वित्तिय सुशासन** – ज्ञानको कमी नै भएता पनि आफ्ना अनुभवबाट सुरु गर्दा केही समस्याबाट मुक्त पाइयो । SAI को बीचमा भएका बाधा अड्चन (Barriers) लाई हटाउने एउटा ठोस विचार (Concrete idea) को लागि सँगै जुटेको क्षमताबाट लेखापरीक्षणका विषयलाई कसरी पहिचान गरी योजना तर्जुमा गर्दा के-कस्ता विशेष किसिमका तत्व (Specificities) हुनुपर्छ भन्ने जानकारी मिल्यो । EUROSAI बाट भएको सृजनाले SAI भित्र सुशासन असल अभ्यास र वित्तीय अनुशासनलाई बढावा दिनको लागि सार्वजनिक क्षेत्रमा प्रभावकारी सर्वोच्च लेखापरीक्षण संस्था नै उत्तम संयन्त्र हुनेछ ।सञ्चालन क्रममा रहेका लेखापरीक्षण (on-going audit) मा सँगसँगै काम गर्दा Key-preparatory steps सँगै जानुका साथै हिनामिना तथा हानी नोक्सानी , भ्रष्टाचार , जालसाजी विरुद्ध निरन्तर प्रयास गर्न दिन-दिनका चुनौती तथा समस्या देखापर्ने हुनाले युवा लेखापरीक्षकहरुले यसलाई substantive test मा गएर उजागर गर्नेतर्फ ध्यान पुर्‍याउने छन ।

५.३ **Real-time audit** – नवीनतम सोचमा आधारित अवधारणा (innovative approach) अनुसार ठूला ठूला पूर्वाधार निर्माण र सार्वजनिक खरिद कार्यका प्रारम्भिक अवस्थामा नै Audit कार्य सम्पादन हुनेछ । यो अवधारणाले लेखापरीक्षणवाट निर्माणधीन ठूला आयोजनाको क्षमताको उपयोगमा गलत निर्णय (faulty Decisions) पत्ता लगाई समयमा नै सच्याउन अवसर दिने उद्धेश्य लिएको छ ।

५.४ **सहकार्यका निर्माण** – लेखापरीक्षणको सही प्रभाव वृद्धिगर्न साझेदारीमा काम गरी SAI भित्र नै एकाकार बनाई (Forging) र बाह्य निकायसँग सहकार्यको खोजी गर्न सकिन्छ । यसबाट ज्ञानको आदान-प्रदान र लेखापरीक्षणका नतिजा लाई बुझेर समर्थन गर्नेछ । पाँच वर्षमा सर्वोच्च लेखापरीक्षण संस्थाले नियमित हिसावले विस्वविद्यालय र अन्य विषय विज्ञसंग मिलेर सहकार्य गर्नुपर्छ ।

५.५ **लेखापरीक्षण प्रतिवेदनमा सृजनात्मक पक्ष** – SAI ले प्रतिवेदनलाई प्रभावकारी वनाउन विवरण, अंक र diagram को समीश्रण (mix) आवश्यक छ । साथै infrographics ले हाम्रो

प्रतिवेदनवाट उपयोगकर्तालाई बुझिने र सरल बनाई सह-सृजनात्मक अभ्यासबाट असल, फलदायी र उपयोगी हुनु हो। प्रतिवेदनको प्रस्तुतिमा Innovation भन्नाले प्रतिवेदनलाई भद्दा रुपमा छाप्नुभन्दा बास्तविक व्यहोरालाई visual मा ल्याउनु ठीक हुने उल्लेख छ। तसर्थ, लेखापरीक्षकले आफ्नो core value लाई नजिक राखेर best practice अपनाई लेखापरीक्षण सम्पन्न गरेमा सृजनात्मक तवरले प्रतिवेदन दिन सक्नेछ।

**५.६ Go-green** –एक अर्का SAI बीच सहयोगको लागि वातावरण लेखापरीक्षणको माध्यम नै एउटा आधार बन्न सक्छ। त्यसैले यस लेखापरीक्षणको लागि लेखापरीक्षकले कामको उद्धेश्य, दायरा, तरिका र पद्धतिको विकास गर्नुपर्छ। साथै युवाहरूको समूहबाट वातावरणका अन्य पक्षमा विषयगत निर्धारण गरी लेखापरीक्षण गर्न सकिन्छ। विश्व वातावरण संम्वन्धी समस्याहरू एक आपसमा आवद्ध भएको हुनाले त्यसैले वातावरण लेखापरीक्षणका कैफियतहरू (SAI) हरु वीच एक आपसमा अन्तरसम्बन्ध र सहयोगको एउटा आधारमा स्थापित हुन सक्छ। वातावरणीय लेखापरीक्षण कार्यलाई स्थापित हिसाबले लिएर अगाडि बढ्ने एउटा आधार हुनेछ।

**५.७ सृजनात्मक शिक्षा** – INTOSAI Development Initiative (IDI) ले केही वर्ष यता E-learning सुरू गरी सफलता र असफलताका उपलब्धी तथा चुनौतिलाई महत्वपूर्ण अवसरका सम्भावना खोज्दै जानुपर्छ। SAI का बीचमा आपसी अनुभव आदानप्रदान गर्ने उपाय हो। यस्तो उपयोगी र थोरै समय (auster time) मा लेखापरीक्षण संम्वन्धी पेशागत शिक्षा लिने अवसर पनि हो।

**५.८ Local Auditing–** स्थानीय लेखापरीक्षण कार्यलाई सम्बन्धित स्थलगत क्षेत्र (ground level ) मा सञ्चालन गरिनेछ। स्थानीय नागरिकलाई नीति कार्यान्वयनवाट के कसरी प्रभाव परेको छ सो आधार खोज गरी विश्लेषण गर्नेछ। स्थानीय बेरोजगारहरुलाई समेत reintegration गर्ने उदेश्यले स्थानीय लेखापरीक्षणका लागि NCA ले आधारभुत रुपमा निर्देशिका बनाएको छ। प्रजातान्त्रिक समाजले सरकारी संस्था तथा निकायका कार्यप्रति पारदर्शिता तथा जवाफदेही बनाउने हुनाले सरकारले आफ्ना कार्यहरु खुला राख्ने प्रयास गर्नेछ।

**५.९ कार्यमूलक लेखापरीक्षण–** Rountable review, tours groups. नागरिकका ज्ञान, विचार र भावनालाई समावेस गर्ने विषयमा महत्वपूर्ण सृजनात्मक प्रतिभाको जन्म हुनेछ। यसवाट यथार्थता पत्ता लागेर (fact finding) विश्लेषणत्मक निर्णयको सम्भावना रहन्छ। आवश्यक जानकारीका विषयहरुको छोटकरी रुपमा यहाँ उल्लेख गरिएको छ :

(क) तथ्याङ्क विश्लेषण, अन्तरवार्ता, सर्वे, benchmarking प्रमाणको संकलन गर्ने

(ख) आन्तरीक र बाह्य विश्लेषण तथा निष्कर्षको बारेमा Roundtable discussion र आन्तरिक गुणस्तरको माध्यम अपनाउने

**५.१० आन्तरिक नियन्त्रणको खाका–** उपयोगी आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापनमा सर्वोच्च लेखापरीक्षण संस्थाले कसरी सार्बजनिक निकायको सञ्चालन कार्यशैलीमा योगदान गर्नेछ। सार्वजनिक निकायहरु महत्वपूर्ण लक्ष्य प्राप्तिका लागि आफ्नो स्पष्ट दृष्टिकोण राख्नेछन्। लक्ष्य प्राप्तिका सन्दर्भमा देखापर्ने जोखिमलाई व्यवस्थापन गर्न सक्नेछन्। सर्वोच्च लेखापरीक्षण संस्थाले निरन्तरमा जानको लागि (to stay up to date) प्रयत्न गर्नुपर्छ। संगठनात्मक सीपको प्रयोगमा सानै कुराले पनि कुनै पनि काम बनाउन सकिन्छ, भने त्यही सानो कुरा नमिले पछि विग्रन पनि सक्छ (small things may break or make )।

५.११ **नागरिक सहभागिता**– सरकारी कार्यविधिलाई कम गर्ने (less bureaucracy) र नागरिकलाई केन्द्र विन्दु मानेर सोच्ने हिसावको अवधारणा भएकोले यसलाई खुला लेखापरीक्षण (open audit) पनि भनिन्छ । साथै सरकार र समाजमा भएका जटिल मामिलालाई नीति निर्माता र राजनितिज्ञले सामाजिक सृजनात्मक अन्वेषण कार्य (Social innovation) र सार्वजनिक सुधारगरी प्रमुख चालक (key drivers) को रुपमा रहेका हुन सक्छन् । कार्यक्षेत्रमा नै गुणात्मकपक्ष र पारदर्सितामा सुधार हुनेगरी armchair auditor बाट कार्य स्थल तर्फ लाग्ने गरी परिवर्तन हुँदै जानुपर्छ । त्यसपछि विश्वभरका सर्वोच्च लेखापरीक्षण संस्थाहरुबाट एकै किसिमको अन्तराष्ट्रिय पेशागत लेखापरीक्षण मानको उपयोग गर्नेछन् । नागरिक समाज र लेखापरीक्षकले केन्द्रीय सरकारबाट स्थानीय सरकारमा सार्वजनिक रकम हस्तान्तरण भई जाने विषयमा ध्यान दिनेछन् । अन्वेषण कार्यका लागि राजनीतिक आधिकारीकता (mandate) र केही लगानीको आवश्यकता पर्छ । लेखापरीक्षकले समाज, नागरिक सृजना र राज्यको सहभागितावारे वुझेपछि सार्वजनिक मूल्य, नागरिक केन्द्रित अवधारणा, समाजिक समावेशी र न्यायोचित अवधारणाहरू वित्तीय निर्णयको प्रक्रियामा समावेश हुनेछन् ।

५.१२ **लेखापरीक्षणको प्रभाव** – धेरै SAI सँग वर्षौ वर्षको लेखापरीक्षण गर्ने र प्रतिवेदन तयार गर्ने अनुभव रहेको छ । तर के हाम्रो कार्यको प्रभावकारीताको बारेमा सचेत नभएका छौं । हामी फरक ढंगले असल अभ्यास गरेको वारे एक आपसमा आदान–प्रदान गर्नेछौं । यसबाट लेखापरीक्षणका नतिजाले कसरी सकारात्मक प्रभाव पार्नेछ भन्ने कुरा पत्ता लाग्छ ।

६. **निष्कर्ष**–SAI ले आफुलाई निरन्तर प्रयास गरेर तरिकाबद्ध उपाय (methodological techniques) र नयाँ किसिमको प्रतिवेदनको प्रयोग पनि गर्नुपर्छ । SAI ले आफुले गरेको कामलाई magazine style मा व्यक्त गरेमा अन्य क्षेत्रबाट पनि सम्बन्धित पक्षको ध्यान केन्द्रित भई तिनीहरुबाट समेत नविनतम सोच, ज्ञान, विचार र उपाय प्राप्त हुन्छ । नागरिकका अपेक्षालाई वैधता (legitimate) दिएर लेखापरीक्षकले आफ्नो कार्य पूरा गर्नु नै एउटा ठूलो चुनौती हो । लेखापरीक्षकले नागरिकको ज्ञानलाई लेखापरीक्षणकार्यमा उपयोग गर्न महत्वपूर्ण रचनात्मक उपाय गर्नेछ । SAI ले समाजमा आएको परिवर्तनका अर्थ बुझेर लेखापरीक्षण र सृजनशील प्रतिवेदन तयार गर्नका लागि सकारात्मक सोचराखेर लेखापरीक्षण गर्नुपर्दछ । गुणस्तरीय सम्मेलनको (Virutal Conference) रुपमा लिएको हुनाले Young EUROSAI, 2013 र EUROSAI Congress 2014 लाई एउटा Government Auditors Platform को Professional रुपमा बुझ्नुपर्छ ।

**सन्दर्भ सामग्री** :

IXth EUROSAI congress; Hague,
The Netherlands.
www.eurosai2014.nl

# बौद्धिक सम्पत्ति

राज कुमार श्रेष्ठ

मानवीय सिर्जनशीलता नै आजको विश्व-अर्थतन्त्रको मेरुदण्ड हो भन्ने मान्यतालाई सबैले स्वीकार गरेको पाइन्छ । मानवीय विचार र ज्ञानबाट सिर्जित वस्तु वा सेवाको व्यापारलाई यसको महत्वपूर्ण आधारको रुपमा लिने गरिएको छ । बौद्धिक सम्पत्ति मानवीय सिर्जनशीलता, विचार एवं ज्ञानको उपज हो । मानिसको बढ्दो आकांक्षा, आवश्यकता, उच्च जीवनस्तरतर्फको चाहना पूर्ति गर्नका लागि नयाँ आविस्कार र स्रोतहरुको खोज अपरिहार्य हुन्छ । ज्ञानमा आधारित प्रतिस्पर्धी ब्यापार एवं अर्थव्यवस्थामा बौद्धिक सम्पत्तिको बढ्दो भूमिकाले अत्यन्त महत्व राखेको छ । बौद्धिक सम्पत्तिलाई अमूर्त वा अभौतिक सम्पत्तिको एउटा हाँगाको रुपमा लिइन्छ ।

मानवको बौद्धिकताको उपज, मानवीय चिन्तन, विचार र ज्ञानबाट सिर्जना गरिने कार्य नै बौद्धिक सम्पत्ति हो । यो मानवीय बुद्धि, विवेक, चिन्तन, सीप र ज्ञानबाट प्राप्त हुने परिणाम हो । मानिसले अध्ययन, अनुसन्धानबाट आफूमा भएको आन्तरिक बौद्धिक क्षमतालाई उपयोग गरेर कुनै नयाँ वस्तुको आविष्कार गर्ने कार्य एवं रचनाको सिर्जना पनि भनिन्छ । साहित्य, कला, ज्ञान, विज्ञानका अन्य क्षेत्रमा भौतिक एवँ बौद्धिक रुपले रचना गरिएका किताव, पर्चा, लेख, शोधपत्र, नाटक, सांगितिक रचना, श्रव्यदृश्य, फोटोजन्य रचना, प्रयोगात्मक कला सम्वन्धी रचना, क्रियटिभ रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना कम्प्युटर प्रोग्राम सम्वन्धी विषयवस्तुहरु बौद्धिक सम्पत्ति अन्तगर्त पर्दछन् ।

"बौद्धिक सम्पत्ति भन्नाले मानिसको विचार एवं मानवीय विवेकको सिर्जना हो ।"

- विश्व बौद्धिक सम्पत्ति संगठन

"Intellectual property may be defined as embracing rights to novel ideas as contained in tangible products of cognitive effort."

**- Dale a Nance**

परम्परागत ज्ञान, सीप, दक्षता, जैविक विविधताको बौद्धिक उपयोग, विज्ञान र प्रविधिको विकास तथा मानव जीवनको सिर्जनशीलता, बौद्धिक उपलब्धि र रचनाहरु बौद्धिक सम्पत्तिका क्षेत्रअन्तर्गत पर्दछन् । बौद्धिक सिर्जनाका सबै क्षेत्र र रुपहरु बौद्धिक सम्पत्तिका विषयवस्तु हुन् ।

World Intellectual Property Organization स्थापना गर्ने सम्बन्धी Convention को धारा २ को देहाय ८ मा बौद्धिक सम्पतिको क्षेत्र स्पष्ट गरिएको छ :

- साहित्य, कलात्मक र वैज्ञानिक कार्य (literary, artistic and scientific work)
- कलात्मक, ध्वनिअङ्कन र प्रसारण कार्यको प्रदर्शन तथा सम्पादन (performance of performing and broadcast)
- मानव प्रयत्नबाट भएका हरक्षेत्रका खोजीहरु (intervention all field of human endeavor)
- वैज्ञानिक आविष्कारहरु (scientific

लेखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय

discoveries)

- औद्योगिक डिजायनहरु (industrial design)
- व्यापारिक चिन्ह, सेवा चिन्ह र व्यापारिक नाम र उपाधिहरु (trademark, service mark and commercial names and designation)
- अस्वस्थ प्रतिस्पर्धा विरुद्ध संरक्षण र वैज्ञानिक, औद्योगिक, साहित्यक एवं कलात्मक क्षेत्रमा भएको बौद्धिक काम कारवाहीबाट प्राप्त अन्य सबै प्रकारका अधिकारहरु (protection against unfair competition and all the right reality from intellectual activity in the industrial, scientific, literary are artistic field.)

बौद्धिक सम्पत्तिको अधिकार भन्नाले समान्यतया अभौतिक वस्तुमाथिको अधिकार भन्ने बुफिन्छ । कुनै सर्जकको रचना, कार्य वा सीपका सम्बन्धमा राज्यको तर्फबाट त्यस्तो सम्पत्तिमाथि व्यक्तिको अधिकारलाई स्वीकार गरी लिखतद्धारा संरक्षित अधिकार नै बौद्धिक सम्पत्तिको अधिकार हो । आजको प्रतिस्पर्धात्मक विश्व बजारमा सर्जकहरुलाई अस्वस्थ प्रतिस्पर्धाबाट जोगाउनका लागि कानूनको व्यवस्था गरिएको हो ।

## प्रतिलिपि अधिकार (Copyright)

साहित्य, कला, ज्ञान, विज्ञानको क्षेत्रमा मौलिक एवं बौद्धिक रुपमा सिर्जना गरिएको रचना तथा प्रस्तुति, ध्वनिअङ्कन र प्रशारणका क्षेत्रमा स्रष्टालाई प्रचलित कानूनद्धारा प्रदान गरिएको एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । रचनाको उत्पादन, प्रकाशन, पुनरुत्पादन, सर्वसाधारणमा प्रशारण, अनुकरण, संयोजन, अनुवाद, परिमार्जन तथा संशोधन गर्न पाउने सर्जकको समुच्च अधिकार प्रतिलिपि अधिकार हो । प्रतिलिपि अधिकार ऐन, २०५९ मा भएको व्यवस्थाअनुरुप कला, रचना, श्रव्यदृश्य, प्रस्तुति, प्रसारण, प्रकाशन र विज्ञानको क्षेत्रमा भएको मौलिक सिर्जनालाई बौद्धिक सम्पत्तिअन्तर्गत प्रतिलिपि अधिकारले समेटेको छ । प्रतिलिपि अधिकार कुनै पनि व्यक्तिको आफ्नो बौद्धिक क्षमताद्धारा तयार भएको कृतिमाथिको अधिकार हो । प्रतिलिपि अधिकारअन्तर्गत रचना भन्नाले साहित्य, कला, ज्ञान, विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रुपले प्रस्तुत गरिएका, रचना गरिएका रचना सम्फनु पर्छ र सो शब्दले देहायका रचनासमेतलाई जनाउँछ : पत्रपत्रिका, किताव, पर्चा, लेख, शोधपत्र, नाटक, नाट्य-संगीत, मुकचित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका रचना, शब्दसहित वा शब्दरहित सांगीतिक रचना, श्रव्य-दृश्य रचना, आर्किटेक्चरल डिजायन, चित्रकला, पेन्टिङ्ग, मूर्तिकला, काष्ठकला, लिथोग्राफी, आर्किटेक्चरसम्बन्धी अन्य रचना, फोटोजन्य रचना, प्रयोगात्मक कलासम्बन्धी रचना, उद्धरण, मानचित्र, योजना, भूगोलसम्बन्धी त्रिआयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख, रचना र कम्प्युटर प्रोगाम । त्यस्तै यसै अधिकारअन्तर्गत यसै ऐनले श्रव्य-दृश्य रचना, फाटोजन्य रचना, ध्वनिअङ्कन, प्रस्तुति, आर्थिक अधिकार, प्रतिलिपि अधिकार ध्वनि, प्रशारण, सार्वजनिक संचार, नैतिक अधिकार, प्रस्तोता, प्रकाशनसम्बन्धी कुराहरुको स्पष्ट परिभाषा समेत गरेको छ । मूलतः प्रतिलिपि अधिकार बौद्धिक सम्पत्तिको अधिकारअन्तर्गतको त्यस्तो पक्ष हो, जसले साहित्यिक, कलात्मक, वैज्ञानिक लगायत अन्य यस्तै क्षेत्रमा बौद्धिक एंव मौलिक रुपमा सिर्जना गरिएका रचना, प्रस्तुति, प्रसारण, ध्वनिअङ्कन आदिका स्रष्टाको अधिकारलाई संरक्षण प्रदान गर्दछ ।

अनुमतिविना प्रतिलिपि अधिकारप्राप्त सामग्री प्रयोग गर्न पाइने अवस्थाअन्तगर्त व्यक्तिगत प्रयोजनको लागि पुनरुत्पादन गर्न, उद्धरण गर्न, पठन-पाठनको लागि पुनरुत्पादन गर्न, पुस्तकालय तथा अभिलेखले पुनरुत्पादन गर्न, सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरुत्पादन, प्रशारण र अन्य किसिमको संचार गर्न, कम्प्युटर प्रोगामको पुनरुत्पादन गर्न, व्यक्तिगत प्रयोजनको लागि पैठारी गर्न, सार्वजनिक प्रदर्शन गर्नका लागिबाहेक अन्य अवस्थामा प्रतिलिपी अधिकार ऐन आकर्षित हुन्छ । प्रतिलिपि अधिकार संरक्षण अवधि रचयितालाई प्राप्त आर्थिक र नैतिक अधिकार रचयिताको जीवनभर र निजको मृत्यु भएको वर्षबाट पचास वर्षसम्म सुरक्षित हुनेछ। सयुक्त रुपमा तयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकारको हकमा रचयिताहरुमध्ये सबैभन्दा पछि मृत्यु हुने रचयिताको मृत्यु भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुनेछ । व्यावहारिक कला सम्बन्धी रचना र फोटोजन्य रचनाको आर्थिक तथा नैतिक अधिकार रचना तयार भएको वर्षबाट पच्चीस वर्षसम्म संरक्षित हुनेछ । कुनै रचनाका अनाधिकार प्रतिलिपिहरु पैठारी गरेमा त्यस्ता प्रतिलिपिहरु जफत गरी निजलाई कसूरको मात्राअनुसार दश हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ र प्रतिलिपि अधिकारप्राप्त व्यक्तिलाई त्यस्तो नोक्सानीको क्षतिपुर्ति समेत सो पैठारी गर्ने व्यक्तिबाट भराइदिनु पर्नेछ । त्यस्तै यस ऐनको दफा २५ उल्लंघन गरेमा त्यस्तो उल्लंघन गर्ने व्यक्तिलाई कसूरको मात्राअनुसार दश हजारदेखि एक लाख रुपयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र दोस्रो पटकदेखि पटकै पिच्छे बीस हजारदेखि दुई लाख रुपयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यसरी प्रकाशन वा पुनरुत्पादन गरेको वा वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरु जफत हुनेछ। त्यस्तै अन्य सजाय अन्तगर्त ऐन तथा नियममा लेखिएका कुरा उल्लघंन गरेमा कसूरको मात्रा अनुसार पाँच हजार रुपयाँदेखि पचार हजारसम्म जरिवाना हुने व्यवस्था छ ।

**पेटेन्ट (Patent)**

नेपालको पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २ मा पेटेन्ट भन्नाले कुनै पदार्थ वा पदार्थ समूहको वनावट, संचालन वा प्रसारको नयाँ उपाय वा तरिका सम्बन्धी वा कुनै नयाँ सिद्धान्त वा फर्मुलाद्वारा पत्ता लगाइएको कुनै उपयोगी आविष्कार सम्झनु पर्छ । पेटेन्ट कुनै आविष्कारको प्रक्रिया अथवा उत्पादनका सम्बन्धमा त्यसको धनीलाई प्राप्त हुने त्यस्तो कानुनी अधिकार हो जसले निजको अनुमतिविना अन्य कसैले त्यसको उत्पादन वा प्रयोग गर्नबाट निषेध गर्दछ । पेटेन्ट अधिकार मुख्यतः औद्योगिक दृष्टिकोणले अति नै महत्वपुर्ण रहेको छ। पेटेन्टका लागि नयाँ आविष्कार हुनुपर्छ, जुन पहिले कसैको जानकारीमा हुनु हुँदैन, जुन कुराको मान्यता TRIPS Agreement ले पनि आत्मसात् गरेको छ। आविष्कार औद्योगिक दृष्टिकोण तथा व्यावहारिक प्रयोजनले उपयोगी हुनुपर्छ। कुनै व्यक्ति वा संस्थाले बौद्धिकता प्रयोग गरेर कुनै वस्तु वा प्रविधि आविष्कार गर्दछ र त्यो आविष्कारमा उसको अधिकार हुन्छ, जुन आविष्कारमा उसको अनुमतीविना कसैले त्यसको उत्पादन वा प्रयोग गर्नबाट निषेध गर्दछ भने त्यो पेटेन्ट हो । एकपटक पेटेन्ट अधिकार प्रदान गरिसकेपछि निश्चित अवधिसम्म त्यसको धनीले संरक्षण प्राप्त गर्दछ । कसैले निजको अनुमतिविना त्यसको प्रयोग, उत्पादन, बिक्री, वितरण गर्न पाइँदैन। पेटेन्टको अवधि दर्ता भएको मितिले ७ वर्षसम्म पेटेन्टवालाको हक कायम हुनेछ र समयभित्र पुनः नवीकरण हुन सक्नेछ । पेटेन्ट सम्बन्धी अधिकार उल्लंघन गरेमा दुई हजार रुपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसँग सम्बन्धित सबै चिज वस्तु

जफत हुनेछ ।

**डिजायन (Design)**

नेपालको पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ अनुसार डिजायन भन्नाले कुनै प्रकारले तयार गरी बनाइएको वस्तुको छाँट, रुप वा आकार सम्झनु पर्छ । डिजायन वस्तुमा प्रयोग गरिएको, आकर्षक, नवीन, मौलिक तथा प्रकाशमा ल्याएको हुनुपर्छ । डिजायनले कुनै पनि वस्तुलाई आकर्षक बनाउने र ग्राहकहरुलाई त्यस्तो वस्तुको खरिद वा उपयोग गर्न प्रोत्साहित गर्न सजिलो हुन्छ । डिजायन वस्तुमा प्रयोग गरिएको, ग्राहकको नजरमा आकर्षित हुनुपर्छ । मौलिक, नवीन तथा प्रकाशमा ल्याएको हुनुपर्छ । कसैले आफूले बनाएको वा बनाउन लगाएको कुनै वस्तुको डिजायन विधिवत दर्ता गराइसकेपछि मात्र त्यसमा हक प्राप्त हुनेछ ।

यसरी कुनै व्यक्तिको नाममा दर्ता भएको डिजायन सो व्यक्तिको लिखित मन्जुरीविना कसैले उपभोग गरी वा सर्वसाधारणलाई झुक्याउन सकिने किसिमबाट त्यस्तो डिजायनको नक्कल गरी कुनै चिज वस्तु बनाउन हुँदैन । डिजायनले मुख्यतः तीनवटा कुरा : त्यस वस्तुको आकार, त्यसको सतह र बाहिरी आवरण समेटेको हुन्छ । डिजायनले कुनै वस्तु बजारमा प्रतिस्पर्धा गर्न योग्य बनाउँछ । औद्योगिक वा व्यापारिक प्रयोजनको लागि डिजायनको प्रयोग गरिएको वस्तु उत्पादन गर्ने, वस्तुको आपूर्ति गर्ने, भाडामा लगाउने, बिक्री गर्ने तथा अन्य कुनै तरिकाले बिक्री-वितरण गर्ने अधिकार डिजायन धनीलाई हुन्छ ।

डिजायन दर्ता भएको मितिले ५ वर्षसम्म दर्तावालाको हक कायम हुनेछ र पाँच वर्षपछि नवीकरण गराउन पर्छ । यसरी अरुको नाममा दर्ता भएको डिजायन कसैले प्रयोग गरेमा, विभागले दर्ता वदर गरिसकेपछि पनि चलाएमा विभागको आदेशले आठ सय रुपैयाँसम्म जरिवाना हुनसक्ने छ र सो कसूरसँग सम्बन्धित चिजवस्तु जफत हुनेछन् ।

**ट्रेडमार्क (Trademark)**

नेपालको पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ ले ट्रेडमार्क भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरुको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिन्ह वा चित्र वा शब्द, चिन्ह र चित्र तीनै कुराको संयोग सम्झनु पर्छ । विभिन्न व्यावसायिक संस्थाहरुले आफूले उत्पादन गरेको वस्तु उपभोक्तासमक्ष परिचित गराउन, वस्तु उत्पादक वा सेवा प्रदायकबाट आफ्नो प्रतिनिधित्व गर्न वा पहिचान कायम गर्न, वस्तु वा सेवाको स्तर, गुणको प्रतिबद्धता जाहेर गर्ने हेतुले व्यापारिक चिन्हको प्रयोग गरिन्छ । उत्पादित वस्तु उपभोक्तासमक्ष प्रस्तुत गर्न वा सेवामा प्रयोग गरिने कुनै पनि शव्द, चिन्ह, चित्र, रंग, रेखा वा यस्तै अन्य संकेतहरुलाई, समग्र चिन्हलाई कानूनले संरक्षण गर्छ । ट्रेडमार्क कुनै वस्तु वा सेवामा प्रयोग गरिएको संकेत हो, जसले त्यस्तो वस्तु वा सेवालाई त्यस्तै प्रकारको अन्य वस्तु वा सेवासँग फरक देखाउँछ । ट्रेडमार्कमा कुनै वस्तु वा सेवामा प्रयोग गरिएको साथै पहिचान गराउने विशेषता हुनुपर्दछ । यसले कुनै वस्तु वा सेवाको स्रोत र त्यसको गुणस्तरीयताका बारेमा उपभोक्तालाई जानकारी गराउँछ । उपभोक्तालाई सही वस्तु छनौट गर्न मद्दत गर्नुको साथै Good will को काम पनि गर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय औद्योगिक ब्यापारमा यसले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसले व्यापारिक सम्मान र कृतिको संरक्षण गर्छ । ट्रेडमार्कबाट वस्तु वा सेवालाई फरक गर्ने, स्रोत पत्ता लगाउने, गुणस्तरीयता र विश्वसनीयता कायम हुने गर्छ । कुनै पनि वस्तु वा सेवाको उत्पादनका लागि जिम्मेवार व्यक्ति वा संस्था पत्ता लगाउने काम गर्नुका

साथै उपभोक्तालाई भ्रमित हुन वा ठगिनबाट रोक्दछ। ट्रेडमार्कमा व्यापारिक चिन्ह, सेवा चिन्ह, सामूहिक चिन्ह, प्रतिष्ठित चिन्ह जस्ता रहेका हुन्छन् । ट्रेडमार्क फरक किसिमको हुनुपर्ने, शब्द, चिन्ह, चित्र वा तीनै कुराको समिश्रण हुनुपर्ने, भ्रम पैदा नगर्ने किसिमको हुनुपर्ने, सार्वजनिक नैतिकता वा हितअनुकल हुनुपर्ने हुन्छ । ट्रेडमार्क दर्ता भएको मितिले ७ वर्षसम्म हकवालाको हक लाग्नेछ र समयभित्र पुनः नवीकरण समेत गर्न पाइनेछ । कोही कसैले नेपाल सरकारको स्वीकृति नलिई ट्रेडमार्क चलाएमा वा वदर भएको ट्रेडमार्क चलाएमा एक हजार रुपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसँग सम्बन्धित सवै मालसामान जफत हुनेछ ।

**भौगोलिक संकेत (Geographical Indication)**

निश्चित भौगोलिक क्षेत्रभित्रको प्राकृतिक, भू-धरातल, हावापानी तथा अन्य प्राकृतिक एवं स्थानीय कला, सीप वा उक्त क्षेत्रसँग सम्बन्धित भई उपलव्ध गरेको सेवा तथा वस्तुहरुमा रहको विशेष भौगोलिक ख्यातिलाई प्रतिनिधित्व हुने गरी उक्त भौगोलिक क्षेत्रको नाममा वा त्यस्तै भौगोलिक संकेत जनाउने गरी समाविष्ट भौगोलिक संकेतलाई बौद्धिक सम्पत्तिअन्तर्गत भौगोलिक संकेत सम्बन्धी कानूनले संरक्षण गर्छ । भौगोलिक संकेतले कुनै पनि वस्तुको उत्पत्ति सम्बन्धमा जानकारी दिने माध्यम हो । जसले त्यस प्रकारको वस्तुको खास गुण, विशेषता वा ख्यातिको बारेमा उजागर गर्छ । TRIPS agreement ले भौगोलिक संकेत भन्नाले कुनै वस्तु कुनै सदस्यको इलाका वा त्यस्तो इलाकाको कुनै क्षेत्र वा स्थानमा उत्पत्ति भएको कारणले वस्तुको कुनै निश्चित गुण, ख्याति वा अन्य विशेषता त्यस्तो भौगोलिक उत्पत्तिसँग नै आवश्यक रुपमा गाँसिने भएमा त्यसको उत्पत्ति पहिचान गराउने संकेतलाई सम्झनुपर्छ भनि उल्लेख गरेको छ । कुनै खास वस्तुको कुनै खास स्थान विषेशसँगको अन्तर्सम्बन्धको आधारमा त्यस वस्तुको गुणस्तर थाहा हुने गर्छ, जस्तै : मुस्ताङ्गको स्याउ, हिमालयको पानी, भक्तपुरको जुजु धौ आदि ।

**ट्रेड सेक्रेट (Trade Secret)**

व्यवसायलाई विशिष्टीकृत ढङ्गमा प्रतिस्पर्धी बनाउन वा वर्तमान प्रतिस्पर्धात्मक बजारमा निकटतम प्रतिस्पर्धीसँग आफूलाई जोगाइराख्न वा अग्रस्थानमा राख्न वा आफ्नो व्यवसाय बढी सुरक्षित र व्यवस्थित अनि अग्रणी रुपमा सञ्चालन गर्नका लागि आफ्नो व्यावसायिक क्रियाकलापसँग सम्बन्धित व्यावसायिक महत्व राख्ने खालको गोप्य सूचना, प्रविधि इत्यादिलाई बौद्धिक सम्पत्तिअन्तर्गत व्यावसायिक गोप्यताको रुपमा कानूनद्धारा संरक्षण प्रदान गरिन्छ ।

बौद्धिक सम्पत्ति संरक्षणको लागि अन्तर ाष्ट्रिय संस्था, सन्धि, सम्मेलन तथा महासन्धिहरुबाट विभिन्न प्रयासहरु भएको पाइन्छ। केही महत्वपूर्ण सम्मेलन तथा सन्धिहरु यसप्रकार छन् : ट्रिप्स सम्झौता, १९९४; पेरिस सम्मेलन, १८८३; वर्न सम्मेलन, १८८६; मेड्रिड सम्झौता, १८९१; नाइस सम्झौता, १९५७; रोम सम्मेलन १९६१; चिन्हको दर्ता सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, १९८१; लिस्वन सम्झौता, १९६६; लुकार्नो सम्झौता, १९७१; भियना सम्झौता, १९७३; विश्व बौद्धिक सम्पत्ति संगठन, १९७०; हेग सम्झौता, १९२५; पेटेन्ट सहयोग सम्झौता, १९७०; युरोपियन पेटेन्ट कन्भेसन, १९७३; नैरोवी सन्धि १९८१; तथा वर्न कन्भेन्सन १८८६ ।

यस्ता सम्मेलन तथा सम्झौताहरुले बौद्धिक सम्पत्तिको व्याख्या र संरक्षण गरेका भए तापनि मुख्यतः विश्व बौद्धिक सम्पत्ति संगठनका मुलभूत उद्देश्यहरुमा हरेक मुलुकको

बौद्धिक सम्पत्ति सम्बन्धी कार्यविधिहरुको वीचमा सामञ्जस्य कायम गर्नु, बौद्धिक सम्पत्ति संरक्षणका लागि आवश्यक सेवा तथा प्रविधि उपलब्ध गराउनु, बौद्धिक सम्पत्ति सम्बन्धी सूचना आदान-प्रदान गर्नु, विकासशील राष्ट्रहरुको लागि कानूनी तथा प्राविधिक सहायता उपलब्ध गराउनु, व्यक्तिगत औद्योगिक सम्बन्धी सुविधाहरु उपलब्ध गराउनु, बौद्धिक सम्पत्ति सम्बन्धी महत्वपूर्ण सूचनाको भण्डारण, पहुँच तथा प्रयोग सम्बन्धी प्रविधि र रचनाको विकास गर्नु रहेका छन् भने अर्को मुख्य ट्रिप्स सम्झौताले पनि बौद्धिक सम्पत्ति अधिकारका विषयमा भइरहेका विभिन्न विधाहरु र नयाँ विकसित रुपलाई सदस्य राष्ट्रहरुका लागि बन्धनीय बनाएको छ। सम्झौतामा उल्लेख भएका मापदण्डलाई न्यूनतम आधार विन्दु बनाएर विश्व ब्यापार संगठनका सदस्य राष्ट्रहरुले स्थानीय कानून बनाएर लागु गर्ने वाध्यता छ।

स्थानीय रुपमा बौद्धिक सम्पत्तिको अधिकारको कार्यान्वयन गर्ने विषय पनि सम्झौतामा समावेश गरेको छ।

**सन्दर्भ सामाग्री :**


- न्यौपाने गुणनिधि, वौद्धिक सम्पत्ति कानुन, लुम्विनी प्रकाशन
- श्रीधर सापकोटा र लाल बहादुर कुँवर, वौद्धिक सम्पत्ति अवधारणा र नेपालको सन्दर्भ, राष्टिय न्य(ायिक प्रतिस्ठान
- पेटेन्ट, डिजायन र टेडमार्क ऐन, २०५९, नेपाल सरकार
- प्रतिलिपी अधिकार ऐन, २०५९, नेपाल सरकार
- श्रेष्ठ ज्ञाइन्द्र वहादुर, सम्पत्ति कानुन, पैरवी प्रकाशन
- Copyright Bulletin, volume 2, issue 4
- Wikipedia.org
- WTO Trips agreement 1994
- Intellectual Property, Deborah E Bone chawx, Wext legal studies
- Intellectual Property, David Brinbridge, Person Education
- World Intellectual Property Organization 1970
- www. investword.com

# सफेद-पोश अपराध (White Collar Crime)

✍ शेषकान्त गौतम

वर्तमान समाज अत्याधिक गतिशील छ। यही गतिशीलताका कारण सामाजिक ढाँचा एवं कार्यहरुमा जटिलताहरु सिर्जना भएका छन् । जटिलताहरुसँगसँगै सामाजिक जीवनमा पनि थुप्रै अनपेक्षित समस्याहरु थपिएका छन् । सामाजिक गतिशीलताकै कारण समाजका स्थापित मूल्य, मान्यता र रीति-परम्पराहरु परिवर्तित भइरहेका हुन्छन् । यस्ता परिवर्तनहरु मूलतः दुई रुपमा देखापर्ने गर्दछन् : समाज-स्वीकृत र समाज-अस्वीकृत । परिवर्तनले स्वाभाविक रुपमा सामाजिक असन्तुलन बढाउँछ र असन्तुलनले समाजलाई एक प्रकारको विघटनतिर लैजानेमात्र नभई अनेकौं सामाजिक समस्याहरु जन्माउँछ । अपराध पनि यिनै समस्याहरुमध्ये एक हो ।

सामान्यतया अपराध भनेको सामाजिक नियमविरुद्धको आचरण वा दण्डनीय कानूनको उल्लंघन वा सार्वजनिक अधिकार वा कर्तव्यको उल्लंघन हो। अपराधलाई नीतिशास्त्रअनुसार अनैतिक कार्य, धर्मशास्त्रअनुसार पाप, नैतिक आचरणअनुसार दुराचार र समाजशास्त्र तथा अपराधशास्त्रअनुसार अपराध भनिन्छ । यस्तो कार्य गर्ने व्यक्ति कानूनतः दण्डको भागी हुन्छ । आर्थिक अभाव वा गरिबी, शारीरिक वा मानसिक दोष, वातावरणीय प्रभाव आदि कारणहरुले सामान्य अपराधका घटनाहरु हुने गर्दछन् । तर यस लेखमा विस्तृत सामाजिक व्यवस्थाविरोधी एवं अत्यन्त घातक आपराधिक कार्य, जो दण्डनीय हुँदाहुँदै पनि दण्डबाट वञ्चित हुन्छ– **सफेद–पोश अपराध (White Collar Crime)** का बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

✍ अधिवक्ता नेपाल बार काउन्सिल

प्रसिद्ध अमेरिकी अपराधशास्त्री डा. सदरल्याण्ड (Dr. Sutherland) ले सन् १९३९ मा अमेरिकी समाजशास्त्रीय समाज (American Sociological Society) को ३९औं अधिवेशनमा सम्बोधन गर्ने क्रममा पहिलो पटक सफेद-पोश अपराध (White Collar Crime) शब्दावलि प्रयोगमात्र गरेनन्, आफ्नो सम्बोधनमा उनले डटेर भने कि अपराध त ती व्यक्तिहरुद्वारा गरिन्छ जो समाजमा उच्च प्रतिष्ठाप्राप्त छन्, तर गरिब व्यक्तिहरुमाथि अपराध थोपरिन्छ र तिनीहरुलाई नै दण्डको भागी बनाइन्छ। डा. सदरल्याण्डको सफेद-पोश अपराधबारेको बृहद् विवरण सन् १९४९ मा प्रकाशित भयो । त्यसपछि मात्र अपराधशास्त्रका अध्येताहरुले यस सम्बन्धमा चासो राख्न थालेका हुन् ।

**सफेद-पोश अपराधको परिभाषा** :

- प्रतिष्ठित एवं उच्च सामाजिक पदका व्यक्तिद्वारा आफ्नो व्यवसायको दौरान गरिने अपराध नै "सफेद-पोश अपराध" हो ।

  *–डा. सदरल्याण्ड*
- उच्च प्रतिष्ठाप्राप्त व्यक्तिहरुद्वारा आफ्नो प्रतिष्ठाको आडमा गरिने कानूनको उल्लंघन नै "सफेद-पोश अपराध" हो ।

  *–पी. गोस्वामी*
- The White Collar Criminal is one who comes from the higher economic bracket of society and is a well-educated man.

–Hartung

सफेद–पोश अपराध सफेदीको आडमा गरिने समाजविरोधी कार्य हो । यो राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक आदि क्षेत्रमा उच्च प्रतिष्ठाप्राप्त व्यक्तिहरुद्वारा आफ्नो व्यवसाय वा पेशागत गतिविधिको सिलसिलामा गरिने त्यस्तो कुकृत्य हो, जसलाई अपराध भनी ठहऱ्याउनका लागि स्पष्ट कानूनी व्यवस्था हुँदैन र भए पनि अपराधीहरुको उच्च प्रतिष्ठा र पहुँचका कारण उनीहरु कानूनका नजरमा चोखा साबित भएरै छाड्छन् । समाजमा तिनीहरुको तथाकथित उच्च प्रतिष्ठा, शासनसत्ता, प्रशासनिक संयन्त्र एवं विधायिकामाथिको पहुँच–प्रभाव, आमजनताको विश्वास, कुकृत्यको अप्रत्यक्ष, अहिंसात्मक तथा गुप्त प्रकृति आदि सफेद-पोश अपराधका मूल कारणहरु मानिन्छन् । एउटा सामान्य अपराधीले एउटा वा केही व्यक्तिहरुलाई हानि–नोक्सानी पुऱ्याउँछ भने सफेद-पोश अपराधीले समग्र सामाजिक नैतिकता र मानवीय मूल्यहरुलाई क्षतविक्षत पार्दछ । सफेद-पोश अपराध कानूनको अतिक्रमण मात्र नभएर विस्तृत सामाजिक व्यवस्थाको उल्लंघन समेत हो ।

**सफेद-पोश अपराधका विशेषताहरू** :

- सफेद-पोश अपराध उच्च प्रतिष्ठाप्राप्त व्यक्तिहरुद्वारा गरिन्छ;
- सफेद-पोश अपराधमा पनि सामान्य अपराधमाझैँ कानूनहरुको उल्लंघन भएको हुन्छ; तर यसमा अपराधलाई लुकाइन्छ;
- सफेद-पोश अपराध दण्डनीय हुँदाहुँदै पनि अपराधीलाई दण्डित गरिँदैन;
- सफेद-पोश अपराध जनताको विश्वासघातमा आधारित हुन्छ;
- सफेद-पोश अपराध कानूनको भिन्नै व्याख्यामा आधारित हुन्छ अर्थात व्यक्तिपिच्छे कानूनको फरक फरक व्याख्या गरिन्छ;
- सफेद-पोश अपराधीहरुको शासनसत्ता एवं राज्यसंयन्त्रमा प्रभाव हुने हुनाले दण्डको व्यवस्था गर्न सकिँदैन;
- जनताद्वारा सफेद-पोश अपराधको विरोध हुँदैन किनकि यसको स्वरुप अप्रत्यक्ष हुन्छ;
- सफेद-पोश अपराध व्यापारी, धनी तथा उच्च सामाजिक एवं राजनीतिक पदप्राप्त व्यक्तिहरुद्वारा मात्र सम्भव हुन्छ;
- सफेद-पोश अपराधी कहिल्यै समातिँदैन, कथंकदाचित समातियो भने पनि दण्डित हुँदैन, दण्डित भयो भने पनि नाममात्रको अर्थात विशेष सुविधाजनक हुन्छ ।

**पेशा-व्यवसायका आधारमा सफेद-पोश अपराधको प्रकृति** :

अपराधशास्त्री द्वय वालरस्टेन (Wallerstein) र क्लेमेण्ट वाइल (Clement Wyle) को अध्ययनको निष्कर्षअनुसार व्यवसायी एवं अपराधको प्रकृति निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- **ब्यापारी** : कर-छली, विभिन्न प्रकारको मिसावट, झूठो विज्ञापन, कालोबजारी, कृत्रिम अभाव सिर्जना, अवैध ब्यापार (तस्करी) आदि ।
- **शिक्षक** : अध्यापनप्रति अरुचि, परीक्षकत्वलाई व्यवसायको रुपमा लिनु, घूस खाएर अनुत्तीर्ण विद्यार्थीलाई उत्तीर्ण गराउनु, भाइभतिजालाई निरीक्षक नियुक्त गर्नु, चीट चोराउन अग्रसर हुनु, शैक्षिक प्रमाणपत्र दुरुपयोग गरी बेच्नु आदि ।
- **कानून व्यवसायी** : तथ्यलाई झूठो सावित गर्नु, झुट्ठा साक्षी तयार पार्नु, कर्तव्यच्यूत न्यायाधिकारीहरुसँग साँठगाँठ मिलाई भ्रष्टाचार गर्नु आदि ।
- **नेता तथा कर्मचारी** : भ्रष्टाचार गर्नु, घूस खाएर ठेक्कापट्टा मिलाउनु, भाइभतिजावाद

चलाउनु, राज्यकोषको दुरुपयोग गर्नु आदि ।

- **चिकित्सक** : पैसाको लोभमा अवैध गर्भपतन, जाली प्रमाणपत्र जारी गर्नु, स्वास्थ्य परीक्षणबारे गलत प्रतिवेदन बनाउनु, कमसल, म्याद नाघेका तथा गलत औषधिहरु सिफारिस गर्नु आदि ।
- **मजदुर नेता** : उद्योग-कलकारखानाका मालिकविरुद्ध मजदुरहरुलाई भड्काउनु, मालिकहरुसँग गुप्त सम्झौताहरु गर्नु, चन्दारकमको दुरुपयोग गरी मजदुरहरुको आर्थिक शोषण गर्नु आदि ।
- **धार्मिक नेता** : पूजापाठ, दक्षिणा, कर्मकाण्ड आदिमा मानिसहरुको आस्था र विश्वासमा घात गर्नु, धर्मलाई अर्थसित जोड्नु आदि ।
- **पुलिस अधिकारी** : कर्तव्यप्रतिको उदासिनता, अपराधीहरुसँगको साँठगाँठ तथा तिनीहरुको संरक्षण गर्नु, घूस खाएर गम्भीर अपराधहरु लुकाउनु, सार्वजनिक मुद्दाहरुमा आफ्नो अधिकारको दुरुपयोग गर्नु आदि ।

सफेद-पोश अपराधका अनेक कारणहरु छन् । देश, काल र परिस्थितिअनुसार सफेद-पोश अपराधका अलग अलग कारणहरु हुन सक्छन् । केही सामान्य कारणहरु यसप्रकार उल्लेख गर्न सकिन्छ :

- **उच्च प्रतिष्ठा** : समाजमा तथाकथित उच्च प्रतिष्ठा पनि सफेद-पोश अपराधको कारण हो । यस्तो प्रतिष्ठा आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक तथा अन्य प्रकारको हुन सक्दछ । यसै प्रतिष्ठाको आडमा व्यक्तिले शासन तथा कर्मचारीहरुसँग सम्बन्ध राख्दछ र कानूनहरुको उल्लंघन गर्दछ । प्रतिष्ठाको अभावमा गरिने अपराध सफेद-पोश अपराध नभएर सामान्य अपराध हुन जान्छ ।
- **स्वार्थी प्रवृत्ति** : प्रत्येक समाजमा स्वार्थ र परार्थ दुवै प्रकारका प्रवृत्तिहरु पाइन्छन् । जब स्वार्थी प्रवृत्ति प्रबल हुन्छ, तब समाजमा अपराधका घटनाहरु पनि बढ्दै जान्छन् । सफेद-पोश अपराध स्वार्थको पराकाष्टाको परिणाम हो । दूधमा पानी मिसाउनु, घीउमा डाल्डा मिसाउनु, नक्कली औषधिहरु उत्पादन गर्नु, गलत विज्ञापन एवं ब्यापारिक चिन्हहरुको उल्लंघन आदि सफेद-पोश अपराध हुन् जसको मूलमा स्वार्थी प्रवृत्ति गतिशील हुन्छ ।
- **गोपनीयता** : सफेद-पोश अपराध गोप्य प्रकृतिका हुन्छन् । जनताको जागरुकताले मात्र यस्ता अपराधहरु समाप्त हुन्छन् ।
- **कानूनको अनभिज्ञता** : सर्वसाधारणलाई कानूनको पर्याप्त ज्ञान हुँदैन ।
- **दण्डको अभाव** : सफेद-पोश अपराधको मुख्य र अन्तिम कारण भनेको अपराधीलाई दण्ड नदिइनु हो किनकि यस्ता अपराधहरु अत्यन्तै गोप्य तरिकाबाट गरिएका हुन्छन् । कानूनहरुमा समयानुकूल सुधार तथा संशोधन गरी सफेद-पोश अपराधीहरुलाई कानूनको दायरामा ल्याएर कठोर रुपमा दण्डित गर्न सके सफेद-पोश अपराधमा कमी आउन सक्छ ।

■■■

**सन्दर्भ सामग्रीहरु :**


- अपराधशास्त्र, तृतीय संस्करण १९८१, डा. डी. एस. बघेल, रञ्जन प्रकाशनगृह, नयाँ दिल्ली ।
- अपराधशास्त्र, २०४४, हरिबंश त्रिपाठी, नेपाल कानून किताब कम्पनी प्रा. लि., काठमाडौं ।
- Criminology, 1964, P. Goswami.
- Dictionary of Law & Justice 2004, Shankar Kumar Shrestha, Pairavi Prakashan, Kathmandu.
- नयाँ पत्रिका दैनिकका विभिन्न अङ्कहरु ।
- www.wikipedia.org

सम्वाद

# खाना र पानीबाट लाग्ने रोग र समाधानका उपाय

✍भीम प्रसाद पुलामी

खाना र पानी मानव जीवनका लागि नभई नहुने अत्यावश्यक कुरा हुन् । यी विना हामी जीवनको कल्पना पनि गर्न सक्दैनौं । तर यिनै कुरा अस्वस्थ्यकर र दूषित भए भने मानिसलाई विभिन्न रोग लाग्नेदेखि मृत्युसम्म हुने गर्दछ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार दूषित खाना र पानीको कारणले वर्षेनी एसियामा मात्र ७ लाख मानिसको मृत्यु हुने गर्दछ भने संसारभर २० लाख मानिस विरामी पर्ने गर्दछन् । नेपालमा पनि एकीन तथ्याङ्क नभए पनि छिटफुट घटनाहरु हुने गरेका छन् । जस्तो केही समयअगाडि विराटनगरमा पानीको कारणले जन्डिसको प्रकोप भएको थियो । अस्वस्थ्यकर खाना र पानीबाट के कस्ता रोग लाग्दा रहेछन् र तीबाट बच्न के गर्नु पर्दोरहेछ भन्ने बारेमा अब केही जानकारी लिऊँ ।

**रीता**- (गोठको डिलमा उभिएर तल बाटोमा हिड्दै गरेकी माइलीसँग)- ए माइली दिदी कहाँ गएर आएकी यति बिहानै ?

**माइली (सविता)**– हेर न (रीता) रातिदेखि सानो बाबु बिरामी परेर स्वास्थ्य चौकीमा उपचार गर्न लगेर आएकी ।

**रीता**- के भएको थियो र बाबुलाई ?

**माइली**- झाडा बान्ता भयो हिजो रातिदेखि ।

(रेडियो बजिरहेको हुन्छ र समाचार आउँछ, जसमा फोहर पानी र दूषित खानेकुरा खाँदा बिरामी परेर अस्पतालमा भर्ना हुने बिरामीको संख्या बढेको भन्छ अनि तत्काल क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको जरुरी सूचना- बासी, सडेगलेको, फोहर, झिँगा भन्केको, बढी रंगीचंगी र दूषित साथै उपभोग्य मिति सकिएको खानेकुरा र फोहोर पानी नखानु भन्ने सूचना आउँछ । दुबैजना सुनिरहन्छन् ।)

**रीता**- अनि डाक्टर साबले के भएर त्यस्तो भएको भन्नुभयो त ?

**माइली**- त्यै भर्खर रेडियोमा आएको सूचनाजस्तै फोहर, दूषित, सडेगलेको, झिँगा भन्केको, उपभोग्य मिति सकिएको खानेकुरा र फोहर पानी खानाले बिरामी परेको हो भन्नुभयो र घरमा गएर सबै सरसफाई गर्नु, चर्पीमा मात्र दिसा पिसाब गर्नु, पानी फिल्टर गरेर र उमालेर पिउनु भन्नुभएको छ । हैन ए रीता ! तिमी त अलि अलि पढेकी मान्छे यो दूषित पानी खाएर के हुन्छ भन्ने बारेमा अलिक राम्रो ज्ञान पाउने ठाउँ कहाँ होला हँ ? थाहा छ तिमीलाई ? अलि ज्ञान सिकेर गाउँघरमा अरुलाई पनि सिकाउनु पऱ्यो ।

**रीता**- (अलि सम्झेजस्तो गर्दै) ए दिदी मैले एक दिन बजारमा पदम बहादुरको पसलमा सामान किन्दा एक जना मान्छेले खानेकुराको नमुना लिँदै थियो । अनि मैले के गर्ने हो यो नमुना ? किन लिएको भन्दा उसले यो प्रयोगशालामा जाँच्न लाने हो र जाँचेपछि ठीक छ कि छैन भन्ने थाहा हुन्छ भनेको थियो । अनि मैले अफिसको नाम

✍ खाद्य अनुसन्धान अधिकृत, क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा

सोध्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हो भनेको थियो । त्यै दोकानमा गएर त्यो अफिसको बारेमा सोधौँ हुँदैन र ?

(भोलिपल्ट दिउसो दुवैजना बजार जान्छन् र पदमबहादुरसँग उक्त अफिसको नाम र ठेगाना सोध्छन् । पदम बहादुरले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको ठेगाना बताउँछ र दुवैजना कार्यालयतिर लाग्छन् ।)

(कार्यालयमा दुवै जनाको प्रवेश । कार्यालयको गेटमा गेटपालेद्वारा सोधपुछपछि कार्यालय प्रमुखकोमा पठाइदिन्छ । दुवैजना कार्यालय प्रमुखकोमा प्रवेश ।)

**दुवैजना** - सर नमस्कार ।

**कार्यालय प्रमुख-** (नमस्कार फर्काउँदै बस्नुस् भन्दै सोफातिर देखाउँछन् ।) अनि कहाँबाट के कति कामले आउनु भयो होला ?

**रीता-** हामीलाई केही कुरा जान्नु थियो त्यसैले यहाँ आएका ।

**कार्यालय प्रमुख–** के होला सोध्नुस् न हामी त यहाँहरुको सेवाको लागि बसेका त हौँ नि ।

**माइली-** हेर्नुस् न सर अस्ति मेरो छोरालाई झाडापखाला लाग्यो । अनि डाक्टर सावले दूषित खाना र पानीको कारणले हो भन्नुभयो । त्यसैले अलि राम्रोसँग जानकारी लिएर गएर गाउँघरमा सबैलाई सिकाऊँ भनेर आएको ।

(कार्यालय प्रमुखको कोठामा प्राविधिकको प्रवेश ।)

**कार्यालय प्रमुख–** अति राम्रो विचार तपाईंहरुको । (प्राविधिकतिर हेरेर परिचय गराउँदै) वहाँ यस कार्यालयमा कार्यरत खाद्य प्रविधि विषयका प्राविधिज्ञ हुनुहुन्छ । वहाँले तपाईंहरुलाई दूषित, फोहर, सडेगलेको, बासी, झिँगा भन्कको, उपभोग्य मिति सकिएको खाना र फोहर पानीको उपभोगबाट हुने स्वास्थ्य समस्याका सम्बन्धमा जानकारी गराउनु हुनेछ ।

(सबैजना प्राविधिकको कार्यकक्षमा प्रवेश गर्छन् ।)

**प्राविधिक-** (बस्न आग्रह गर्दै) ल सुन्नुस, खानेकुरा विभिन्न किसिमबाट दूषित हुन्छ । त्यसमध्ये एक हो हाम्रो आँखाले देख्न नसकिने किटाणु । किटाणुहरु हाम्रो खानामा प्रवेश गर्नाले हामीले खाना खाँदा सँगै खान्छौ र पेटमा गएपछि विषाक्त पदार्थ बनाउँछन् जसले गर्दा झाडा, बान्ता, पखाला लगायत विभिन्न रोगहरु जस्तै टाइफाइड, हैजा, आउँ आदि लाग्छन् । यी रोगहरु विशेष गरी सरसफाइको कमी, चर्पीको प्रयोग नगर्ने, दूषित पानी पिउने र प्रयोग गर्ने गर्नुका साथै बासी, सडेगलेका, झिँगा भन्केका साथै बजारमा उपभोग गर्ने मिति सकिएका खानेकुरा किनेर खाने गर्नाले हुन्छ ।

**रीता-** अरु के के हुन्छ नि सर ?

**प्राविधिक-** अरु रसायनिक कुराहरु, जुन हाम्रो शरीरको लागि अति हानिकारक छन्, ती खाना र पानीमा बढी भएमा पनि असर गर्दछन् । जस्तो - जीवनाशक विषादिको अवशेष बढी भएमा, अखाद्य रङ्गको प्रयोग भएमा, पशुपंक्षी र जनावरमा दिने एन्टिबायोटिकको मात्रा बढी भएमा, बढी रङ्ग र परिरक्षीको प्रयोग गरेमा र ढुसी लाग्नाले पनि असर गर्दछन् ।

**माइली-** यी माथिका कारणले के कस्ता रोग लाग्न सक्छन् सर ?

**प्राविधिक-** झाडा, बान्ता, पखाला, टाइफाइड, छालाका विभिन्न रोग, किड्नीमा असर, कलेजोमा असर, मुटुमा असर, दिमागमा असर, पक्षघात लगायत क्यान्सर र अन्य ज्यानैसम्म जाने रोगहरु लाग्न सक्छन् ।

(दुवैजना खसाकखुसुक कुरा गर्छन् - सारै ठूला ठूला रोग पो लाग्दारहेछन् । गाउँघरमा सबैलाई सिकाउनु पर्छ ।)

**रीता**- सर अब यी समस्याहरुबाट बच्न के के उपाय गर्नु पर्दछ ?

**प्राविधिक**- ल ध्यान दिएर सुन्नुस् । पहिलो - बासी, सडेगलेका, झिँगा भन्केका र दुर्गन्धित भएका खानेकुरा र फोहर पानी नखाने । चर्पीको प्रयोग गर्ने, साबुनपानीले हात धुने, घर वरपर सम्पूर्ण सरसफाइ राम्रो राख्ने । दोस्रो - बजारका खाने तथा पिउने कुरा किन्दा लेबुल हेरेर मात्र किन्ने । लेबुलमा उत्पादन मिति लेखेको छ कि छैन ? उपभोग गर्ने मिति लेखेको छ कि छैन ? उपभोग गर्ने मिति कटेको भए नकिन्ने । ब्याच नं. लेखेको छ कि छैन ? र अन्य विवरण जस्तै कसले उत्पादन गरेको हो ? कसरी खानुपर्ने हो ? यी माथिका कुराहरु नभएमा नकिन्ने, अरुलाई नकिन्न भन्ने र यस कार्यालयमा जानकारी गराउने । तेस्रो - बढी रँङ्गीचङ्गी भएका मिठाइहरु र अखाद्य रङ्ग प्रयोग भएका खानेकुराहरु नकिन्ने । चौथो - फोहरी मान्छेले तयार पारेका सडक पेटी र छेउछाउमा, फोहर ठाउँमा बिक्री वितरण गर्न राखेका खानेकुरा नखाने/नकिन्ने । पाँचौं- साना बच्चालाई सकभर बजारका तयारी खानेकुराहरु नखुवाउने । छैटौं- धेरै विषादिको प्रयोग नगर्नु भनेर कृषक दाजुभाइ, दिदीबहिनीहरुलाई बताउने र सकेसम्म खानेकुरा ताजा खाने, सफा पानीले धोएर मात्र खाने । सातौं- बढी ताजा र पोषिला खानेकुरा खाने । यति गरेमा हामीलाई खाना र पानीबाट लाग्ने रोगहरु लाग्न पाउँदैनन् र स्वस्थ्य र निरोगी पनि भइन्छ ।

(दुवैजना उठ्छन्)

**दुवैजना**- हवस् त सर, हामी अब गाउँघरमा सबैलाई सिकाउँछौं र नजानेको कुरा फेरि सिक्न आउँछौं ।

**प्राविधिक**- हवस् । त्यस्तो केही पर्‍यो भने खबर गर्नुस्, हामी त्यहीँ तपाईँहरुको ठाउँमा भेला गरेर पनि सिकाउँला ।

रीता र माइलीले स्वास्थ्य र सरसफाइको बारेमा सबै गाउँलेलाई जानकारी गराउन गाउँका युवायुवतीहरुलाई भेला गराउन भन्छन् । गाउँमा स्वास्थ्य तथा सरसफाइ युवा क्लब गठन हुन्छ, जसले गाउँमा भेला गर्छ । रीता र माइलीले पालैपालो आफूहरुले सिकेर आएका कुराहरु गाउँलेलाई सुनाउँछन् । सबैजना उनीहरुले भनेअनुसार गर्ने प्रतिबद्धता जनाउँदै घर फर्कन्छन् ।

युवा क्लबले दुई महिनापछि फेरि भेला गर्छन्, गाउँमा सबैले सरसफाइ र अन्य सम्पूर्ण कुरा लागु गरेको बताउँछन् । युवा क्लबको सक्रियताले त्यो समयपछि गाउँमा कोही पनि खाना र पानीको कारणले बिरामी पर्दैनन् ।

**केही दिनपछि रेडियोमा सो गाउँले सरसफाइ दिवसमा उत्कृष्ट पुरस्कार पाएको समाचार आउँछ ।**

# राष्ट्रपति रनिङ सिल्ड : खेलाडी उत्पादन तथा खेल पूर्वाधारको कडी

✍ केशव रेग्मी

युवा र खेलकुद क्षेत्रको विकास र विस्तारको लागि दोस्रो जनआन्दोलन ०६२/०६३ पश्चात् २०६५ भाद्र १५ गते विधिवत स्थापना भएको युवा तथा खेलकुद मन्त्रालयले गर्ने विभिन्न कार्यमध्ये राष्ट्रपति रनिङ सिल्ड, जुन प्रत्येक जिल्ला, क्षेत्र र केन्द्र स्तरमा राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत रहेका जिल्ला खेलकुद विकास समिति, क्षेत्रीय खेलकुद विकास समिति र राष्ट्रिय खेलकुद परिषद्ले जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी सञ्चालन गर्ने खेल क्षेत्रको एक कडीको रुपमा रहेको महत्वपूर्ण कार्यक्रम हो । देशको गरिमामय राष्ट्रपतिको नामसँगै जोडिएको र खेल प्रतियोगिताको माध्यमबाट देशका लागि दक्ष नागरिक उत्पादन गर्ने उदेश्यका साथ यो कार्यक्रम हाम्रो सामु छ ।

युवा तथा खेलकुद मन्त्रालयको स्थापनापश्चात् तत्कालीन शिक्षा तथा खेलकुद मन्त्रालयले वीरेन्द्र रनिङ सिल्ड प्रतियोगिताको नामबाट जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय र मन्त्रालयले जिल्ला, क्षेत्र र केन्द्रीय स्तरमा कार्यक्रम सम्पन्न गर्ने परम्परालाई नेपाल सरकारको मिति २०६५ माघ २ गतेको निर्णयअनुसार जिल्ला स्तरको प्रतियोगिता सञ्चालन गर्न विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका जारी भयो । २०७० सालसम्म आउँदा निर्देशिकामा निकै परिवर्तनहरु भएका छन् । प्रतियोगिता सञ्चालन, प्रतियोगितामा समावेश खेलहरु, नतिजा निकाल्न प्रयोग हुने मापदण्ड समय सापेक्ष बनाउन निर्देशिका परिवर्तन गरी राष्ट्रपति रनिङ सिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० कार्यान्वयनमा ल्याएको छ ।

राष्ट्रपति रनिङ सिल्ड नामबाट सञ्चालन हुने जिल्ला स्तरमा अन्तर मा.वि. खेलकुद प्रतियोगिता नवलपरासी जिल्लामा नियमित रुपमा सञ्चालन भइरहेको छ ।

२०६९ को राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन हुँदासम्म जिल्लालाई ४ क्षेत्रमा विभाजन गरी क्षेत्रीय स्तरमा विद्यालय छनौट गरी, फाइनल खेल आयोजना गरी, अधिकतम विद्यालय सहभागिता गराउँदै, प्रतियोगिता सञ्चालन शैली पनि मिनी ओलम्पीक रुपमा चल्ने परम्परा अँगिकार गरिएको छ । नवलपरासी जिल्लाको भौगोलिक वनावटअनुसार अधिकतम विद्यालयको सहभागिता रहनुमा जिल्लाका खेलप्रेमी शिक्षकहरु, खेलप्रेमी प्र.अ.हरु, खेलप्रेमी अभिभावकहरु, खेलकुद प्रेमी महानुभावहरु, सहभागी हुन चाहने विद्यालय तथा व्यवस्थापन समितिका पदाधिकारीहरु नै हुन् । यसरी सबै क्षेत्र तथा तहबाट गरिएको सार्थक सहभागीताले नवलपरासी जिल्लामा नियमित रुपमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न मद्दत पुगेको छ । यसैलाई नियमित खेल सञ्चालकको आधारको रुपमा लिएको छौं ।

खेलकुदलाई विनियोजित न्यून बजेटका

✍ कार्यालय प्रमुख, जिल्ला खेलकुद विकास समिति, नवलपरासी

वावजुद पनि खेल आयोजनामा हुने खर्चको व्यवस्थापन सजिलै गर्ने र खेललाई महत्वका साथ लिने अभिभावकहरुको पनि कमी छैन नवलपरासीमा । जसले गर्दा नियमित विद्यालय स्तरका प्रतियोगिता हुनु र अझै जिल्लामा केही स्रोत केन्द्र स्तरमा समेत लगातार यस्तै किसिमका प्रा. वि., नि.मा.वि. स्तरका एथ्लेटिक्सका इभेन्ट्सहरु हुनु यस जिल्लाका आर्कषण समेत हुन् भन्ने हामीले महसुस गरेका छौँ ।

निर्वाचन क्षेत्र स्तरमा आयोजक विद्यालयले त्यस क्षेत्रमा सहभागी हुने विद्यालयहरुबाट प्राप्त न्यून प्रवेश शुल्क र विद्यालयले प्रतियोगिता सञ्चालनको लागि सहयोग संकलन गरी प्रतियोगिता भव्यरुपमा सञ्चालन गर्ने गरेका छन् । स्थानीय साधन-स्रोतको अधिकतम प्रयोग गरिएको छ । विद्यार्थीमा लुकेका प्रतिभाहरुलाई प्रत्येक क्षेत्रबाट प्रत्येक एथ्लेटिक्स इभेन्ट्समा प्रथम, द्वितीय र तृतीय हुनेलाई फाइनलमा हुने प्रतियोगितामा मौका दिइएको थियो भने भलिबलतर्फ छात्र/छात्राका सेमिफाइनलमा पुग्ने समूहलाई मौका दिने गरिएको र यस वर्ष समेत निरन्तरता दिइएको छ । क्षेत्र र फाइनल खेल आयोजना गर्ने विद्यालयले सहभागी हुन आउने सम्पूर्ण विद्यालयका खेलाडी, अफिसियल तथा निर्णायिकलाई खानपिन र बसोबासको ब्यवस्था समेत गरिरहेका छन्, जसको लागि विद्यालयका कोठाहरु प्रयोग गरिन्छ । यसले स्थानीय स्रोत साधनको अधिकतम प्रयोग भएको पुष्टि हुन्छ ।

युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० अनुसार निर्वाचन क्षेत्र स्तरीय प्रतियोगिता गर्नका लागि प्रस्ताव पेश गर्न निर्देशन गरेअनुसार, सल्लाहकार समितिको बैठक, जिल्ला खेलकुद विकास समितिको निर्णय र प्रस्ताव समेत पेश गरी नवलपरासी जिल्ला खेलकुद विकास समितिले सहजरुपमा मिति २०७० पौष ४ गतेदेखि पौष १० गतेसम्म जिल्लाका ६ निर्वाचन क्षेत्रमा एकैचोटि निर्वाचन क्षेत्रीय स्तरीय प्रतियोगिता सञ्चालन गर्न सफल भयो । फाइनल खेलको विधिवत उद्घाटन युवा तथा खेलकुद मन्त्रालयका सचिव हरीप्रसाद नेपालको प्रमुख आतिथ्यमा सम्पन्न गरियो ।

निर्देशिकामा भएका प्रावधानका अतिरिक्त प्रत्येक निर्वाचन क्षेत्रबाट एथ्लेटिक्सतर्फ प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यालयका छात्र/छात्रा र भलिबलतर्फ सेमिफाइनलमा पुगेका समूहका खेलाडीलाई सहभागी गराइयो, यस्तो सहभागिताले जिल्ला सदरमुकाममा हुने निर्वाचन क्षेत्र विचको फाइनल खेलमा विद्यालय तथा सहभागी खेलाडीको उल्लेख्य रुपमा उपस्थित हुँदा खेल प्रतियोगिताको रौनकता वृद्धि हुने खेलाडीलाई हौसला प्राप्त हुने भएकाले निर्देशिकामा यी विषय समावेश गर्नु पर्ने देखिन्छ ।

**राष्ट्रपति रनिङ सिल्ड खेल पूर्वाधारको जग बन्दै :**

नवलपरासी जिल्लामा सञ्चालन हुने राष्ट्रपति रनिङ सिल्ड क्षेत्रीय स्तरका प्रतियोगिता सञ्चालन गर्नेले मात्र राष्ट्रपति रनिङ सिल्डको फाइनल खेल आयोजना गर्ने होडबाजी नै चल्छ । फाइनल खेल समापन हुने अघिल्लो दिन नै आगामी खेलको स्थान घोषणा गर्न सार्वजनिक सूचना दिइन्छ । त्यसै अनुसार जिल्लाका विद्यालयहरुलाई व्यवस्थापन समितिको निर्णयसहित निवेदन माग गरिन्छ । आएका निवेदनहरुलाई छानविन गरी एकपटक क्षेत्रीय स्तरका खेल आयोजना गरेको विद्यालयलाई मात्र फाइनल खेल आयोजना गर्न दिइन्छ । त्यसले गर्दा क्षेत्रीय छनौट मा विद्यालयहरुको हानथाप हुने गरेको छ । फाइनल खेलमा पनि नवलपरासी जिल्लालाई दाउन्नेवारि र दाउन्नेपारि भन्ने

चलन छ । त्यसैले एक बर्ष दाउन्नेवारि र अर्को वर्ष दाउन्नेपारि गर्ने प्रचलनअनुसार गर्ने गरिएको छ । क्षेत्रीय खेल आयोजना गर्ने विद्यालयहरुमा खेलमैदानहरु निर्माण भइरहेका छन् । फाइनल खेल आयोजना गर्ने विद्यालयले खेलकुदको अभियान चलाएर विद्यालयको थप भौतिक पूर्वाधार निर्माण सम्पन्न गर्न सफल भएका छन् । वर्षभरि राष्ट्रपति रनिङ सिल्ड खेलकुद आयोजनाको लागि स्थानीय साधन-श्रोत संकलन गर्ने र त्यो विद्यालयलाई स्थानीय निकायबाट समेत राम्रै सहयोग र सहकार्य भएको पाइन्छ । जसले गर्दा राष्ट्रपति रनिङ सिल्ड आयोजना गर्ने विद्यालयहरुले पछिल्लो समय राम्रो भौतिक पूर्वाधार विकास गरेका छन्, जस्तै :

१. जनता उच्च मा.वि.मनरी : +२ सञ्चालन गर्न सहयोग मिलेको र खेलमैदान निर्माण गर्न सफल ।

२. सरस्वती उ.मा.वि. गोछाडा : लगातार सिल्ड पाउन र खेलमैदान निर्माण गर्न सफल ।

३. बन्चुली उ.मा.वि. रजहर : रजहरमा खेलमैदान बनाउन सफल ।

४. सिद्धार्थ उ.मा.वि. कुश्मा : खेलमैदान र भवन निर्माण गर्न सफल ।

५. धनधान्याञ्चल महायज्ञ मा.वि. बडेरा : खेलमैदान, पर्खाल र भवन निर्माण गर्न सफल ।

६. राष्ट्रपति रनिङ सिल्ड सञ्चालन क्षेत्रीय स्तरमा आयोजना गर्ने महाकवि देवकोटा उ.मा.वि. ले खेलमैदान निर्माण गर्न सफल भएको र फाइनल खेल आयोजना गरेको जनता मा.वि. इटौराले खेलमैदान निर्माण गरी भौतिक पूर्वाधार विकास गर्न सफल भएको छ ।

**हालसम्म पहिलोदेखि छैटौंसम्म राष्ट्रपति रनिङ सिल्ड आयोजना गर्ने विद्यालयहरु :**

१. श्री जनता उ.मा.वि. मनरी
२. श्री सरस्वती उ.मा.वि. गोछाडा
३. श्री वरचुली उ.मा.वि. रजहर
४. श्री सिद्धार्थ उ.मा.वि.
५. श्री धान्याञ्चल महायज्ञ मा.वि.बडेरा
६. श्री जनता मा.वि. इटौरा
७. श्री राष्ट्रिय उच्च मा.वि.छिवनी नवलपरासी

(सातौं राष्ट्रपति रनिङ सिल्ड आयोजना गर्ने विद्यालय )

**विद्यालयको नतिजा पनि राम्रो :**

राष्ट्रपति रनिङ सिल्डमा सहभागी विद्यालयहरु नतिजामा पनि उत्कृष्टता हासिल गर्ने विद्यालयको रुपमा रहेका छन् । विद्यार्थीको एस.एल.सी. नतिजा पनि उत्कृष्ट रहेको छ। विद्यार्थी धेरै पास गर्ने विद्यालयको रुपमा चित्रण हुनुले जो खेल्छ, त्यो पढ्न पनि सक्छ भन्ने चरितार्थ भएको छ। जिल्लाको खेलमा लागेर खेलाडीको विकासमा विद्यालयको भूमिका निकै प्रसंशनीय रहेको छ ।

**राष्ट्रपति रनिङ सिल्ड हुँदै ओलम्पिकसम्म :**

राष्ट्रपति रनिङ सिल्डबाट खेल जीवन शुरु गरेका नवलपरासीका तिलकराम थारु लण्डन ओलम्पीक पुग्ने पहिलो नवलपरासीका खेलाडी बन्न सफल भए । तेम्रो राष्ट्रपति रनिङ सिल्डबाट खेल क्षेत्रमा प्रवेश गरेका थारु १०० र २०० मीटरका किर्तीमानी खेलाडी पनि हुन् । उनीजस्तै नेपालका धैर खेलाडीहरुको जग नै राष्ट्रपनि रनिङ सिल्ड प्रतियोगिता बनेको छ । उनीहरुको प्रतिभाहरुलाई विद्यालय स्तरबाट राष्ट्रिय स्तरमा पुऱ्याउन सकिने हुँदा विद्यालय स्तरमा हुने यस्ता प्रतियोगितामा निरन्तरता हुनु अति आवश्यक छ । साथै ग्रामीण

क्षेत्रमा रहेका खेलाडीहरुले खेलमा देखाउने उत्कृष्ट प्रदर्शनले नेपालको गरिमा थप्न सक्छ भन्ने हामीलाई लागेको छ ।

गत वर्षहरुमा मन्त्रालयबाट प्राप्त हुने बजेट न्यून भए तापनि यस वर्षबाट बजेटमा भएको वृद्धिले प्रतियोगिता आयोजना गर्ने जिल्लालाई थप हौसला मिलेको छ । स्थानीय तहमा स्रोत संकलन, आयोजना गर्न आयोजक विद्यालयलाई हौसला प्रदान गर्न आयोजक विद्यालयलाई जिल्ला शिक्षा कार्यालयले विकास योजनामा प्राथमिकता, जिल्ला विकास समिति र गाविसबाट समेत बजेट विनियोजन गर्न सफल हुनुले नवलपरासी जिल्लामा आगामी सातौ राष्ट्रपति रनिङ सिल्ड आयोजना गर्ने विद्यालयको छनौट हुनु, झण्डा बोकेर जिम्मेवारीका साथ आगामी प्रतियोगिताको तयारी बढाउनुले यसको सञ्चालनको सार्थकता पुष्टि हुन आउँछ ।

प्रतियोगिता आयोजनाको नाममात्रले पनि विद्यालय तहबाट प्रतिभावान् खेलाडीहरुको पहिचान र छनौट गरी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका खेलाडी बनाउन सहयोग पुऱ्याउने राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता खेलाडीको खेलजीवनका लागि कोसेढुंगा सावित हुने अपेक्षा गर्न सकिन्छ । तर प्रतियोगिता सञ्चालन भव्य गर्ने, खेलमा उत्साह थप्ने, गरिमा कायम गर्ने र प्रतियोगिताको नाममा केवल केही विद्यालय सहभागी गराउने जिल्लाको अन्तर छुट्याई राम्रोसँग सफलता र उत्साहपूर्वक खेल प्रतियोगिता सम्पन्न गर्ने जिल्लालाई पुरस्कृत गर्ने कार्य मन्त्रालय तथा राष्ट्रिय खेलकुद परिषद् बाट हालसम्म हुन नसक्नु कमजोर पाटो रहेको हुँदा पुरस्कृत गर्ने परिपाटी बसाल्नु पर्ने हुन्छ ।

निर्वाचन क्षेत्र स्तरमा प्रतियोगितालाई सञ्चालन गर्दा भौगोलिक जटिलता हाम्रासामु थियो नै, तैपनि हामीले गत वर्ष नै निर्वाचन क्षेत्रमा प्रतियोगिता आयोजना गर्न सफल भएका थियौ, खेलशिक्षकलाई निर्णायकको तालिम दिनु र त्यही अनुसार परिचालन गरी सफलतापूर्वक ६ वटा निर्वाचन क्षेत्र भएको नवलपरासीमा एकैचोटी एथ्लेटिक्स र भलिवल खेलका खेल सञ्चालन गरी सफल जिल्लाको रुपमा चिनाउन सफल भएका छौँ । पौष ४, ५, ६ गते क्षेत्रीय र फाइनल खेल पौष ८, ९र १० गते सफलतापूर्वक सम्पन्न समेत गरेको नवलपरासी जिल्लाका १८९ मा.वि. मध्ये १५६ विद्यालयले आफ्ना विद्यार्थीहरुलाई प्रतियोगितामा सहभागी गराएका थिए ।

**आर्थिक पक्ष :**

प्रतियोगिता सञ्चालनमा निकासा भइआएको रकमलाई जिल्ला खेलकुद विकास समितिले निर्वाचन क्षेत्रमा प्रतियोगिता आयोजना गर्ने विद्यालयलाई व्यवस्थापन खर्च १५,०००।- का दरले उपलब्ध गराएको थियो भने निर्णायक तथा अफिसियल खेल सामाग्री जिल्ला खेलकुद विकास समितिले व्यवस्था गरेको थियो । फाइनल खेल आयोजना गर्ने विद्यालयलाई प्रतियोगिता सञ्चालन गर्न एकमुष्ट रु. १,०५,०००।-समितिको निर्णयअनुसार उपलब्ध गराइएको थियो । जिल्ला विकास समिति नवलपरासीले प्रत्येक वर्ष फाइनल खेल आयोजना गर्ने विद्यालयलाई रु. १ लाख उपलब्ध गराई (खेल आयोजनालाई सहयोग पुगोस् भनी जिल्ला परिषद्बाटै भिन्नै शीर्षक बनाई खेल आयोजना गर्न) हौसला बढाउने काम गरिएको छ भने प्राविधिक, निर्णायकलाई सुविधा, खेल सामग्री, सिल्ड र खेलक्षेत्रमा उत्कृष्ट योगदान गर्नुहुने जिल्लाका १५ जना विभिन्न विधाका उत्कृष्ट ब्यक्तित्वहरुलाई सम्मान गर्ने कार्य समेत प्रमुख अतिथिबाट गरिएको थियो । जिल्लामा खेलक्षेत्रमा क्रियाशील व्यक्तित्वको सम्मान कार्यक्रमले कार्यक्रम रोचक भएको र खेलमा सक्रियता बढेको महसुस

गरिएको छ भने उपलब्ध रकमबाट खेलकुद पूर्वाधार लगायतका क्षेत्रमा विकास भएको छ ।

**झण्डा हस्तान्तरण तथा लोकार्पण :**

छैटौं राष्ट्रपति रनिङ सिल्ड समापन समारोहका प्रमुख अतिथि माननीय सभासद् श्री कृष्ण पौडेलले जिल्ला खेलकुद विकास समितिको मिति २०७०।९।९ गतेको बैठकद्वारा अनुमोदित विद्यालय श्री राष्ट्रिय उ.मा.वि. छिवनीलाई  आगामी सातौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना गर्ने विद्यालयको ब्यानर लोकार्पण गरी कार्यक्रम गरि झन्डा हस्तान्तरण गरिएको थियो । सोही अवसरमा उक्त विद्यालयका प्रधानाध्यापक तथा ब्यवस्थापन समितिका अध्यक्ष लाई आगामी वर्ष सातौं राष्ट्रपति रनिङ सिल्ड २०७१ सफलतापूर्वक तयारी गरी सम्पन्न गर्न नेपालको झण्डा, ओलम्पीक झण्डा तथा राष्ट्रिय खेलकुद परिषद्को झण्डा हस्तान्तरण गरिएको थियो । यो परम्परा यस जिल्लामा चौथो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता देखि नै सुरु गरिएको थियो । सम्भवतः यस शैलीमा खेलको समापनको संस्कार यस जिल्लामा मात्र भएकोले अन्य जिल्लामा समेत अनुकरण हुनु आवश्यक देखिन्छ ।

**विद्यालयको खेलमैदान निर्माणमा सम्बन्धित निकायको चासो :**

राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गर्न, एथ्लेटिक्स प्रतियोगिता सुचारु गर्न न्यूनतम खेलमैदान हुन आवश्यक छ । उक्त खेलको लागि न्यूनतम २०० मी. ट्र्याक बनाउन प्रत्येक वर्ष १ निर्वाचन क्षेत्रमा १ विद्यालय पर्नेगरी खेलमैदान निर्माणको लागि बजेट विनियोजन गर्न आवश्यक छ । विद्यालयलाई खेलमैदान निर्माण गर्नका लागि बजेट विनियोजनको सिफारिस जिल्ला खेलकुद विकास समितिबाट हुने ब्यवस्था र अनिवार्य खेल आयोजना गर्ने प्रतिवद्धता वा खेल आयोजना गरेको आधारमा हुने भएमा अवश्य पनि खेल पूर्वाधारको विकास हुन गई राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सहज ढंगले सञ्चालन हुने र यस प्रतियोगिताबाट प्रतिभावान खेलाडी छनोट गर्नमा ठूलो मद्दत पुग्ने भएकोले यसतर्फ सबैको ध्यान जानु जरुरी छ ।

# सहकारीमा सुशासन प्रणाली

✍बिष्णु प्रसाद सुबेदी

सहकारी विश्वव्यापी मुल्य मान्यता र सिद्धान्त अनुसार सहकारी सुशासन प्रणाली संचालन भएको हुन्छ। नेपालमा पनि जसरी राज्य सञ्चालन गर्नका लागि राज्यको महत्वपूर्ण काम र जिम्मेवारीहरूलाई राज्यका विभिन्न अङ्गहरूमा विभाजन गरिएको हुन्छ त्यस्तै तरिकाले सहकारीलाई पनि व्यबस्थित गर्न र सहकारीको मूल्य मान्यता एवं निर्दिष्ट सिद्धान्त बमोजिम सञ्चालन गर्न यसका विविध अङ्गहरुको व्यबस्था गरिएको छ। ती अङ्गहरूले गर्नु पर्ने कार्य र भूमिका बिषयमा चर्चा गरिन्छ। सहकारीको सवोच्च अगं सबै शेयर सदस्यहरुको भेला जसलाई हाम्रो भाषामा **साधारण सभाः भन्ने गरिन्छ। यस निकायलाई यसरी व्याख्या गर्न सकिन्छ।** सहकारी संस्थाको सर्वोच्च निकाय हो। सदस्यहरूको संगठन, सबै सदस्यहरूको समूह उनीहरूको सामूहिक रुप नै यथार्थमा संस्था हो। संस्थामा आबद्ध सहकारी सदस्यहरूको भेलालाई साधारण सभा भनिन्छ। लोकतान्त्रिक/संसदीय व्यबस्थामा व्यबस्थापिका/संसद भने जस्तै यो सहकारी संस्थाको व्यबस्थापिका हो। यसमा व्यवस्थापकिय प्रणालीमा सम्पूर्ण शेयर सदस्यहरुको सकारात्मक र ओज पूर्ण अनिवार्य अपस्थिति रहि सहकारी संस्थालाई सहकारीको भावना अनुसार देहायका **कार्यहरूः गर्ने गरि निम्न अनुसार कार्य गर्ने गरि सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ ले स्पष्ट रुपमा उल्लेख गरेको छ। जस अनुसार** सहकारी ऐन तथा नियमाबलीको अधिनमा रही संस्थाको बिनियम, नीति, नियम बनाउने, संशोधन गर्ने। सञ्चालक समिति तथा लेखा समितिको कामको मूल्याङ्कन, लेखाजोखा गर्ने। कर्मचारी नियुक्ति प्रक्रिया स्वीकृत गर्ने। अध्यक्ष लागयत कुनै सञ्चालक तथा पदाधिकारीले इमान्दारीसाथ काम नगरे उसलाई हटाउन सक्तछ। समिति नै असक्षम ठहरिए त्यसलाई बिघटन गरी अर्को समितिको निर्वाचन गर्ने। सहकारी विभागका रजिष्ट्रारको स्वीकृती लिएर लेखा परीक्षकको नियुक्ति गर्ने। लेखापरीक्षकले बुझाएको प्रतिबेदन अध्ययन गरी अनुमोदन गर्ने ठीकसँग हिसाब जाँच नभएको लागेमा अर्को लेखापरीक्षकद्वारा फेरी हिसाब हेराउने। सञ्चालक समिति, लेखा समिति, जिल्ला प्रतिनिधिलाई दिएको अधिकारी थप घट गर्ने र मार्ग निर्देश गर्ने। संस्थाको एकीकरण गर्ने, विभाजन तथा बिघटन गर्ने। आदि कार्यहरुका अतिरिक्त सहकारी व्यवसायलाई विश्वसनिय भरपर्दो, दरिलो,पारदर्शि र आम शेयर सदस्यहरुले विश्वास आर्जन गर्ने गरि नीति तथा कार्यक्रमहरु तयार गरि अघि वढनु पर्ने हुन्छ। साथै सहकारीलाई दिनानुदिन संचालन गर्नका लागि सहकारीको वारेमा बुझेका व्यक्तिहरुको संगठन सहकारी संचालक समिति एउटा महत्वपूर्ण र शेयर सदस्यहरुको भावना बुझेर कार्य गर्ने असल व्यक्तिहरुको संगठनका रुपमा यसलाई बुझ्ने गरिन्छ। खास गरि संचालन समितिले सहकारी आन्दोलनमा सकृय सहभागिता र समुदायहरुलाई सकारात्मक सोचका साथ व्यवसायलाई दरिलो र दिगो वनाउन

✍ प्रमुख, डिभिजन सहकारी कार्यालय

महत्वपूर्ण भूमिका खेल्नु पर्छ । यस **सञ्चालक समितिः देहायका कार्य इमादारिका साथ गर्नु पछ र समय पनि दिन सक्नु पर्छ । पदका लागि संचालनमा वस्ने तर बैठकमा समेत कठिन उपस्थित हुने व्यक्ति वास्तविक संचालन हुन सक्दैन सहकारी संचालक हुने तर सहकारी मूल्य,मान्यता,सिद्धान्त,प्रणाली पद्धति प्रति सकारात्मक सोच शैली व्यवहार र मनोवृत्ति सकारात्मक नहुनु बिडम्बनाको कुरा हो । संचालकको मुख्य भुमिका देहाय वमोजिम उल्लेख गर्न सकिन्छ ।** सहकारी संस्थाको कामका लागि पटक पटक सबै सदस्यहरूको साधारण सभा बोलाउन गाह्रो हुने र मुख्य कार्य र निर्णय भित्र रहेर अरु कामहरू गर्न सबै सदस्यहरू उपस्थित भई राख्न आवश्यक नभएकोले केही सदस्यहरूको कार्य समिति बनाईन्छ । सो समितिलाई नै सञ्चालक समिति भनिन्छ । सञ्चालक समितिमा बिनियममा तोकिए बमोजिम सदस्य रहन्छन् । अध्यक्ष र उपाध्यक्ष लगायत सात, नौ वा एघार जना सदस्य रहने चलन छ । जसलाई सञ्चालक पनि भनिन्छ । साधारण सभामा सहमति/निर्वाचन पद्धतिबाट सञ्चालक समिति गठन हुन्छ । सञ्चालक समिति बिनियममा तोकिएको अवधिसम्म बहाल रहन्छ । (सामान्यतः २,३ वा ५ वर्ष) । सञ्चालक समितिको कार्यकाल पूरा हुनु अघि नै नयाँ समितिको निर्वाचन गराई सक्नु पर्दछ । सञ्चालक समितिलाई साधारण सभाको तर्फबाट सदस्यहरूलाई भावना बुझेर संस्था चलाउने जिम्मेवारी दिइएको हुन्छ । सञ्चालक समिति आˆनो कामको सम्बन्धमा साधारण सभाप्रति उत्तरदायी रहन्छ । **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरूः** संस्थाको योजना, बार्षिक कार्यक्रम तथा बजेट नीति एवं कार्यबिधिहरू तर्जुमा गरी स्वीकृतिको लागि साधारण सभामा पेश गर्ने । साधारण सभाले पास गरेपछि कार्यान्वयन गर्ने, गराउने । संस्थाको कार्य सञ्चालनको लाग प्रशासनिक नियमाबलीको अधिनमा रही कर्मचारी व्यबस्थापन सम्बन्धी काम गर्ने । स्वीकृत बार्षिक कार्यक्रमहरूको लक्ष्य पुगेको छ, छैन समीक्षा गर्ने, बाधा अड्काउ फुकाउने । संस्थाको कार्य सञ्चालनका विभिन्न पक्षहरूमा साधारण सभाका मार्गदर्शनहरू पालना गर्ने तथा लेखा समिति, लेखापरीक्षक तथा अन्य आगन्तुक शुभेच्छुकहरूका सल्लाह अध्ययन गरी सुधार गनु पर्ने कुरामा सुधार गर्ने, गराउने । आश्यकता हेरी उपसमिति र सल्लाहकार समितिको गठन गर्ने । आर्थिक नियमाबलीमा भएको प्राबधान बमोजिम संस्थाको चल/अचल सम्पत्तिहरू खरीद–बिक्री वा अन्य कारोबार गर्ने । आफूमा निहित केही अधिकारहरू अध्यक्ष, सञ्चालक वा व्यबस्थापक तथा उपसमितिहरूलाई दिने, बार्षिक साधारण सभा तथा बिनियम बमोजिम बिशेष साधारण सभा बोलाउने,संस्थाका कर्मचारीहरूसित समय/समयमा बैठक/छलफल गर्ने । संस्थाले सदस्यता लिएको जिल्ला वा माथिल्लो स्तरको सहकारी संघमा प्रतिनिधित्वको लागि प्रतिनिधि छनौट गर्ने, अन्य संघ संस्थासँग सम्बन्ध र सहयोगको निरन्तरता दिने, संस्थाको सदस्यता लिन इच्छुक व्यक्तिको निबेदनमा छानवीन गरी सदस्यता दिने । रजिष्ट्रारको कार्यालय तथा आˆनो संस्था सदस्य रहेको संघमा प्रतिबेदन पेश गर्ने । बार्षिक साधारण सभामा आˆनो काम सम्बन्धी प्रतिबेदन पेश गर्ने । व्यबहारिक अनुभवका आधारमा संस्थाको कार्य सञ्चालन प्रक्रियालाई बढी प्रभावकारी बनाउन साधारण सभाबाट भैरहेका नीति, निर्देशन, नियम संशोधन गर्नु पर्ने भए साधारण सभामा बिचारार्थ प्रस्ताब पेश गर्ने नयाँ सञ्चालक समितिको निर्वाचन गराउने । नियमानुसार सञ्चालक समितिको बैठक बसाउने । बैठकको कार्य सूची तयार गरी राख्ने । बार्षिक साधारण सभामा आˆनो काम सम्बन्धी प्रतिबेदन पेश गर्ने । आदि मुख्य दायित्व रहन्छ । यि दायित्व पुरा गर्न सधै प्रतिवद्धता

र इमान्दारिता संचालकमा रहि असल नागरिक,नैतिक नागरिक र शेयर सदस्यहरुले कदर गरेको संचालक हुनु आवश्यक छ । नकि पदका लागि संचालक होइन । सहकारी व्यवसाय उन्मुख र व्यवसाय क्षमता बढाउने र सहकारीलाई विश्व योग्य वनाउने संचालक हुनु एक्काइसौं सताव्दीको मानव रुपमा आफुलाई चिनाउन जरुरी छ ।

यसै गरि संचालक समिति र व्यवस्थापक कर्मचारीहरुको कार्यशैली संस्थाको वित्तिय र कारोवारी अनुशासनलाई व्यवस्थित गर्नको लागि सहकारीको सन्तुलन र नियन्त्रण राख्ने र आन्तरिक रुपमा चेक जाच गर्ने निकायको रुपमा लेखा समिति सहकारीमा रहन्छ । निष्पक्ष तथष्ठ र इमानदार र निडर व्यक्तिहरु विषेश गरि सहकारी व्यवसायको कारोवार यर्थाथ विवरण हेर्ने आन्तरिक निकायका रुपमा **लेखा समितिः रहन्छ जसले** सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गराउन संस्थाका सदस्यहरू मध्येबाटै एउटा समिति बनाइएको हुन्छ सो समितिलाई लेखा समिति भनिन्छ । लेखा समिति संस्थाो लेखा हेर्ने, हिसाब किताब केलाउने अंग हो । यसलाई राज्यसँग तुलना गर्दा महालेखा परीक्षक जस्तै हो । संस्थाको साधारण सभाबाट १ जना संयोजक सहित २ जना सदस्यहरू निर्वाचित हुन्छन् । लेखा समिति कामको सम्बन्धमा साधारण सभा प्रति उत्तरदायी रहन्छ । **लेखा समितिको काम, कर्तव्य र अधिकारः** लेखापरीक्षण (आन्तरिक) कार्यातालिका तय गर्ने, हिसाब जाँच गर्ने, गराउने । छड्के जाँच गर्ने, गराउने, संलग्न बिबरण, प्रमाण ठीक दुरुस्त गर्न लगाउने, जिन्सी नगदी मोज्दात निरीक्षण गर्ने, शंका लागे सोधपुछ गर्ने गराउने । संस्थाले नियमानुसार राख्नु पर्ने खातापाता, तमसुक कागजात इत्यादि सुव्यबस्थित गरे नगरेको हेर्ने, हेर्न लगाउने । संस्थाको आर्थिक कारोबारमाथि आन्तरिक नियन्त्रण व्यबस्था भए नभएको हेर्ने,बेरुजु तथा लेखा सम्बन्धी अन्य कमी कमजोरीको सुधार फछ्र्यौटको लागि सञ्चालक समितिलाई सुझाब दिने । आन्तरिक तथा अन्तिम लेखापरीक्षकबाट औंल्याइएका बेरुजु उचित व्यबस्थापन भए नभएको हेर्ने, हेर्न लगाउने । लेखासँग सम्बन्धित बिषयमा राय मागेमा सञ्चालक समितिलाई अध्ययन गरी राय दिने । साधारण सभाको मार्गदर्शनको पालना गर्ने । लेखापरीक्षणको सिलसिलामा कुनै बिशेष कामको लागि साधारण सभा बोलाउन आवश्यक छ भन्ने लागेमा कारण खोली बिशेष साधारण सभा बोलाउन सञ्चालक समिति समक्ष लिखित अनुरोध गर्ने,साधारण सभामा लेखा सम्बन्धी आ̂नो प्रतिबेदन पेश गर्ने आदि मुख्य दायित्व र भूमिका रहन्छ ।

अन्तमाः जति धेरै शेयर सदस्य उतै नै सहकारीको उज्जल भविष्य भन्ने आर्दशलाई आत्मसाथ गरि सहकारी शेयर सदस्य केन्द्रित व्यवसाय भएको हुदा आफ्नो कारोवार व्यवसायका वारेमा स्वयम शेयर सदस्य नै चनाखो भई कारोवारको वारेमा नियमित चासो र सहकारीले गरेको क्रियाकलापमा प्रत्यक्ष र सकारात्मक हेरचाह गर्नु पर्ने दायित्व रहन्छ । सहकारीमा कारोवार गर्नु भन्दा पहिला सहकारी संचालन पद्धति संचालकहरुको आचरण,व्यवाहार सोच शैली,उसको सामाजिक र आर्थिक हैसियत एवम स्थानिय व्यक्ति हो हो होइन कर्मचारीहरुको आचरण र व्यवहारलाई कडाइका साथ हेर्ने दायित्व पनि स्वयम शेयर सदस्यको हुने हुदा क्षणिक लाभका लागि सहकारी संचालन गर्ने व्यक्तिको कुनै हेक्का नराखि कारोवार गरेमा फस्न सकिने हुदा वुझेर मात्रै सहकारीमा कारोवार गनु आजको आवश्यकता हो । सहकारीका सबै संचालक र शेयर सदस्यहरु समाजमा “इमान्दारिता र पारदर्शिता,सहकारीको अपरिहार्यता” भन्ने कुरालाई आत्मसाथ गरि सहकारी मार्फत दिगो आर्थिक विकास र सामाजिक न्याय लाई चरितार्थ गरि सहकारीमा शुसासन कायम गर्नु आजको आवश्यकता र चुनौटी दुवै हो । ■■■

# अन्तर्राष्ट्रिय युवा दिवसका नारा
# र
# कार्यक्रम झलक देखिने केही तस्वीरहरू

संकलक : ओमकुमार श्रेष्ठ

# International Youth Day Theme

| | |
|---|---|
| International Youth Day Theme 2000 | "First Observance of international Youth Day" |
| International Youth Day Theme 2001 | "Addressing Health and Unemployment" |
| International Youth Day Theme 2002 | "Now and for the Future: Youth Action for Sustainable Development" |
| International Youth Day Theme 2003 | "Finding decent and productive work for young people everywhere" |
| International Youth Day Theme 2004 | "Youth in intergenerational Society" |
| International Youth Day Theme 2005 | "WPAY+10: Making Commitments Matter" |
| International Youth Day Theme 2006 | "Tackling poverty Together" |
| International Youth Day Theme 2007 | "Be seen, Be heard: Youth participation for development" |
| International Youth Day Theme 2008 | "Youth and Climate Change : Time for Action" |
| International Youth Day Theme 2009 | "SUSTAINABILITY: OUT CHALLENGE. OUR FUTURE" |
| International Youth Day Theme 2010 | "Dialogue and Mutual Understanding" |
| International Youth Day Theme 2011 | "Youth should be given a chance to take an active part in the decision-making of local national and global levels." |
| International Youth Day Theme 2012 | "Building a better world: Partnering with youth " |
| International Youth Day Theme 2013 | "Youth migration: Moving development forword" |
| International Youth Day Theme 2014 | "Mental Health Matters." |




राष्ट्रिय युवा नीति, २०६६ को कार्यान्वयन कार्ययोजना कार्यशालको उद्घाटन गर्नु हुन्दै युवा तथा खेलकुद मन्त्रालयका मा.मन्त्री श्री पुरुषोत्तम पौडेलज्यू



युवा तथा खेलकुद मन्त्रालयका सचिव श्री प्रतापकुमार पाठक उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्नु हुँदै



युवा तथा खेलकुद मन्त्रालयका मा.मन्त्री श्री पुरुषोत्तम पौडेलज्यू र अन्य विशिष्ट अतिथिहरु राष्ट्रिय युवा नीति, २०६६ को कार्यान्वयन कार्ययोजनाको मस्यौदा पढ्दै




कार्यशालामा माननीय युवा तथा खेलकुद मन्त्री लगायत अन्य विशिष्ट अतिथिहरु आ-आफ्नो धारणा राख्दै



समूह कार्यमा ब्यस्त सहभागीहरुलाई आवश्यक सहयोग गर्दै युवा तथा खेलकुद मन्त्रालयका सह-सचिव श्री सूर्यप्रसाद शर्मा



युवा तथा खेलकुद मन्त्रालयका सह-सचिव श्री सूर्यप्रसाद शर्मा र चूडामणि पौडेल कार्यशालामा टिप्पणी गर्दै



राष्ट्रिय कार्यशालामा सहभागीहरु



युवा अनुभव आदान प्रदान कार्यक्रममा सहभागि सुर्खेत र कालिकोटका युवाहरु



युवा अनुभव आदान प्रदान कार्यक्रमका सहभागिहरु चितवन जिल्लामा घाँस खेती र माछा पालन पोखरीको अवलोकन गर्दै ।



युवा अनुभव आदान प्रदान कार्यक्रमका सहभागिहरु पवित्र स्थल लुम्बिनीको भ्रमण पछि सामूहिक तस्वीर लिँदै



युवा अनुभव आदान प्रदान कार्यक्रमका सहभागिहरु बीच परिचय कार्यक्रम गर्नुहुँदै
मन्त्रालयका शाखा अधिकृत श्री ओमकुमार श्रेष्ठ



युवा अनुभव आदान प्रदान कार्यक्रमका सहभागिहरु सामूहिक तस्वीर खिचाउँदै, विश्व शान्ति स्तुपा, पोखरा











युवा अनुभव आदान प्रदान कार्यक्रमका सहभागिहरु चितवनमा अन्तरक्रिया कार्यक्रम र सौगात एनिमल फार्मको अवलोकन गर्दै ।




युवा अनुभव आदान प्रदान कार्यक्रममा सहभागि युवा तथा खेलकुद मन्त्रालय, नुवाकोट, पर्सा, सुर्खेत र कालिकोटका टोली नेताहरु ।



युवा अनुभव आदान प्रदान कार्यक्रममा सहभागि नुवाकोट र पर्साका युवाहरु



मन्त्रालयका सह-सचिव श्री शान्तिराम शर्माज्यू समक्ष युवा अनुभव आदान प्रदान कार्यक्रमका सहभागिहरु आफ्नो अनुभव आदान प्रदान गर्दै ।



नेपाल-चीन युवा अनुभव आदान प्रदान कार्यक्रममा माननीय मन्त्री पुरुषोत्तम पौडेल नेपाली दुताबास बेइजिङमा ।



नेपाल-चीन युवा अनुभव आदान प्रदान कार्यक्रममा माननीय मन्त्री पुरुषोत्तम पौडेल हस्ताक्षर गर्नुहुँदै ।



नेपाल-चीन युवा अनुभव आदान प्रदान कार्यक्रम माननीय मन्त्री पुरुषोत्तम पौडेल चिनीया बालबालिकाहरुसँग ।



नेपाल-चीन युवा अनुभव आदान प्रदान कार्यक्रम माननीय मन्त्री पुरुषोत्तम पौडेल चिनीयाँ युवाहरुबीच सामूहिक तस्वीर लिँदै ।




युवा अनुभव आदान प्रदान कार्यक्रममा सहभागी तिब्बती युवाहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत ।



पवित्र तिर्थस्थल लुम्बिनी भ्रमणमा रहेका तिब्बती युवाहरुलाई लुम्बिनीबारे जानकारी प्रदान गर्नुहुँदै लुम्बिनी विकास कोषका सदस्य सचिव ।




युवा अनुभव आदान प्रदान कार्यक्रममा सहभागी तिब्बती युवाहरु अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय पोखराको अवलोकन भ्रमण पश्चात सामूहिक तस्वीर खिचाउँदै ।




युवा अनुभव आदान प्रदान कार्यक्रममा सहभागी तिब्बती युवाहरुको विदाइ कार्यक्रम ।

# Youth on Conflict, Peace and Development

✍ *Dr. Prem Sharma, CDRD.TU.*

**Youth**

*Youth* means- the time of a person before an adult. *The youth*- young people considered as a group, I mean, i.e. youth of today, the country's youth. Though technically it may be termed differently, the age between 10 to 40 is a conscience period of youth. S/he is the fuel and at the same time the vehicle of the society (Sharma 2066). A youth is ***the star*** of his/her fan, man and of the society and the nation. It can be compared with the stem of a tree. No one challenges him/her but the fool of the time. The youth is the political barometer of Nepal (Sharma 2003).

Developing nations lacks capacities to provide (opportunities) urban intellectuals. Therefore the youth go for to find out better opportunities- such as education, employment and so forth. Lot of problems engulfs him/her and compares his/her standards with their prosperous counterparts. His/he country, society, and peer groups may not satisfy their desires and aspirations. There the youth feel embarrassed and seek a breakthrough to overcome from it. Then and there they find youthful idealism and desire for unlimited freedom of choice. Then the youth visualize the total reconstruction of the society. For the adversary the youth even seek skewed (mode of destruction) paths. The youth have intense desire to become a catalyst of societal change. The youth is a change agent. Hence, youth participation in state mechanism is *sin co non* for peace, development and prosperity. To attain and accomplish the human goal, i.e., prosperity and wellbeing, a meaningful youth mobilization is desirous/imperative.

Since mid-nineteen thirty (Prajaparishad, Charkha Prachar, Nagrik Ashikar Samiti or Malami Guthi) (Sharma 2039 BS) till date the youth of Nepal have done lot of sacrifices for the restructuring the political system and reform the Nepali society. To dismantle the Rana family autocracy, partiless panchayat system and uproot the monarchial system, the role of youth can not be overlooked and devalued. The five martyrs of democratic movement 1950, three student heroes of referendum 1980, student at the forefront of restoration of multiparty system 1990 (see in detail in Sharma 2003) and the student at the street of antimonarchy or for republic Nepal 2006 are the evidences of youth role in the turning point of Nepalese political annals. However the outmigration trend and unstable governance have created alarming threat to Nepalese development over the last two decades and so. At the moment the rural society is sans the youth.

**Conflict**

The term and connotation of *conflict* means a serious disagreement or difference of opinions, whishes, etc. It is a natural human phenomenon. It is a clash- a violent contact or a fight that takes place in mind or between men and groups created by a truth or faulty perception and understanding. It origins from a person or group who feels menace or adverse impact on him by another person or group (Upreti 1987: 21 cited from D, Draw and Vander 1997). Conflict is a social phenomenon comprising governments, communities and individuals, and paradoxically a "necessary evil" usually conceived for a better transformation of a social milieu. Be it manifest or latent, violent or non-violent- it seeks transformation (Shrestha 2004). Though conflict can be destructive of social order, it can in some circumstances serve to preserve order. It is the social process towards positive change. The oriental philosophy concedes it as inevitable part of social life (Aryal 'foreword" in Upreti 2060). Conflict lasts till the society and human being exists. Or it lasts until the prevalence of disparities and various interest groups in the society. It is never ending process. Johan Galtung says- 'conflict is life and vice versa' (2000). It takes significance in social life. It is against on social consensus. Conflict frequently takes place within a matrix of wider agreement and may function as a safety-valve or a source of creative tensions that may actually strengthen a social organization. In another sense it is social mobilization.

